# शैतान

"हेर, म
तिमीहरूलाई
...शत्रुको सारा
शक्तिमाथि अधिकार
दिन्छु: र कुनै कुराले पनि
तिमीहरूलाई
कुनै प्रकारले हानि
गर्नेछैन।"
लूका १०:१९

## एक
## हार खाएको
## शत्रु



चार्ल्स हेज० स्पर्चन

# शैतान -

## एक हार खाएको शत्रु

चार्ल्स एच. स्पर्चन

जीवन-मार्ग प्रकाशन

**प्रकाशकः जीवन-मार्ग प्रकाशन**
**पी. ओ. बक्स नं० २३**
**पी. ओ. कालिम्पोङ्ग - ७३४३०१**
**पश्चिम बंगाल, भारत**

प्रथम संस्करण १९९९ : ३००० प्रति
दोस्रो संसोधित, डिजितल संस्करण २०२६

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

used by permission of the publisher

Whitaker House
30 Hunt Valley Circle
New Kensington PA 15068
USA

www.nbcinepal.org
email: nbcinepal@gmail.com

# सूचि-पत्रः

**अध्याय एकः  शैतानले पवित्र जनहरूमाथि ध्यान लगाएको छ**
**क)** परमेश्वरका जनहरूको विषयमा शैतानका विचार-धाराहरू के-के हुन् ?
**ख)** हाम्रो विरोधमा शैतानका हानि पुऱ्याउने दाउहरू के-के हुन् ?
**ग)** एक महान् व्यक्तिले हाम्रो विषयमा उच्च विचारहरू लिनुभएको छ

**अध्याय दुईः  शैतान साह्रै रिसाएको छ**
**क)** आफ्नो समय छोटो छ भन्ने कुरा शैतानले कसरी जान्दछ ?
**ख)** शैतानले आफ्नो रिस कसरी प्रकट गर्छ ?
**ग)** शैतानका हमलाहरूदेखि हामी कसरी बाँचौं ?

**अध्याय तीनः  शैतानी बाधाहरू**
**क)** बाधा दिनु शैतानको उहिलेदेखिको बानी हो
**ख)** बाधा दिने शैतानका युक्तिहरू
**ग)** शैतानी बाधाहरू छुट्ट्याउने तरिकाहरू
**घ)** शैतानी बाधाहरू हामी कसरी सामना गरौं ?

**अध्याय चारः  शैतानमाथि विजयी हुनुभएको प्रभु येशू ख्रीष्ट**
**क)** यस सम्बन्धमा सत्य बयान सुन्नुहोस् !
**ख)** यस सम्बन्धमा हाम्रा अनुभवहरू के-के हुन् ?
**ग)** यस पदबाट मिल्ने उत्साह यस प्रकारको छ

**अध्याय पाँचः  शैतान छोड़ेर जान्छ, र स्वर्गदूतहरू आएर सेवा गर्छन्**
**क)** शैतान छोड़ेर जान्छ
**ख)** स्वर्गदूतहरू आएर उहाँको सेवा गरे
**ग)** परीक्षाबाट हाम्रो आराम लिन पाउने समय सीमित छ

**उपसंहारः  लूका ४ः१-१५  पदहरूको खण्डको टिप्पणी**

# १

# शैतानले पवित्र जनहरूमाथि ध्यान लगाएको छ

*'तब परमप्रभुले शैतानलाई सोध्नुभयोः "के तैंले मेरो दास अय्यूबलाई याद गरिस् ?" '* *अय्यूब १ः८*

अहा, यस संसारका सबै थोकहरू कति अस्थायी, कति क्षणिक हुँदा रहेछन् ! तब स्वर्गमा होइन, तर स्वर्गमा बाहेक यस पृथ्वीमाथि अरू कुनै अन्य ठाउँमा आफ्नो धनसम्पत्ति थुपार्ने हरेक ख्रीष्ट-विश्वासी मूर्ख हुनुपर्छ, होइन र ? आउनुहोस्, हामी अय्यूबको जीवन एकक्षण नियालेर हेरौं र विचार गरौं ! अय्यूब कति धनी थिए, कति ! तब के, के यति विघ्न धनसम्पत्तिमाथि स्थापित भएको तिनको जीवन सुरक्षित थिएन र ? यसर्थ हाम्रो मनभित्र निम्न प्रश्न उठ्दैछः यसो भए यस संसारमा कुनचाहिँ कुराले हामीलाई सुरक्षा दिन सक्छ त ? अय्यूबको अति ठूलो घरपरिवारमा तिनको सेवा-टहल गर्ने र तिनको आदेश मान्ने धेरै विश्वासयोग्य नोकरचाकरहरू थिए । तिनले थुपारेको सम्पत्ति चाँड़ै बितिजाने होइन, तर दीर्घकालीन र मूल्यवान् धन पो थियो । तिनको प्रशस्त ऊँट, प्रशस्त गाईगोरु, धेरैभन्दा धेरै भेड़ाबाख्रा र अन्य पशुधन थियो । तिनले आफ्ना मालसामानहरू लगेर हाटबजारहरूहुँदो बेच्न अनि यसरी

नै आफ्नो परिवारको पालनपोषण गर्न खानेकुरा र लुगाफाटा किन्नु तिनलाई दरकार पर्दैनथियो । किनकि तिनको घरको वरिपरि भएका खेतबारीहरूले प्रशस्त उब्जनी दिन्थे । यसकारण तिनको सम्पूर्ण परिवारलाई जीवन धाउन आवश्यक पर्ने सबै थोकहरू र त्योभन्दा ज्यादा तिनका खेतबारीहरूले उब्जाउँथे । तिनका धेरै छोराछोरीहरू भएका हुनाले धेरै पुस्तासम्म तिनको नाम आफ्नो वंशमाथि चलिरहनेछ भन्ने तिनको निश्चित आशा थियो; यसमा तिनी ढुक्कै हुन सक्थे । यो कुरा अझ पुष्टि गर्न तिनको अचल सम्पत्ति पनि थियो, जुनचाहिँ प्रशस्त मात्रामा लगातार तिनीमाथि बर्सिरहेको थियो । तब कसले वा कुन कुराले यस आशिषको धारा बग्नदेखि रोक्न सक्नेथियो र ?

तर आकाशभन्दा माथि, बादलहरूभन्दा माथि, सबै मानिसहरूका आँखाहरूदेखि लुकेको एउटा ठाउँमा कसैले अय्यूबको सारा धनसम्पत्ति नष्ट पार्ने गोपनीय युक्ति रचिरहेको थियो । किनकि त्यहाँ मानिसको अति भलो चिताउनुहुने परमेश्वरको अनन्त आत्माको सामु एक दुष्ट आत्मा आएर खड़ा भयो; अनि त्यसपछि यी दुईजनाको बीचमा एउटा अनौठो कुराकानी चल्न थाल्यो ।

जब परमेश्वरले त्यस दुष्ट व्यक्तिलाई त्यसको कामधन्धाको बारेमा सोध्नुभयो, तब त्यसले 'म पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ' भन्दै घमण्डको साथ जवाफ दियो (अय्यूब १ः७) । किनभने पृथ्वीभरि कहीं पनि त्यसलाई बाधा दिने र त्यसको इच्छा रोकिराख्ने कुनै अवरोध नै थिएन । कसैले पनि त्यसलाई स्वतन्त्रतासाथ चल्न र आफ्नो मनको खुशी गर्न विरोध गर्दैनथियो । राजा आफ्नो देश र आफ्नो अधिकार-क्षेत्रमा पूरा स्वतन्त्रतापूर्वक हिँड़ेझैं त्यो दुष्ट आत्मा सारा संसारभरि विनाबाधा र विनासमस्या जताततै घुमिहिँड्थ्यो ।

तर मानिसहरूको बीचमा एउटै ठाउँ रहेको थियो, जहाँ त्यसको अधिकार चल्दैनथियोः अय्यूबको हृदय । अनि यहीं कुरा सृष्टिकर्ता परमेश्वरले त्यस दुष्ट शैतानलाई सम्झाइदिनुभयो । हो, यस संसारमा एकजना मानिस थिए, जो जित्न नसकिने किल्लाझैं अटल भई कड़ा रहन्थे; तिनले परमेश्वरको डर मान्थे; तिनी आफ्नो इमानदारीमा चल्थे; तिनी आफ्नो विश्वासमा सुदृढ़ हुन्थे; तिनको विश्वासयोग्यताले गर्दा तिनी स्वर्गका महाराजाको अमूल्य धन र निज सम्पत्ति हुन्थे र उहाँको छत्रछायामा पूरा सुरक्षित रहने गर्थे । अनि त्यस दुष्ट

शैतानको कुरा पत्याउनु हो भने, अय्यूब भौतिक सम्पत्ति हासिल गर्नुको खातिर इमानदारी भएका थिए अरे । अर्को शब्दमा भन्नु हो भने, तिनी आफ्नो व्यक्तिगत फाइदाको निम्ति पो परमेश्वरको डर राख्थे र यसैकारण सबै खराबीबाट अलग बस्थे अरे । अय्यूबलाई यस प्रकारको अभियोग लगाएर शैतानले तिनको विश्वासयोग्यताको सम्बन्धमा परमेश्वरको वचन काट्न खोज्यो । यसकारण अय्यूबको भक्तिको खास कारण पत्ता लगाउने निहुँमा त्यसले परमप्रभुलाई 'तिनको परीक्षा गरेर तिनलाई जाँच्न पाऊँ' भन्ने अनुरोध गऱ्यो । तब स्वर्गका परमेश्वरले त्यस दुष्टले पेस गरेको चुनौति स्वीकार गर्नुभयो र त्यसलाई अय्यूबबाट सबै भौतिक आशिषहरू खोसेर लैजाने अनुमति दिनुभयो; किनकि त्यसको भनाइअनुसार अय्यूबको इमानदारीको खास कारण यी भौतिक चीजहरूमा थियो अरे । तर यो त्यसको झूटो दाबी थियो । किनकि एउटा धरहरा आफ्नो बलमा उभिन सक्छ र त्यसलाई बाहिरबाट कुनै सम्हाल्ने सहारा, टेवा वा थाम्ने समर्थक चाहिँदैन । अय्यूबको जीवनको विषयमा यो जानेर परमेश्वरले शैतानलाई तिनीबाट सबै भौतिक आशिषहरू हरण गर्न दिनुभयो । अनि यो कुराकानी सकेपछि यस्तो भयोः एकै दिनमा अय्यूबको सम्पूर्ण धनसम्पत्ति नाश भयो, यहाँसम्म कि तिनलाई सान्त्वना दिन एकै छोरा वा एउटी छोरी समेत बाँकी रहँदैनथियो ।

केही समयपछि परमप्रभु र आफ्नो उच्च पदबाट पतित भएको त्यस दुष्ट स्वर्गदूतको बीचमा दोस्रो वार्ता भयो । अनि यस बातचितमा पनि तिनीहरूको बीचमा अय्यूबको विषयमा कुरा चल्यो । अनि यसपालि पनि शैतानले महान् सृष्टिकर्ता परमेश्वरलाई फेरि पनि चुनौति दियो; अनि उहाँले त्यसको चुनौति स्वीकार गरेर त्यसलाई अय्यूबको शरीर र छालासमेत छुन दिनुभयो । यसैले ती भलादमीचाहिँ भिख माग्ने गरिबभन्दा तुच्छ, दयनीय अवस्थामा पुगे । तिनी जो अघि धनी र सुखी थिए, अहिले कति गरिब र दुःखी भए ! तिनको टाउकोदेखि तिनको पैतालासम्म तिनको सारा शरीर घाउखटिराले ढाकिएको थियो । अनि खपटाको टुक्रा लिएर तिनले आफ्नो शरीर कन्याएर यस भारी कष्टबाट अलिकति आराम पाउन खोजे ।

यस कुराबाट हामी निम्न पाठ सिक्छौंः यस संसारमा रहिरहने थोकहरू छँदैछैनन् । सबै थोकहरू अस्थायी छन् । भजन २४ः२ पदमा राजा दाऊदले यस संसारको बयान यसरी गरेः *'उहाँले त्यो समुद्रमाथि बसाल्नुभएको छ ।'*

अनि यो संसार साँच्चै समुद्रमाथि बसालिएको हो भने त संसारमा घरि-घरि भइरहेका फेरबदलहरूको विषयमा को पो अचम्म मान्छ र ? यसकारण हाम्रा भाइबहिनाहरूको निम्ति हाम्रो सल्लाह छः आकाशमनि भएको कुनै पनि कुरामाथि भर नपर्नुहोस् ! यी सबै कुराहरू बितिजाने थोकहरू हुन् भन्ने कुरा सम्झिराख्नुहोस् ! यसकारण 'म स्थिर रहनेछु र डगमगाउनेछैनँ' भन्ने कुरा कहिल्यै नभन्नुहोला । किनकि परमप्रभु परमेश्वरका आँखाको एक झिमिकमा तपाईं उभिनुभएको पहाड़ टलेर जानेछ र धूलो बन्नेछ । अँ, उहाँको औंलाको एकै स्पर्शले तपाईंको सम्पत्ति मैनझैं पग्लिएला वा धूवाँझैं उड़िजाला ।

यसकारण भाइबहिनीहो, माथिका कुराहरूमा मन लगाउनुहोस्, जहाँ ख्रीष्ट परमेश्वरको दाहिने हाततर्फ बसिरहनुभएको छ (कलस्सी ३:१-२) । आफ्नो मन माथि स्वर्गतिर उठाउनुहोस् र आफ्नो सम्पत्ति स्वर्गमा थुपार्नुहोस्, जहाँ न कीराले न खियाले नष्ट पार्छन्, जहाँ चोरहरूले न फोर्छन्, न चोर्छन् (मत्ती ६:२०) ।

श्री बर्नहार्दका शब्दहरूले हामीलाई यस विषयमा शिक्षा दिन मद्दत गर्न सक्छन्, जसले यसो भनेका छन्ः

*'साँचो आनन्द, परम आनन्दचाहिँ सृष्टिका थोकहरूबाट प्राप्त गरिँदैन, तर हाम्रा सृष्टिकर्ता परमेश्वरबाट नै आउँछ । अनि त्यस आनन्दमा मग्न भएको मानिसबाट कसैले पनि त्यो आनन्द खोसेर लैजान सक्दैन । उसको आनन्दको तुलनामा अरू सबै सुखहरू दुःख मात्र हुन्, सबै हर्ष पीड़ा पो हुन्, सबै मिठास दिने थोकहरू तीता हुन्, सबै गौरव तुच्छ र सबै मनोहर कुराहरू घृणित थोक मात्र हुन्छन् ।'*

तर यो कुरा आज हाम्रो विषयवस्तु होइन; यसैले हाम्रो मुख्य विषयको बारेमा मैले शुरुमा पृष्ठभूमिको रूपमा भन्न खोजेको यति मात्र हो; अनि मैले यहाँसम्म भनेको कुरा तपाईंले बुझ्नुभयो होला । किनभने परमप्रभुले शैतानलाई सोध्नुभयोः *'के तैंले मेरो दास अय्यूबलाई याद गरिस् ?'*

यसकारण **क)** शैतानले परमेश्वरका जनहरूलाई कुन प्रकारले विचार गर्छ, सो हामी पहिले स्पष्ट पार्नेछौं । त्यसपछि **ख)** त्यस दुष्ट आत्माले हामीलाई कुन-कुन हानि गर्ने दाउहरू थाप्छ, सो पनि हेरौं । अनि अन्तमा, **ग)** शैतानभन्दा अति महान् व्यक्ति हाम्रो विषयमा उच्च विचार लिएर हामीलाई

कुन प्रकारले हेर्नुहुन्छ, सो कुरा पनि विचार गरौं र त्यस मननबाट सान्त्वना पाऔं !

## क) परमेश्वरका जनहरूको विषयमा शैतानका विचार-धाराहरू के-के हुन् ?

अब शैतानले परमेश्वरका जनहरूलाई कुन प्रकारले हेरेर विचार गर्छ, सो हामी पहिले हेरौं । यस सम्बन्धमा हामी एउटा कुरा निश्चित भन्न सक्छौंः पवित्र धर्मशास्त्र बाइबलमा अरू बेलामा यो विचार गर्ने शब्द जुन अर्थमा प्रयोग गरिएको छ, त्यही अर्थमा यो शब्द शैतानको विषयमा प्रयोग गरिँदैन । परमेश्वर र अरू कुनै भलादमीको विषयमा यस शब्दले निम्न अर्थ लिन्छः

*'हे परमप्रभु, मलाई घृणा गर्नेहरूबाट आएको कष्ट विचार गर्नुहोस् !'* (भजन ९ : २३)

*'हे परमप्रभु, मेरो ध्यानतिर मन लगाउनुहोस् !'* (भजन ५ : १)

*'धन्य हो त्यो, जसले गरिबको वास्ता गर्छ !'* (भजन ४१ : १)

यस प्रकारको शुद्ध विचार र वास्ता यस्तो एकजना व्यक्तिको मनमा मात्र पाइन्छ, जसले उपकार गर्न चाहेको मानिसप्रति शुभेच्छा राखेर होशियारीसाथ त्यसको देखरेख गर्छ। यसरी उसले त्यसको भलाइ उचित रीतिले र बुद्धिमानीसाथ गर्छ । यस प्रकारले शैतान कहिल्यै कसैको विचार गर्दै-गर्दैन; त्यसले कसैको भलाइ गर्ने हो भने, त्यसले आफ्नै भलो मात्र गर्छ ।

अरू जुनसुकै प्राणीप्रति त्यसका सबै विचारहरू अति नै दुष्ट र भ्रष्ट छन् । त्यसको घोर अँध्यारो मनमा कहिल्यै कुनै भलो चिताउने विचार चम्किँदैन । परमेश्वरका सबै कामहरू विचार गरेर जस्तै हामीले तिनैबाट परमेश्वरको बुद्धि, उहाँको प्रेम र करुणाको बारेमा ज्ञान पाउँछौं, त्यसरी नै त्यसले हामीलाई कहिले पनि हेर्दैन । न परमेश्वरको सारा सृष्टिमा, न उहाँका जनहरूमा देखेका कुरा-हरूको निम्ति त्यसले परमेश्वरलाई आदर दिन्छ । हितोपदेश ६ : ६ पदमा *'हे अल्छे, कमिलाकहाँ जाऊ, त्यसको चाल विचार गर र बुद्धिमान् होऊ !'* लेखेझैं गर्न त्यसमा होशै छैन । प्रभु येशूको कुनै चेलाकहाँ गएर त्यसले उसको चाल विचार त गर्छ, त्यसपछि अघिभन्दा त्यो झन् मूर्ख भएर र झन् बढ्ता गरी परमेश्वरको शत्रु बन्छ ।

परमेश्वरका पवित्र जनहरूको बारेमा त्यसको विचार यही होः तिनीहरू र आफ्नो बीचमा ठूलो भिन्नता देखेर शैतान छक्क पर्छ । त्यस विश्वासघात गर्ने आत्माले आफ्नो छलले पूर्ण धूर्तता र आफ्नो मनभित्रको अन्धकार राम्ररी जान्छ; यसकारण त्यसले अरू कुनै व्यक्तिलाई विश्वासयोग्य भएको देखेर अचम्म मान्छ । किनभने 'सबै मानिसहरूको हृदय मेरो हृदयजस्तै धूर्त र विश्वासघाती हुन्छ' भन्दै त्यस विश्वासघातीले आफ्नो मनमा सोच्छ । 'निश्चय नै सबै मानिसहरू मजस्तै विश्वासघाती हुन्छन्; अथवा विश्वासयोग्य हुनुभन्दा विश्वासघात गर्नुमा बढ़ी फाइदा हुने हो भए पक्का पनि सबैजना मजस्तै हुनेथिए' भन्ने त्यसको धारणा हो ।

जब शैतानले प्रभु येशू ख्रीष्टको कुनै साँचो चेलालाई परमेश्वर र उहाँको सत्यताप्रति विश्वासयोग्य रहेको देख्छ, तब त्यसले उसलाई एउटा अनौठो कुरा सम्झन्छ । त्यसले उसलाई मूर्ख ठानेर पनि 'उसले कसरी यसो गर्न सक्छ' भन्दै त्यो उसको विषयमा छक्क परेरे अचम्म मान्छ । मलाई लाग्छ, शैतानले यसो भन्न खोजेको होलाः 'राजकुमार र परमेश्वरको मन्त्री-मण्डलको प्रधान म नै थिएँ; तर मैले आफ्नो इच्छा परमप्रभुको अधीनतामा सुम्पन चाहिनँ । स्वर्गमा परमेश्वरको सेवा गर्नुभन्दा त बरु नरकमा शासन गर्नु मलाई सठीक लागेको; मैले मेरो त्यो पहिलो पद थामिनँ, तर मेरो सिंहासनदेखि म निक्कै झरें र तल खसें । तब यिनीहरू कसरी खड़ा रहन सक्छन् त ? यिनीहरूलाई सम्हाल्ने यो कस्तो किसिमको अनुग्रह हो ? म सुनको भाँड़ा थिएँ, रपनि फुटें । यिनीहरू माटोका भाँड़ाहरू हुन्, रपनि म यिनीहरूलाई फुटाउन सक्दिनँ, किन, कसरी ? मैले आफ्नो गौरवमा कड़ा रहन सकिनँ भने, यिनीहरूलाई यिनीहरूको गरिबीमा, यिनीहरूको तुच्छ गनिएको अवस्थामा, यिनीहरूको सतावटमा थामिदिने यो कस्तो अतुलनीय निगाह हो ! किनकि परमेश्वरले यिनीहरूलाई मलाई जस्तै आशिष नदिए अनि मलाई जस्तै उच्च पदमा नउचाले पनि यिनीहरू उहाँप्रति विश्वासयोग्य रहन्छन् ।'

हुन सक्छ, सायद तिनीहरूको आनन्द देखेर शैतान छक्क परेको छ । आफूभित्र उर्लंदो समुद्रझैं त्यसले अशान्ति मच्चिरहेको अनुभव गर्दैछ । त्यसको मनमा अपार, गहिरो अत्यास फैलिएको छ । तर ख्रीष्ट-विश्वासी-हरूलाई नियाल्दा त्यसले तिनीहरूको मन शान्ति र आनन्दले भरिएको महसुस गर्छ । धेरैपल्ट यस संसारमा तिनीहरूको कुनै सान्त्वना दिने कुरा नभए पनि

तिनीहरू रमाउँछन् र महिमाले भरपूर भएको आनन्दले आनन्दित हुन्छन् । पृथ्वीमाथि शैतानको ठूलो अधिकार छ र त्यसको चारैतिर स्वतन्त्रतापूर्वक त्यो यता-उता घुमफिर गर्छ; त्यसको सेवा गर्ने प्रशस्त दास-दासीहरू छन् । तैपनि त्यसको मनले परमेश्वरको यस शान्तिको बारेमा केही पनि जान्दैन, जुन शान्तिचाहिँ तुच्छ, गरिब, एउटा सानो झुप्रोमा बसेकी, कसैबाट नचिनिएकी विश्वासी स्त्रीको हृदयभित्र वास गर्छ; यद्यपि त्यसको न घर, न कुनै नोकर छ, तर यो स्त्री बिरामी भई थला परेकी छे । शैतान विश्वासीको हृदयभित्र राज्य गर्ने शान्तिदेखि अवाक हुन्छ, र त्यसलाई घृणा गर्छ ।

त्यस दुष्ट आत्माले यी कुराहरूभन्दा अझ बढ़ी विचार गर्छ । के तपाईंलाई थाहा छैन, त्यसले ख्रीष्ट-विश्वासीहरूमा कतै कुनै गल्ती वा कमी भेट्टाउँछु कि भनी तिनीहरूलाई नियालेर हेर्छ र यसबाट आफ्नो सन्तुष्टि बढ़ाउँछ । त्यसले यस्तो भन्ला: 'यिनीहरू शुद्ध छैनन्; किनकि यी प्रभु येशूको रगतले किनिएकाहरूले, यी संसारको उत्पत्तिभन्दा अघि चुनिएकाहरूले अझ पनि पाप गर्दा रहेछन् । परमेश्वरका सन्तान हुने हक पाएकाहरू, जसको निम्ति परमेश्वरका पुत्र प्रभु येशू क्रूसमा मर्नुभयो, र उहाँले आफ्नो प्राण अर्पण गर्नुभयो, यिनीहरूले अझ पनि अधर्म गर्दा रहेछन् ।'

परमेश्वरका जनहरूले गुप्तमा गरेका पापहरूमा त्यो अति खुशी भई आफ्नो मनमा हाहा गर्दै हाँस्दैछ । तिनीहरूले स्वीकार गरेको विश्वाससित नमिल्ने केही कुरा त्यसले तिनीहरूमा चाल पायो भने त्यो खूब रमाउँछ । तिनीहरू कुनै कुरामा त्योजस्तै इमानदारी नभएका, कपटी भएका देखा पर्दाखेरि यसमा त्यसले निक्कै हर्ष मान्छ । विश्वासी जनको हृदयमा जन्मेको हरेक पापले शैतानलाई 'हे बुबा, बुबा' भनी पुकार्दै त्यसलाई स्वीकार गर्छ र त्यसलाई आफ्नो बुबा मान्छ । यी पापहरूमा आफ्ना दुष्ट सन्तानहरू देख्दा त्यसले आफूलाई तिनीहरूको बुबा ठानेर आनन्द गर्छ, गर्व गर्छ । हरेक ख्रीष्ट-विश्वासीमा भएको 'पुरानो मानिस' अर्थात् त्यो पुरानो पापतिर झुकेको स्वभाव देख्दाखेरि शैतान आनन्दित हुन्छ; किनभने त्यस पापी स्वभावले कुनै विश्वासीलाई आफ्नो पक्राउबाट छोड्न चाहँदैन, तर उसलाई जित्न ऊसित लड़ाइँ गर्छ र उसको विरोधमा ठूलो बल गर्छ । जब त्यस पुरानो स्वभावले फेरि र फेरि आफ्नो मौका छोप्छ, अनि छली र धूर्त भएर ख्रीष्ट-विश्वासीमाथि आफ्नो पूरा बल छोड़्छ, तब शैतान खुशी हुन्छ । त्यसले हाम्रो पापी स्वभावमा

मन लगाउँछ र एउटा किताबमा पढ़ेझैं त्यो कुरा निरन्तर ध्यानसित पढ़िबस्छ, अध्ययन गर्छ । परमेश्वरको कुनै छोराछोरीमा केही अशुद्ध कुरा, केही नमिल्ने कुरा थाहा पाउँदा शैतान त्यसमा प्रसन्न हुन्छ र त्यस कुरामाथि सधैं ध्यान लगाइदिन्छ । तर यस सम्बन्धमा त्यसले परमेश्वरका साँचो दास अय्यूबको जीवनमा एकदम कम देख्न पायो ।

योचाहिँ ख्रीष्ट-विश्वासीहरूको बारेमा गरेको त्यसको विचारको शुरु मात्र हो । शैतानले परमेश्वरका जनहरूलाई विचार गर्छ, र तिनीहरूमध्ये जो-जो प्रमुख अगुवाहरू हुन्, उनीहरूमाथि विशेष ध्यान दिन्छ भन्ने कुरा मलाई थाहै छ । किनभने आफ्नो राज्य बढ़ाउँदै लाँदा त्यसले उनीहरूमा बाधा दिने मुख्य अवरोधहरू देख्छ । रेल-मार्ग बनाउने नाइकेले डाँड़ा र नदीहरूमा, अनि विशेष गरी बाटोमा खड़ा रहेका ठूला-ठूला पहाड़हरूमा ध्यान दिनुपर्छ; किनभने ती पहाड़हरूमा एउटा सुरुङ्ग खन्न उसलाई धेरै वर्षसम्म ठूलो परिश्रम पर्नेछ र थुप्रो खर्च लाग्नेछ । ठीक त्यस्तै शैतानले पनि यस संसारमा आफ्नो अधिकार बढ़ाउने सम्बन्धमा आफ्ना योजनाहरू बनाउँदै लाँदा अय्यूबजस्तै मानिस-हरूमाथि आफ्नो ध्यान लगाइदिन्छ ।

श्री मार्टिन लुथरको विषयमा शैतानले निम्न विचार अपनाएको हुनुपर्छः ‘त्यो इसाई मठबासी लामा नभएको भए म सारा संसारभरि चारैतिर विनाबाधा सवारी गर्न सक्नेथिएँ । तर त्यसले मलाई बाधा दिइरहेको छ । त्यसले पोपलाई, मेरा जेठा छोरालाई स्वीकार गर्दैन, तर उसलाई घृणा गर्छ र उसको घोर विरोध गर्छ । मेरो विरोधमा खड़ा भएका अरू पचास हजार सीधासाधा पवित्र जनहरू मलाई केको वास्ता; मैले लुथरलाई खतम पार्न पाए त्यो कति असल हुनेथियो !’ तर परमेश्वरको वचनले के भन्छ ? ‘त्योजस्तै त तैंले अरू कोही पाउनेछैनस् !’ (अय्यूब १ः८) । यदि यो कुरा मार्टिन लुथरको विषयमा सत्य हो भने, यदि मार्टिन लुथर अरूभन्दा फरक र विशेष थिए भने, निश्चय नै शैतानले परमेश्वरका यी दासमाथि आफ्नो ध्यान लगाइदिन्छ । यसकारण बुझ्नुहोस्ः हामीमध्ये जतिजनाले परमेश्वरको वचन प्रचार गर्ने कामको बोलावट पाएका छन्, यस उच्च कामको खातिर शैतानको दृष्टि उनीहरूमाथि पर्छ-पर्छ; यो कुरा हामीले ख्याल गर्नुपर्छ । किनभने जब त्यस कठोर योद्धा शैतानले दूरबीन लिएर विरोधी सेनालाई नियालेर हेर्छ, तब पक्का पनि त्यसले ती सेनाका अधिकारीहरूमाथि आफ्नो नजर लगाउँछ, जसको पोसाकबाट

'तिनीहरू सेनाका अधिकारीहरू हुन्' भनी त्यसले चिन्छ; यसकारण त्यसले आफ्ना सिपालु लड़ाकूहरूलाई, यस्ताहरूलाई ताकेर हान्ने आदेश दिन्छ; किनकि त्यसले यसो भन्छः 'झण्डा बोक्ने लड्यो भने विजय सजिलै हाम्रो हुनेछ, र हाम्रा विरोधीहरू हार खाएर भाग्नुपर्छ ।'

यदि अरू पवित्र जनहरूले भन्दा तपाईंले प्रभुको कामको निम्ति उदारचित्तले अनुदान दिनुहुन्छ भने, अथवा अरूभन्दा तपाईं नै परमेश्वरको नजिकै जिउनुहुन्छ भने, निश्चय शैतान तपाईंको विरोध गर्न व्यस्त भइरहन्छ । चराहरूले सबैभन्दा पाकेका फलफूलहरू ठुङ्‌ग्छ झैं त्यसले पक्का पनि तपाईंलाई बढ़ी दुःख दिन्छ । ढुङ्गैढुङ्गाले भरिएको उजाड़ भूमिको लागि को लड्‌ला ? काँड़ाले छेकेको फलहीन, बाँझो जमिन कसले वास्ता गर्ला र ? तर धान फल्ने बेंसीको मलिलो खेतको निम्ति, प्रशस्त उब्जनी दिने बारीको निम्ति, किसानले आफ्नो परिश्रमको प्रशस्त फल पाउने जमिनको निम्ति निस्सन्देह लड़ाइँ गरिन्छ । यसैले हे परमेश्वरको बढ़ी आदर गर्ने भाइहरूहो, शैतान तपाईंहरूको निम्ति बड़ो बल मिचेर युद्ध गर्छ । परमेश्वरको मुकुटबाट त्यसले कतै उहाँको कुनै न कुनै हीरा झिक्न खोज्छ । सम्भव भए त्यसले हाम्रा मुक्तिदाताको छाती-पाताबाट केही बहुमूल्य पत्थरहरू खोसेर लान चाहन्छ ।

यसरी नै त्यसले परमेश्वरका जनहरूको बारेमा विचार गर्छ । उनीहरूलाई नै त्यसले आफ्नो राज्यभित्र भएका बाधाहरू ठान्छ । उनीहरूलाई हटाउन वा आफ्नो पक्षमा प्रयोग गर्न त्यसले अनेक युक्ति रच्छ । किनकि सबै बत्तीहरू निभाउनमा त्यो सफल भएदेखि सारा संसार अन्धकारले छोपिनेथियो । पहाड़को टुप्पामाथि बसालिएका, फल फलाउने एक मुठीजत्ति अगुवा-जनहरूलाई त्यसले नाश गर्न सक्यो भने, अरू सर्वसाधारण विश्वासीहरूलाई हल्लाउन त्यसको निम्ति सजिलो हुनेथियो । यसकारण मानिसहरूको बीचमा जो-जो विश्वासयोग्य छन्, तिनीहरूतिर 'तिनीहरूलाई लड़ाउन पाऊँ' भन्ने मनसायले त्यसको ध्यान सधैं जाइरहन्छ ।

जब शैतानले परमेश्वरका जनहरूलाई ध्यान दिएर विचार गर्छ, तब त्यसले केवल तिनीहरूको हानि पुऱ्याउने हिसाबले यसो गर्छ । यो कुरा बुझ्न धेरै समझ चाहिँदैन । मलाई के लाग्छ भने, परमेश्वरका चुनिएकाहरूलाई अर्थात् प्रभु येशू ख्रीष्टको रगतले किनिएकाहरूलाई पूरा नष्ट गर्नुचाहिँ त्यसको उद्देश्य होइन होला । किनकि यसो गर्न फाइदा छैन भन्ने त्यसको ज्ञान छ ।

परमेश्वरका जनहरूलाई आक्रमण गर्दा शैतान यति धेरै पल्ट असफल भयो; यसकारण 'यी चुनिएकाहरूलाई म नष्ट गर्न सक्छु' भन्ने लक्ष्य त्यसले छोड्यो । दानियलको पुस्तकमा हामानका साथीहरूको बारेमा उल्लेख गरिएको कुरा तपाईं सम्झनुहुन्छ होला । हामानका यी साथीहरू शैतानको निजी वंशका थिए, जसले हामानलाई त्यसको भविष्यको बारेमा यसो भन्दै जवाफ दिएः *'यदि यी मोर्दकै, जसको सामु तपाईं पतित हुन लाग्नुभएको छ, यहूदी जातिका अर्थात् परमेश्वरबाट चुनिएको जातिका हुन् भने, तपाईं तिनीमाथि विजयी हुन सक्नुहुन्न, तर निश्चय तिनको सामु तपाईंको पतन हुने नै छ'* (एस्तर ६ :१३ ) । यस संसारमा परमेश्वरको राजकीय वंश छ, जसको विरोधमा लड़ाइँ गर्न व्यर्थै हो भन्ने कुरा त्यसले राम्ररी जान्दछ ।

यो मानिस हो कि अथवा त्यो मानिस हो कि ? परमेश्वरबाट चुनिएकोलाई त्यसले निश्चित रूपले चिन्न सकेको छैन । मेरो विचारमा, त्यसले तिनीहरूलाई चिन्न सकेको भए, त्यसले यस्ता व्यक्तिहरूलाई नाश गर्न आफ्ना प्रयासहरू बन्द गर्नेथियो र कोशिश गर्नेथिएन । अथवा त्यसले यस्ता मानिसहरूलाई पूरा रीतिले नछोड़ेर यिनीहरूलाई सकभर दुःख त दिनेथियो र यिनीहरूको अनादर गर्न खोज्नेथियो । तर मेरो विचारमा, परमेश्वरका चुनिएकाहरू को-को हुन्, यसको सम्बन्धमा त्यससित सीमित ज्ञान छ, त्यससँग हामीसँग भन्दा बढ़ी ज्ञान छैन होला; किनभने हामीले जस्तै त्यसले मानिसलाई केवल बाहिरबाट उसको व्यवहार, उसको रहनसहन जाँच्न सक्छ। यस जाँच्ने काममा शैतानले हामीभन्दा राम्ररी छुट्ट्याउन सक्छ होला; किनभने हाम्रो भन्दा त्यसको धेरै समयदेखिको अनुभव हुन्छ, अनि त्यसले मानिसहरूलाई तिनीहरूले गोप्य रूपमा के गर्छन्, सो पनि देखिरहेको छ। हामी यसो गर्न सक्दैनौं। तर परमेश्वरले स्वर्गमा लेख्नुभएको जीवनको पुस्तकभित्र, यसमा गोप्य राखिएका निर्णयहरू त्यसले कहिल्यै नियालेर हेर्न पाउनेछैन । यसकारण त्यसले परमेश्वरका चुनिएकाहरूलाई तिनीहरूका फलहरूबाट चिन्छ, जसरी हामी पनि तिनीहरूलाई तिनीहरूका फलहरूबाट चिन्छौं ।

तर हाम्रो यस जाँचमा हामीले कतिपल्ट गल्ती गरेका हुन्छौं । ठीक त्यस्तै शैतानले पनि आफ्नो रायमा गल्ती गर्ला । यसकारण मलाई के लाग्छ भने, त्यसले तिनीहरू सबैलाई नाश गर्ने प्रयत्न गर्छ; किनकि कुन मानिसमा त्यो सफल हुन्छ, सो त्यसले जान्दैन । *'कसलाई निलूँ भनी खोज्दै त्यो सिंहझैं*

*चारैतिर घुमिहिँड्छ'* (१ पत्रुस ५ : ८ ) । अनि त्यसले कसलाई निल्न पाउँछ, सो कुरा नजानेको हुनाले त्यसले ठूलो बल लगाएर परमेश्वरका सबै जनहरूलाई आक्रमण गर्छ ।

एकै शैतानले कसरी यसो गर्न सक्ला र ? यो प्रश्न कसैले सोध्न चाहन्छ होला; तब उसले बुझोस्ः त्यसले सबै काम एकलैले गर्दैन । (हामीमध्ये कतिजनाको परीक्षा शैतान स्वयम्‌द्वारा भएकै हो, सो कुरा म भन्न सक्दिनँ । शैतान स्वयम्‌ले हामीलाई परीक्षामा नपार्ला; किनभने हामी त्यसको निम्ति यति महत्त्वपूर्ण छैनौं ।) त्यसको अधिकार र अधीनतामा दुष्ट आत्माहरूको ठूलो फौज छ । मत्तीको सुसमाचारमा यी सुबेदारले भनेझैं शैतानले पनि आफ्नो अधिकार र आफ्नो अधीनतामा बस्ने दुष्ट आत्माहरूको बारेमा यसो भन्लाः *'मेरो अधीनतामा पनि सिपाहीहरू छन्; अनि म एकजनालाई "जा" भन्छु भने त्यो जान्छ; अनि म अर्कालाई "आइज" भन्छु भने, त्यो आउँछ । अनि म आफ्नो नोकरलाई "यो गर्" भन्छु भने त्यसले त्यो गर्छ'* (मत्ती ८ : ९ ) । यसकारण बुझ्नुहोस्ः परमेश्वरका सबै दासहरूले शैतानका हमलाहरू धेर-थोर अनुभव गर्छन्-गर्छन् । कि त हाम्रो आत्माको महा शत्रु स्वयम्‌ले, कि त त्यसको फौजले हामीलाई आक्रमण गरेर हामीलाई नाश गर्न खोज्छ; किनकि सम्भव भए त्यसले परमेश्वरका चुनिएकाहरूलाई समेत आफ्नो बहकाउमा पार्नेथियो ।

जसलाई शैतानले नाश गर्न सक्दैन, उसैलाई त्यसले दुःख दिन्छ । यस कुरामा कुनै शङ्का छैन । परमेश्वरका जनहरू आनन्दित भएका त्यसले हेर्नै सक्दैन । तर मेरो विचारमा, शैतान कति प्रचारकहरूसित खुशी हुनुपर्ला; किनभने तिनीहरूले आफ्नो प्रचारद्वारा परमेश्वरका जनहरूको मनमा शङ्का र डरहरू मात्र पैदा गर्छन्; तिनीहरूले विश्वासीहरूको बीचमा शोक र निराशा बढ़ाइदिन्छन् । तिनीहरूको विषयमा शैतानले भन्छः 'प्रचार गरिरहो ! स्याबास्, तिमीहरूले मेरो काम कति राम्रोसँग गर्दैछौ !' किनभने परमेश्वरका जनहरू शोकले भरिएको देख्दा त्यो खूब रमाउँछ । जब तिनीहरूले आफ्ना वीणा बैंसका रूखहरूमा झुन्ड्याउँछन् र हताश भई आफ्नो जीवन बिताउँछन्, तब त्यसले आफूलाई आफ्नो काममा पूरा सफल भएको ठान्छ ।

मेरा प्रिय मित्रहरूहो, हामी यस्ता छली परीक्षाहरूबाट होशियार बस्नुपर्छ ! यी परीक्षाहरू हामीलाई नम्र तुल्याउने किसिमका जस्तै देखा पर्लान्, तर यी

परीक्षाहरू खास गरी हामीमा हाम्रो विश्वास नाश गर्छन् । अनि हाम्रा शङ्का-उपशङ्काहरूमा र हाम्रो अविश्वासमा परमेश्वर कहिल्यै प्रसन्न हुनुहुन्न । उहाँले आफ्नो प्रिय पुत्र प्रभु येशूलाई दान-स्वरूप दिईकन हामीप्रति आफ्नो प्रेम प्रमाणित गर्नुभएको छ। यसैले परमेश्वरमाथि कुनै भूटो दोष लाग्न नदिनुहोस्, तर उहाँमाथि सम्पूर्ण रूपले भर परेर विश्वासमा अटल भई परमेश्वरमा रमाउनुहोस् ! जब हामी आनन्दसाथ परमेश्वरको उपासना गर्छौं, तब यसमा उहाँ खुशी हुनुहुन्छ । *'आओ, हामी परमप्रभुको निम्ति गीत गाऔं; हाम्रा उद्धारका चट्टानको निम्ति आनन्दको सोर निकालौं ! धन्यवादसाथ उहाँको उपस्थितिमा आऔं र उहाँको निम्ति भजनहरू गाउँदै आनन्दको सोर निकालौं !'* (भजन ९५ : १-२) । *'हे धर्मी जनहरूहो, परमप्रभुमा आनन्दित होओ र रमाओ ! हे सबै सीधा हृदय भएकाहरूहो, हर्षले चिच्च्याओ !'* (भजन ३२ : ११) । *'प्रभुमा सधैं आनन्द गर ! म फेरि भन्दछु, आनन्द गर !'* (फिलिप्पी ४ : ४) । हामीले यसो गरेको शैतानले मन पराउँदैन ।

श्री मार्टिन लुथरले यसो भन्ने गर्थेः 'आओ, हामी भजन गाएर शैतानको रिस उठाऔं !' यसमा मार्टिन लुथर बिलकुल ठीक थिए; यसको बारेमा मलाई शङ्का छैन । किनभने फूट र अमेल मन पराउने शैतानले एकसाथ मिलेर आनन्दसाथ परमेश्वरको स्तुति गरेको कुरा घृणा गर्छ-गर्छ । हे प्रिय भाइ-बहिनीहो, शैतानले तपाईंलाई सधैंको निम्ति गुमाउनुपरेको छ; यसैले त्यस महा शत्रुले तपाईंलाई वर्तमान जीवनमा सकेसम्म दुःखित पार्न खोज्छ । यसो हुँदा पक्का पनि त्यसले परमेश्वरको अनादर होस् भन्ने कुरा आफ्नो लक्ष्य बनाएको छ । किनकि त्यसलाई राम्ररी थाहा छ, निराशाको भुमरीमा परेका ख्रीष्टका चेलाचेलीहरू परमेश्वरको विश्वासयोग्यतामा अविश्वास गरेर उहाँको अनादर गर्न पुग्दा रहेछन् । यसकारण जब प्रभुको विश्वासयोग्यता र उहाँको भलाइमा विश्वास नगरेसम्म शैतानले हामीलाई त्रसित पार्न सक्छ, तब त्यसले 'मैले परमेश्वरबाट उहाँलाई हुनुपर्ने महिमा लुटें' ठान्छ । परमेश्वर यसो भन्नुहुन्छः *'जसले धन्यवादको बलि चढ़ाउँछ, उसैले मेरो महिमा गर्छ'* (भजन ५० : २३) । यसकारण परमेश्वरको महिमा नहोस् भनेर शैतानले हाम्रो मनमा प्रभुको स्तुति गर्ने मुहान धमिलो पार्न र पूरा सुकाउन चाहन्छ ।

ख्रीष्ट-विश्वासीहरूलाई नाश गर्न नपाए पनि शैतानले धेरैपल्ट कतिपय इसाईहरूलाई फलहीन तुल्याएको छ । धेरै विश्वासीहरूको पतन भयो, नाश

हुनको निम्ति होइन; किनभने यो त असम्भव छ; तर त्यसले तिनीहरूको एउटा खुट्टा भाँचेर तिनीहरूले लङ्गड़ा भएर बाँकी जीवन बिताए, र यसरी मरे। हामीलाई कति भाइहरूको याद आउँछ, जसको बारेमा हामीलाई अफसोस लागेको छ; किनभने विगत समयमा तिनीहरू मण्डलीमा सक्रिय थिए। तिनीहरू असल उदाहरण थिए। तर अचानक कुनै पापको परीक्षामा स्थिर रहन नसकेका हुनाले तिनीहरू पापमा फसे, र गिरे। त्यसपछि मण्डलीमा तिनीहरूका नाम फेरि कहिल्यै चलेनन्। अनि तिनीहरूको बारेमा कुरा गर्दा हामी दुःखित भई तिनीहरूको नाम लिन्छौं। तिनीहरू आगोबाट भएर बाँचेझैं बाँचे भन्ने आशा राखेर सबैजनाले तिनीहरूको निम्ति यही प्रार्थना गरेका छन्। तर तिनीहरूले कहिल्यै प्रभुको सेवामा पहिले जस्तै फल फलाउन सकेनन्। स्वर्गतिर यात्रा गर्नदेखि पछि हट्न धेरै सजिलो छ; तर पछि हटेको विश्वासीको निम्ति पहिले पुगिसकेको स्तरमा फर्कनुचाहिँ अति गाह्रो कुरा हो।

एकैक्षणमा तपाईं एकातिर लागेर प्रभुको निम्ति आफ्नो ज्योति निभाउन सक्नुहुन्छ, तर यति छिटो आफ्नो ज्योति फेरि बल्दो पार्न सक्नुहुन्न। प्रभुमा प्रिय भाइबहिनीहो, शैतानका आक्रमणहरूदेखि होशियार बस्नुहोस् र तिनको विरोधमा खड़ा रहनुहोस्! किनभने हामी तपाईंलाई परमेश्वरको घरको खाँबा ठान्छौं। तपाईं हाम्रो निम्ति अति प्रिय हुनुहुन्छ। हामीलाई तपाईंको खाँचो पर्छ। आत्मिक बुबा वा आमाजस्तै हामी तपाईंलाई हाम्रो माझमा आदर गर्छौं। यसकारण हामीले तपाईंको खातिर शोक र अफसोस मान्नु नपरोस्, न ता 'स्याबास, तैंले ठीक गरिस्! किनकि जस्तो हामीले चाहेका थियौं, तैंले त्यस्तै गरिस्!' भनेर चिच्च्याउने हाम्रा शत्रुहरूको जयध्वनि सुनेर तपाईंको खातिर हामी दुःखित हुन चाहन्छौं। हाय, किनकि हाम्रो सियोनमा धेरै घटनाहरू घटे, जसको बारेमा यसो भन्न हामीलाई कर लागेको छः *'गातमा यो कुरा नसुनाओ, अश्कलोनका सड़कहरूहुँदो यो कुरा प्रचार नगर, नत्रता पलिस्ती स्त्रीहरू रमाउनेछन्, नत्रता खतना नभएको जातिका मानिसहरूका छोरीहरू हर्षित हुनेछन्'* (२ शमूएल १:२०)।

परमेश्वरले हामीलाई अनुग्रह गर्नुभएको होस्, र हामी मण्डलीको रूपमा एकसाथ मिलेर शैतानका सबै युक्ति र त्यसका आक्रमणहरूको सामना गर्न सकौं। त्यसले सकभर जेजति कोशिश गरे पनि हामीबाट कुनै फाइदा उठाउन नपाओस्। त्यसले हाम्रा धरहरा र किल्लाहरू गनेर, विचार गरेर र फेरि पनि

विचार गरेपछि त्यो हट्नुपरोस्; किनकि त्यसले हाम्रा पर्खालको एउटा ढुङ्गा पनि आफ्ना हतियारहरूले भत्काउन सकेन, न ता हाम्रो एउटा सिपाहीलाई पनि गोली हानेर मार्न सक्यो ।

यस सम्बन्धमा कुरा गर्न छोड्नु अघि मैले एउटा प्रश्नको जवाफ दिनुपर्ला, जुन प्रश्न कसैले यसो भन्दै सोध्न चाहला: 'परमेश्वरका जनहरूको विरोधमा लगातार दुष्ट युक्ति रच्न परमेश्वरले शैतानलाई किन अनुमति दिनुभएको होला त नि ?' यस प्रश्नको एउटा उत्तर निश्चित निम्न अनुसार छ: कुनचाहिँ कुरा उहाँको महिमाको निम्ति हुनेछ, यो परमेश्वर आफै जान्नुहुन्छ; अनि उहाँ आफ्ना कामहरूको सम्बन्धमा कसैलाई लेखा दिनुहुन्न नै । परमेश्वरले सबैलाई आ-आफ्नो इच्छाअनुसार रोज्ने अनुमति दिनुभयो; अनि हाम्रो निम्ति लुकिएको कुनै कारणवश उहाँले दुष्टताको अस्तित्व पनि रहन दिनुभयो । यसकारण उहाँले शैतानलाई नाश गर्नुभएन, तर यता पापको पक्ष लिनेहरू र उता पवित्रताको पक्ष लिनेहरू, यता अनुग्रहको पक्ष लिनेहरू र उता भूटको पक्ष लिनेहरूको बीचमा ईश्वरीय नियमअनुसार संघर्ष चल्दै गरोस् भन्ने हेतुले उहाँले शैतानलाई केही अधिकार दिनुभयो ।

यो कुरा पनि याद गर्न खाँचो छ: परमेश्वरको इच्छा यस प्रकारको छ: शैतानका परीक्षाहरूबाट परमेश्वरका जनहरूलाई लाभ भएको होस् । 'हाम्रो भरोसा आफूमाथि राख्नुचाहिँ खिया बराबर हो; अनि शैतानका परीक्षाहरू रेतीले जस्तै काम गर्छन्, जुन रेतीले हामीबाट धेरै खिया खुर्केर मेटिदिन्छन्' भनेर श्री फेनेलोनले भनेका छन् । अनि म त्यस भनाइमा यो थप्न चाहन्छु: पाले बस्ने सिपाहीका कानमा यी परीक्षाहरू त्रास पैदा गर्ने खतराको ध्वनि हुन्, जुन खतराको ध्वनिले उसलाई अवश्य जागा तुल्याउँछन् । व्यवहारमा जोड़ लाउने एक बाइबलको शिक्षकले यसो भनेका छन्: 'कुनै परीक्षामा नपर्नुचाहिँ यस संसारमा सबैभन्दा ठूलो परीक्षा हो; किनभने परीक्षाले हामीलाई जागा तुल्याउँछ ।' अनि जहाँ परीक्षा छैन, त्यहाँ हामी आत्मिक हिसाबले कमजोर हुन्छौं; किनकि हाम्रो आत्मा इच्छुक हुँदा-हुँदै पनि हामी निदाउन थाल्छौं । ठूला-ठूला कुकुरहरूले भुक्दा नानीहरू आफ्ना बुबाको छेउमा रहन्छन् र त्यहाँबाट एक पाइलो पनि सार्दैनन्, अहँ, त्यहाँबाट भाग्दैनन् । ठीक त्यस्तै, गर्जने शैतानले हामीलाई ख्रीष्ट येशूको नजिकै भाग्न तुल्याउला । अनि यी परीक्षाहरूले हामीलाई आफ्नो कमजोरीको बारेमा सिकाउन र हामीलाई जागा

तुल्याउनको साथै हामीलाई अरू खराबीहरूबाट जोगाउन सक्छन् । यसकारण *'आओ, हामी सचेत हौं, किनकि हाम्रो विरोधी शैतान गर्जने सिंहझैं कसलाई निलूँ भनेर खोज्दै चारैतिर घुमिहिँड्छ'* (१ पत्रुस ५ : ८) ।

हामी अगुवाहरू हौं; यसकारण हामी तपाईंहरूलाई आग्रहपूर्वक र प्रेमसाथ विन्ती गर्दछौंः *'हे भाइहरूहो, हाम्रो निम्ति प्रार्थना गरिदेओ !'* (१ थेस्सलोनिकी ५ : २५) । किनभने शैतानका विशेष युक्तिहरू हामीलाई ताकेर हामीमाथि आइपर्दछन् । प्रभुको शक्तिले हामीलाई रक्षा गरोस् । हाम्रो निम्ति गर्नुभएका तपाईंहरूका विश्वासयोग्य प्रार्थनाहरूले गर्दा हामी प्रशस्त अनुग्रह पाऔं, हामी अन्तसम्म स्थिर रहन सकौं ।

## ख) हाम्रो विरोधमा शैतानका हानि पुऱ्याउने दाउहरू के-के हुन् ?

अब परमेश्वरका जनहरूलाई के-कस्तो गरेर हानि पुऱ्याउने शैतानका युक्तिहरूको सम्बन्धमा हामी यहाँ केही कुरा गर्नेछौं ।

जसरी परमेश्वरले हामीलाई पूर्ण रूपले चिन्नुहुन्छ, त्यसरी नै शैतानले हामीलाई चिन्दैन । तर छ हजार वर्ष अघिदेखि त्यसले पतित भएको आदमका सन्तानहरूसित व्यवहार गरेको हुनाले त्यसले यस अवधिभित्र तिनीहरूको बारेमा ठूलो अनुभव बटुलेको छ । सारा संसारभरि ठूला मानिसहरूदेखि लिएर साना मानिसहरूसम्म सबैलाई परीक्षामा पारेको हुनाले त्यसले मानिस-हरूको रहनसहन, तिनीहरूका विचार र कमजोरीहरूको बारेमा सबको सब राम्ररी जान्दछ । यसकारण त्यसले मानिसलाई सजिलोसँग पापमा फसाउन जान्दछ ।

सर्वप्रथम शैतानले हाम्रो एक-एक कमजोरीमाथि ध्यान दिएर विचार गर्छ । जसरी घोड़ाको किनबेच गर्ने व्यापारीले आफूले किन्न लागेको घोड़ा त्यसको टाउकोदेखि लिएर त्यसको खुट्टासम्म जाँच गरेर हेर्छ, त्यसरी नै शैतानले पूरा होशियारीसाथ हाम्रो जाँचपड़ताल गर्छ । हामी कुन क्षेत्रमा कमजोर छौं, यो कुरा त्यसले छिटै चाल पाउँछ । आफ्नो विषयमा कुरा गर्नु हो भने, म एक साधारण व्यक्ति हुँ; अनि जब म कुनै घोड़ा बाटोमा मेरो सामु दगुरिरहेको देख्छु, तब मलाई यो त एउटा असल घोड़ा भएको लाग्छ । तर घोड़ाको व्यापारीले त्यस

घोड़ामा मैले देख्न नसकिने कुराहरू देख्छ । उसले यस घोड़ासित केकस्तो गरेर त्यो कुन कुरामा, कुन क्षेत्रमा कमजोर छ, सो चाँड़ै पत्ता लगाउँछ । उसको नजरमा त्यसको कुनै खोट लुक्न सक्दैन । अनि शैतानले हामीलाई कसरी नियालेर, कुन प्रकारले जाँचेर हेर्नुपर्छ, सो पनि जान्दछ । हाम्रो टाउकोदेखि हाम्रो पैतालासम्म हामीलाई जाँचेर हाम्रो कमजोरी केमा छ, र हाम्रो कमजोरी कुनचाहिँ हो, सो त्यसले छिटै पक्रिहाल्छ, छिटै चाल पाउँछ । यसैले 'फलानो मानिसको कमजोरी लोभलालच हो, अनि यो मानिस रिसाहा हो, र त्यो मानिसचाहिँ घमण्डी हो, र ऊचाहिँ अल्छी छ' भन्ने कुरा त्यसले तोकेर भन्न सक्छ । एकदम छिटै त्यसका खराब आँखाहरूले हाम्रो कमजोरी थाह गर्छन् । अनि चाँड़ै, नभन्दै हाम्रो शत्रुले यस ज्ञानबाट आफ्नो फाइदा उठाउँछ । हाम्रा कमजोरीहरूको तलाश गर्ने त्यस महा जासुस शैतानले हाम्रो जीवनरूपी किल्लाका पर्खालहरूमा कतै एउटा कमजोर ठाउँ भेट्टाउनासाथ त्यहीं आफ्ना हातहतियारहरू लगाइदिन्छ र त्यस ठाउँबाट आफ्नो आक्रमण शुरु गर्छ । तपाईं आफ्नो नजिकको साथीबाट आफ्नो कमजोरी लुकाउन सफल हुनुभएको छ होला, तर तपाईंले आफ्नो परम शत्रुको नजरदेखि यो कुरा लुकाउन सक्नुहुन्न । एकै क्षणमा शैतानको आँखाले, त्यस चीलको जस्तो तीखो आँखाले तपाईंको रक्षा गर्ने ढाल कुन ठाउँमा कमजोर छ, देखिहाल्छ । यसकारण हाम्रो हृदयभित्र रहेको बारुदरूपी अभिलाषा सल्काउने हेतुले एउटा सलाई लिएर त्यो हाम्रो चारैतिर घुमिहिँड्छ । तपाईंको विचारमा, चारैतिरबाट आइलाग्ने आक्रमण-हरूदेखि तपाईंले आफूलाई पूरा तवरले रक्षा गर्नुभएको तपाईंलाई लाग्ला, तर कुनै न कुनै चिरो परेको ठाउँबाट शैतानले आफ्नो सल्काएको सलाई भित्र घुसारिदिन्छ । अनि परमेश्वरले आफ्नो निगाहमा हामीलाई रक्षा नगर्नुभएको हुँदो हो त शैतानले हामीमाथि ठूलो हानि ल्याउन सक्नेथियो ।

हाम्रो मनको बनावट र अवस्थाहरूमा पनि त्यसले ध्यान दिन्छ । हाम्रो मन बलियो हुँदा शैतानले हामीलाई आक्रमण गर्‍यो भने त्यससित लड़ाइँ गर्न हामी तम्तयार हुन्छौं । यो कुरा जानेर त्यसले हामीलाई त्यही बेलामा आक्रमण गर्दैन । तर आपद्‌विपद्‌मा परेको समयमा वा फिक्रीचिन्तामा डुबेको बेलामा कति मानिसहरूलाई सजिलोसँग परीक्षामा पार्न सकिन्छ । अनि ठीक त्यही बेलामा शत्रुले तिनीहरूलाई आक्रमण गर्छ । अरू मानिसहरू छन्, जसलाई तिनीहरू हर्षित हुँदा वा खुशी हुँदा पापमा फसाउन सजिलो छ; शैतानले त्यस

अवस्थामा तिनीहरूमा पापको आगो सल्काउँछ । अझ अरू मानिसहरू छन्, जसलाई तिनीहरू विचलित वा भयभीत भएको अवस्थामा तिनीहरूलाई परीक्षामा पार्न सजिलो छ । त्यस बेलामा परीक्षा पार्नेले तिनीहरूलाई जे पनि भन्न र जे पनि गर्न लाउन सक्दो रहेछ । फेरि अरू मानिसहरू छन्, जसले आफ्नो सुखचैनको अवस्थामा शैतानको आक्रमण अनुभव गर्छन्; किनभने तिनीहरू त्यही अवस्थामा कमजोर छन् ।

सुन र चाँदीजस्तै धातु चलाउने सुनारले सुन कति तापमा, चाँदी वा पित्तल कति तापमा चलाउनुपर्छ, सो जान्दछ । रसतत्त्वहरू चलाउनेले कुन थोक कुन बेलामा उम्लिन्छ, सो राम्ररी जान्दछ । ठीक त्यस्तै हामी कुन तापमा शैतानको निम्ति काममा आउँछौं, सो कुरा त्यसले जान्दछ । सानो भाँड़ोमा पानी छिटो उम्लन्छ । अनि सानो मन भएको मानिस के छिटै रन्किन्छ ! ! ठूलो भाँड़ा तताउन बढ़ी समय लाग्छ र यसको निम्ति निक्कै दाउरा खर्च गर्नुपर्छ, नत्र यस भाँड़ाको पानी कहिल्यै उम्लिँदैन । तर जब ठूलो भाँड़ाको पानी उम्लिन्छ, तब त्यो पानी लामो समयसम्म तातो भइरहन्छ र छिटो सेलाउँदैन । कति मानिसहरूको रिस यस्तै हुन्छ ।

बल्छी खेल्नेले कुन किसिमको माछाको निम्ति चुनचाहिँ चारो चाहिन्छ, सो जान्दछ र हाम्रो शत्रुले यो पनि जान्दछ र यसकारण त्यसले हामीलाई परीक्षामा पार्न विभिन्न तरिकाहरू अपनाउँछ र काममा लगाउँछ । त्यसले पक्रन चाहेको माछामाथि ध्यान लगाउँछ र त्यही माछा कुन बेलामा र कुन अवस्थामा पक्रन सजिलो हुन्छ, सो पत्ता लगाउँछ । हाम्रो आत्माको सिकार खेल्नेचाहिँ लुकी-लुकी काम गर्छ । प्रायः जसो जुन बेलामा हामी होशियार बस्दैनौं, त्यस बेलामा हामी कि त कुनै गल्ती गर्न पुग्छौं, कि त त्यसले हाम्रो निम्ति लगाएको कुनै पासोमा पर्छौं । मेरो विचारमा, श्री थोमस स्पेन्सरले यसो भनेर यस सम्बन्धमा सही कुरा भनेका छन्ः

*‘आफ्नो रङ्ग बदली गर्ने छेपारो जब कुनै कीरा-फट्याङ्ग्रो पक्रन घासभित्र अलिकति पनि चलमल नगरीकन लुकिबस्छ, तब त्यसले आफ्नो वरिपरिको घासको रङ्ग लिन्छ । अनि जब पोलिप अर्थात् ऑक्टोपसले आफै ढुकेर बसेको पहराको रङ्ग लिन्छ, तब यस खतराको विषयमा केही पनि नजान्ने माछा त्यस ऑक्टोपसको नजिक जान्छ । ठीक त्यसरी नै शैतानले त्यही भेष धारण गर्छ, जुन भेषले गर्दा हामी त्यसलाई चिन्दैनौं र*

*जुन भेषबाट हामीलाई डरै लाग्दैन । हाम्रो स्वभाव सुहाउँदा, लोभलाग्दा थोकहरू हाम्रो सामु राखेर त्यसले हामीलाई पापको परीक्षामा पार्छ । यसो गर्दा त्यसले हामीलाई छिटै आफ्नो जालमा तान्छ । त्यसले हरेक बतासमा, हरेक समुद्रमा, हरेक मौसममा आफ्नो जहाज चलाउँदो रहेछ । हाम्रो कमजोरी जेमा छ र हाम्रो स्वभावअनुसार जहाँ हामी आफ्नो मन लगाउँछौं, त्यतातिर त्यसले हामीलाई बहकाएर लाँदो रहेछ । के आफ्नो विश्वासको सम्बन्धमा हाम्रो ज्ञान सीमित छ ? तब त्यसले भूटो शिक्षा लिएर हामीलाई भ्रममा पार्छ । के हाम्रो विवेक कमजोर छ ? तब हामीलाई शङ्कामाथि शङ्का गर्ने वा हरेक कुरामा आफूलाई सिद्ध र निर्दोष साबित गराउन खोज्ने तुल्याएर त्यसले हामीलाई परीक्षा गर्छ । के हाम्रो विवेकमा केही अभाव, केही कमी छ ? तब शरीरको कुनै अभिलाषालाई ठाउँ दिनको निम्ति त्यसले हामीलाई परीक्षामा पार्छ । के हामी अति साहसी छौं ? तब त्यसले हामीलाई परमेश्वरमाथि भरोसा नगर्ने दुःसाहसी तुल्याउन खोज्छ । के हामी डराउने डरछेरुवा वा अविश्वास गर्ने किसिमका मानिस हौं ? तब त्यसले हामीलाई निराश पार्न चाहन्छ । के हामी चञ्चल छौं, अस्थिर छौं ? तब त्यसले हामीलाई यता-उता हुत्त्याउँछ । के हाम्रो हृदय कठोर छ ? तब त्यसले हामीलाई मण्डलीमा झगड़ा र फूट मच्चाउन निष्ठूर दलबन्दी अथवा खाँटी शिक्षाका विरोधी तुल्याउन खूब प्रयास गर्छ । के हामी निर्दयी छौं ? तब त्यसले हामीलाई क्रूर तुल्याउँछ । के हामी स्वभावैले नरम र विनीत हुन्छौं ? तब त्यसले हामीलाई असंयमी र नहुने ठाउँमा दया देखाउने बनाउँछ । के हामी आफ्नो धर्मको निम्ति जोशिला छौं ? तब त्यसले हामीलाई रीतिरिवाजप्रति अन्धविश्वास र मूर्ख जोशले भर्न खोज्छ । के हाम्रो मन चिसो छ ? तब त्यसले हामीलाई आत्मिक कुरामा मनतातो तुल्याउँछ । यसरी त्यसले हाम्रो निम्ति आफ्ना पासाहरू थाप्छ । कुनै न कुनै तरिकाले हामीलाई पापमा फसाउने उद्देश्यले शैतानले निरन्तर यस्तो गरिरहेको छ ।’*

मानिसहरूको बीचमा हाम्रो स्तर र अवस्था कस्तो छ, यस कुरामा पनि त्यसले ध्यान दिन्छ । कति मानिसहरू एकलो हुँदा सजिलोसित परीक्षामा पर्दा रहेछन् । त्यस बेलामा तिनीहरूको मन धेरै खिन्न हुन जान्छ, अथवा तिनीहरू विवेकहीन भई डरलाग्दो अपराध गर्न पुग्छन् । तर सायद हामीमध्ये धेरैजना

सङ्गतमा पो पाप गर्न पुग्छन् । मेरो कुरा गर्नु हो भने, कसैको सङ्गतमा म पाप गर्न सक्दिनँ, तर अरू मानिसहरूसित म सङ्गत गर्नै सक्दिनँ; मलाई पूरा डर लागिरहेको छ । किनभने धेरै मानिसहरू जुन पापतिर टेढ़िएका छन्, यस विषयमा हामीमध्ये कतिजना भाइबहिनीहरू अझ पनि कमजोर छन्; यसैले उनीहरूले ती मानिसहरूको मुख धरि हेर्न सक्दैनन्; नत्रता उनीहरूको मनमा ती मानिसहरूलाई जेल्ने पापको अभिलाषा उठ्न खोज्छ । अरू मानिसहरू स्वभावैले निराश र उदासी हुन्छन्; अनि जब तिनीहरूले आफ्नो मनसित मिल्ने कुनै विश्वासी भाइबहिनीलाई भेट्छन्, तब निश्चय तिनीहरूले एकसाथ मिलेर कसैको विरुद्धमा कुरा गर्छन्-गर्छन् । जुन अवस्थामा तपाईंलाई आक्रमण गर्न शैतानलाई सजिलो लाग्छ, तपाईंलाई त्यही परिस्थितिमा पुर्‍याउन त्यसले जान्दछ । जसरी आकाशमा माथि-माथि घुमिरहने चील केही समय आफ्नो सिकार ताक्छ र त्यसपछि त्यसलाई पक्रन अचानक वेगसित हानिएर त्यसमाथि आइलाग्छ, त्यसरी नै शैतान तपाईंमाथि आइलाग्छ ।

त्यसले यस संसारमा हाम्रो आर्थिक स्थिति पनि विचार गर्छ । कुनै मानिसलाई हेरेर शैतानले यसो भन्छः 'त्यस मानिससित थुप्रै धनसम्पत्ति छ; त्यसलाई फलाना प्रकारले छल गर्न केही सीप लाग्दैन; तर त्यहाँ अर्को एकजना मानिस छ, जो एकदम गरिब छ, उसैलाई म यसो गरेर जालमा फसाउँछु ।' त्यसपछि त्यसले अरू कुनै गरिब मानिसलाई देखेर भन्छः 'हालै म यस गरिबलाई फलाना पापमा फसाउन सफल हुन्छ जस्तै मलाई लाग्दैन; तर उता त्यस धनी मानिसलाई अवश्य यसैमा फसाउन सक्छु ।' सिकारीसित चराहरूको निम्ति एक किसिमको, मृगको निम्ति अर्को किसिमको हतियार हुन्छ; ठीक त्यस्तै शैतान किसिम-किसिमको मानिसको निम्ति बेग्लै-बेग्लै परीक्षाहरू रच्छ । मेरो विचारमा, देशकी रानीलाई जुन कुराले परीक्षा गर्न सकिन्छ, त्यो कुरा भान्सामा काम गर्ने तिनकी नोकरनीको लागि केही पनि होइन । अनि त्यस नोकरनीलाई जुन कुराले पापमा फसाउन सकिन्छ, त्यो कुरा मेरो जीवनमा केही सीप लाग्दैन । हुन सक्छ, मेरो परीक्षाबाट तपाईं उम्कन सक्नुहुन्छ होला; तर यस कुरामा मलाई शङ्का लागेको छ । म तपाईंको परीक्षा सहन सक्छु जस्तै मलाई काहिलेकहीं लाग्दैछ । तर हुन सक्छ, म तपाईंको परीक्षामा पनि फेल खान्छु कि कसो हो ? तैपनि शैतानले हामी सबैलाई कुन कुराद्वारा हानि गर्न र चोट पुर्‍याउन सक्छ, सो जान्दछ । हाम्रो अवस्था, हाम्रो

क्षमता, हाम्रो पढ़ाइ, समाजमा हाम्रो स्तर, हाम्रो बोलावट – यी सबै कुरा-हरूबाट मौका छोपेर शैतानले हामीलाई आक्रमण गर्न सक्छ ।

तपाईंको कुनै बोलावट, जीवनको कुनै उद्देश्य छैन भने यसबाट तपाईंको निम्ति शैतानको परीक्षामा पर्न सक्ने विशेष खतरा आउँछ । किनकि मेरो विचारमा, शैतान तपाईंलाई सिङ्गै निल्छ । यस धरतीमा कुनै काम नभएको मानिस सजिलोसँग नरकमा पर्न सक्छ । भाइबहिनीहो, म गम्भीरतासाथ यो कुरा गर्छु । कुनै काम नभएको स्थितिमा पुग्नुचाहिँ, मेरो ख्यालमा, सबैभन्दा खतरा कुरा हो । कारणवश म कहीं यस्तो काम नभएको अवस्थामा पुग्नुपर्‍यो भने, तुरुन्तै म कुनै काम खोजिहाल्छु; किनभने मेरो शरीर र मेरो आत्मासमेत म कतै त्यस दुष्ट आत्माद्वारा पथभ्रष्ट हुन्छु कि भन्ने डर मलाई लागेको छ । किनकि अल्छे मानिसले शैतानलाई परीक्षा गर्ने धेरै मौकाहरू दिँदो रहेछ ।

यसैकारण हामीसित कुनै न कुनै उचित काम हुनुपर्छ । हाम्रो दिमाग व्यस्त रहनुपर्छ; नत्रभने हामी शैतानलाई ठाउँ दिन्छौं । यो कुरा साँचो होः कामको व्यस्तताले हामीलाई आत्मिक मानिस तुल्याउँदैन; तर कामको अभावबाट पापमा फस्ने खतरा आउँछ । यसैले प्रिय भाइबहिनीहरूहो, सधैं व्यस्त रहि-रहनुहोस्, र सधैंभरि आफ्नो निम्ति केही नयाँ योजना बनाउँदै लानुहोस् !

*'कुनै असल किताब पढ्नु, कुनै उचित काम गर्नु वा आफ्नो स्वास्थ्य-लाभको निम्ति कुनै शारीरिक अभ्यास गर्नु – यस्ता कुराहरूमा म सदैव व्यस्त रहन चाहन्छु; किनकि अल्छीका हातहरूको निम्ति कुनै खराबी गराउन शैतानले सधैं केही न केही काम तयार राखेको हुन्छ ।'*

यसरी श्री वत्सले हामीलाई हाम्रो युवा अवस्थामा सिकाएका थिए । आउनुहोस्, हामी अब पूरा बढ़ेको प्रौढ़को अवस्थामा पनि अझ उक्त कुरामा विश्वास गरौं । आउनुहोस्, असल किताबहरू पढ्न, उचित कामहरू गर्न र स्वास्थ्यलाभको निम्ति शारीरिक अभ्यास गर्नमा हामी आफ्नो समय खर्च गरौं । किनकि फलामको कुनै टुक्रा त्यसै फालियो भने, त्यसलाई खिया लाग्न थाल्छ भने हामी आफूलाई अल्छी हुन दिएमा के पापको खिया हामीलाई लाग्दैन र ? हो, यस अवस्थामा अवश्य हामीलाई पापको खिया लाग्छ-लाग्छ ।

मेरो कुरा अझै सकेको छैन । शैतानले खोज-तलाश गर्दा कुन कुराहरू हाम्रो लागि प्रिय वा मनपर्दा छन्, सो याद गर्छ । यसमा मलाई कुनै शङ्का छैन ।

किनभने जब त्यसले अय्यूबको घरको जासुसी गर्न त्यसको चारैतिर घुमि-हिँड़ेको थियो, तब पक्का पनि त्यसले होशियारीसाथ त्यस घरका सबै कुराहरू चोरले झैं नियालेर हेर्‍यो । किनभने कुनै धनी मानिसको घर फोर्नुभन्दा अघि चोरहरूले त्यस मानिसको घर र त्यसको वरिपरि भएको सबको सब नियाल्छन् । एकदम चलाख भएर तिनीहरूले त्यस घरका सबै झ्याल, ढोका र ताल्चाहरू चिनिराख्छन् । सायद त्यस घरसँग जोड़िएको छिमेकीको घरमार्फत त्यस धनी मानिसको घरभित्र पुगेर त्यसको धनसम्पत्ति लुट्न सकिन्छ कि भन्ने विचार लिएर तिनीहरूले त्यसको छेउमा भएको घरको पनि तलाश गर्छन् ।

जब शैतानले चारैतिर हेर्‍यो, तब त्यसले आफ्नो समझमा अय्यूबको सम्पत्तिको एक-एक कुराको हिसाब लियो । त्यसले मनमनमा यसो विचार गर्‍योः 'ऊँट, गधा र गोरुहरू यता छन्; अनि उनका नोकरचाकरहरू उता छन् । अँ, यी सबै कुराहरू म कति राम्रोसँग आफ्नो काममा लगाउन सक्छु नि !' त्यसपछि त्यसले यसो सोच्योः 'यहाँ उसका तीनजना छोरीहरू छन्; अनि त्यहाँ उसका सातजना छोराहरू छन् । तिनीहरू सबैले एकसाथ आनन्द मनाउँदा रहेछन् । मेरो योजना यस प्रकारको छः मोज गर्दा तिनीहरू बसेको घर म हिर्काउँछु र तिनीहरूलाई एकैपल्टमा नाश गर्छु । यसो गरी म तिनीहरूको बुबालाई बढ़ी कष्ट दिनेछु । किनभने उसले यसो भन्लाः "प्रार्थना गर्दा-गर्दै तिनीहरूको मृत्यु भएको भए कति असल हुनेथियो । तर हाय, तिनीहरू मोज गरेको बेलामा दाखमद्य पिउँदै गर्दा मरे ।" ' शैतान अझै आफ्नो मनमा विचार गर्छः 'आफ्नो युक्ति निकाल्दा अहँ, उसकी पत्नीलाई म बिर्सनुहुँदैन । होइन, होइन, उसकी पत्नी मलाई बढ़ी खाँचो पर्छ ।' जस्तै शैतानले भन्यो, ठीक त्यस्तै हुन आयो । अय्यूबकी पत्नीले तिनलाई जति कष्ट दिइन्, त्यो अरू कसैले पनि गर्न सकेन । तिनका नोकरहरूमध्ये कसैले पनि तिनलाई आफ्ना शब्दद्वारा यिनले जत्तिकै निराश तुल्याउन र चोट पुर्‍याउन सकेन । हुन सक्छ, यिनले निम्न वाक्य दयाको भावनाले बोलिन् होला । जे होस्, अय्यूबकी पत्नीले बाहेक अरू कसैले यति बिझ्ने शब्द बोल्न सक्नेथिएन । किनकि 'परमेश्वरलाई धन्यको भनेर मर' भन्नुको सट्टामा यिनले 'परमेश्वरलाई सरापेर मर' भनिन् (अय्यूब १:९) । 'परमेश्वरलाई धन्यको भनेर मर' भन्ने शब्द यिनले बोलेकी भए कति उत्तम हुनेथियो । हे शैतान, तैंले अय्यूबकी पत्नीलाई

चलाएर पनि तँ अय्यूबमाथि विजयी भएनस् । शिमसोनको शक्ति उनको कपालमा भएझैं अय्यूबको शक्ति तिनको केशमा भएको भए तैंले अय्यूबको कपालमाथि अवश्य पनि छुरा लगाउनेथिइस्; तर परमेश्वरलाई धन्यवाद होस् ! अय्यूबको शक्ति परमप्रभुमाथि निर्भर गर्थ्यो ! !

सायद त्यस दुष्टले अय्यूबको जीवनका कोमल क्षेत्रहरू कुन-कुन हुन्, सो पनि पत्ता लगायो; यसकारण त्यसले यस्तो शारीरिक यातना चुनेर प्रयोग गर्‍यो, जुन यातनाबाट अय्यूबलाई बढ़ी डर लागेको थियो । हुन सक्छ, तिनले अघि आफ्नो शहरका मूलढोकाहरूदेखि बाहिर बसेका गरिब मानिसहरूको बीचमा यो रोग देखे, र तिनी डरले कामे । यसकारण शैतानले यही रोग तिनीमाथि ल्यायो होला ।

प्रिय भाइबहिनीहरूहो, शैतानले अय्यूबको बारेमा जति जान्दथियो, त्यसले तपाईंहरूको विषयमा उत्तिकै जन्दछ । के तपाईंको छोरा छ कि तपाईंकी छोरी छे, जसलाई तपाईंले बढ़ी माया गर्नुहुन्छ ? तब शैतानले यसो विचार गर्ला: ‘अँ, उसलाई चोट पुर्‍याउने ठाउँ यही हुँदो रहेछ !’ याद रहोस्, तपाईंको जीवन-साथी पनि शैतानको हातमा हतियार बन्न सक्दा रहेछन् – एउटा ठोक्राझैं, जुन ठोक्राचाहिँ आउँदो दिनको कुनै उपयोगी समयमा प्रयोग गर्ने हेतुले नरकका काँड़हरूले भरिएको छ । तब शैतानले तपाईंको जीवन-साथीलाई आफ्नो धनुको रूपमा प्रयोग गरेर ती काँड़हरू तपाईंमाथि हान्ला । तपाईं आफ्नो छिमेकीदेखि र आफ्नो छातीमा अड़ेश लागेकी पत्नीदेखि, अँ, आफैदेखि होशियार बस्नुपर्छ । किनकि जसो-तसो शैतानले तपाईंमाथि जय पाउँछ, सो तपाईं जान्नुहुन्न नै ।

हाम्रो बानी-व्यवहार, हामीलाई आनन्द दिने थोकहरू, हाम्रा फिक्री-चिन्ताहरू, हामीलाई सुख र आराम दिने कुराहरू र समाजमा हाम्रो स्तर – यी सबै कुराहरू शैतानको निम्ति हतियार बन्न सक्छन्, जुन हतियारद्वारा त्यस मह्ा शत्रुले परमेश्वरका जनहरूलाई आक्रमण गर्न सक्छ । हाम्रो पलङ्मा, हाम्रो भान्सामा, हाम्रो घरमा र सड़कहरूहुँदो जहीं पनि पासाहरू राखिएका हुन्छन् । सङ्गतमा पासाहरू छन् भने, एकलो हुँदा खाल्टाहरू छन् । यस संसारमा जति परीक्षाहरू छन्, परमेश्वरको भवनमा पनि उत्तिकै परीक्षाहरू हुन सक्छन् । हाम्रो धनसम्पत्ति प्रशस्त भएको अवस्थामा फन्दाहरू छन्; हाम्रो गरिबीमा पनि घातक विषहरू छन् । हाम्रो मृत्यु नहोउन्जेल हामीले परीक्षाहरूदेखि उम्कने

आशा राख्नुपर्दैन । त्यसपछि, परमेश्वरलाई धन्यवाद होस्, हामी शत्रुका सबै हमलाहरूदेखि सधैंको निम्ति उम्कनेछौं । गर्जने सिंहरूपी शैतानको अन्तिम आक्रमण हामी त्यही बेलामा थाहा गर्छौं, जब हामी अन्तिम प्रश्वास छोड़ेर परलोकमा पुग्नेछौं । अनि जब हामी पवित्र जनहरूका स्वर्गीय हल्लेलूयाहको नारा सुन्नेछौं, तब त्यस अन्धकारको शासकसित हाम्रो संघर्ष सदा-सर्वदा सिद्धिनेछ ।

## ग) एक महान् व्यक्तिले हाम्रो विषयमा उच्च विचारहरू लिनुभएको छ

शैतानले हाम्रो विषयमा गरेका विचारहरू दुष्ट छन्; तर एकजना महान् व्यक्ति हुनुहुन्छ, जसका उच्च विचारहरूले शैतानका सबै विचारहरू उछिन्छन् ।

लड़ाइँको समयमा, यतापट्टि युद्धका युक्ति रच्ने सेना छ, जसको रणनीति यस प्रकारको छः बमहरू गाड्ने विशेष सिपाहीहरूको टोलीले शत्रु-सेनाको निम्ति भुइँमा गोप्य रूपले बमहरू राखिछोड्छ । तर उतापट्टि विरोधी-सेनाले ती बमहरूमनि आफ्नै बमहरू राखेर यस प्रकारको युक्ति सामना गर्छ र यसरी विफल पार्छ । अनि ठीक यही कुरा परमेश्वरले शैतानसित गर्नुहुन्छ । शैतानले हामीमनि आफ्नो बम लगाएर त्यो बम पड्काएर परमेश्वरको काम नष्ट गर्न खोज्छ । तर यता परमेश्वरले त्यसका बमहरूमनि आफ्नै बमहरू राखेर शैतानको योजना पो विफल तुल्याउनुहुन्छ; किनभने त्यसले हामीलाई कुनै खराबी गर्न सक्नुभन्दा अघि परमेश्वरले आफ्ना बमहरू पड्काउनुहुन्छ ।

शैतान सबै मूर्खहरूभन्दा महा मूर्ख हो । अरू सबै प्राणीहरूमा भन्दा बढ़ता ज्ञान त्यससँग छ, तर बुद्धि भने त्यसको सबैभन्दा कम हुन्छ । उत्पत्तिको पुस्तकको वृत्तान्तअनुसार त्यो त सबै वन-पशुहरूभन्दा बढ़ी धूर्त छ; शैतान धूर्त त छ, तर बुद्धिमान् होइन । पवित्र बाइबलमा त्यसको स्वभाव धूर्त भनिएको छ; किनभने त्योसँग भएको गुण बुद्धि नै भनिँदैन, तर त्यो त मूर्खता पो हो ।

शैतानले अय्यूबलाई परीक्षामा पार्दाखेरि परमेश्वरको उद्देश्य पूरा गर्छु भन्ने कुराको विषयमा त्यसलाई केही पनि पत्ता थिएन । किनकि परमेश्वरले आफ्नो सारा योजना शुरुदेखि अन्तसम्म जान्नुभएको थियो र यही दिव्य योजना-

अनुसार आफ्नो शत्रु शैतानको मुखमा लगाम लगाउनुभयो र त्यसलाई घोड़ाजस्तै यता-उता घुमाउनुभयो । परमप्रभुले शैतानलाई कहाँसम्म गर्न दिन चाहनुहुन्थ्यो, त्यो कुरा उहाँले अघिबाट तय गर्नुभएको थियो ।

पहिले परमेश्वरले शैतानलाई अय्यूबको शरीर छुन दिनुभएन । किनकि सायद त्यस बेलामा अय्यूबले यस प्रकारको शारीरिक पीड़ा सहन सक्नेथिएनन् । के तपाईंले आफ्नो विषयमा यो ख्याल गर्नुभयो ? तपाईंको स्वास्थ्य असल भएदेखि, तपाईंको पूरा बल भएको अवस्थामा कुनै हानि, कष्ट वा कसैको मृत्यु सहन तपाईंलाई त्यत्ति गाह्रो नहोला । अय्यूबको स्थिति ठीक यस प्रकारको थियो । हुन सक्छ, अय्यूब पहिले त्यस रोगले पीड़ित भएका भए तिनले पछिबाट तिनीमाथि आइपर्ने अरू सबै विपत्तिहरू सहन सक्दैनथिए । यस्तो प्रकारको परीक्षा तिनको निम्ति तिनले सहन सक्ने हड़देखि बाहिर हुनेथियो होला । तर त्यस शत्रुलाई कहाँसम्म गर्न दिन उचित हुन्छ, सो कुरा जानेर परमेश्वरले शैतानलाई 'बस् यहाँसम्म, तेरो यति पुग्यो' भन्नुभयो ।

अलि-अलि गरेर अय्यूबले आफ्नो गरिब अवस्था सहन सिके । अनि वास्तवमा *'परमप्रभुले दिनुभयो, र परमप्रभुले नै लानुभयो'* भनेर तिनले स्वीकार गर्नेबित्तिकै यस परीक्षामा भएको विष झर्‍यो । यत्तिमा शत्रुको यो अग्नि-वाण निभ्यो । शत्रुले हार खायो र अय्यूबको मुखबाट *'परमप्रभुको नाम धन्यको होस्'* भन्ने वचन सुनेर त्यो हट्नुपर्‍यो (अय्यूब १ः२१) ।

जब अय्यूबमाथि दोस्रो परीक्षा आइपर्‍यो, तब तिनी त्यसको सामना गर्न तयार थिए; किनभने पहिलो परीक्षामा तिनी उत्तीर्ण भए। सायद धनी मानिसको निम्ति धनसम्पत्ति प्रशस्त भएको अवस्थामा आफ्नो शरीरको स्वास्थ्य गुमाउनुचाहिँ गाह्रो कुरा होला; किनभने यसो हुँदा उसले आफ्नो धनबाट सुख उपभोग गर्न पाउँदैन । तर यदि उसले पहिले सबै धनसम्पत्ति गुमायो भने, त्यसपछि उसले आफ्नो धनबाट सुख उपभोग गर्ने स्वास्थ्य हराउँछ भने त्यो उसको निम्ति त्यति गाह्रो कुरा नहोला ।

सबै धनसम्पत्ति गुमाइसकेपछि सायद अय्यूबले यसो भन्न सकेः 'परमेश्वरलाई धन्यवाद होस् ! किनभने मसँग सुख दिने केही थोक बाँकी रहेन; यसकारण अहिले सुख उपभोग गर्ने शक्ति गुमाउँदा मलाई गाह्रो लाग्दैन । "मेरा खेतबारीहरूमा गएर मेरा नोकरचाकरहरूले गरेका काम के-कस्तो छ, सो हेर्न पाए हुनेथियो" भनेर मैले भन्नु पनि पर्दैन । किनभने ती सबै नोकरहरू मरेका

छन् । मेरा छोराछोरीहरूलाई हेर्न मेरो रहरै छैन; किनकि उनीहरू सबैको मृत्यु भयो । यसमा म भाग्यमानी छु; किनकि उनीहरूले आफ्नो गरिब बुबालाई यसरी खरानीमा बसेको देख्नुपरेन ।'

आफ्नी पत्नी पनि मरेकी भए अय्यूब सायद केही हदसम्म खुशी हुन सक्नेथिए; किनभने यिनी बाँकी राखिएकोमा तिनलाई कुनै अनुग्रह मिलेको देखिँदैन । हुन सक्छ, तिनका सबै छोराछोरीहरू तिनको साथमा रहेका भए अब सहनुपर्ने परीक्षाभन्दा त्यो अवस्थाचाहिँ तिनको निम्ति निक्कै गाह्रो हुनेथियो कि ? यसकारण बुझ्नुहोस्ः पहाड़हरू आफ्नो तराजुमा जोख्नुहुने परमप्रभुले आफ्ना दासको विपत्ति नापेर दिनुभयो ।

आपद्‌मा परेको बेलामा आफ्ना दासलाई कसरी मद्दत गरूँ भनेर के परमप्रभुले विचार गर्नुभएको थिएन र ? प्रियहरूहो, अय्यूबको हृदयभित्र बलिरहेको अनुग्रहको आगोमाथि शैतानले बाल्टी-बाल्टीभरि पानी खन्याउँदा हाम्रा परमेश्वर अति अनुग्रहकारी भई त्यस आगोमाथि आफ्नो आशिषरूपी तेल खन्याउनुभएको कुरा के तपाईंहरूलाई थाहा छैन ? उहाँले मनमनमै यसो भन्नुभयो होलाः 'शैतानले निक्कै गर्छ भने, म अझ बढ़ी गर्नेछु । त्यसले धेरै खोसेर लान्छ भने, म अझ बढ़ी आशिष दिनेछु । त्यसले यस मानिसलाई, मलाई श्राप दिने परीक्षामा पार्छ भने, ठिक्कै छ; म उसलाई मेरो प्रेमले यति ज्यादा भर्नेछु, कि यस मानिसले मलाई प्रेम गरेर मेरो प्रशंसा गर्नेछ । म उसलाई सहायता गर्नेछु; म उसलाई बलियो पार्नेछु; हो, म आफ्नो धार्मिकताको दाहिने हातले उसलाई सम्हाल्नेछु' (यशैया ४१ः१०) ।

हे ख्रीष्ट-विश्वासीहो, यी दुईवटा कुराहरू बुझिलिनुहोस्, तब यी कुराहरू मह मिसिएका फुरौलाझैं तपाईंको जिब्रोको निम्ति अति गुलिया हुनेछन् । पहिलो कुराः परमेश्वरको सिंहासनमा विराजमान हुनुहुने प्रभु येशूको अनुमति-विना तपाईं कहिल्यै परीक्षामा पर्नुहुन्न । अनि दुईः जब उहाँले तपाईंको परीक्षा गर्न दिनुहुन्छ, तब यस परीक्षाको साथसाथै उहाँले तपाईंलाई कि त उम्कने बाटो दिनुहुन्छ, कि त परीक्षामा स्थिर रहने शक्ति दिनुहुन्छ ।

'यस आपद्‌द्वारा म अय्यूबलाई कसरी पवित्र पारूँ ?' यसको विषयमा परमप्रभुले अझै पनि विचार गर्दै हुनुहुन्थ्यो । किनकि शुरुमा भन्दा अय्यूबको चरित्र यस वृत्तान्तको अन्तमा झन् असल भयो । *'तिनी निर्दोष र सीधा थिए'* भन्ने वाक्य हामी एक अध्यायमा पढ़्छौं (अय्यूब १ः१), तर तिनमा केही

घमण्ड त थियो । अय्यूबजस्तो मानिसलाई दोष्याउने हामी को हौं र ? हामी आफै कमजोर प्राणी हौं । तापनि मेरो विचारमा, अय्यूबको कमजोरीचाहिँ त्यस प्रकारको थियोः तिनले आफूलाई धर्मी सम्झन्थे । अनि यही कुरा तिनका तीनजना साथीहरूले प्रकाशमा ल्याए । एलिपज र सोपरले तिनलाई यत्ति चर्का शब्दहरू भने कि अय्यूबले आफ्नो पक्षमा नचाहिँदा शब्दहरू निकाले र तिनीहरूलाई कड़ा जवाफ दिए । यो अति थियो । आफ्नो पक्षमा बोल्दा तिनले बढ़ी मात्रामा आफ्नो सफाइ गरे र आफूलाई धर्मी ठहऱ्याए । हामीमध्ये धेरैजनाले थोरै कुरामा घमण्ड गर्छौं । अय्यूब यस्ता थिएनन् । संसारको दृष्टिमा तिनले धेरै कुराहरूको विषयमा घमण्ड गर्न सक्नेथिए; तर यसो गर्दा आफूलाई उचाल्छु कि भन्ने डर थियो । हुन सक्छ, शैतानले अय्यूबलाई त्यत्तिकै छोड़ेको भए तिनको यो घमण्ड तिनीभित्र लुकिबस्नेथियो र पापको बीउ बनेर पछि तिनले कतै अहङ्कारको ठूलो पाप गर्नेथिए होला । तर शैतानलाई यो कुरा थाहा थिएन । यसकारण त्यसले हतार गरेर अय्यूबमा त्यो खराब बीउ बढ्न दिएन, तर छिटो-छिटो त्यो खतम पार्ने प्रयास गऱ्यो । यसरी शैतान परमप्रभुको हातमा अय्यूबलाई नम्र पार्ने हतियार बन्यो, फलस्वरूप पहिले भन्दा तिनको मन निर्मल र स्वच्छ भयो; अब तिनी बढ़ी सुरक्षित भए, अँ, बढ़ी आशिषित थिए ।

यी सबै कुराहरूमा शैतानले सर्वशक्तिमान् परमेश्वरको सहायता गऱ्यो । यस कुरामाथि तपाईंले ध्यान दिनुहोला । अनि यी सबै परीक्षाहरूद्वारा उत्तीर्ण भई अय्यूबले ठूलो इनाम कमाउन सके । तिनको ठूलो धनसम्पत्ति अझ पर्याप्त थिएन । किनभने परमेश्वरले अय्यूबलाई यति धेरै प्रेम गर्नुभयो, कि उहाँले तिनलाई तिनको धनसम्पत्तिको दोबर गरेर तिनलाई दुई गुणा आशिष दिन चाहनुभयो । उहाँले तिनलाई तिनका छोराछोरीहरू फेरि दिन चाहनुभयो । तिनलाई पहिले भन्दा प्रख्यात मानिस तुल्याउन उहाँको इच्छा थियो – यस्ता एकजना मानिस, जसको नाम युगानुयुग चलिरहनेछ र जसको बारेमा पुस्तौं-पुस्तौंका मानिसहरूले चर्चा गर्नेछन् । ऊज देशका मानिसहरूको निम्ति मात्र होइन, तर तिनी त सारा संसारका मानिसहरूको सामु प्रसिद्ध भए । थोरै छिमेकीहरूले मात्र तिनको विषयमा सुनेनन्, तर अय्यूब परीक्षाको घड़ीमा कसरी स्थिर रहे, सो कुरा सारा संसारका मानिसहरूले सुन्न पाएका छन् ।

कसले यसो गर्न सक्यो ? अय्यूबको नामको किर्ती फैलाउने साधन बनेर कसले यो गर्‍यो, मलाई भन्नुहोस् ! ओहो, परीक्षारूपी भट्टीमा आगोरूपी सबै बल लगाएर शैतानले अय्यूबलाई खारेर तिनको जीवनबाट सबै मैला हटाई तिनलाई टल्कने सुन पो तुल्यायो । शैतान कति मूर्ख छ । त्यसले आफ्नो महिमाको निम्ति एउटा मञ्च तयार गर्‍यो, जुन मञ्चमाथि परमेश्वरले आफ्ना दास अय्यूबलाई राख्नुभयो । अनि अबचाहिँ वाह-वाह गरेर र अचम्म मानेर सबै युगका मानिसहरूले तिनलाई त्यस मञ्चमाथि देख्नेछन् ।

मैले भन्न चाहेको निचोड़ यही होः अय्यूबले सहेका कष्टहरू र अय्यूबको सहनशीलता परमेश्वरको मण्डलीको निम्ति रहिरहने आशिषको धन बन्यो । तिनीद्वारा शैतान ठूलो लाजमा पर्‍यो; त्यसले कति ठूलो शर्म भोग्यो, विचार गर्नुहोस् ! तपाईंले शैतानलाई रिस उठाउन चाहनुभयो भने, त्यसलाई अय्यूबको जीवन-कथा सुनाउनुहोस् ! तपाईं परमेश्वरमाथि आफ्नो भरोसा बढ़ाउन चाहनुभयो भने, परमेश्वरको पवित्र आत्मा तपाईंलाई अय्यूबको सहनशीतलाभित्र बाटो देखाउने मार्गदर्शक बनून् । यस सहनशीलताको बारेमा चर्चा गर्ने अय्यूबको पुस्तकको वृत्तान्तद्वारा कति धेरै पवित्र जनहरूले आफ्नो आपद्‌मा परेको अवस्थामा सान्त्वना पाए, र अझै पाउनेछन् । ऊज देशमा बसेका पूर्वजका अँध्यारा-अँध्यारा अनुभवहरूले गर्दा कति धेरै ख्रीष्ट-विश्वासीहरू सिंहका दाँत र भालुको पन्जाबाट बाँचेछन् । हे शैतान, के तँ आफ्नो जालभित्र फसिस् ? तैंले अर्कामाथि ढुङ्गा हानिस्, तर हेर्, त्यो ढुङ्गा त तेरो टाउकोमा लागेछ ! तैंले अय्यूबको लागि एउटा खाल्टो खनिस्, तर त्यस खाल्टोभित्र तँ आफै खसिस् । स्याबास, तँ आफ्नो धूर्ततामा पक्का परेको छस् । किनभने परमप्रभुले मूर्खहरूलाई बुद्धिमान् तुल्याउनुभयो र विद्या जान्नेहरूलाई पागल बनाउनुभयो ।

हे भाइबहिनीहरूहो, आउनुहोस्, हामी विश्वासमा आफूलाई परमेश्वरको वास्ता र रक्षा गर्ने हातमा सुम्पौं । हामीमाथि चाहे गरिबी आइपरोस्, चाहे बिरामी, चाहे मृत्यु, प्रभु येशू ख्रीष्टको रगतले हामी यी सबै कुराहरूमा विजयी बन्नेछौं । किनकि अन्तमा हामी उहाँको पवित्र आत्माको शक्तिमा जयवन्त हुनेछौं । हाम्रो सङ्गतिमा आउनुभएको भाइबहिनीहो, तपाईं पनि प्रभु येशूमाथि विश्वास गर्ने जन हुनुपर्छ, यो मेरो प्रार्थना हो । यदि तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुभएको छैन भने, आज नै प्रभु येशूमाथि विश्वास गर्ने कदम

चाल्नुहोस् ! तपाईं किन शैतानको सिकार बन्न चाहनुहुन्छ ? होइन, होइन, प्रभु येशूमाथि विश्वास गरेर त्यसको बन्धनबाट छुटकारा पाउनुहोस् ! विनाशको बाटोमा लागेर तपाईं किन नाश हुनुहुन्छ ? समय छँदै प्रभु येशूकहाँ फर्कनुहोस् र मुक्ति पाउनुहोस् ! तब हामी सबैजनाबाट परमेश्वरले सदा-सर्वदा महिमा पाउनुहुनेछ । हो, यस्तै होस् ! आमेन !

# २

# शैतान साह्रै रिसाएको छ

*'अनि स्वर्गमा एउटा ठूलो चिन्ह देखा पर्‍यो: सूर्य ओढ़ेकी एउटी स्त्री, जसका पाउहरूमनि चन्द्रमा भएको रहेछ र जसको शिरमाथि बाह्रवटा ताराहरूको एउटा मुकुट भएको रहेछ । ऊ गर्भवती भएकी थिई; अनि नानी जन्माउन उसलाई प्रसूति-वेदना र व्यथा लागेर ऊ चिच्च्याउँदैथिई ।*

*अनि स्वर्गमा अर्को चिन्ह देखा पर्‍यो; अनि हेर, सातवटा टाउका र दसवटा सिङ भएको एउटा ठूलो, रातो अजिङ्गर, जसका टाउकाहरूमाथि सातवटा मुकुटहरू भएका रहेछन् ! अनि त्यसको पुच्छरले आकाशका ताराहरूको तेस्रो भाग तान्यो र तिनलाई पृथ्वीमाथि फ्याँक्यो; अनि*

*जन्मनसाथ उसको बालकलाई निलिहालूँ भन्ने हेतुले त्यो अजिङ्गर जन्म दिन लागेकी यस स्त्रीको सामु उभियो । अनि यस स्त्रीले फलामको डन्डा लिएर सबै जातिहरूमाथि शासन गर्ने एउटा छोरा जन्माई, अनि यसको बालकलाई परमेश्‍वरकहाँ र उहाँको सिंहासनमाथि उठाएर लगियो । अनि यो स्त्री उजाड़स्थानभित्र भागी, जहाँ तिनीहरूले यसलाई एक हजार दुई सय साठी दिनसम्म पालन-पोषण गरून् भन्ने उद्देश्‍यले त्यहाँ परमेश्‍वरबाट तयार पारिएको एउटा ठाउँ भएको रहेछ ।*

*अनि स्वर्गमा एउटा लड़ाइँ चल्यो; मिकाएल र उनका दूतहरूले त्यस अजिङ्गरको विरोधमा लड़ाइँ गरे; अनि त्यस अजिङ्गर र त्यसका दूतहरूले पनि लड़ाइँ त गरे, तर तिनीहरूले लड़ाइँ जित्न सकेनन्; न ता अबदेखि उसो स्वर्गमा तिनीहरूको निम्ति ठाउँ नै पाइयो । अनि त्यो ठूलो अजिङ्गर फ्याँकियो, अँ, डियाबोलोस र शैतान भनिने त्यो पुरानो साँप फ्याँकियो, जसले सारा संसारलाई धोका दिन्थ्यो – त्यो अजिङ्गर पृथ्वीमाथि फ्याँकियो, र त्योसँग त्यसका दूतहरू पनि फ्याँकिए ।*

*अनि मैले स्वर्गमा यसो भन्दै गरेको एउटा ठूलो आवाज सुनें: "अब हाम्रा परमेश्‍वरको मुक्ति, शक्ति, राज्य र उहाँको ख्रीष्टको अधिकार आएको छ; किनकि हाम्रा दाजुभाइहरूलाई दोष लगाउने अभियोक्ता तल फ्याँकिएको छ, जसले दिनरात हाम्रा परमेश्‍वरको सामु उनीहरूलाई दोष लगाउने गर्थ्यो । अनि उनीहरूले त्यसलाई थुमाको रगतद्वारा र आफ्नो गवाहीको वचनद्वारा जिते; अनि मृत्युसम्म उनीहरूले आफ्ना प्राणहरूलाई प्रेम गरेनन् ।*

*यसकारण हे स्वर्गहरू र तिनमा वास गर्नेहरूहो, रमाओ ! तर पृथ्वी र समुद्रका बासिन्दाहरूलाई हाय ! किनभने शैतान रिसले आगो भएर तल तिमीहरूकहाँ आएको छ, किनकि त्यसलाई थाहै छ, त्यसको समय छोटो छ ।"*

*अनि जब त्यस अजिङ्गरले आफूलाई तल पृथ्वीमाथि फ्याँकिएको देख्यो, तब त्यसले यस छोरा जन्माउने स्त्रीलाई सतायो । अनि त्यस साँपको सामुन्नेबाट त्यस उजाड़स्थानभित्र, आफ्नो ठाउँमा उड़ेर जान सकोस् भनेर यस स्त्रीलाई ठूलो चीलका दुईवटा पखेटा दिइए, जहाँ एक समय, समयहरू र आधा समयको निम्ति यसको पालन-पोषण गरिन्छ ।*

*अनि यसलाई बाढ़ीले बहाउन सकूँ भनेर त्यस साँपले आफ्नो मुखबाट यस स्त्रीको पछि-पछि बाढ़ीजस्तो पानी बहायो । अनि पृथ्वीले यस स्त्रीलाई सहायता गऱ्यो; अनि पृथ्वीले आफ्नो मुख खोल्यो र त्यस अजिङ्गरले आफ्नो मुखबाट बहाएको त्यो बाढ़ी निलिदियो । अनि त्यो अजिङ्गर यस स्त्रीसँग रिसायो, अनि परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशू ख्रीष्टको गवाही कायम राख्ने यसका बाँकी सन्तानहरूसँग लड़ाइँ गर्न त्यो हिँड़ि-हाल्यो ।'* *प्रकाश १२:१-१७*

के तपाईंले देख्नुभयो ? स्वर्गीय स्थानहरूमा एउटा ठूलो लड़ाइँ चल्यो । अनि हाम्रा प्रधान स्वर्गदूत मिकाएलले त्यस अजिङ्गररूपी शैतानलाई सदाको निम्ति जितेर त्यसलाई स्वर्गबाट तल पृथ्वीमाथि फ्याँके । यी उच्च स्थानहरूमा हाम्रा प्रभु येशू ख्रीष्टको जीवन र मृत्युद्वारा त्यस दुष्टको ठूलो अधिकारलाई पूरा हार खुवाइयो । यसमा हामी खुशी छौं र रमाउँछौं; किनभने प्रभु येशूद्वारा मानिसहरूका पापको निम्ति प्रायश्चित्त गरियो, अनि परमेश्वर र मानिसहरूको बीचमा चलेको मुद्दा सधैंको निम्ति छिनियो; हामी कति धन्यका हौं; किनकि अनन्त धार्मिकता हाम्रो नजिक ल्याइएको छ र हामीकहाँ प्रकट भएको छ, अनि स्वर्गमा परमेश्वरको शान्तिको राज्य शुरु भएको छ। अबदेखि उसो त्यो लड़ाइँचाहिँ स्वर्गमा होइन, तर तल यस पृथ्वीमाथि चलिरहन्छ । यसकारण यी तल्ला क्षेत्रहरूमा यस संसारको शासकले परमेश्वरको काम र उहाँको सत्यताको विरुद्धमा आफ्नो पूरा बल लगाएर लड़ाइँ गरिरहेको छ । अनि यस आत्मिक लड़ाइँले मानिसहरूमाथि ज्यादा कष्ट ल्याएको छ । अनि जबसम्म शैतानबाट त्यसको सारा अधिकार खोसिँदैन, तबसम्म ती कष्टहरूको अन्त हुनेछैन ।

हाम्रो परम शत्रुको बारेमा हामी के याद गर्नुपर्छ भने, त्यसले गर्न लागेको आफ्नो दुष्ट कामको विषयमा पहिले विचार गरेर आफ्नो युक्ति निकाल्छ । मूर्ख मानिसहरू जे पनि गर्न तयार छन्, तर शैतानले आफ्नो कामको बारेमा पहिले सोचविचार गर्छ । अरूले ध्यान र विचार नगरे पनि शैतानचाहिँ विचारशील र मननशील हुन्छ । त्यसको समय छोटो र त्यसका अवसरहरू सीमित छन् भन्ने कुरा त्यसले जान्दछ । त्यसले आफ्नो समयको अन्त विचार गर्छ; यसकारण त्यसले कुनै समय खेर फाल्दैन, र सदुपयोग गर्छ; किनकि त्यसले आफ्नो

समयको अन्त कहिल्यै बिर्सिँदैन । आफ्नो राज्य स्थिर पार्न, परमेश्‍वरका जनहरूलाई कष्‍ट दिन र प्रभु येशूको नामको निन्दा गर्न त्यसले कुनै समय खेर जान दिँदैन । त्यसको समय छोटो छ; यसकारण त्यसले आफ्नो समयको सदुपयोग गर्छ ।

प्रभु येशू शैतानमाथि विजयी हुनुभयो । यो कुरा जानेर 'मेरो समय थोरै छ' भन्‍ने कुरा शैतानलाई थाहै छ । यस खण्डको शुरुमा हामीले प्रकाशको पुस्तकको बाह्र अध्याय पढ्‌यौं । अनि यस अध्यायमा हामीले एउटा बालकको विषयमा थाह पायौं, जसले फलामको डन्डाले पृथ्वीका सबै जातिहरूमाथि शासन गर्नेछ । अनि यस बालकलाई चाहिँ परमेश्‍वरकहाँ र उहाँको सिंहासनमाथि उठाएर लगियो । त्यसपछि हामीले स्वर्गमा चलिरहेको एउटा लड़ाइँको विषयमा पढ्‌यौंः त्यो ठूलो अजिङ्गर अर्थात् शैतान पृथ्वीमाथि फ्याँकियो, र त्योसँग त्यसका दूतहरू पनि स्वर्गबाट तल फ्याँकिए ।

तब स्वर्गमा यसो भन्दै गरेको ठूलो आवाज सुनियोः *'अब हाम्रा परमेश्‍वरको मुक्ति, शक्ति, राज्य र उहाँको ख्रीष्‍टको अधिकार आएको छ; किनकि हाम्रा दाजुभाइहरूलाई दोष लगाउने अभियोक्ता तल फ्याँकिएको छ, जसले दिनरात हाम्रा परमेश्‍वरको सामु उनीहरूलाई दोष लगाउने गर्थ्यो'* (प्रकाश १२ः१०) । 'ओहो, अब पृथ्वीमाथि मेरो हार पूरा हुनेछ' भन्‍ने कुरा सोच्नुचाहिँ शैतान, त्यस पुरानो साँपको निम्ति बिलकुल ठीक र सय हो; किनभने स्वर्गमा त्यसले यति ठूलो हार खाइसकेको थियो, र त्यो त्यहाँबाट निकालियो, सधैंको निम्ति निकालियो । अब त्यो फेरि कहिल्यै उठेर स्वर्गमा पुग्नेछैन नै । प्रभु येशू ख्रीष्‍ट, उहाँ त्यो बालक हुनुहुन्छ, जसले शैतानसित लड़ाइँ गरेर त्यसलाई जित्नुभयो । शैतानसित पूरा शक्ति छँदै प्रभु येशूले त्यससित लड़ाइँ गर्नुभयो र त्यसलाई त्यसका उच्च स्थानहरूबाट तल फ्याँक्नुभयो । यसकारण 'मेरो राज्यको अन्त आइसक्यो, मेरो समय छोटो छ' भनेर शैतानले बुझेको छ ।

अहिले पनि शैतानले आफै साङ्‌लाले बाँधिएको कुरा थाह पाइसकेको छ । केही समयको निम्ति यो साङ्‌लो लामो र खुकुलो पारिएको छ, तर क्षण-क्षणमा त्यो छोटिँदैछ, त्यो कसिँदैछ । अन्तमा यस साङ्‌लाले त्यसलाई पूरा जेल्नेछ, अचल बनाउनेछ । त्यसपछि त्यसले संसारभरि घुमिहिँड्‌न पाउनेछैन, तर त्यो कैदी भई थुनामा बसिरहनेछ । त्यस दुष्‍ट आत्माको पतन भए पनि

आफ्नो भविष्यको बाटो हेर्न त्यसको होश रहेको छ । ओहो, मानिसहरूसँग आफ्नो अन्त सम्झने बुद्धि र तिनीहरूको अलिकति होश मात्र भएको भए कति असल हुनेथियो ! त्यस दुष्ट आत्माको विषयमा कुरा ख्याल राख्न म तपाईंलाई अनुरोध गर्छु । किनभने यसो हुँदा तपाईंले पनि ज्ञान प्राप्त गर्ने तरिका सिक्नुहुनेछ र त्यो ज्ञान व्यवहारमा ल्याउन सक्नुहुनेछ; यो मेरो आशा छ । किनकि सधैंभरि अन्धकारका शक्तिहरूले ज्योतिका सन्तानहरूले भन्दा बुद्धिमानीसाथ काम किन गरेका होऊन् ? यसो हुनुहुँदैन; हाम्रो परम दुष्ट शत्रुबाट हामीले एउटा पाठ सिक्न सकौं भन्ने हेतुले म यस कुरामाथि तपाईंको ध्यान आकर्षण गर्न चाहन्छु ।

मानिसहरूको बीचमा हामी कतिजनालाई देखिरहेका छौं, जससँग थुप्रै महत्त्वपूर्ण कुराहरूको विषयमा निक्कै ज्ञान त छ, तर यी विचराहरूले समझ नभएको मानिसजस्तै व्यवहार गर्दा रहेछन् । तिनीहरूको ज्ञान तिनीहरूको दिमागको कुनै एउटा कुनामा बेवास्ता गरेर छोड़िराखिएको देखिन्छ; किनभने तिनीहरूले त्यो ज्ञान कहिल्यै काममा लगाएर व्यवहारमा उतारेका छैनन् ।

यहाँ म यसको एक उदाहरण दिन्छु । सबै मानिसहरू मर्नैपर्छ भन्ने कुरा हामी सबैले जान्दछौं । तरैपनि हामी कहिल्यै मर्नुपर्दैन जस्तै हामी जिइरहेका हुन्छौं । यसकारण हामीमध्ये धेरैजनाले निम्न प्रार्थना गर्न सिक्नुपर्छः *'यसकारण हामीलाई आफ्ना दिनहरू गन्ती गर्न सिकाउनुहोस्, यस हेतुले कि हामीले बुद्धिमान् हृदय प्राप्त गर्न सकौं'* (भजन ९०:१२) । हाम्रो समय छोटो छ र हाम्रो जीवन चाँड़ै सिद्धिन्छ भन्ने कुरा हामीले जान्नुपर्छ । तर व्यवहारमा ल्याउने किसिमले हामीले यो कुरा किन जान्दैनौं ? मर्न लागेका मानिसजस्तै गम्भीर भई हामीले आफ्नो जीवन बिताउँदैनौं; किन ? कसरी ? यस कुरामा हाम्रो परम शत्रु हामीजस्तै मूर्ख छैन; किनकि त्यसले आफ्नो समय छोटो छ भन्ने कुरा जानेको मात्र होइन, तर त्यसले यो कुरा सम्झीकन यो ज्ञान व्यवहारमा उतार्दछ ।

यस ज्ञानले त्यसलाई कुन प्रकारले उत्तेजित पारेको छ, के यस कुरामाथि तपाईंले ध्यान दिनुभएको छ ? यस ज्ञानले त्यसको मनको अवेग बढ़ाएको छ । शैतानको मनको सबैभन्दा ठूलो अवेगचाहिँ त्यसको रिस हो; किनकि क्रोध त्यसको स्वभाव हो र घृणा त्यसको प्राण र शक्ति र इन्धन हो । किनभने त्यसले प्रेम गर्न जान्दैन; त्यो विनयी हुन सक्दैन; त्यसले माया देखाउन जान्दैन । अनि

यसकारण त्यसको अल्प समय छ भन्ने ज्ञानले त्यसभित्र सबैभन्दा ठूलो अवेग जगायो, र त्यसको रिस दन्कियो । शैतानको दुष्ट स्वभाव रिसको आगो भयो, त्यो रनक्क राँकियो; अनि त्यसको रिसको अवेग डरलाग्दो छ ।

हाम्रो जीवनको छोटो समयबाट हाम्रो हृदयले कति धेरै सान्त्वना पाएको छ ? तब के, अब चाँड़ै हाम्रो मृत्युको घड़ी नजिकै आइरहेको छ र मानिसहरूको बीचमा परमेश्वरको सेवा गर्ने अवधि झन् छोटो हुँदै गइरहेको कुरा जानेका हुनाले के यस संसारमा हामीले आफ्नो प्रवासी र यात्री-जीवन परमेश्वरको निम्ति ठूलो प्रेम र जोशले पूर्ण भई बिताउनुपर्नेथिएन र ? मलाई के लाग्छ भने, हामी जति धेरै उत्तेजित भएका हुनुपर्छ, हामी त्यति, अहँ, त्यसको आधी पनि भएका छैनौं । दुष्ट आत्माहरू ठूलो घृणाले भरिएका हुन्छन्, अनि हामीचाहिँ ? हामी किन ठूलो प्रेमले भरिएका हुँदैनौं ? के हामीले आत्मा बचाउने काममा देखाएको हाम्रो जोशभन्दा तिनीहरूले आत्मा नाश गर्नमा बढ़ी जोश देखाऊन् ? के तिनीहरू सबै जोशिला होऊन् र हामी सबैजना निदाएका वा मनताता हुने ? यो कति लाजमर्दो कुरा हो !

'मेरो समय छोटो छ' भन्ने ज्ञानले हाम्रो परम शत्रुमा ठूलो अवेग उत्पन्न गर्न सकेको छ । तर त्यत्तिमै मात्र यो कुरा सीमित रहेन । शैतानको ठूलो रिसले त्यसलाई ठूलो परिश्रम गर्ने उत्तेजना दिएको छ । त्यसको अवेग जागेको छ; अनि नभन्दै त्यसले यस स्त्रीलाई सताउन थालेको छ, जसको छोरादेखि त्यसलाई डर लागेको छ । अनि यस स्त्रीलाई बाढ़ीले बगाउन सकूँ भन्ने हेतुले शैतानले आफ्नो मुखबाट यस स्त्रीको विरोधमा बाढ़ीहरू बगाइदिएको रहेछ । आफ्नो दुष्ट उद्देश्य पूरा गर्न शैतानले सकेसम्म परिश्रम गरेर जे पनि गरिछाड्छ । हामी मनताता भएर काम गरौंला, तर शैतानले यसो गर्न सक्दैसक्दैन । त्यसले निरन्तर काम गर्नैपर्छ । त्यसले अथक परिश्रम गर्छ; त्यो नित्य व्यस्त भइरहन्छ । त्यसलाई दिइएको सीमित समयभित्र त्यसले सकभर धेरै काम पूरा गर्नुपर्छ । यसकारण त्यसले कुनै दिन, अँ, कुनै घण्टा, कुनै समय पनि खेर फाल्दैन; यस विषयमा हामी सुनिश्चित छौं ।

तर मेरा भाइबहिनीहरूहो, हाम्रो विषयमा कसो हो ? हाम्रो समय पनि छोटो छ । यसकारण शैतानले गरेझैं हामी पनि परमेश्वरको सेवामा निरन्तर परिश्रम गरेर सधैं व्यस्त रहनुपर्छ । किनभने रात आउँछ, जब कसैले पनि कुनै काम गर्न सक्दैन (यूहन्ना ९ : ४) । प्रभुमा प्रिय भाइबहिनीहो, यदि तपाईंले आफ्ना

छोराछोरीहरूलाई ख्रीष्टकहाँ ल्याउन चाहनुहुन्छ भने, समयमै तिनीहरूसित तिनीहरूको आत्माको विषयमा कुरा गर्नुहोस्; किनभने चाँड़ै तिनीहरू आफ्ना अभिभावकविहीन हुनेछन् । तपाईंले आफ्ना दाजुभाइहरूले प्रभुलाई पाएका चाहनुभयो भने, तपाईंले तिनीहरूलाई सुसमाचार सुनाउनुपर्छ । किनभने हे तिनीहरूलाई माया गर्ने भाइबहिनीहो, तपाईंको समय अब धेर छैन । हे प्रचारकहो, के मानिसहरूले तपाईंको मुखबाट पवित्र आत्माको शक्तिमा प्रचार गरेको प्रवचन सुनेर मुक्ति पाऊन् भन्ने चाहना राख्नुभएको छ ? तब यसो चाँड़ै गरिहाल्नुहोस्; किनकि छिटै तपाईंको मुख सधैंको निम्ति बन्द हुनेछ । बालसङ्गति चलाउने शिक्षक-शिक्षिकाहो, तपाईंको जिम्मामा सुम्पिएका नानीहरूलाई तिनीहरूको आत्माका गोठालाकहाँ पुऱ्याउने तपाईंको चाहना छ भने त तपाईंलाई दिइएको हरेक मौका छोप्नुहोस् ! किनभने जुन ठाउँमा तपाईं हालैमा सेवा गर्दै हुनुहुन्छ, त्यो ठाउँ चाँड़ै खाली हुनेछ; किनकि तपाईंले निश्चय एक दिन त्यो ठाउँ सधैंको निम्ति छोड्नुपर्छ ।

पुरानो नियमको समयमा जसरी १ शमूएल १३ः२० पदअनुसार *'इस्राएलीहरूमध्ये हरेकले आफ्नो फाली, कोदालो, बन्चरो र हँसिया उध्याउन तल पलिस्तीहरूकहाँ जानुपर्थ्यो'*, त्यसरी नै अन्धकारको शासकको उदाहरणबाट मैले तपाईंहरूलाई परिश्रम गर्ने जोश-उमाङ्ग जगाउन चाहेको हुँ । त्यसको बल्दो रिसबाट पैदा भएको त्यसको जोश र जागरबाट हामी बुद्धिको एउटा पाठ सिकौं । के समयका लक्षणहरू बुझेको हुनाले शैतान जोशिलो हुने, तर हामीचाहिँ निदाएका ? यो कदापि हुनुहुँदैन । परमेश्वरका छोराछोरीहरू आफ्नो अल्छीपनमा, आत्मसन्तुष्ट रहेको बेलामा के शैतानले समुद्र र जमिन चहारोस् ? यो हुनुहुँदैन । मेरा भाइबहिनीहरूहो, म तपाईंहरूलाई विन्ती गर्छु, तपाईंहरू निद्राबाट उठ्नुहोस् र त्यस पुरानो साँपको ठूलो रिस कति छ, सो थाहा गर्नुहोस् !

हाम्रो खण्ड पढ़ेर हामीले शैतानको रिसको विषयमा कतिपय कुरा जान्न पायौं । त्यसको समय छोटो भएको हुनाले त्यसको रिस जागेको छ । यस कुराले हामीमा यस प्रकारको विचार पैदा गरेको छः शैतानको समय जति छोटो हुन जान्छ, त्यत्ति नै बढ़ी त्यसको अवेग बढ़ेर आउँछ । अनि जब त्यसको रिस चरमसीमामा पुग्छ, तब त्यसको समय झन्डै सकिएको हुन्छ । हामी यस प्रकारको अड्कल सजिलोसँग काटेर यसो भन्न सक्छौं । आफ्नो समय छोटो छ

भन्ने कुरा जानेर त्यसको रिस ठूलो भयो । मलाई आशा छ, यस वाक्यमा हाम्रो निम्ति केही शिक्षा हुन्छ नै । परमेश्‍वरको पक्ष लिनेहरू सबैको निम्ति पवित्र आत्माले यो कुरा सान्त्वनाको कारण बनाऊन् ।

यस संसारमा हाम्रो वरिपरि जब दुष्ट आत्माहरूको शक्ति बढ़ेर आएको हामी थाहा गर्छौं, तब सबै कुराहरू खराब भइरहेका हामीले सम्झनुहुँदैन । सामाहरू बढ़ेकोमा निराश भई रुनुचाहिँ मूर्ख व्यवहार हो; किनभने सामाहरू मात्र कहाँ छन् र ? गहुँ पनि छ, र गहुँ बढ़्दैछ । हो, उता आत्मामा मरेका मानिसहरू झन् भ्रष्ट हुँदै गइरहेका छन् । तर यता आत्मामा जिउनेहरू झन् परिश्रमी बन्दै गएका छन् । तब हामी विलाप किन गरिरहने ? ईश्‍वर-निन्दा अति भयो, हाम्रो निम्ति असहनीय भइसकेको छ । विश्‍वास नगर्ने भक्तिहीन मानिसहरूले विश्‍वासको जग हल्लाउन खोजिरहेका छन्, र हाम्रो मास्तिरको आकाशमा अन्धविश्‍वासका काला बादलहरू बाक्ला, झन् बाक्ला हुन गएका छन् । तर हाम्रो समय खराब छ, यति खराब युग अघि कहिल्यै भएको थिएन भन्ने निष्कर्षमा हामी आइपुग्नुपर्दैन; यसो नगरौं ।

हो, दुष्टता बढ़्दै गएको छ । तर यता भलो पनि उत्तिकै र यस खराबी-भन्दा बढ़ता बढ़िरहेको कुरा पनि छ । किनकि दुष्टता बढ़्नु प्रायः भलो बढ़ेको सङ्केत हो । अनि यो पनि विचार गर्न लायक छः जब दुष्टता चरमसीमामा पुग्छ, तब त्यसको अन्त आइसकेको हुन्छ । रातको सबैभन्दा अँध्यारो घड़ी कुनचाहिँ हो, के तपाईंलाई थाहा छ ? के मिरमिरे उज्यालो खस्ने समयभन्दा अघि होइन र ? के यो कुरा आत्मिक र नैतिक दृष्टिकोणले सत्य ठहरिँदैन ? के यस पुरानो उखानले हामीलाई ऋतुको हेरफेरको बारेमा बताउँदैन; किनकि यस उखानले यसो भन्छः ‘जब दिनहरू लामिँदै जान्छन्, तब जाड़ो झन् बढ़ेर आउँछ ।’ किनकि ब्रिटेनमा बसन्त ऋतु हुनुभन्दा अघि दिनहरू लामिन्छन्, र त्यस समयमा बढ़ी तुसारो पर्छ । अनि समुद्रमा पानी सबैभन्दा बढ़ी घटेर त्यसको भाटारूपी अवस्थामा पुगेपछि त्यसको पानी फेरि बढ़्न थाल्छ । साधारण मानिसहरूले यो कुरा जान्दछन् ।

ठीक त्यस्तै, जब दुष्टता आकाशमा पुगेको हुन्छ, तब त्यसको पतन धेरै नजिक आइसकेको छ । यो कुरा पुष्टि गर्न हामीले इतिहासका पन्नाहरू पल्टाउनुपर्छ । मिस्र देशमा जब इस्राएलीहरूले तोकिएको सङ्ख्यामा इँटा बनाउन सकेनन्, तब त्यसको सङ्ख्या बढ़ाएर दोबर निर्धारित भयो । अनि

ठीक त्यस बेलामा परमेश्वरले थिचोमिचोमा परेका इस्राएलीहरूलाई मोशाको हातद्वारा छुटकारा दिनुभयो । जब फाराओले इस्राएलीहरूलाई कुनै हालतमा पनि छोड्न चाहेनन्, तर तिनीहरूमाथि आफ्नो जुवा झन् गह्रौं पारे, तब परमेश्वरको दाहिने बाहुलीले काम गर्‍यो, अनि लाल समुद्रमा उहाँले मिस्रीहरूमाथि बदला लिनुभयो । यसकारण बुझ्नुहोस्ः जब शासकहरू बढ़ी तानाशाही बनेर अति क्रूरताको साथ शासन गर्छन्, तब छुटकाराको घड़ी आइसकेको छ । जुन बेलामा झूटचाहिँ अति साहसी बन्छ र ज्यादै कठोर रूप लिन्छ, त्यस बेलामा सत्यताको जीत नजिकै आएको छ । गोल्यत निस्केर इस्राएली सेनाको ललकार र निन्दा गरेको बेलामा परमेश्वरको घुँयेत्रोमा ढुङ्गा तयार भइसकेको थियो, र त्यस वीर लड़ाकूलाई मार्ने दाऊदको घड़ी आइ-पुगेको थियो । यसकारण विद्रोह गर्नेहरूको सङ्ख्या बढ़ेकोमा नडराउनुहोस्, न ता हालैमा भइरहेका विरोधी-तत्त्वहरूको बल बढ़ेकोमा भयभीत हुनु छ । किनभने इतिहास साक्षी छ; अनि बितेका घटनाहरूले के बताउँछन् भने, दुष्टताले जय पाएको घड़ी नै त्यसको हारको घड़ी हो । जब बेबिलोनका राजा बेल-शज्जरले यरूशलेमको मन्दिरका पवित्र भाँड़ाकुँड़ाहरू अशुद्ध पारे, तब एक्कासि भित्तामा परमेश्वरको न्यायको लेख देखा पर्‍यो । अनि जुन बेलामा हामानले राजाको भोजमा दाखमद्य पिउँदै गरेको बेलामा यहूदी जातिलाई मार्ने अनुमति माग्यो, त्यस बेलामा हामानलाई झुन्ड्याउन त्यसको घरमा फाँसी दिने खाँबाहरू तयार थिए ।

अनि यस युगको अन्तिम घड़ीमा पनि यस्तै हुनेछः शैतानको राज्यको अन्त नजिक हुँदा-हुँदै त्यसले अझै बढ़ी रिस देखाउनेछ । अन्तमा त्यो निस्केर जानेछ र पृथ्वीको चारैतिर बस्ने जातिहरूलाई, गोग र मागोगलाई धोका दिएर लड़ाइँको निम्ति भेला पार्नेछ । लड़ाइँ गर्न जोशिला भई तिनीहरू आ-आफ्ना ठूला सेनाहरूको साथ *'हारमागेड्डोन भनिने ठाउँमा सर्वशक्तिमान् परमेश्वरको त्यस महान् दिनको लड़ाइँमा'* भेला हुनेछन् (प्रकाश १६ :१४) । त्यस बेलामा इस्राएलको अस्तित्व मेट्ला र परमेश्वरको सत्यता पूरा नष्ट हुन्छ होला जस्तै देखिनेछ । तर यस डरलाग्दो घड़ीमा परमप्रभुको ठूलो विजय हुनेछ । उहाँले आफ्ना शत्रुहरूलाई जित्नुहुनेछ र तिनीहरूलाई सदाको निम्ति नाश गर्नुहुनेछ । तब एकजना स्वर्गदूत घामको सामु उभिएर आकाशमा उड्ने गिद्धहरू र अरू सबै हिंस्रक चराहरूलाई घोड़ाहरू र तीमाथि बस्ने घोड़चढ़ीहरूको मासु, साथै

शक्तिशाली मानिसहरूको मासु खान त्यस बदला लिने भयानक भोजमा बोलाउनेछन् । त्यसपछि *'तिनीहरूलाई धोका दिने शैतान आगो र गन्धकको तालभित्र फ्याँकियो, ... अनि दिनरात सदा-सर्वदा त्यो पीड़ाले तड़्पिनेछ'* (प्रकाश २०:१०) । त्यस बेलामा यसो भन्ने जयजयकार सुनिनेछः *'हल्लेलूयाह; किनभने प्रभु सर्वशक्तिमान् परमेश्वर राज्य गर्नुहुन्छ !'* (प्रकाश १९:६) । यसर्थ त्यस पुरानो साँपको ठूलो चरमसीमामा पुगेको रिसचाहिँ त्यसको राज्यको अन्तको पक्का प्रमाण हो रहेछ ।

जुन कुरा ठूलो हिसाबले सत्य हुन्छ, त्योचाहिँ सानो कुरामा पनि सत्य ठहरिनेछ । किनभने विभिन्न देशहरूमा पठाइएका सुसमाचारका प्रकारकहरूले प्रायः एकै किसिमको अनुभव गरेका छन्ः प्रायः जसो सबै अन्यजातिहरूमा केही मानिसहरूले मुक्ति पाउनुअघि प्रभु येशूको सुसमाचारप्रति अन्तिम विरोध एकदम चर्को र क्रूर हुन्छ । किनकि जहाँ झूट सत्यतासित जुध्छ र झूटचाहिँ पछि हेटेर अन्तिम किल्लाभित्र लुक्नुपरेको छ, त्यहाँ त्यस झूटले आफूलाई जुनै हालतमा पनि बचाउन खोज्छ, र यसकारण पूरा बल लगाएर लड़ाइँ गर्छ । यो हाम्रो अनुभव हो । सत्यताको विरोधी-तत्त्वहरूको समय छोटो छ; यसकारण तिनीहरूको रिस ठूलो हुन्छ । जब ब्रिटेनमा वा अरू कुनै देखको गाउँ र शहरमा प्रभु येशूको सुसमाचारको विरोध ज्यादा बढ़्दै चरमसीमामा पुग्छ, र मानौं विश्वास नगर्ने मानिसहरूले सुसमाचार-प्रचारकलाई मार्लान् जस्तै देखिन्छ, तब विरोधी-तत्त्वहरूको विरोध गर्ने शक्ति सिद्धिन लागेको छ । यसमा हामी प्रायः निश्चित हुन सक्छौं ।

कड़ा सतावटपछि त्यो विरोध थामिनेछ, साम्य हुनेछ । त्यसपछि केही समय वातावरण शान्त रहनेछ, र सायद त्यस अवधिमा कति मानिसहरूले प्रभु येशूको सुसमाचार तयारीको साथ ग्रहण गर्नेछन् । अनि जब मानिसको जीवनमा कुइच्छाहरू उम्लिएर आउँछन्, तब ती फेरि सेलाएर जानेछन् । यस सम्बन्धमा 'म तिमीलाई सम्हाल्नेछु' भनेर के परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको छैन र ? मध्यदिनको पोल्ने ताप सधैंभरि पोल्दैन, सदैव रहँदैन; ठीक त्यस्तै दुष्ट शत्रुले आफ्ना खराब उद्देश्यहरू पूरा गर्न चलाएका मानिस-हरूको क्रोध सदा रहँदैन, तर रनक्क दन्किएपछि त्यो बिस्तारै-बिस्तारै फेरि सेलाउँछ नि ।

एक-एक मानिसको जीवनमा यो कुरा पनि सत्य छ, हामीले देखिरहेका छौं । किनभने जब परमेश्वरले कुनै पापी मानिसलाई ख्रीष्ट येशूकहाँ डोऱ्याउन भनी उसको हृदयमा आफ्नो महान् काम शुरु गर्नुहुन्छ, तब त्यस मानिसले परमेश्वरप्रति कहिल्यै थाह नभएको घृणा र असल कुराहरूप्रति अरुचि र अनिच्छा अनुभव गर्दो रहेछ; तर कुरा यस्तो हो भने यसमा हामीले अचम्म मान्नुहुँदैन । अनि जब त्यो मानिस पहिले भन्दा ठूलो पाप गर्न पुग्ला, तब यसमा हामी निराश हुनुहुँदैन । शैतानले आफ्ना काला भेड़ाहरूमध्ये एउटालाई नगुमाओस् भन्ने हेतुले त्यसको निम्ति कति शक्तिसाथ संघर्ष गर्छ, सो कुरा हामीले यसैबाट बुझ्नुपर्छ । सम्भव भए त्यसले आफ्नो कब्जामा रहेको एकैजना मानिसलाई पनि गुमाउन चाहँदैन । यसकारण त्यसले आफ्नो पूरा बल लगाएर तिनीहरू सबैलाई आफ्नो अधिकारभित्र राखिछोड्न खोज्छ । विशेष गरी जब परमेश्वरको अनुग्रहको शक्तिले लड़ाइँ जित्न लागेको छ, र मानिसहरूको मुक्तिको घड़ी नजिकै आएको छ, तब रिसले चूर भएको शैतानले झन् बढ़ी बल लगाउँदै परिश्रम गर्छ । तर म यहाँ यस कुरामा यहाँ बढ़ी जोड़ दिन चाहँन्नँ; किनभने हामी पछि यस विषयमा कुरा हेर्नेछौं ।

धेरै ख्रीष्ट-विश्वासीहरूमा यो कुरा पनि सत्य ठहरिन्छ । कुनै समयमा विश्वासी भाइबहिनीको हृदयमा क्रूर लड़ाइँ चलिरहेको हुन्छ । त्यस बेलामा 'कहीं म परमेश्वरको सन्तान होइनँ कि कसो हो' भनेर उसले शङ्का गर्न थाल्छ, र उसको आशा निराशामा बदली भएको हुन्छ । उसको मन यति विचलित भएको छ, कि उसले प्रार्थना गर्न धरि वा परमेश्वरलाई स्तुति चढ़ाउन सक्दैन । पवित्र बाइबल पढ्दा उसको मनमा शङ्कापूर्ण विचारहरू उठ्छन् । त्यस बेलामा कहीं ऊ पूरा नाश हुन्छ कि जस्तै देखा पर्छ; किनभने उसको हृदयले कतै कुनै आराम, कुनै चैन पाउँदैन । उसमाथि शैतानका पेल्ने-ठेल्ने हमलाहरू लगातार आइपरिरहेका छन् । यस्ता डरलाग्दा अनुभवहरू गरेपछि प्रायः कति वर्षको निम्ति शान्ति, आत्मिक उन्नति, पवित्रतामा प्रगति र परमेश्वरको मीठो सङ्गति उसले अनुभव गर्छ । 'अँ, थोरै समय मात्र म यस धर्मी जनलाई दुःख दिन पाउँछु; त्यसपछि परमेश्वरले मलाई रोकिराख्नुहुनेछ' भन्ने कुरा जानेर शैतानले ठूलो रिस गर्छ । यही कारणले गर्दा पवित्र जनहरूमध्ये कति प्रमुख विश्वासीहरू, उनीहरूमाथि यस्ता डरलाग्दा शैतानी हमलाहरू आइपर्दा-आइपर्दै

प्रभुमा सुते । उनीहरूमाथि सिंहले गर्ज्यो; किनभने चाड़ै त्यसले उनीहरूलाई फेरि कहिल्यै फेला पार्न सक्दैनथियो ।

आउनुहोस्, हामी श्री मार्टिन लुथरको विषयमा विचार गरौं ! तिनी यति बलिया र साहसी वीर मानिस थिए, कि तिनले शैतान र पोपको सामना गर्न सके । तर तिनको मृत्युको घड़ीमा तिनी दुःखी थिए, र तिनले शङ्का गरे । तिनको यो अन्तिम लड़ाइँ सबैभन्दा घमासान संघर्ष थियो । तिनी विजेताहरूभन्दा पनि महान् थिए; तर यो लड़ाइँ घनघोर भयो; किनभने शैतानको विरोधी भएका मार्टिन लुथर कमजोर र खिन्न नभएसम्म त्यो दुःसाहसी शत्रु पर्खिरहेको थियो । अनि त्यही बेलामा त्यसले तिनीमाथि हमला गर्‍यो, तिनलाई निल्न नपाए पनि तिनलाई प्रहार गरेर निक्कै कष्ट त दियो । निश्चय नै श्री मार्टिन लुथरले शैतानलाई कष्ट दिइरहेका थिए । यसकारण तिनीसित शैतान रिसाएकोमा र तिनको विरोधमा चलेको त्यसको दुष्टताको विषयमा हामी अचम्म मान्दैनौं । 'चाँड़ै म त्यसलाई मेरा अग्नि-वाणहरूले कहिल्यै हान्न पाउँदिनँ' भन्ने कुरा जानेर शैतानले तिनको मृत्युको घड़ीमा तिनीमाथि आफ्नो अन्तिम काँड़ हानिपठायो ।

श्री जोह्न नोस्कको जीवनमा पनि ठीक यस्तै हुन आयो । किनकि जब तिनले गहिरो सुस्केरा हालेका थिए, तब कतिजनाले तिनलाई यसको खास कारण के हो, सो विषयमा सोधे; तब तिनको जवाफ यस प्रकारको थियोः

*'मेरो बितेको कमजोर जीवनमा मैले शैतानका विभिन्न परीक्षा र हमलाहरू सहेको थिएँ, तर हालैमा त्यसको हमला अति डरलाग्दो छ । किनकि मलाई निल्न त्यसले पूरा बल गर्छ; त्यसले मेरो सत्यानाश गर्न खोज्दैछ । बितेको समयमा घरि-घरि त्यसले मेरा आँखाहरूको सामु मेरा पापहरू राखिदिन्थ्यो; घरि-घरि त्यसले मलाई निराश पारिदिन्थ्यो; घरि-घरि त्यसले संसारका लोभ्याउने थोकहरूद्वारा मलाई पापमा फसाउन खोज्थ्यो । तर जुन कुराहरू त्यसले आफ्ना हातहतियारहरूको रूपमा चलायो, ती सबै कुराहरू मैले परमेश्वरको वचनरूपी तरवारले टुक्रा-टुक्रा पारें, अनि शत्रु विफल भयो । तर अबचाहिँ शैतानले मलाई अर्को प्रकारले आक्रमण गरेको छ । त्यसले मेरो विश्वासयोग्य सेवकाईको विषयमा मलाई घरि-घरि उक्साउँछ, किनकि मेरो सेवकाईद्वारा मैले स्वर्ग कमाएको, अनन्त आशिषहरू हासिल गरेको त्यसले मलाई विश्वास दिलाउन खोज्छ । तर*

*परमेश्वर धन्यको हुनुहन्छ, जसले मलाई यस परीक्षामा स्थिर रहने शक्ति दिनुभएको छ र यो अग्नि-वाण निभाउन मलाई पवित्र बाइबलका केही खण्ड दिनुभएको छ, जस्तैः "तिमीसँग कुनचाहिँ कुरा छ, जुनचाहिँ तिमीले पाएका छैनौ ?" (१ कोरिन्थी ४ : ७ ) । "तर म जे छु, त्यो त परमेश्वरको अनुग्रहद्वारा नै छु; ... तरै पनि मैले होइन, तर मलाई दिइएको परमेश्वरको अनुग्रहले नै त्यो गरेको हो " (१ कोरिन्थी १५ : १० ) । मैले यस प्रकारको तरवार चलाएकोले गर्दा त्यसले हार खाएर मलाई छोड्यो ।*

*यसकारण प्रभु येशू ख्रीष्टद्वारा म मेरा परमेश्वर पितालाई धन्यवाद चढ़ाउँछु, जसले मलाई विजय दिनुभएको छ । अनि परीक्षा गर्नेले अबदेखि उसो मलाई फेरि परीक्षामा पार्न पाउनेछैन भन्ने कुरामा म सुनिश्चित भएको हुन्छु; किनकि थोरै समयभित्र म शरीरको कष्टविना र मनको त्रासविना यस मरणशील र दुःखी जीवनको सट्टामा प्रभु येशू ख्रीष्टद्वारा आशिषले पूर्ण अमर जीवन प्राप्त गर्नेछु ।'*

जुन मानिसले शैतानको अधिकार धेरैपल्ट प्रहार गरेको छ, शैतानले त्यस मानिसलाई पनि प्रहार गर्न चाहेकोमा के तपाईं छक्क पर्नुहुन्छ ? होइन, शैतान तपाईंसित रिसाएकोमा अचम्म नमान्नुहोस् ! तपाईं त्यसको हातमा सुम्पिइनुभएको जस्तै देखा परेको होला; तर यस कुरामा छक्क नपर्नुहोस् ! बरु यस कुरामा आनन्द मनाउनुहोस्; किनकि त्यसको ठूलो रिसचाहिँ त्यसको छोटो समयको पक्का प्रमाण हो र यसको सुनिश्चित चिन्ह भएको छ । त्यसले हामीसँग एकदम क्रूरतासाथ लड़ाइँ गर्छ; किनकि 'अन्तमा मैले हार खानुपर्छ' भन्ने कुरा त्यसले जान्दछ । त्यसको बिग्रिएको मन जुनसुकै खराबी गर्न पाएकोमा धेरै खुशी हुन्छ । जहाँ त्यसले नाश गर्न पाउँदैन, त्यहाँ त्यसले गड़बड़ी ल्याउँछ-ल्याउँछ । अनि जहाँ त्यसले मार्न सक्दैन, त्यहाँ त्यसले चोट पुऱ्याउँछ-पुऱ्याउँछ ।

त्यो चलाख भए पनि त्यसले मूर्ख काम गर्छ र आशा नभएको ठाउँमा पनि कसैको पछि लाग्दो रहेछ । किनकि यस स्त्रीका सन्तानहरूमध्ये कसैको विरोधमा लड़ाइँ गर्दा 'मैले हार खानैपर्छ' भन्ने कुरा त्यसले जान्दछ, रपनि त्यसले त्यसको टाउको कुल्चाउनुभएको प्रभुको कुर्कुच्चोमा डस्छ । खराबीको पछि लाग्नुचाहिँ बिलकुल व्यर्थ हो भन्ने कुरा जानेर पनि त्यसले आफू नाश नभएसम्म खराबीको पछि लाग्न छोड्दै-छोड्दैन । जीवित परमेश्वरका अजय

पुत्रद्वारा त्यसले सदाको निम्ति हार खाएको छ, रपनि त्यो फेरि-फेरि लड़ाइँ गर्न फर्कन्छ। व्यर्थैमा शैतानले सत्यता त्यसको ठाउँदेखि हटाउन खोज्छ। यस प्रकारको कोशिश त्यस मूर्ख मानिससित तुलना गर्न सकिन्छ, जसले उकालोतर्फ एउटा ठूलो ढुङ्गा गुड़ाइरहेको छ, जुन ढुङ्गाचाहिँ सधैं त्यस मानिसतिर ओरालो फर्केर आएको छ। गलाती ४:११ पदमा भनेअनुसार शैतानका कोशिशहरू साँच्ची नै व्यर्थ छन्।

यस ठाउँमा आएर म अहिले विशेष तपाईं श्रोताहरूमाथि ध्यान दिन चाहन्छु र तपाईंहरूलाई एउटै कुरा भन्न चाहन्छुः जब कुनै व्यक्ति ख्रीष्ट येशूकहाँ आउन लागेको छ, त्यस बेलामा 'मेरो समय छोटो छ' भन्ने कुरा जानेर शैतानले त्यस मानिसप्रति आफ्नो ठूलो रिस देखाउँछ। यसकारण तपाईंहरू जसको मन जागेको छ र जसले आफ्ना मुक्तिदाताको खोजी गर्दै हुनुहुन्छ, तपाईंहरूलाई सान्त्वना दिन मेरो मुख्य उद्देश्य हो। के तपाईं शैतानको पासोमा जेलिनुभएको छ; तब तपाईं बुझ्नुहोस्, चाँड़ै तपाईंले छुटकारा र शान्ति पाउनुहुनेछ। तपाईंको मनको शान्ति र तपाईंले ख्रीष्ट येशूमा जीवित आशा पाउनुभएको म अपेक्षा गर्छु। तपाईंको सम्बन्धमा कुरा केजस्तो छ? यो त निम्न अनुसार भएको छः एउटा दुष्ट आत्मा लागेको मानिस प्रभु येशूकहाँ ल्याइएको विषयमा हामी यसो पढ्छौंः *'अनि त्यो आउँदै गर्दा दुष्ट आत्माले त्यसलाई पछारिदियो र मड़ारमुडुर पार्‍यो'* (लूका ९:४२)। हाम्रो आत्माको परम शत्रुको चाल यस्तै छ। जब त्यो दुष्ट आत्मा यस मानिसबाट निस्कन लागेको थियो, तब विगत समयमा भन्दा त्यसले अहिले नै बढ्ता बल प्रकट गर्‍यो, यस हेतुले कि सम्भव भए यस व्यक्तिले परमेश्वरसित मेलमिलाप राख्नुभन्दा अघि नै त्यस दुष्टले यस मानिसलाई नाश गर्न सकोस्। यस सम्बन्धमा म साहस दिलाउने कुरा लेख्न लागेको छु; पवित्र आत्मा अर्थात् शान्तिदाताले मलाई सहायता गरून्।

## क) आफ्नो समय छोटो छ भन्ने कुरा शैतानले कसरी जान्दछ?

कसैको जीवनमा आफ्नो समय छोटो भएको कुरा शैतानले कसरी जान्दछ? यस विषयमा हामी पहिले विचार गरौं। शैतानले आफ्नो

अधिकारमनि रहेका सबै मानिसहरूलाई खराब दृष्टिले हेरेर निरन्तर ध्यान दिन्छ । आफ्नो छाउनीको वरिपरि घुमिरहने पालेजस्तै त्यसले हरेक मानिसलाई 'कतै त्यो मेरो फौजबाट भाग्ने हो कि' भनी होशियारीसाथ नियालेर हेर्छ ।

कुनै मानिसको हृदयमा शैतान राजा आफ्नो महलमा बसेझैं एकदम आरामसाथ बस्न पाउँछ । तिनीहरूको मन त्यसको मनपर्दो निवास हो । किनकि त्यहाँ त्यसलाई जस्तै इच्छा लागेको छ, त्यस्तै त्यसले जे पनि गर्न पाउँछ, र स्वतन्त्रतासाथ भित्र-बाहिर गर्छ । आफ्नो घर सम्झेर त्यसले त्यहाँ आराम गर्छ । त्यस मानिसको स्वभाव त्यसले आफ्नो सम्पत्ति ठानेर त्यस मानिसको जीवनमा आफ्ना कुइच्छाहरू पूरा गर्छ । हाय, त्यस धोकामा परेको मानिसलाई ! किनभने त्यसले आफ्नो शरीरका अङ्गहरू अधर्म गर्ने हतियारहरूको रूपमा शैतानको हातमा सुम्पेको छ र त्यसको बन्धनमा परेर पनि त्यस विचराले आफ्नो दयनीय अवस्था खुशीसित सहन्छ । यस्तो मानिसका सबै इन्द्रियहरू शैतानको निम्ति बस्ने कोठाहरू हुन्, र त्यस मानिसका अवेगहरू शैतानको निम्ति काम गर्ने आगोको भट्टी र त्यसको सेवामा हाँक्ने वाहनहरू हुन् ।

अन्तमा, परमेश्वरको अनुग्रहले त्यस मानिसमा परिवर्तन ल्याउँछ । शैतान त्यहाँ बीस, तीस, चालीस, पचास, अँ, साठी वर्ष बसेको थियो होला; तर 'अब म धेरै समय मेरो यस वासस्थानमा रहन पाउँदिनँ' भनेर त्यसले बुझ्न थाल्छ । आफ्नो समय छोटो भएको त्यसलाई पूरा महसुस भएको छ । त्यसले यो कुरा कसरी जानेको छ ? मलाई के लाग्छ भने, एक त, पहिले जस्तै त्यसलाई त्यहाँ खुशीसित स्वागत् नगरेको हुनाले त्यसले यो कुरा बुझ्छ । त्यो मानिस अघि पापमा रमाउँथ्यो, र पापमा जीवन बिताउनमा खुशी हुन्थ्यो; तर अहिले, त्यस मानिसको निम्ति पाप पहिले जस्तै मीठो छैन । पापको स्वाद त्यसको निम्ति खल्लो र फिका भएको छ । पापको आकर्षण घटेको छ । पापको रङ्गरस र पापको मोजमज्जा अब त्यस मानिसलाई खोक्रो, व्यर्थै र बेकम्मा लागेको छ । योचाहिँ एउटा ठूलो परिवर्तन भइरहेको लक्षण हो ।

बितेको समयमा, जहिले कुनै पाप यात्रीजस्तो त्यस मानिसकहाँ आउँथ्यो, तहिले त्यस मानिसले त्यो पाप आफ्नो घरमा खुशीसाथ स्वागत गर्थ्यो र त्यसलाई घनिष्ठ साथीको रूपमा पूरा सत्कार गर्थ्यो । तर अहिले त्यसले यस्तो गर्न छोड़ेको छ । अनि त्यस मानिसले आफ्ना स्वाभाविक पापका

अभिलाषाहरू पूरा गर्दाखेरि ती पापहरूले त्यसलाई पहिले जस्तै सन्तुष्टि दिँदैनन् । अनि यी कुकामनाहरू पूरा गर्न त्यस मानिसले पहिले जस्तै प्रबन्ध गर्दैन । अब त्यसको जीवनमा अन्धकारको शासकले आदर पाउँदैन; अब शैतानको कानुन चल्दैन । यसबाट स्पष्ट बुझिन्छ, शैतानले अब चाँड़ै त्यस मानिसलाई छोड्नैपर्छ । जब पापले कसैको जीवनमा आफ्नो स्वाद र मिठास गुमाउँछ, तब शैतानले आफ्नो अधिकार गुमाउन लागेको छ । जब कुनै मानिसको हृदय शैतानप्रति आकर्षित हुनदेखि थाक्छ र त्यसको मोह-जालको पकड़ले त्यस मानिसलाई पक्रन छोड़्छ, तब 'अब चाड़ै म निस्केर जानुपर्छ' भन्ने कुरा शैतान बुझ्छ ।

जब शैतान पहिले जस्तै वास बस्न पाउँदैन, तब 'निश्चय तिनीहरूले मलाई चाँड़ै निकाल्नेछन्'भन्ने कुरा त्यसले बुझ्छ । बितेको समयमा त्यो मानिस पाप गर्नमा व्यस्त रहन्थ्यो; त्यो नराम्रो पापको बानीको पछि लाग्थ्यो, पापको खोजीमा थियो र आफूलाई पापको परीक्षामा पार्ने गर्थ्यो । त्यस बेलामा शैतान सुरक्षित भई त्यस मानिसमाथि राज्य गर्थ्यो । तर अहिले जुन ठाउँहरूमा खुलै रूपले पाप गरिन्छ, ती ठाउँहरूमा जान त्यस मानिसले जान छोड़्छ । मनलाई उत्तेजित पार्ने रक्सीको प्याला त्यसले अब इन्कार गर्छ । जुन मानिसले पहिले रक्सीको भट्टीमा जाने गर्थ्यो र नाचघरमा मनोरञ्जन गर्ने गर्थ्यो, त्यस मानिसलाई तपाईं अहिले प्रभु येशूको स्थानीय मण्डलीमा जान र त्यहाँ प्रचार गरिएको प्रवचनमाथि ध्यान दिएको देख्नुहुन्छ ।

शैतानले कसैमा यस्तो परिवर्तन आएको मन पराउँदैन र यसबाट 'यो घर छोड़ेर जानुपर्छ' भन्ने लक्षण देख्छ । त्यो मानिस पहिले जस्तै पिउँदैन, पहिले जस्तै निन्दा गर्दैन । अब हरेक पापको परीक्षामा फस्न त्यो तयार हुँदैन । त्यो माछा अब शैतानको चारोदेखि टाढ़ा बस्छ । त्यस मानिसको आत्मा जागेको छ, तर त्यसले प्रभु येशूलाई ग्रहण अझ गरेको छैन, तापनि त्यो मानिस पापको बन्धनमा बस्न खुशी छैन र अझै पनि पापको दास हुन चाहँदैन । त्यो मानिस अझै गल्ती बाटोमा हिँड़िरहेकै छ, तर विनाशको बाटोमा त्यसले दगुर्न छोड़ेको छ । बरु त्यसले आफ्नो गति रोकेको छ र त्यो अघि बढ़्दैन, तर एकै जग्गामा उभिएको छ; सुस्केरा हाल्दै त्यसले विनाशको बाटो छोड़्न माग्छ । गल्ती बाटो कसरी छोड़्न र साँघुरो बाटोमा कसरी पुग्न त्यसले जान्दैन, तर जान्न चाहन्छ । शैतानले यी सबै कुराहरू चाल पाउँछ र मनमनमै यसो भन्छः 'पहिले जस्तै

मेरो लागि यहाँ बन्दोबस्त गरिँदैन, र मेरो आदेशअनुसार काम गर्ने तयारी पनि म देख्दिनँ । यसबाट मेरो समय सकिएको र मेरो निस्कने बेला आइपुगेको छ भनी जान्दछु ।'

त्यस मानिसको हृदयभित्र आफ्नो अधिकार जमाउने समय छोटो भइसकेको शैतानले तब निश्चित रूपले बुझ्छ, जब त्यही हातले त्यस मानिसको हृदयको ढोकामा ढकढक्याइरहेको आवाज त्यसले सुन्छ, जुन हातको प्रहार गर्ने शक्ति कति छ, त्यसले अघि आफ्नो जीवनमा चाखिसकेको थियो । यो मधुर ढकढक्याइ, यो विरोध गर्न नसकिने प्रबल ढकढक्याइ, हाम्रो हृदयमा सुनिने ढकढक्याइ ! ! ओहो, यो आवाज कसको हो, शैतानले यो जान्दछ । के तपाईंले यो ढकढक्याइ कसको हो, सो पनि जान्नुभएको छ ? प्रभु येशूले तपाईंको मन र जीवनभित्र आउन चाहनुभएको छ । यसकारण उहाँ निरन्तर तपाईंको हृदयको ढोकामा ढकढक्याउनुहुन्छ । उहाँले एकै प्रहारले ढोका हिर्काएर वा ढोका धकेलेर जबरजस्ती तपाईंको हृदयको ढोका खोल्न सक्नुहुनेथियो । तर उहाँ घचघचाउनुहुन्न । उहाँको हातमा चोटको डोब छ । उहाँको हतियार प्रेम हो; उहाँका हतियारहरू उहाँले तपाईंको निम्ति बगाउनुभएको उहाँको अमूल्य रगत र उहाँका आँसुहरू हुन् । उहाँको दया प्रबल छ, र उहाँको कोमल प्रेमको सामना कसले गर्न सक्छ ? जब शैतानले उहाँले ढकढक्याउनुभएको आवाज सुन्छ, र त्यस मनरूपी घरमा बस्ने मानिसको आत्माले यो आवाज सुनेर ढोका खोल्न अलिकति मात्र इच्छुक भएको लक्षण चाल पाउँछ, तब शैतान डराउन थाल्छ । सुसमाचारको वचनबाट परमेश्वरको बोलावट सुनेर कुनै मानिसको हृदय कोमल भएको देख्दा शैतानलाई झन् बढ़ी डर लाग्छ । अनि प्रभु येशूको ढकढक्याइ अझ भइरहन्छ; यस आवाजले मध्यरातमा त्यस मानिसको निद्रा बिगार्छ र त्यसलाई बिउँझाउँछ । दिउँसो त्यो मानिस व्यस्त रहेको समयमा, गाड़ीहरूको हल्लाको बीचबाट र मूर्ख मानिसहरूको ठूलो गलल्ल हाँसोको बीचबाट पनि यो ढकढक्याइको आवाज सुनिन्छ । यसकारण शैतान हार खाएर स्वीकार गर्छः 'ओहो, मेरो समय सिद्धिएको छ !' उहिले शैतानले आफ्नो टाउको कुच्च्याउनुभएको प्रभुको यस हातको परिचय गरिसकेको थियो; यसकारण त्यसले यो हात कसको हो, सो राम्ररी जान्दछ, र यस हातको ढकढक्याइ त्यसको निम्ति अब त्यहाँबाट निस्किनुपर्ने अशुभ लक्षण हो ।

प्रभु येशूको विनयी स्वभावमा यसको विरोध गर्न नसकिने शक्ति छ; यस शक्तिले विजय पाउनैपर्छ र पाउने नै छ; शैतानलाई यो थाहा छ । यसकारण जब कुनै मानिसको हृदयमा सुसमाचारको शक्तिको प्रभाव अनुभव गरिन्छ, तब शैतानले त्यहाँ आफ्नो बस्ने अधिकार अनिश्चित भएको ठान्छ । यस ढकढकक्याइको बीचमा त्यसले यसो भन्ने सोर सुन्छः *'मेरो निम्ति खोलिदेऊ; किनकि मेरो शिर शीतले भिजेको छ, र मेरा केशका लर्कनहरू रातको शीतका थोपाले लफ्रक्क भएका छन्'* (श्रेष्ठगीत ५ : २) । अनि यो विन्ती गर्ने सोर सुनेर शैतानले आफ्नो अधिकारको पतन हुन लागेको समय आइसक्यो भन्ने बुझ्छ ।

आफ्नो समय छोटो छ भन्ने कुराको बारेमा शत्रुले अर्को सङ्केत पाउँछ; किनभने मनरूपी घरको बासिन्दा काहिलेकहीं सुटुक्क न्यायकर्ताकहाँ जान्छ र उहाँलाई त्यस शत्रुको विरोधमा उजुर चढ़ाउँछ र त्यसलाई निकाल्ने स्वर्गीय आदेश-पत्र पाऊँ भन्ने माग गर्छ । अनि शैतानबाट यो चाल लुक्न सक्दैन । मैले यहाँ भन्न खोजेको कुरा तपाईंले बुझ्नुभएको छ, होइन र ? किनकि जब कुनै मानिसले आफ्नो जीवनबाट पाप हटाउन सक्दैन, न आफ्नो शक्तिमा शैतानलाई जित्न सक्छ, तब उसले परमेश्वरलाई यसो भन्दै पुकार्छः 'हे परमेश्वर, मलाई सहायता गर्नुहोस् ! हे परमेश्वर, म तपाईंलाई विन्ती गर्छु, प्रभु येशू ख्रीष्टको नाममा यो पुरानो साँप मेरो हृदयबाट निकालिदिनुहोस् !' यसरी नै शैतानलाई निकाल्ने स्वर्गीय आदेश-पत्र मागिन्छ; यसरी नै स्वर्गमा बस्नुहुने न्यायकर्ताकहाँ गइन्छ र महान् राजालाई आफ्नो विन्ती चढ़ाइन्छ । तब उहाँले आदेश दिनुहुन्छ र अधिकारविना त्यस मानिसको जीवनमा बसेको त्यस शत्रुलाई निकाल्न आफ्नो अफिसर पठाउनुहुन्छ । शैतानले अबदेखि उसो यस मानिसको आत्मालाई अशुद्ध तुल्याउन पाउनेछैन ।

तब दुष्ट आत्माले यसो भन्छः 'धिक्कार ! यस ठाउँमा अब म रहन सक्दिनँ; किनभने त्यस मानिसले प्रार्थना गरेर सत्य परमेश्वरलाई पुकारेको छ ।' पापी मानिसहरूले आफ्ना पापहरूको बारेमा कायल भएको बेलामा चढ़ाएका प्रार्थनाहरूले शैतानलाई नरकको आगोका ज्वालाहरूले भन्दा बढ़ी पोल्छन् । तिनीहरूले प्रार्थना गरेको बेलामा शैतान भाग्नैपर्छ । जब मानिस-हरूले प्रभु येशूको नाममा प्रार्थना गर्छन्, तब त्यो आफ्ना सामानहरू लिएर निस्कनुपर्छ । अबदेखि उसो यस तम्बूरूपी डेरामा शैतानको निम्ति रहने ठाउँ

छैन; किनभने यहाँ प्रार्थनाले कब्जा गर्ने सिपाहीको भूमिका खेल्छ, जसले परमेश्वरको भाग आफ्नो अधिकारमा लिँदैछ।

अझै एउटा कुराले शैतानलाई त्यसको समय छोटो भएको देखाउँछः जब कसैको मनमा पवित्र आत्माको शक्तिले काम गर्छ। दिव्य ज्योति मनमा पसेको छ, अनि पापी मानिसले देख्न थालेको छ र अघि नबुझेका कुराहरू बुझ्न लागेको छ। शैतानले ज्योतिलाई घृणा गर्छ, तर अन्धकारलाई प्रेम गर्छ। जसरी लाटोकोसेरोलाई दिउँसोको उज्यालोमा बढ़ी असजिलो र अप्ठ्यारो लाग्छ, त्यसरी नै शैतानलाई उज्यालोमा नबसूँ-नबसूँ जस्तै लाग्छ। अनि पवित्र आत्माद्वारा नयाँ जीवन त्यस मानिसभित्र आउँछ। त्यो मानिस दुःखी हुन्छ, कोमल हुन्छ, र कायल हुन्छ। मुर्दाहरूलाई मन पर्ने शैतान सधैंभरि चिहानहरूहुँदो बस्छ, तर जहाँ नयाँ जीवन छ, त्यहाँ त्यो रहन सक्दैन, तर त्यो हतार-हतार गरेर त्यहाँबाट भाग्छ। अब पवित्र आत्माले त्यस मानिसको जीवनमा आफ्नो अनुग्रहपूर्ण काम शुरु गर्नुभएको छ। पवित्र आत्माको शक्तिको हरेक ढुकढुकी शैतानले थाहा गर्छ। किनभने यही नयाँ शक्तिले त्यसको प्रभाव निर्मूल पार्छ। यसकारण त्यसलाई यसो भन्न कर लाग्छः 'म जहाँबाट आएको थिएँ, त्यहीं जान्छु; किनकि म यहाँ, यस घरमा कुनै क्षण आराम पाउँदिनँ। किनभने भुइँचालो चलेझैं यो घर हल्लिरहेको छ।' लामो समयसम्म यस रिसाहा शत्रुबाट दुःखकष्ट सहेको त्यस मानिसको निम्ति यो कति खुशीको खबर हो ! 'हे शत्रु, हटिजा, तेरा विनाशकारी कामहरू अब चाँड़ै सदा-सर्वदाको निम्ति बन्द हुनेछन् !'

## ख) शैतानले आफ्नो रिस कसरी प्रकट गर्छ ?

यस पृथ्वीमा शैतानको बसाइको समय छोटो भएको कुराले त्यसको रिस उठायो भन्ने कुरा हामीले अघि हेर्दैथियौं। तर अब हामीले यस विषयमा दोस्रो कुरा गर्नुपर्छः शैतानले आफ्नो रिस कसरी प्रकट गर्छ, सो हामी हेर्न लागेका छौं; किनभने त्यसको रिसको अवेग विभिन्न मानिसहरूको निम्ति बेग्ला-बेग्लै रूप लिन्छ।

कसैको जीवनमा शैतानले आफ्नो ठूलो रिस सतावट दिएर देखाउँछ। एकजना मानिस मेरो सम्झनामा आउँछ। त्यो मानिस येशू ख्रीष्टको चेला

भएको थिएन; उसको मन परमेश्वरतिर फर्केको थिएन; तापनि त्यस मानिसले कतै मुक्ति पाउँछ कि भन्ने कुरादेखि शैतान यति धेरै डरायो, कि त्यसले आफ्नो पूरा सेना यस मानिसको पछि लगाइदियो । त्यो लाचारी मानिस काम गर्न जान्थ्यो । 'म ख्रीष्टको चेला हुँ' भनेर उसले भन्न चाहेर पनि उसले यसो भन्न सक्दैनथियो; किनकि उसले प्रभु येशूमाथि विश्वास गरेकै थिएन । तर ऊ साँच्ची नै प्रभु येशूको पछि लाग्ने चेलाहरूमध्ये एकजना भएझैं उसका काम गर्ने सबै साथीहरूले उसको घोर विरोध गर्न थाले । ऊ गम्भीर र सचेत भएको हुनाले तिनीहरूले उसको निन्दा गरे । किनभने उसले विचार गर्न, आफ्नो जीवन सुधार्न, सुसमाचारको वचन ध्यानसित सुन्न र जीवनका उत्तम कुराहरू खोज्न थालेको थियो । प्रकाशको पुस्तकको बाह्र अध्याय पढ्दा तपाईंले याद गर्नुभयो होलाः यस स्त्रीले जन्माउन लागेको यस बालकलाई, जो ख्रीष्ट हुनुहुन्थ्यो, त्यस पुरानो साँपरूपी शैतानले यसको जन्म हुनुभन्दा अघि नाश गर्न तत्पर भएको र निल्न खोजेको थियो । यसकारण कुनै मानिस ख्रीष्ट येशूकहाँ आउनुभन्दा अघि नै आकाशी स्थानको शक्तिशाली आत्मिक सेनाको दुष्ट शासकले यस्तोलाई सम्भव भए नष्ट पार्न चाहन्छ ।

शैतान पछि परेर केही गुमाउन चाहँदैन । यसकारण कसैको जीवनमा अनुग्रहको काम शुरु हुनासाथ त्यसले पनि आफ्नो दुष्ट काम शुरु गर्न थाल्छ । उक्त आत्मिक रूपले जागिएको मानिसमा परमेश्वरको अनुग्रहले काम गरेको होइन भने, अनि उसको जीवनमा देखा परेको परिवर्तनचाहिँ अफसोसको एउटा ऐंठन वा छटपटी मात्र हो भने त यी भक्तिहीन साथीहरूका निन्दापूर्ण वचनहरूले उसलाई उसको जीवनमा अनुग्रह ल्याउने सबै कुराहरूमाथि ध्यान लगाउनदेखि वञ्चित गर्न सक्लान् । तर प्रभु येशू ख्रीष्टले साँच्चै उसको हृदयको ढोकामा ढकढक्याउनुभएको हो भने र पवित्र आत्माले उसको जीवनमा काम गर्न थाल्नुभएको हो भने, यस्तो किसिमको विरोध सफल हुनेछैन । तर यस लाचारी मानिसलाई प्रभुले पखेटाहरू दिनुहुँदो रहेछ र हालैमा उसले सहन नसक्ने त्यस परीक्षाबाट ऊ उम्केर जानेछ ।

काहिलेकहीं शैतानले यस्ता किसिमको विरोधले आफ्नो काम बिगारेको मैले देखेको छु । त्यसले सोचेको भन्दा ठीक विपरीत काम गरेको छ । मलाई एकजना इमानदारी, सत्यताको खोजी गर्ने मानिस याद छ, जो पवित्र बाइबलको सत्यता र सुसमाचारको शिक्षाको बारेमा अलमलमा परिरहेको

थियो । यही मण्डली-भवनमा आईकन उसले सुसमाचारको वचन ध्यानसित सुन्न थाल्यो । त्यस बेलामा ऊ विश्वासी थिएन, तर प्रभुको विषयमा जान्न चाहेको मानिस थियो । उसले प्रभु येशू ख्रीष्टलाई स्वीकार गर्न इच्छा गरे पनि उसले अझै पनि यसो गर्न सकेन। तब यस्तो भयोः अचानक उसले संसारबाट विरोध भोग्नुपर्‍यो; तब यस कुराले परमेश्वरको वचन पवित्र बाइबलमाथि उसको विश्वास बलियो तुल्यायो र उसको मन सत्यतासित बाँधिराख्यो । उसका काम गर्ने साथीहरूका निन्दाका वचनहरूले उसको जीवनमा यस प्रकारको काम गरे । किनकि उसले मनमनमै यसो भन्योः 'म ख्रीष्टको चेला भएकै छैनँ, तरै पनि तिनीहरूले केवल मलाई ख्रीष्ट्यान ठानेरै यति बढ़ी मेरो विरोध किन गरेका हुँ ? मैले यहूदी धर्म वा मुसलमान धर्म अपनाएको भए तिनीहरूले यस कुरामा अनौठो मानेर मलाई त्यसै छोड्ने-थिए । तर अहिले म ख्रीष्टको चेला हुने चासो मात्र देखाएकोमा तिनीहरू सबै मलाई तुच्छ ठानेका र मसित रिसाएका छन्; किन होला ? मैले सठीक बाटो फेला पारेको हुनुपर्छ र परमेश्वरको वचन सत्य हुनुपर्छ । यस कुराले मलाई यसको प्रमाण दिएको छ। किनभने साँपका सन्तान र स्त्रीका सन्तानको बीचमा दुश्मनी हुनेछ भन्ने कुरा पवित्र बाइबलले भनेकै हो ।'

जब शैतानले यस उक्त मानिसलाई विरोध गर्‍यो, तब जुन कुराद्वारा त्यसले उसलाई खेदेर अविश्वासभित्र हुल्न खोज्यो, त्यस कुराले चाहिँ उसलाई एकजना ख्रीष्ट-विश्वासी तुल्याउँछ भन्ने कुरा शैतानलाई के थाहा । जब यस संसारका मानिसहरूले अरू सबै कुराभन्दा हाम्रा प्रभु येशू ख्रीष्टको विश्वास बढ़ी विरोध गर्छन्, तब यस विश्वासमा केही विशेषता हुनुपर्छ भन्ने बुझिन्छ । तिनीहरूका पापहरूतिर टेढ़िएका चाल र तिनीहरूका घमण्डपूर्ण बानीहरूसित अलिकति पनि नमिल्ने यो कुरा पक्का पनि परमेश्वरबाट आएको हुनुपर्छ । आफूले भोग्नुपरेको सतावटबाट यो मानिस पनि यही निचोड़मा पुग्यो । अनि यस सय निचोड़ले उसलाई विश्वासमा स्थापित गरिदियो । यसबाट तपाईं निम्न कुरा बुझ्नुहोस्ः शैतानको समय छोटो हुन जाँदाखेरि त्यसले आत्मिक रूपले जागेको पापी मानिसप्रति प्रायः कठोर सतावट चलाएर त्यस मानिस-माथि आफ्नो अधिकार कायम राख्न खोज्दैछ ।

तर त्यससँग आफ्नो रिस देखाउने अर्को, योभन्दा खराब तरिका पनि छ । सम्भव भए हामीमा भर्खेर उम्रेको आशा निभाउन सकोस् भनेर त्यसले आफ्नो

मुखबाट बाढ़ीहरू हाम्रो पछि-पछि बहाउँछ । जुन समयसम्म कुनै मानिसले सुसमाचारमा चासो लिन्छ, त्यस समस्त समयसम्म शैतानले बेला-बेलामा शङ्का, निन्दा र पापका परीक्षाहरू ल्याएर उसलाई कहिल्यै अनुभव नगरेका दुष्ट कुराहरूद्वारा पापको पासोभित्र जेल्न खोज्छ । यस्ता परीक्षाहरूमा पर्दा यस मानिसले मनमा भन्छः 'मसित किन यस्तो भएको होला ? ख्रीष्ट येशूमा मेरो चासो, के यो कुरा परमेश्वरबाट भएको होइन र ? म खराब, झन् खराब हुँदै गइरहेको छु; मैले मुक्ति खोज्न थालेको दिनदेखि म जति खराब छु, त्यति म अघि कहिल्यै भएकै थिइनँ नि ।' तर यो कुनै अनौठो कुरा होइन; यो शैतानबाट आएको अग्नि-परीक्षा हो ।

'पवित्र बाइबल परमेश्वरको प्रेरणाद्वारा दिइएको रचना हो र ?' 'परमेश्वर हुनुहुन्छ के त ?' 'प्रभु येशू परमेश्वर हुनुहुन्छ कि ?' आदि विषयहरूमा शैतानले अनेकौं शङ्काहरू पैदा गर्छ । परमेश्वरको वचनद्वारा प्रकाशमा ल्याएका सबै कुराहरूको विरुद्धमा त्यसले मुक्तिको खोजी गर्ने मानिसलाई सकभर दोधारमा पार्छ । यसकारण यो मानिस अलमल्ल परेर 'कुनै सत्य छ के' भन्न पुग्छ । यस्तो मानिसको दिमागमा सबै विचारहरू माथि-तल परेका छन् । यस व्यक्तिले आफ्नो अवस्था जान्न सक्दैन । *'तिनीहरू फनफन घुम्छन्, मातेको मानिसझैं धरमरिन्छन्, र अकलगुम हुन्छन्'* ( भजन १०७ : २७ ) । जति बढ़ी मानिस-हरूले पवित्र बाइबल पढ्छन् र तिनीहरूको जीवनमा अनुग्रह ल्याउने कुरा-हरूमाथि ध्यान दिन्छन्, त्यति नै बढ़ी शैतानले तिनीहरूलाई शङ्का गर्ने र नास्तिक हुने परीक्षामा पार्छ । कहिल्यै मनमा नउठेका शङ्काहरूले तिनीहरूलाई सताइरहेका छन् र तिनीहरूमा परमेश्वरप्रतिको ध्यान भङ्ग गर्छन् । तर तिनी-हरूको जीवनमा वास बसेको शत्रुले निस्कने आदेश पाएको छ । यसकारण त्यहाँ रहुन्जेल त्यसले सकभर धेरै हानि गर्छु भन्ने निश्चय गरेको छ । यसकारण बुझ्नुहोस्ः त्यसले महान्-महान् सत्यताहरू बिगार्छ र अमूल्य आशाहरू भ्रष्ट पार्छ । त्यसले यो सबै किन गर्छ ? यस लाचारी मानिसमाथि आफ्नो ठूलो रिस खन्याउन त्यसले जुनैपनि घृणित युक्ति निकालिहाल्छ ।

अनि यस्तो बेलामा शैतानले घरि-घरि हाम्रो स्वभावका सबैभन्दा तुल्छ, फोहोर अभिलाषाहरू उठाउन र हामीलाई ती कुइच्छाहरूको वशमा ल्याउन उपद्रव मच्चाउँछ । आत्मिक रूपले जागेको मानिसले आफूलाई पहिले कुनै समयमा अनुभव नगरेका दुष्ट र फोहोर पापका परीक्षाहरूमा जेलिएको

भेट्टाउँछ र यस कुरामा अचम्म मान्छ। उसले यस्तो हमलाको विरोध त गर्छ र यसको सामना गर्न खोज्छ; तर त्यो आक्रमण यति प्रबल हुन सक्छ, कि ऊ पापमा गिर्छ। उसले आफ्नो शारीरिक स्वभाव यति साह्रै बिग्रेको पत्याउन सक्दैन। स्वर्ग जान खोज्ने मानिसले यस्तो समयमा मानौं आफूलाई सातवटा शक्तिशाली दुष्ट आत्माद्वारा अनन्त विनाशको खाड़लतिर घिसारिएको समान भेट्टाउँछ। यस्तै उसले पाप कहिल्यै जानेको थिएन, न ता ऊ अघि कहिल्यै यति ज्यादा पापको वशमा भएकै थियो। कुनै मानिस पापमा मग्न हुँदाखेरि शैतानी सेना आफ्नो किल्लाभित्र आरामसँग सुतिरहेको हुन्छ, तर कसैको हृदयमा प्रभु येशूको प्रेम चम्केको छ भने, नरकीय फौजले अति दुष्ट व्यवहार देखाएर उसको मनमा उठेका सबै असल विचार र असल भावनाहरू कुल्चीमिल्ची पार्छ।

अनि शैतानले अझ अर्को तरिकाले मुक्ति खोज्ने मानिसलाई आक्रमण गर्छ। त्यसले कड़ाभन्दा कड़ा दोष र आरोपहरू लगाउँछ। कोही मानिस-हरूलाई त्यसले कहिल्यै दोष्याउँदैन; किनभने ती मानिसहरू त्यसका घनिष्ठ साथी हुन्। तर जब त्यसले कुनै मानिसलाई गुमाउन लागेको छ, तब त्यस मानिसप्रति त्यसको व्यवहार र बोली बदलिन्छ; अनि त्यसले उसलाई विभिन्न आरोप लगाएर दोषी तुल्याउँछ। त्यसले यसो भन्दै चिच्च्याउँछः 'अनि तिमीले मुक्ति पाएको, हो र? यो त असम्भव छ। तिमी कस्तो मानिस थियौ, यो तिमी आफैले राम्ररी जान्दछौ नि। तिम्रो बितेको जीवन याद गर!' त्यसपछि त्यसले यस मानिसको सामु पापको ठूलो रास थुपारेर यसो भन्दै उसलाई दोष्याउँछः 'अरे, तिमी ख्रीष्ट-विश्वासी, कसरी? किनकि तिम्रो जीवनमा केही सुधार आएको बहाना गर्दै गरेको समयदेखि यता र अनुग्रह प्रदान गर्ने कुराहरूमा लागिपरेको समयदेखि तिमी फेरि कति अभिलाषी भएको, तिमीले पछाड़ि हेरेको र पुरानो जीवनका मोजमज्जाहरूमा मन लगाएको, होइन र? तिमी ख्रीष्टको चेला, अहँ, यो त सोचदेखि बाहिरको कुरा हो। तिमीजस्तै नालायकलाई प्रभु येशूले आफ्नो घरमा राख्नुहुन्न। तिमी-जस्तोलाई भर्ना गर्ने पल्टनले यी महान् कप्तानको अपमान गर्छ, र उहाँ यस्तो सेनाको अगाड़ि हिँड्नै सक्नुहुन्न; उहाँको निम्ति यो असम्भव छ।'

श्री जोह्न बन्यनले 'यात्रीको प्रगति' नामक किताबमा अपोल्लियोनलाई अर्थात् विनाशकलाई यस यात्रीको सामुन्ने बाटोमा उभिरहेको र नरकको नाममा

शपथ खाएर उसलाई अगाड़ि बढ्न नदिएको कुरा बयान गरेका छन् । त्यस बखतमा त्यस विनाशकले यात्रीको प्राण लिन खोजेको थियो । यसकारण त्यसले उसमाथि अनेकौं अग्नि-वाणहरू हान्न थाल्यो । ती वाणहरूमध्ये योचाहिँ पनि थियोः 'शुरुमा, यात्रा गर्न थालेको बेलामा, जब तिमी शङ्कारूपी तलाउमा झन्डै डुबेर मरेका थियौ, त्यस बेलामा तिमी मूर्च्छा परेका थियौ । अनि सिंहहरू देख्दा तिमी फर्किन लागेका थियौ । तब बुझः त्यस बेलामा नै तिमीले आफ्नो नयाँ स्वामीप्रति विश्वासघात गरिसकेका थियौ ।'

आउनुहोस्, हामी शैतानले हामीलाई हाम्रो पापको खातिर हप्काउँछ भन्ने कुरा एकक्षण विचार गरौं । पापको भारीले थिचिनुभएको लाचारी भाइ-बहिनीहो, तपाईंले त्यस तपाईंसित छलकपट गरेर दोष्याउने शैतानलाई खिसी गर्ने आँट गर्नुहोस् ! किनभने त्यसले आफ्नो खिसी गरिएको मन पराउँदैन, तर त्यसको खिसी गर्नुपर्छ, किनकि त्यो खिसी गरिनुको योग्य छ । हे सियोनकी छोरी, त्यसलाई हाँसोमा उड़ाऊ ! किनभने त्यसको समय छोटो भएको हुनाले त्यसको रिस ठूलो भएको हो । हाम्रो विरोधमा दोष लगाउने त्यो को हो र ? त्यसले आफूलाई विचार गरोस् । त्यसले धेरै कुराहरूको सम्बन्धमा लेखा दिनुपर्छ । अनि जब त्यसले आफ्नो भेष बदली गरेर अभियोक्ताको रूप धारण गरेर हामीलाई आक्रमण गर्छ, तब परमेश्वरका छोराछोरीहरूको निम्ति त्यसको खिसी गर्ने समय आएको छ । तर यस्तो स्थितिमा हाँस्नु सजिलो होइन; किनभने हाम्रो मुटु वेदनाले छेड्न लागेको छ ।

यस्तो समयमा शैतानले यस लाचारी, अलमल्ल परेको मानिसको मनमा निन्दाका बाढ़ीहरू बहाउँछ । यो कुरा स्पष्ट छ । किनभने जब म सानो थिएँ, तब मैले कुनै ईश्वर-निन्दाको शब्द सुनेको थिइनँ । किनकि मैले ठूलो स्याहारमा र हानि गर्ने सबै कुराहरूबाट जोगिएर हुर्किन पाएको हुनाले मैले एक-दुई पल्ट मात्र कुनै अश्लील शब्द सुनें होला । तर जब मैले प्रभु येशूमा मुक्ति खोज्न थालें, तब मलाई निम्न विशेष घटना सधैं याद आउँछः मानिसको मनमा उठ्न सक्ने सबैभन्दा घिनलाग्दा ईश्वर-निन्दाका वचनहरू मेरो दिमागभित्रबाट उठ्न र मेरो मनमा हलचल मच्चाउन थाले । अनि ती अपशब्दहरूमध्ये एउटा पनि मैले उच्चारण नगरूँ भन्ने हेतुले मैले डरले मेरो मुख आफ्ना हातले छोपें । याद गरोस्, यी घिनलाग्दा शब्दहरूमध्ये एउटाको विषयमा मैले मनमा विचारै गरेको थिइनँ, न ता मेरो सम्झनाबाट मैले यस्तो

कुनै शब्द झिकाएँ । होइन, तर ती सबै शब्दहरू शैतानले सुझाउको रूपमा अचानक मेरो मनमा हाल्यो; यसकारण त्यसले त्यहाँ पैदा गरेका शब्दहरू बिलकुल त्यसका दुष्ट रचना थिए । सम्भव भए, यस हमलाद्वारा त्यसले मलाई निराशामा डुबाउन चाह्यो ।

श्री जोह्न बन्यनको जीवनी पढ्नुहोस् ! तब शैतानले यही प्रकारका आतङ्कहरूद्वारा तिनलाई कसरी पाँच वर्षसम्म पीड़ा दिएको थियो, सो तपाईंले जान्नुहुनेछ । शैतानले तिनलाई यसो भन्ने गर्थ्यो: 'ख्रीष्ट येशूलाई छोड़िदेऊ ! ख्रीष्ट येशूलाई छोड़िदेऊ ! ख्रीष्ट येशूलाई छोड़िदेऊ !' दिउँसो, जब तिनले काम गरिरहेका थिए, त्यसले तिनलाई 'ख्रीष्ट येशूलाई छोड़िदेऊ ! 'ख्रीष्ट येशूलाई छोड़िदेऊ !' भन्ने शब्द तिनको कानमा सधैं फुकेर भन्थ्यो । अन्तमा जब यो मानसिक तनाउ तिनले अझ बढ़ी सहन सकेनन् र आफ्नो मनमा यसो भने: 'ठिक्कै छ, उहाँले मलाई छोड़ेर जान चाहनुभयो भने, उहाँ मलाई छोड़ेर जाऊन् ।' तब तुरुन्तै शैतानले तिनलाई यसो भन्दै दोष लगाउन थाल्यो: 'अब तिम्रो निम्ति कुनै आशा छैन । अबदेखि उसो तिमीसित प्रभु येशूको के सरोकार छ ? किनकि तिमीले उहाँलाई त्यागिहाल्यौ । तिमी आफ्नो स्वामीलाई विश्वासघात गर्ने यहूदा इस्करयोती भयौ ।' त्यसपछि जब यी लाचारी मानिसले आँसु बहाउँदै-बहाउँदै प्रभुको खोजी गरे र उहाँमा फेरि शान्ति पाए, तब शैतानले अर्को डरलाग्दो भ्रम तिनको मनमा फुकेर तिनलाई पक्रन खोज्यो । जोह्न बन्यनलाई आफ्नो एक अमूल्य दास सम्झेर शैतानले तिनलाई हतपत छोड्न चाहँदैनथियो । सायद प्रभु येशूलाई पाएपछि तिनी लेखक भई कत्रो निपुण परमेश्वरको सेवक बन्नेछन् र तिनले लेखेका दर्शनहरूले पुस्ता-पुस्ताका मानिसहरूको हृदय आकर्षन गर्नेछन् भन्ने कुरा त्यस शत्रुलाई भान भएको हुनुपर्ला । यसकारण त्यसले तिनलाई आफ्नो पक्राउबाट निस्कन दिन चाहँदैनथियो, तर तिनलाई आफ्नै सेवामा राखिछोड्न चाहेर आफ्नो सारा नरकीय सेना भेला पारेर त्यसले तिनलाई सकभर ठूलो हानि गर्‍यो । तर श्री जोह्न बन्यन उम्के, र तिनीजस्तै अरू मानिसहरू पनि उम्कनेछन् ।

हे शैतानका दासदासीहरूहो, ख्रीष्ट येशूकहाँ भागेर जान सक्ने अनुग्रह तपाईंहरूलाई मिलेको होस् ! शैतानका अधिकारमनिबाट फुट्टै निस्केर आउनुहोस् ! नत्र ता अवश्य त्यसले जबसम्म मौका पाउँछ, तबसम्म तपाईंहरूमाथि आफ्नो ठूलो रिस पोख्दै तपाईंहरूलाई दुःखकष्ट दिनेछ ।

## ग) शैतानका हमलाहरूदेखि हामी कसरी बाँचौं ?

अउनुहोस्, हामी अब यस विषयमा तेस्रो कुरा विचार गरौं । शैतानका हमलाहरू हामीमाथि आइपर्दाखेरि हामीले कुन प्रकारको नीति अपनाउनुपर्छ ? शैतानको समय छोटो भएको हुनाले त्यसले हामीप्रति आफ्नो ठूलो रिस देखाउँदा हामीले शैतानसित कसरी व्यवाहर गर्नुपर्छ, सो कुरा हामी हेर्न लागेका छौं ।

शुरुमा मैले तपाईंलाई भन्नुपर्ने कुरा यो होः यदि शैतानले यति धेरै रिस गर्छ भने हामीले नभन्दै त्यसलाई छिटोभन्दा छिटो निकाल्नुपर्छ । यदि त्यो चुप लागे तापनि हामीले त्यससितको हाम्रो सङ्गत र सरोकार टुटाउनुपर्छ । तर त्यसले हामीप्रति आफ्नो ठूलो रिस देखाउँछ भने हामी त्यसलाई तत्कालै निकालौं । परमेश्वरको नाममा म तपाईंलाई भन्छुः त्यो रन्किँदा हामीले त्यसलाई हिर्काउनुपर्छ । त्यसलाई निकाल्ने कुनै उपाय छ भने, ढिलो नगरी हामीले त्यसलाई तुरुन्तै, त्यही घड़ीमै, जसरी भए पनि हाम्रो उपस्थितिबाट निकाल्नुपर्छ । त्यो रिसाएको शैतान, जसले हामीलाई ईश्वर-निन्दा गर्न लाउँछ, र त्यसपछि हामीलाई दोष लगाउँछ, जसले हामीलाई पापमा फसाउन खोज्छ, र हामीलाई पापको वशमा छोड़िदिन्छ, त्यसलाई हाम्रो हृदयमा वास गर्ने ठाउँ दिनु धेरै खतरा कुरा हो । त्यसलाई हामीले सहनुहुँदैन । त्यो निस्कनुपर्छ, तरुन्तै निस्किहाल्नुपर्छ । शैतान हाम्रो हृदयमा बस्नुभन्दा जङ्गलका सिंहहरू हाम्रो घरमा ओत बस्नु असल हो ।

हे प्रभु येशू, तपाईंको अनुग्रहमा त्यसलाई एकैपल्टमा सधैंको निम्ति हाम्रो जीवनबाट निकालिदिनुहोस् ! हामीले अबदेखि उसो सधैं त्यससित लड़ाइँ गर्ने निर्णन लिएका छौं । हामी ढिलो गर्नेछैनौं । हामी बियालो गरी बस्न सक्दै-सक्दैनौं । किनभने हाम्रो जीवन अमूल्य छ । भोलि होइन, तर आज नै त्यो सताउने दुष्ट शासक यहाँबाट निस्कनुपर्छ । यो हाम्रो जीवनरूपी डेरा उठाइसकेपछि होइन, तर अहिले नै, हे प्रभु, त्यस पुरानो साँपलाई र त्यसको सारा नरकीय सेना धपाएर निकाल्नुहोस् !

हामीले तपाईंलाई पहिले दिएको सल्लाह यो होः परमेश्वरको अनुग्रहमा त्यो शत्रु शैतान एकैचोटिमा निकालिएको होस् ।

अनि दोस्रो कुरा यस प्रकारको छः कुनै सहायताविना हामीले त्यसलाई आफ्नो कोशिशले निकाल्न नसकेका हुनाले आउनुहोस्, हामी सर्वशक्तिमान् परमेश्वरको शरण परौं र उहाँको शक्ति पाउन उहाँलाई पुकार गरौं ! उहाँले नै त्यस आकाशी सेनाका दुष्ट शासकलाई निकाल्न सक्नुहुन्छ । येशू ख्रीष्टतिर लगाइएको हाम्रो एकै हेराइमा जीवन छ । त्यो नयाँ जीवन हामीभित्र पस्नासाथ त्यो अन्धकारको शासक निस्किजानुपर्छ । अबदेखि उपरान्त त्यसले हामीमाथि शासन गर्न र हामीलाई आफ्नो वशमा पार्न पाउनेछैन । प्रिय मित्र, केवल प्रभु येशूतिर आफ्ना आँखा उठाएर उहाँलाई हेर्नुहोस् ! तब शैतानको विष तत्कालै झर्छ । किनभने उहाँतिर हेर्नुबाहेक तपाईंको निम्ति अरू कुनै उपाय छैन । तपाईं जो हैरान हुनुहुन्छ, र झन्डै शैतानद्वारा निलिनुभएको छ, तपाईंको निम्ति अहिले नै प्रभु येशूकहाँ शरण लिने र उहाँको आड़भरोसा गर्ने समय आएको छ । तपाईंलाई बचाउन उहाँ तत्पर हुनुहुन्छ; तपाईंलाई बचाउन उहाँ सामर्थी हुनुहुन्छ ।

आमोसको पुस्तकको तीन अध्यायको बाह्र पदमा तपाईंले निम्न खण्ड जान्नुहुन्छ होला, जहाँ एउटा गोठालाको विषयमा लेखिएको छ, जसले सिंहको मुखबाट भेड़ाको दुईवटा खुट्टा वा कानको एक टुक्रा छुटाउँछ । त्यो भेड़ा प्रायः निलिइसकेको थियो, तर त्यस गोठालाले सिंहको मुखबाट त्यसको सिकारको अन्तिम टुक्रा तानेर निकाल्यो । आफ्नो अवस्थाको विषयमा दुईवटा खुट्टा र कानको एउटा टुक्रा हुने गरी निलिनुभएको जस्तै तपाईंलाई लाग्यो होला । यस्तो भए पनि हाम्रा महिमित गोठाला प्रभु येशूको चरणमा पर्नुहोस् ! प्रभु येशूले तपाईंलाई सिंहका दाँतबाट खोसेर निकाल्न र तपाईंलाई पूरा रूपले निको पार्न सक्नुहुन्छ; किनभने उहाँले आफ्ना भेड़ाहरूमध्ये एउटालाई पनि हराउनुहुन्न; त्यो भेड़ा अन्तिम स्थितिमा पुगे पनि उहाँले त्यसलाई गुमाउनु-हुनेछैन । उहाँ तपाईंलाई पनि गुमाउनुहुन्न । यसकारण आफ्नो जीवन उहाँको हातमा सुम्पनुहोस् !

शैतानको विरोध गर्दा तपाईंले अरू के गर्न सक्नुहुन्छ ? तपाईंले त्यसलाई पूरा रूपले छोड्न माग्नुहुन्छ, तब तपाईं के गर्न सक्नुहुन्छ ? तपाईं यत्ति गर्नुहोस्ः त्यसको विरोधमा त्यसकै मालिकको पुकार गर्नुहोस् ! शैतान शक्तिशाली छ, तर त्यसको विरोधमा सर्वशक्तिमान् परमेश्वरलाई लगाइ-दिनुहोस् ! तपाईंलाई झूटो दोष लगाउने शैतानलाई तपाईंको वकिलकहाँ

ल्याउनुहोस् ! जब त्यसले तपाईंको सामु तपाईंका पापहरूको दोष देखाउँछ, तब त्यसको मुखमा प्रायश्चित्त गर्ने प्रभु येशूको रगत फ्याँक्नुहोस् ! किनभने त्यसलाई आफ्नो ओड़ारमा भाग्न लाउने परमेश्वरको वचनको खण्ड यस प्रकारको छः *'उहाँको पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ'* (१ यूहन्ना १ː७) । अनि अर्को खण्ड पनि छः *'यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन होः ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिन यस संसारमा आउनुभएको हो, अनि तीमध्ये मुख्य म नै हुँ'* (१ तिमोथी १ː१५) ।

त्यस धूर्त शत्रुसित आफ्नो युक्ति र शक्तिले लड्न छोड्नुहोस् ! त्यस पुरानो साँपलाई कुनै जवाफ नदिनुहोस् ! 'तिमी निन्दा गर्ने हौ' भनेर त्यसले तपाईंलाई दोष लगायो भने, त्यो कुरा मानिलिनुहोस् ! 'तिमी पूरापूर हराएका छौ' भनेर त्यसले तपाईंलाई भन्यो भने, त्यो कुरा स्वीकार गर्नुहोस् ! त्यसपछि तपाईंले आफूलाई प्रभु येशूको हातमा सुम्पिदिनुहोस् र उहाँको शरण पर्नुहोस् ! तब उहाँले तपाईंको शत्रुलाई जितेर तपाईंलाई तत्कालै छुटकारा दिनुहुन्छ ।

निम्न कुराले तपाईंलाई अझै सान्त्वना दिनेछः जति बढ़ी त्यसले रिस गर्छ, त्यति नै तपाईंले 'त्यो अब चाँड़ै हटेर जानेछ' भन्ने कुरामा पक्का हुन सक्नुहुन्छ, र तपाईंको दुःखी, व्याकुल हृदयले यस कुराबाट साहस लिनुपर्छ । म निर्धक्कसँग तपाईंलाई भन्छुः अरू कुनै तरिकाले होइन, तर 'त्यो अब छिटै हटेर जानुपर्छ' भन्ने कुरामा निश्चित हुनुहोस् ! यस कुरामा तपाईंको विश्वासको निश्चयताले त्यसलाई तुरुन्तै भाग्न लाउनेछ । तपाईंलाई साहस र हिम्मत दिने यस आशारूपी हतियारदेखि शैतान डराउँछ । यसकारण 'छिट्टै तँ गइहाल्नैपर्छ' भन्ने कुरा त्यसलाई भन्नुहोस् ! त्यसले तपाईंलाई दोष लगाइरहेको र तपाईंको मनमा विष हालिरहेको थियो । तपाईंको मनमा निन्दाका वचनहरू हालेर त्यसले तपाईंलाई छल गर्‍यो र यी निन्दाका वचनहरू तपाईंबाट आए सम्म तपाईंलाई विश्वास दिलाउन त्यो सफल भयो । तर खास गरी ती निन्दाका वचनहरू तपाईंबाटका होइनन्, तर शैतानको तर्फबाट आएका हुन् । यसकारण त्यसलाई भन्नुहोस्ः 'चाँड़ै तँ हटेर जानैपर्छ; ठिक्कै छ, तँ अहिले रिस गर्छस्, तर तँ जानैपर्छ ।'

'तिमीमाथि मेरो पूरा अधिकार छ; तिम्रो शरीर र आत्मा मेरै हुन् । मैले तिमीमाथि जय पाएको छु' भनी त्यसले तपाईंलाई भन्ला । तब त्यसलाई यो भन्नुहोस्ः 'ठीक छ, तैंले हालैसम्म मलाई जितेको थिस्; तर यो कुरा थाहा गर्ः चाँड़ै तैंले मलाई छोड़ेर जानैपर्छ; किनकि म प्रभु येशूमाथि विश्वास गर्छु ।'

त्यसले भन्ला: 'तिमी हराएका छौ, सदाको निम्ति हराएका छौ ।' तपाईंलाई निल्न त्यसले तपाईंमाथि यसरी गर्जन्छ । यसकारण त्यसलाई भन्नुहोस्: 'म निश्चय नै हराएको भए तैंले मलाई यसो भन्नेथिइनस्; म हराएको भए तैंले मेरो कानमा मीठा-मीठा गीत पो गाउनेथिस् ? तँ मबाट गइहाल्नैपर्छ; तँलाई यो थाहै छ, तँ जानैपर्छ ।' अनि त्यसले भन्ला: 'तिमीले मुक्ति पाएको कसरी ? तिमी मुक्ति पाउन सक्दै-सक्दैनौ । किनकि तिमी बिलकुल दोषी छौ । तिमी नरकको सबैभन्दा ठूलो रापको ज्वालामा बस्नैपर्छ ।' तब त्यसलाई भन्नुहोस्: 'अचम्म ! कसले तँलाई मलाई यसो भन्न पठाएको छ ? तैंले कहिल्यै सत्य बोलेकै छैनस् । शुरुदेखि नै तँ झूट बोल्ने थिस् । तँ निस्केर जानैपर्छ; यो कुरा तँलाई पूरा थाहा छ, यसकारण तैंले मलाई यसो भनेको छस् ।' यस्तो प्रकारले त्यसलाई जवाफ दिनुहोस् ! अनि त्यो चाँड़ै तपाईंको उपस्थितिबाट निस्केर जानेछ । त्यसलाई भन्नुहोस्: 'हे मेरो बैरी, तँ मेरो विरोधमा नरमा; किनकि म लड़े पनि म फेरि उठिहाल्नेछु ।'

त्यसलाई भन्नुहोस्: 'तेरा मालिकलाई मैले चिनेको छु ।' त्यसलाई भन्नुहोस्: 'तैंले मेरो कुर्कुच्चो डसेको छस्; तर के तैंले तेरो टाउको कुच्च्याउनुहुनेलाई चिन्दैनस् ?' त्यसको कुच्च्याइएको टाउको त्यसलाई देखाउनुहोस् ! सकेसम्म त्यसले त्यो सधैं हामीबाट लुकाउन खोज्दैछ । यसैले त्यसलाई भन्नुहोस्: 'तेरो मुकुट झरेको छ, टुक्रा-टुक्रा पारिएको छ ।' त्यसको हार कहिले र कुन ठाउँमा र कसद्वारा भएको हो, सो त्यसलाई सफासँग बताउनुहोस् !

तपाईंले शैतानलाई यी कुराहरू भन्दा-भन्दै त्यो तपाईंदेखि पछि हट्नेछ । तब तपाईंले आफूलाई एकलै छोड़िनुभएको र प्रभु येशू मात्र तपाईंको साथमा हुनुभएको अनुभव गर्नुहुनेछ । त्यसपछि प्रभु येशूले तपाईंलाई भन्नुहुनेछः *'तिमीलाई दोष लगाउनेहरू कहाँ छन् ?'* वरिपरि हेरेर तपाईंले शत्रु साँच्चै निस्केर गएको थाहा पाउनुहुनेछ । तब तपाईंको धन्यवाद पाउनु योग्यको प्रभु र स्वामीले तपाईंलाई भन्नुहुनेछः *'म पनि तिमीलाई दोषी ठहऱ्याउँदिनँ; जाऊ, र अबदेखि उपरान्त पाप नगर !'* (यूहन्ना ८:१०-११) । प्रभु येशूले हामीलाई यस प्रकारले हाम्रो परम शत्रुदेखि छुटकारा दिनुभएको होस् । प्यारा प्रभु येशू, तपाईंको सर्वोच्च नाममा हामी अहिले नै शैतानबाट सधैंको निम्ति छुटकारा पाउन सकौं । आमेन !

# ३

# शैतानी बाधाहरू

*'शैतानले हामीलाई रोक्यो ।'*

*१ थेस्सलोनिकी २:१८*

प्रेरित पावल, तिनको सहकर्मी सिलास र भाइ तिमोथी थेस्सलोनिकामा भएको मण्डलीलाई भेट्न जान धेरै इच्छुक थिए, तर तिनीहरूले त्यहाँ जान सकेनन् । तिनीहरूले त्यहाँ जान नसकेको खास कारण के थियो, यसको बारेमा यस पदमा स्पष्ट बताइएको छः 'शैतानले हामीलाई रोकेको ।' तिनीहरूले इच्छा नगरेका होइन; किनभने तिनीहरूले थेस्सलोनिकामा बस्ने विश्वासीहरूलाई खूब माया गर्थे, र उनीहरूलाई फेरि व्यक्तिगत रूपले भेट्ने तिर्सना गरिरहेका थिए । तिनीहरूले थेस्सलोनिकामा भएका विश्वासीहरूको विषयमा यसो भनेका थिएः

*'हाम्रा प्रार्थनाहरूमा तिमीहरूको सम्झना गर्दै हामी सधैं तिमीहरू सबैको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछौं; हाम्रा परमेश्वर पिताको सामुन्ने तिमीहरूको विश्वासको काम, तिमीहरूको प्रेमको परिश्रम र*

*हाम्रा प्रभु येशू ख्रीष्टमा भएको आशाको खातिर तिमीहरूको धीरज निरन्तर सम्झना गर्छौं'* (१ थेस्सलोनिकी १ः२-३)।

यसकारण बुझ्नुहोस्ः ती तीनैजनाले सँग यस मण्डलीसित भेट हुने इच्छा गरे, तर तिनीहरू यसो गर्नदेखि रोकिए। तब थेस्सलोनिकीहरूको वास्ता गर्दै तिनीहरूले तिमोथीलाई, तिनले केही समय उनीहरूको बीचमा सेवकाई गरून् भन्ने हेतुले उनीहरूकहाँ पठाए। तिनीहरूको इच्छा भए पनि तिनीहरू रोकिए; किनकि तिनीहरूको बल पुगेन।

तिनीहरू परमेश्वरको विशेष पूर्वयोजनाअनुसार रोकिएका थिएनन्। प्रेरित पावललाई जहाँ जान मन लागेको थियो, कुनै-कुनै समयमा त्यहाँ जान मनाही गरिएको कुरा हामी पवित्र बाइबलमा पढ्छौं, जस्तैः *'तिनीहरूले बिथिनिया जाने कोशिश गरे, तर आत्माले तिनीहरूलाई अनुमति दिनुभएन'* (प्रेरित १६ः७), अनि *'पवित्र आत्माद्वारा तिनीहरूलाई एशियामा वचन प्रचार गर्न मनाही गरियो'* (प्रेरित १६ः६)। तिनीहरूले एशियामा होइन, तर युरोपमा नै अपार अवर्णनीय आत्मिक धनस्वरूप ख्रीष्ट येशूको सुसमाचार प्रचार गरून् भनेर तिनीहरू आफ्नो बाटोमा त्रोआसमा आइपुगे।

तर तिनीहरू थेस्सलोनिकामा उपस्थित हुन नसकेको खास कारण तिनीहरूले परमेश्वरबाट आएको कुनै रोकावटमा देख्न सकेनन्। यो रोक्ने कारण त्यस ठूलो शत्रुबाट नै आएको थियो; तिनीहरूलाई यस्तो लाग्दैथियो; यसकारण प्रेरित पावलले लेखेः 'शैतानले हामीलाई रोकेको।' शैतानले यसो कसरी गर्न सक्यो त ? यस विषयमा हामी कुनै निश्चित सिद्धान्त स्थापित गर्न सक्दैनौं; अनि यसो गर्न फाइदा पनि छैन। तर विचार गरेर हामीले यसको बारेमा अनुमान लगाउन सक्छौं। हुन सक्छ, जुन टिप्पणी श्री ब्याग्स्टरले हाम्रो मण्डली-भवनमा राखिएको बाइबलमा यस पदको छेउमा लेखे, त्यस टिप्पणीमा व्यक्त गरिएको विचार सय होला, जहाँ यसो लेखिएको छः 'बेरियामा र अरू अन्य ठाउँहरूमा शैतानले पावलको विरोधमा ठूलो सतावटको आँधीबेह्री मच्चायो र तिनलाई रोक्यो। अनि त्यो आँधीबेह्री अलिक शान्त नभएसम्म पर्खेर बस्न र त्यसपछि उनीहरूको भेटघाट गर्न उचित देखिन्थ्यो।'

तर उक्त टिप्पणीमा व्यक्त गरिएको कुराले मात्र तिनीहरूलाई रोकेको हो, सो मलाई लाग्दैन। किनभने प्रेरित पावल एकदम साहसी मानिस थिए।

थेस्सलोनिकामा जाने पावलको ठूलो चाहना भएपछि कुनै सतावटको डरले तिनलाई त्यहाँ जानदेखि रोक्न सक्नेथिएन होला; यो मेरो विचार र अड्कल मात्र हो । तिनी घमासान लड़ाइँको तापमा पस्नदेखि कहिल्यै हटेनन् । तर साँचो वीर योद्धाझैं, जहाँ तिनका शत्रुहरू भेला हुन्थे, त्यहाँ जान तिनी प्रसन्न हुन्थे । यसकारण सायद, एथेन्समा विभिन्न दर्शनशास्त्रीहरूसित भेट्दाखेरि पावलले प्रचार गरेको सुसमाचारमाथि विरोध आएकोले गर्दा र कोरिन्थमा, जहाँबाट तिनले थेस्सलोनिकीहरूलाई यो उक्त पत्र लेखे, तिनले भेट्टाएका झूटा शिक्षाहरूले गर्दा तिनी त्यहीं रहन खाँचो परेको थियो होला । तिनले यी आत्मिक लड़ाइँमा जुट्ने र रणभूमिमा उत्रेका यी मण्डलीहरूलाई उनीहरूका शत्रुहरूको हातमा छोड्न सकेनन् । तिनले ती स्वाहा पार्ने क्रूर ब्वाँसाहरूसित लड्नुपरेको थियो र ज्योतिर्मय स्वर्गदूतहरूको भेष लिने ती झूटा शिक्षकहरू को-को हुन्, सो उनीहरूलाई चिनाउनुपरेको थियो ।

शैतानले सत्यताका यी विभिन्न शत्रुहरूलाई उक्साएर विरोध गर्ने काममा एकदम व्यस्त बनायो । यसकारण प्रेरित पावल र तिनको साथमा रहने सहकर्मीहरू थेस्सलोनिकामा जानदेखि रोकिए । हुन सक्छ, जुन मण्डली-हरूकहाँ पावल जान लागेका थिए, ती मण्डलीहरूभित्र शैतानले झगड़ा र फूट ल्यायो होला । यसकारण ती समस्याहरू समाधान गर्न पावल पहिले एउटा मण्डलीकहाँ, त्यसपछि अर्को मण्डलीकहाँ जानुपरेको थियो होला । किनभने तिनले आफ्नो आत्मिक अधिकारमा ती मण्डलीहरूका विभिन्न टुक्रिएका दलहरू फेरि एकतामा ल्याउन चाहन्थे । सतावट, झूटो शिक्षा वा मण्डलीभित्र आएको फूट – तिनलाई रोक्ने कारणहरू यी थिए होला । तर हामी तिनलाई रोक्ने खास कारण के थियो, सो हामी निश्चित रूपले भन्न सक्दैनौं । तर बाधा रच्ने शैतान यी बाधाहरू प्रयोग गर्ने मूल थियो; यस कुरामा हामी निश्चित छौं ।

शैतानले पावल र तिनको सेवकाईमा किन यति ध्यान दिएको ? ती तीनजना मानिसहरूलाई थेस्सलोनिकाको मण्डलीमा जानदेखि रोक्न शैतानले किन यति चासो लिएको ? यो कुरा तपाईंलाई अचम्म लाग्छ होला । यसबाट ख्रीष्ट येशूका सेवकहरूको काम कति महत्त्वपूर्ण छ भन्ने कुरा हामी बुझ्छौं । यहाँ सारा दुष्टताको रचनाकार, आकाशी सेनाको दुष्ट शासकले यी तीनजना नम्र मानिसहरूका यात्राहरूमा खूब ध्यान दिएको हामी पाउँछौं । सम्राट नेरो वा तिबेरियसका क्रियाकलापहरूभन्दा उनीहरूको सेवकाई नै त्यसले ज्यादा

ख्याल गर्थ्यो; यो स्पष्ट देखिन्छ । शैतानले यी अनुग्रहका प्रचारकहरूलाई उनीहरूदेखि सबैभन्दा बढ़ी डराउनुपर्ने शत्रु ठान्थ्यो । उनीहरूले येशूको नाम प्रचार गरे, जुन नामदेखि नरक थरथर काम्छ। उनीहरूले परमेश्वरको धार्मिकता घोषणा गरे, जुन धार्मिकताको विरुद्धमा शैतानले पूरा बल लगाउँथ्यो; किनकि त्यसले परमेश्वरको धार्मिकतालाई सधैं घृणा गर्थ्यो र यसको विरोध गर्थ्यो । यसरी उनीहरूमाथि खराब दृष्टि लगाएर दिनदिनै त्यस परम शत्रुले उनीहरूको हरेक कदममाथि ध्यान लगाउँथ्यो । आहा, उनीहरूलाई हरेक कदममा बाधा दिने शैतानका कस्ता धूर्त हातहरू !

याद रहोस्ः थेस्सलोनिकीहरूको मण्डली भर्खर स्थापित भएको थियो, र अझ कमजोर थियो । यसकारण शैतानले ती प्रेरितहरूलाई यस मण्डलीकहाँ जानदेखि रोक्न चाहेको कुरा हामीलाई घत लागेको छ । पावलको प्रचारद्वारा र तिनको उपस्थितिबाट यस मण्डलीले कुनै आत्मिक सहायता र स्याहार नपाओस् भन्ने उद्देश्यले त्यसले यस मण्डलीलाई यो नव बालक छँदै मार्न चाह्यो । शुरुदेखि नै त्यसले थेस्सलोनिकामा सुसमाचार प्रचार गर्ने कामलाई अधिक घृणा गरेको थियो । अनि हुन सक्छ, पावलले त्यो ठाउँ छोड़ेपछि कसैले पनि त्यहाँ फेरि खुल्लमखुल्ला सत्यको वचन प्रचार गरेन होला । सुसमाचारको सत्यताले आगोझैं मानिसहरूको बीचमा फेरि एकपल्ट सल्कनेछ र आगलागीझैं अनुग्रहको ज्वालाले धेरैजनालाई पक्रनेछ भन्ने कुरादेखि शैतानलाई डर थियो ।

अनि यस कुराबाहेक शैतानले ख्रीष्टका चेलाहरूको सङ्गति सधैं घृणा गर्छ । यसकारण त्यसले विश्वासीहरूलाई एक-अर्कादेखि अलग पार्न खोज्छ । पवित्र जनहरूको बीचमा फूट ल्याउने जुनसुकै कुरा त्यसले मन पराउँछ । आत्मिक सम्बन्धहरू हाम्रो निम्ति भन्दा त्यसकै निम्ति महत्त्वपूर्ण भएका रहेछन् । एकतामा हाम्रो बल हुन्छ; यसकारण त्यसले हाम्रो बीचमा फाटो ल्याउन सकभर कोशिश गर्छ । ठीक त्यस्तै, ती विश्वासी भाइबहिनीहरूले पावलको हृदय आनन्दित तुल्याउन नसकून् र तिनले उनीहरूलाई खुशी पार्न नपाऊन् भनेर त्यसले पावललाई उनीहरूकहाँ जानदेखि रोक्न चाहेको हो । ख्रीष्ट-विश्वासीहरूको आपसी सङ्गति र सहानुभूतिबाट सदा पाउने शक्ति तिनीहरूले गुमाऊन् भनेर त्यसले तिनीहरूको आपसी प्रेमको सङ्गति रोक्न खोजेको हो ।

शैतानले इमानदारी मानिसहरूलाई रोकेको यो एक उदाहरण मात्र हो। त्यसले सधैंभरि नै यस्तो काम गरिरहेको छ। हाम्रा कोही भाइबहिनीहरू शैतानी बाधाले गर्दा रोकिएका छन् भने, तिनीहरूले यस उदाहरणबाट सान्त्वना पाऊन्। अनि परमेश्वरको आत्माले हामीलाई शक्ति दिनुभयो भने हामी ती भाइबहिनीहरूलाई निम्न उत्तम र साहसी वचन भन्ने मौका पाऔं। यसको निम्ति हामीले यो निम्न विशेष घटना छानेका छौं; किनभने यस अग्नि-परीक्षामा परेका ती भाइबहिनीहरूले अनौठो मानिरहेका छन्।

## क) बाधा दिनु शैतानको उहिलेदेखिको बानी हो

शुरुमा हामीले यो कुरा बुझ्नुपर्छः उहिलेदेखि नै शैतानले जतातत्तै परमेश्वरको काम रोक्न खोज्दै आएको हो।

स्वर्गमा पुगेर सबै पवित्र जनहरूले आफ्नो परम शत्रुको सम्बन्धमा 'शैतानले हामीलाई रोकेको' भन्ने गवाही दिनेछन्। इतिहासको पन्नामा आफ्नो पवित्र जीवनद्वारा कुनै अनुच्छेद लेख्न पाउनेहरू सबैको गवाही यही होः 'शैतानले हामीलाई रोकेको'; अनि स्वर्गको राज्यका विवरणहरू जम्मा गरिएको अभिलेखमा लेखिएको हरेक पवित्र नाम यसको साक्षी हुनेछः 'शैतानले हामीलाई रोकेको'।

धर्मशास्त्र पवित्र बाइबलमा विभिन्न पवित्र जनहरूको जीवनमा तिनीहरूको स्वभावमा कुनै सुधारको काम नहोस् भनेर शैतानले बाधा दिएको हामी पढ्छौं। ऊज देशमा बस्ने अय्यूब नाम गरेका धर्मी जन परमेश्वरको दृष्टिमा निर्दोष र सीधा थिए। अनि यसो हेर्दा तिनी परमेश्वरको विश्वासी जन कस्तो हुनुपर्छ, यसको सिद्ध नमुना बन्ने लक्ष्यतिर असल प्रकारले अघि बढ़िरहेका थिए। अनि साँच्चै अय्यूबले यस्तो निर्दोष जीवन बिताउन सके, कि परम शत्रु शैतानले तिनको व्यवहार र काममा कुनै कलङ्क, कुनै खोट भेट्टाउन सक्दैन-थियो। यसकारण शैतानले परमप्रभुको सामु अय्यूबका संकल्प र अभिप्राय-हरूको बारेमा अभियोग लगाउन साहस गर्‍यो। शैतानले अय्यूबको जीवन जाँचेर हेर्‍यो, तर तिनमा त्यसले कुनै गल्ती पाएन। तर त्यसपछि त्यसले एउटा दुष्ट कल्पना गरेर परमेश्वरलाई यसो भन्योः *'के तपाईंले उसको*

*वरिपरि, उसको घरको वरिपरि र ऊसँग भएका सबै थोकहरूको वरिपरि, चारैतिर एउटा बार हाल्नुभएको छैन र ?'* (अय्यूब १:१०) ।

अय्यूबले आफ्नो जीवनद्वारा जुन धन्यवादको बलि परमेश्वरलाई चढ़ाए, त्यस जीवनरूपी धन्यवादको बलि शैतानले एउटा अभिशापमा परिणत गर्न खोज्यो; अनि यसो हुनाले त्यसले तिनलाई प्रहार गरेर बेसरी हिर्कायो । तिनीबाट त्यसले तिनको सारा धनसम्पत्ति खोसेर लग्यो । एकपछि अर्को हुने गरी अशुभ खबर ल्याउने दूतहरू तिनीकहाँ आइरहे, अनि तिनको सारा धनसम्पत्ति र तिनका सबै छोराछोरीहरू नाश भएपछि मात्र ती दुःखले पूर्ण सन्देशहरू आउन छोड़े । त्यसपछि ती लाचारी, कष्टले सताइएका मानिसको हड्डी र शरीर प्रहार गरियो । खरानीमा बसेर तिनले एउटा खपटाको टुक्रा लिएर आफूलाई कन्याउन थाले । तर यही अवस्थामा पनि अय्यूबको चरित्रमाथि कुनै पापको दाग लागेन । आफ्नो जीवनको चरित्र लेख्ने तिनको धीरजी हातमा कलम स्थिर रह्यो । यसकारण अय्यूबलाई बाधा दिन शैतानले फेरि पनि तिनको पवित्र चरित्रमाथि अर्को हमला गर्‍यो । त्यसले तिनकी पत्नीलाई यसो भन्न लगायोः *'के तपाईं अझै आफ्नो इमानदारीमा अड़िरहनुहुन्छ ? परमेश्वरलाई सरापेर मर्नुहोस् !'* (अय्यूब २:९) । अय्यूबको चरित्र सिद्ध तुल्याउने तिनको आत्मिक प्रगति रोक्नको निम्ति यो विघ्न, दुःखदाय बाधा आयो; तर परमेश्वरलाई धन्यवाद होस्, अय्यूबले, यी धैर्यवान् मानिसले शैतानलाई जिते । तिनले त्यसलाई जिते मात्र कहाँ हो र, होइन; तर अझ उच्च महिमाको सद्गुण प्राप्त गर्न तिनले शैतानबाट फाइदा पो उठाउन सके । तपाईं अय्यूबको धीरजको विषयमा जान्नुहुन्छ । यी अग्नि-सङ्कष्टहरूको ज्वालाद्वारा शैतानले त्यो सद्गुण प्रकाशमा नल्याएको भए, तपाईं र म – हामीले यसको विषयमा केही पनि जान्नेथिएनौं । भाँड़ो आगोको भट्टीमा नखारिएको भए त्यसको रङ्ग यति उज्यालो चम्किनेथिएन, दीर्घकालीन बन्नेथिएन । जुन सङ्कष्टबाट भएर अय्यूब जानुपर्‍यो, त्यस सङ्कष्टबाट उत्तीर्ण भई तिनी निस्केर आउँदा यसले तिनको अतुलनीय सहनशीलता प्रकट गर्‍यो; किनकि तिनी सङ्कष्टमा पनि परमेश्वरको अधीनतामा बसे र तिनले उहाँप्रति आफ्नो भक्ति कायम राखे ।

अब जसरी त्यो उहिलेको शत्रु बाटोमा ढुकेर बसेको र अय्यूबलाई आक्रमण गरेको थियो, अनि उत्तम सद्गुण प्राप्त गर्ने उज्यालो बाटोमा शैतानले

तिनको लगनशीलतामा बाधा दिन खोज्यो, त्यसरी नै त्यसले हामीलाई पनि बाधा दिन्छ। आज तपाईंले यसो भनेर आफूलाई स्याबासी दिनुहोलाः 'आजको दिनसम्म स्थिर भई म यताउता लागेको छैनँ; मेरो इमानदारी कसैले सामना गर्न सक्दैन ।' यस प्रकारको घमण्डदेखि होशियार ! किनभने अझै पनि तपाईंको चरित्र र गुणको जाँच हुने नै छ । जुन सद्गुणको खातिर तपाईंको नाम चलेको छ, त्यस सद्गुणमाथि शैतानले ताकेर आफ्ना हतियारहरू लगाउनेछ । यदि तपाईं अहिलेसम्म विश्वासमा स्थिर रहने मानिस हुनुहुन्छ भने, तपाईंको विश्वासमाथि हमला हुनेछ । आजको दिनसम्म तपाईं मोशाजस्तै नम्र हुनुहुन्छ भने, तपाईं हड़बड़मा आफ्नो मुखले अनुचित कुरा बोल्ने परीक्षामा पर्नुहुनेछ। चराहरूले तपाईंका पाकेका फलफूलहरू ठुँगी-ठुँगी खान खोज्छन् । जङ्गलको बनेलले तपाईंका सबैभन्दा राम्रा दाखका बोटहरू आफ्ना दाँतले हान्छ । अँ, हाम्रो भक्ति झन् प्रसिद्ध, हाम्रो चरित्र झन् उत्तम र हाम्रो व्यवहार झन् विश्वासयोग्य भए कति असल हुनेथियो । मलाई शङ्का छैन, यी सबै क्षेत्रहरूमा धेरैजना ठूलो लक्ष्य र उत्तम विचार लिएर अघि बढ़िरहेका छन्। तर हाय ! किनकि 'शैतानले हामीलाई रोकेको' भनेर तिनीहरूले धेरैपल्ट स्वीकार गर्नुपर्‍यो र भविष्यमा पनि अझै पनि स्वीकार गर्नुपर्नेछ ।

शत्रुको बाधा दिने काम यति मात्र होइन; किनभने त्यसले प्रभु येशूको रगतले किनिएकाहरूलाई पूरा छुटकारा पाउने कुरामा बाधा दिने प्रयास गर्छ । तपाईं मोशाको वृत्तान्त, त्यो सम्झनालायकको बयान जान्नुभएको छ होला । जब इस्राएलीहरू मिस्र देशमा कैदी भइरहेका थिए, तब परमेश्वरका दास मोशा उनीहरूलाई सताउने ती घमण्डी शासकको सामु लौरो लिएर खड़ा भए। परमप्रभुको नाममा तिनले यसो भन्दै घोषणा गरेः *'परमप्रभु यसो भन्नुहुन्छः मेरा जनहरूलाई जान दे, र तिनीहरूले मेरो सेवा गरून्'* (प्रस्थान ८ः१) । तब मिस्रीहरूले एउटा चिन्ह मागे । तब मोशाले आफ्नो लौरो भुइँमा फ्याँके, अनि त्यो एउटा सर्प बन्यो । तर त्यस बेलामा शैतानले बाधा दियो । *'यान्नेस र याम्ब्रेसले मोशाको विरोध गरे'* (२ तिमोथी ३ः८) । अनि मिस्र देशका जादुगरहरूले पनि आफ्ना मन्त्रतन्त्रद्वारा मोशाले जस्तै गरे । यो कुरा हामी प्रस्थानको पुस्तकमा पढ्छौं । तिनीहरूले शैतानी विद्याले यस्तो गरेका वा आफ्ना हातको सीपले यस्तो गरेका कुराको विषयमा हामीले अहिले पत्ता लगाउनु वा फैसला गर्नुपर्दैन । जसो भए पनि तिनीहरूले शैतानलाई सघाएका

थिए । अनि तिनीहरू आफ्नो काम यति सफल भए, कि मोशाले देखाएझैं ती जादुगरहरूले पनि उस्तै-उस्तै चिन्हहरू देखाए । यो देखेर फाराओले आफ्नो हृदय कठोर पारे ।

भाइहरूहो, उक्त कुरा प्रभुको वचन रोक्ने शैतानी बाधाको नमुनाको रूपमा लिनुहोस् !

प्रभु येशूका सेवकहरू सुसमाचारको प्रचार गर्न निस्के । तिनीहरूको सेवकाईमा प्रभुले चिन्ह र अचम्मका कामहरूद्वारा तिनीहरूलाई साथ दिनुभयो र तिनीहरूको वचन पुष्टि गर्नुभयो । तब दुष्टताको शासकले यसो भन्योः 'मेरो राज्य हल्लिरहेको छ; म जागेर उठ्नुपर्छ ।' अनि तुरुन्तै त्यसले आफ्ना जादुगरहरू पठायो, जसले अनेकौं झूटा चिन्ह र चमत्कारहरू देखाए । मिस्र देशका भ्यागुताहरूझैं शैतानी चमत्कारहरू उहिले र आजभोलि पनि अनगिन्ती छन् । प्रभु येशूका प्रेरितहरूले हाम्रा पापहरूको प्रायश्चित्त गर्ने ख्रीष्ट येशूको बलिदान प्रचार गरे भने, शैतानका प्रेरितहरूले 'मिस्सा'को प्रचार गर्छन् । पवित्र जनहरूले क्रूसको सुसमाचार प्रचार गरे भने, शैतानका दासहरूले क्रूसको नकल गरेको मूर्ति उचाल्छन् र पूज्न लाउँछन् । परमेश्वरका सेवकहरूले प्रभु येशू नै मण्डलीको एकमात्र सर्वश्रेष्ठ शिर हुनुहुन्छ भनेर घोषणा गरे भने, शैतानका सेवकहरूले रोममा बस्ने पोपले नै यही अधिकार पाएको दाबी गर्छन् । यसकारण बुझ्नुहोस्ः क्याथोलिक धर्मचाहिँ प्रभु येशूको सुसमाचारको चलाखी नकल हो । त्यस धर्मको परिभाषा गर्ने उचित शब्द यही होः *'जादुगरहरूले पनि आफ्ना मन्त्रतन्त्रहरूद्वारा त्यस्तै गरे'* (प्रस्थान ८ : ७) ।

यदि तपाईंले पवित्र बाइबलमा ख्रीष्ट-विरोधीको युक्ति रच्ने शक्ति र सीपको बारेमा अध्ययन गर्नुभयो भने, प्रभु येशू ख्रीष्टको सुसमाचारको अति चलाखीपूर्ण नकल गरेकोमा नै त्यसको शक्ति कति ठूलो छ, सो तपाईंले स्पष्टसँग थाहा पाउनुहुनेछ । पित्तलले सुनको नकल गरेझैं, सिसाले हीराको नकल गरेझैं र मैनबत्तीले आफ्नो पूरा शक्तिमा चम्कने सूर्यको नकल गरेझैं र बाल्टीमा भएको एक थोपा पानीले वेगसित उर्लेको समुद्रको नकल गरेझैं ख्रीष्ट-विरोधीले आफ्नो सीप चलाएर परमेश्वरको महान्, सिद्ध रचना, अर्थात् हाम्रो प्रभु येशू ख्रीष्टको मुक्तिको कार्य र उहाँको सुसमाचारको सन्देश नकल गरेको छ । यता परमेश्वरका सेवकहरूले आजको दिनसम्म सत्य वचन जारी गरेका छन्, जुनचाहिँ स्वर्गको मुद्रा, निखुर सुनको मुद्रा हो । तर उता

तिनीहरूलाई सबैभन्दा ठूलो हानि पुऱ्याउने शत्रुहरू छन्, जसले दुष्ट मनसायले आफ्ना झूटा गुरु, स्वामी र भगवान्हरूको मूर्ति र छाप जाली मुद्रामाथि लगाएर ती जन्तर सत्यताको नकलको रूपमा जारी गर्छन् ।

इतिहासमा तपाईं अझै अर्को उदाहरण पढ्न सक्नुहुन्छ । अचेल हाम्रो वरिपरि जे भइरहेको छ, त्यसको पूर्व-नमुना पुरानो नियमको इतिहासमा पाइन्छ । उजाड़स्थानमा परमेश्वरले इस्राएलीहरूलाई, साथै हामीलाई र सारा संसारका मानिसहरूलाई शिक्षा दिने आफ्नो अति अद्भुत शिक्षाको प्रणाली दिन लाग्नुभएको थियो, जुनचाहिँ स्वर्गको नमुना र ईश्वरीय विधि थियो । किनभने हाम्रो मुक्ति दिने महान् महापूजाहारी अर्थात् प्रभु येशू ख्रीष्टलाई सङ्केत गर्ने हारून र तिनका छोराहरू छानिएका थिए । अनि तिनीहरूले पहिराएका हरेक वस्त्रमा विशेष आत्मिक अर्थ हुन्छ । तिनीहरूले सेवा गरेको त्यस पवित्रस्थानमा भएका सबै सर-सामानहरूमा हामीलाई कुनै आत्मिक पाठ सिकाउने शिक्षा छ । चाहे रगतको छिटकाउ, चाहे धूप बाल्ने काम होस्, उपासना गर्ने हरेक सेवा-कार्यबाट मानिसहरूले अमूल्य र महत्त्वपूर्ण सत्यताहरू सिक्न पाए र पाउँछन् । ओहो, त्यस उजाड़स्थानमा, सिनाई पर्वतको फेदमा प्रकाशमा ल्याएको पुस्तक कति उत्तम पुस्तक हो ! किनकि हारून र तिनका छोराहरूमा कस्तो अचम्म प्रकारले परमेश्वरले आफूलाई र आफ्नो ख्रीष्टको महिमा प्रकट गर्नुभयो ।

त्यसपछि के भयो त ? शैतानले बाधा दियो । मोशा र हारूनले यसो भन्न सक्नेथिएः ‘शैतानले हामीलाई रोकेको ।’ किनकि कोरह, दातान र अबीरामले पूरा अहङ्कारको साथ त्यो पूजाहारी-पद हाम्रै हो भन्ने दाबी गरे । किनभने कुनै एक दिनमा यस्तो भयोः यिनीहरूले आफ्ना हातमा पित्तलका धूपौराहरू लिए, र यिनीहरू परमप्रभुको सामु खड़ा भए । यसो गर्दा यिनीहरूले जबरजस्ती गरेर आफूलाई परमप्रभुले हारून र तिनका छोराहरूलाई दिनुभएको पूजाहारी-सेवाभित्र घुसार्न खोजे । तब धरती फाट्यो, र त्यसले यिनीहरूलाई जिउँदै निलिदियो । जुन पूजाहारी-पद अरू कसैको हुँदैनथियो, तर केवल प्रभु येशू ख्रीष्टको मात्र हुन्छ, त्यस पूजाहारी-पदमा पस्न चाहनेहरू सबैको निम्ति यस पुरानो घटनाले भविष्यवाणीको काम गरोस् । किनकि साँच्चै यिनीहरूको अन्त पनि यस्तै हुनेछ ।

तपाईंले यी दिनहरूमा त्यही कुरा देख्न सक्नुहुन्छ । प्रभु येशू ख्रीष्टचाहिँ ती एकमात्र पूजाहारी हुनुहुन्छ, जसले बलिको रगत चढ़ाउन पाउनुहुन्छ । अनि उहाँले त्यो बलि एकैपल्ट सधैंको निम्ति चढ़ाइसक्नुभयो र फेरि कहिल्यै कुनै पाप-बलि चढ़ाउनुहुन्न; किनभने उहाँले आफ्नो पवित्र शरीर पाप-बलिको रूपमा दिईकन त्यो एकैपल्ट चढ़ाउनुभयो र यसैद्वारा पवित्र पारिएकाहरूलाई सदाको निम्ति सिद्ध तुल्याउनुभयो (हिब्रू १०:१४)। *'तर यी व्यक्ति त पापहरूको निम्ति एउटै बलिदान सदाको निम्ति चढ़ाएर परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो'* (हिब्रू १०:१२)। प्रभु येशू ख्रीष्टले निरन्तर बलिदान चढ़ाउनुहुन्न भन्ने कुरा प्रमाणित गर्दा हिब्रूको पुस्तकका लेखकले आफ्नो पूरा समझशक्ति लगाए । किनभने एकैपल्टमा प्रभु येशूले त्यो बलिदान सदाको निम्ति चढ़ाउनुभयो, र अनन्तसम्म उहाँको त्राणको काम सिद्धियो । यसकारण उहाँ अहिले परमेश्वर पिताको दाहिने हातमा बसेर बिसाउनुभएको छ ।

त्यो पूरा भएको प्रायश्चित्तको काम र उहाँले पूरा गर्नुभएको, त्यस सधैंको निम्ति सिद्धिएको बलिदानको शिक्षा र प्रचार सारा संसारभरि नै फैलिरहेको कुरा देखेर शैतानले यस उक्त प्रचारद्वारा अनुग्रहले भरिएको परमेश्वरको मन प्रकट भएको चाहेन, तर त्यसले यस काममा बाधा दिन थाल्यो । यसैकारण चारैतिर हेर्नुहोस् ! तब तपाईंले कोरह, दातान र अबीरामहरू एङ्गलिकन र रोमन क्याथोलिक चर्चहरूमा देख्न सक्नुहुन्छ । किनकि आजको दिनसम्म मानिसहरूले आफूलाई 'पूजाहारी' भन्ने नाम दिन्छन्, र 'सेवाको विधि' नामक पुस्तकबाट प्रार्थनाहरू पढ़ेर र रटेर सुनाउँछन् । अनि तिनीहरूको धर्मको नीतिको पुस्तकमा यसो लेखिएको छः 'त्यसपछि पूजाहारीले यसो भनोस्ः ...' । यिनीहरूले आफ्नो निम्ति सबै विश्वासीहरूलाई दिइएको पूजाहारी-सेवाभन्दा बेग्लै, छुट्टै पूजाहारी-पद छ भन्ने कुरा दाबी गर्छन् । यीमध्ये कतिजनाले दिनदिनै बलिदान चढ़ाउँदैछौं, वेदीमाथि रगतविनाको बलि चढ़ाउँदैछौं भन्ने दाबी गर्छन् । यिनीहरूले 'हामीसँग पाप-क्षमा दिने अधिकार छ' भन्छन्, अनि बिरामीहरू अथवा मर्न लागेका मानिसहरूलाई यसो भन्ने गर्छन्ः 'मलाई दिइएको अधिकारअनुसार म तपाईंका सबै पापहरूको क्षमा दिन्छु ।' ब्रिटेनमा, साथै युरोपभरि नै यो कुराचाहिँ सुसमाचार प्रचार गर्ने कामको निम्ति ठूलो बाधा हुन गएको छ । तर 'हामी पूजाहारी हौं' भन्ने दाबी गर्ने यी मानिसहरू परमेश्वरका पूजाहारी हुँदै होइनन्, तर बरु बाल-देवताका

पूजाहारी पो हुन् । यसैले प्रभु येशूका सेवकहरू यसरी ठूलो सोरले चिच्च्याउन पुगेका छन्ः 'आहा, शैतानले हामीलाई कति रोकेको !'

शैतानले सत्यताको हेला गरेको अर्को उदाहरण दिन्छु । यो यहोशूको पालोमा घटेको कुरा होः तिनले इस्राएलीहरूका बाह्र कुलहरूलाई यर्दन नदीपारि पुर्‍याएपछि तिनीहरूले कनान देशमा विभिन्न अन्यजातिका शहरहरू आक्रमण गरेर कब्जा गर्नुपर्थ्यो, जुन शहरहरू परमेश्वरले तिनीहरूलाई अधिकारको भागको रूपमा दिनुभएको थियो । परमप्रभुको प्रतिज्ञाअनुसार दानदेखि बेरशेबा भन्ने ठाउँसम्मको त्यो जम्मै कनान देश तिनीहरूकै थियो । अनि कनानीहरूसितको पहिलो लड़ाइँमा तिनीहरूले यरीहो शहर आक्रमण गरेर अचम्म रीतिले जिते; तर त्यसपछि ऐ शहरमा परमेश्वरका सेवकहरूले हार खाए र ठूलो हानि उठाए । *'तिनीहरू ऐ शहरका बासिन्दाहरूको सामु भागे'* (यहोशू ७ : ४) । यहाँ पनि शैतानले तिनीहरूलाई रोक्यो भन्ने कुरा तपाईं छर्लङ्गै देख्न सक्नुहुन्छ । यहोशू जाति-जातिहरूको एक-एक शहरमा गएर यिनीहरूको निम्ति जस्तो परमप्रभुद्वारा ठहराइएको थियो, त्यस ईश्वरीय फैसलाअनुसार यिनीहरूलाई सर्वनाश गर्न सक्नेथिए । तर के गर्ने ? विनाशको निम्ति अर्पण गरिएका मालसामानबाट लिएर र आफ्नो पालमा लुकाएर आकान अनाज्ञाकारी भयो । यसकारण जबसम्म त्यसको चोरीको पाप र लुटको अधर्म इस्राएलीहरूले आफ्नो बीचबाट हटाउँदैनथिए, तबसम्म तिनीहरूले कुनै लड़ाइँ जित्न सकेनन् ।

प्रिय भाइहरूहो, यो कुरा ख्रीष्टको मण्डलीमाथि पनि लागू हुन्छ । किनकि मेरो विचारमा, हाम्रो बीचमा कुनै आकान नभएको भए हामी विजयमाथि विजय पाई-पाईकन अघि बढ्न सक्नेथियौं, आफ्नो देशमा गरेको सुसमाचार फैलाउने काममा हामी सफल हुनेथियौं र विदेशमा हाम्रो प्रचारको काममा हामीले गजब प्रगति देख्न पाउनेथियौं । तर मण्डली-मण्डलीमा नयाँ, प्रभुकहाँ फर्केर आएका मानिसहरू थपिँदैनन् । तब हाम्रो बीचमा कतै कपटी-पाखण्डीहरू लुकेर बसेका हुनुपर्छ, जसले गर्दा हामीमा प्रभुको आशिष आउन छोड़ेको छ । यो एउटा अड्कल काटेको सम्भावना मात्र होइन, तर हामी यस कुरामा सुनिश्चित छौं । यसरी योग्य चालमा नचल्नेहरूले इसाई धर्मप्रतिको आस्था धन कमाउने माध्यम बनाएका छन् । परमेश्वरका जनहरूको सङ्गतिमा बस्न चाहेर तिनीहरूले आकानले झैं बेबिलोनी बढ़िया ओढ्ने र सुनको साँप्लो

लोभ गरेका छन् । यस्ताहरूले सियोनको शक्ति हरण गरेका छन् । तिनीहरूले परमेश्वरको इस्राएललाई विजय पाउनदेखि रोकेका छन् । प्रियहरूहो, हेर्नुहोस्, शैतानले हामीलाई कति बाधा दिएको छ ! तर हामीले यसको विषयमा थोरै मात्र जानेका र थाहा पाएका छौं ।

हाम्रो निजी स्थानीय मण्डलीको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउने धेरै कारणहरू छन् । तर हाम्रो बीचमा मनतातो भएकाहरू पनि छन्, आत्मिक कुरामा चासो नलिनेहरू पनि छन्, परमेश्वरको योग्य चालमा नचल्नेहरू पनि छन्, सांसारिक विश्वासीहरू पनि छन्; नत्रता यस मण्डलीको सङ्गतिमा आएकाहरूमध्ये धेरैभन्दा धेरै मानिसहरू हामीबाट आकर्षित भई हाम्रो मण्डलीका सदस्य बन्नुपर्नेथियो, होइन र ? यसकारण बुझ्नुहोस्ः शैतानले हामीलाई सीधै विरोध गरेर मात्र बाधा दिँदैन, तर हाम्रो बीचमा आकानहरू पठाएर त्यसले हामीलाई रोक्न चाहन्छ ।

म तपाईंलाई अझ एउटा उदाहरण दिन्छुः बेबिलोनको सेनाले नष्ट पारेको यरूशलेम शहरको विषयमा विचार गरौं । जब एज्रा र नहेम्याहले त्यो शहर फेरि निर्माण गर्न खोजे, तब निश्चय नै शैतानले यी षड्यन्त्र रच्ने सम्बलत र तोबियाहलाई उत्तेजित पार्‍यो । हरेक आत्मिक जागृतिको साथसाथै हाम्रो शत्रु शैतानको जागृति पनि भएको हुन्छ । अनि परमेश्वरको मण्डलीको निर्माण गर्ने कामचाहिँ कष्टपूर्ण समयहरूमा गर्नुपरेको छ । किनभने परमेश्वरका सेवकहरू व्यस्त भएको बेलामा शैतानका जागेका हजारौं लड़ाकूहरू उठ्छन् र उनीहरूको विरोध गर्छन् ।

पुरानो नियममा परमेश्वरका जनहरूको इतिहासचाहिँ शैतानले परमेश्वरको काममा बाधा दिएको इतिहास हो । अनि प्रभु येशू ख्रीष्टको पालोदेखि यता मण्डलीको युगमा पनि यस्तो थियो र यस्तै छ । यो कुरा तपाईं स्वीकार गर्न राजी हुनुहुन्छ भन्ने कुरामा म विश्वस्त छु । प्रभु येशू यस संसारमा हुनुहुँदा शैतानले उहाँलाई बाधा दिन्थ्यो । अनि उहाँलाई व्यक्तिगत रूपले आक्रमण गर्न पनि त्यो डराउँदैनथियो । यसो गर्दाखेरि शैतान असफल भएपछि फरिसी, सदुकी र हेरोदीहरूले, साथै अरू सबै किसिमका मानिसहरूले उहाँलाई बाधा दिने गर्थे । अनि प्रभु येशूका प्रेरितहरूले आफ्नो सेवकाई शुरु गरेपछि राजा हेरोद र यहूदीहरूले उनीहरूलाई रोक्न खोजे । तर उनीहरूलाई सताएर पनि शैतान सफल हुन सकेन । यसकारण शैतानमार्फत प्रभुको मण्डलीमा अनेकौं

झूटा शिक्षाहरू पसेर यसमा फूटहरू आउन थाले । अझ पनि शैतानले तिनीहरूलाई बाधा दिन्थ्यो । किनकि प्रभु येशू तिनीहरूदेखि उठाएर लगिनु-भएको केही समयपछि सियोनका छोराछोरीहरू, जसलाई निखुर सुनको रूपमा लिन सकिन्छ, माटोका भाँड़ाहरूमा पो परिणत भए । किनभने झूटो शिक्षा, मनतातोपन र सांसारिकताले गर्दा तिनीहरूबाट परमेश्वरको महिमा हट्यो र सत्यताको तेज लोप भएर गयो; किनभने शैतानले तिनीहरूलाई बाधा दियो ।

सोह्रौं शताब्दीमा, धर्म-सुधारको जागरणको शुरुमा परमेश्वरले मार्टिन लुथरलाई उठाएर प्रयोग गर्नुभयो । त्यस बेलामा तिनलाई बाधा दिन शैतानले इग्नेशस लयोलालाई उठायो । अनि यहाँ ब्रिटेनमा, जब परमेश्वरले श्री ल्याटिमर र श्री विक्लिफ आदि व्यक्तिहरूलाई उठाउनुभयो, तब शैतानको हातमा श्री गर्डिनर र श्री बोनर थिए । अठारौं शताब्दीमा नयाँ धर्म सुधार भएको समयमा श्री विट्फिल्ड र श्री बेस्लीले तुरहीजस्तै परमेश्वरको वाणी बोल्थे । त्यस बेलामा त्यस जमनामा नियुक्त गरिएका झूटा धर्मगुरुहरूले उनीहरूको निन्दा गरे र उनीहरूलाई अपमानका पात्र तुल्याएर उनीहरूलाई बाधा दिए ।

पहिलो घड़ीदेखि नै अर्थात् जुन घड़ीदेखि असल खराबसित लड्न थाल्यो, शैतानले बाधा दिँदै आयो र त्यसको यो बाधा दिने काम आजको दिनसम्म कहिल्यै थामेन । त्यो सधैं जारी रह्यो । चारैतिर, सबै दिशाबाट, लड़ाइँ गर्ने हरेक क्षेत्रमा, अगाड़ि र पछाड़िबाट, मिरमिरे उज्यालो खसेको समयदेखि मध्यरातसम्म शैतानले हामीलाई बाधा दिइरहेको छ । हामी खेतबारीमा परिश्रम गर्छौं भने त्यसले हाम्रो हलो भाँच्न खोज्छ; हामी पर्खाल उठाउँछौं भने त्यसले पर्खालको ढुङ्गा झिकेर त्यो भत्काउन कोशिश गर्छ । हामी सतावटमा परेर होस् वा दुःखकष्ट सहेर होस्, परमेश्वरको सेवा गरिरहेको बेलामा शैतानले जताततै हामीलाई बाधा दिइरहन्छ ।

## ख) बाधा दिने शैतानका युक्तिहरू

शैतानले हामीलाई कुन-कुन प्रकारले बाधा दिएको छ र बाधा दिँदैछ ? यस दोस्रो विषयमा हामी अब त्यसका विभिन्न तरिकाहरू बताउँदै जान्छौं ।

प्रभु येशू ख्रीष्टकहाँ आउन लागेकाहरूलाई बाधा दिने काममा दुष्टताको शासक शैतान एकदम व्यस्त भइरहन्छ । यस क्षेत्रमा त्यसले सबैभन्दा बढ़ी मात्रामा आफ्नो सीप र बल लगाइदिन्छ । हामी आफ्ना मुक्तिदातालाई चिन्न पाएकाहरूमध्ये कतिजनाको सम्झनामा त्यस समयको आलो याद आउँछ, जुन समयमा तिनीहरूको जीवनमा शैतानसित भिड्ने ठूलो लड़ाइँ चलेको थियो, अर्थात् जब हामीले पहिलो पल्ट प्रभु येशूलाई क्रूसमा टाँगिएको कुरा सुन्यौं, देख्यौं, र हामी बाँच्यौं ।

तपाईंहरूमध्ये कतिजनाले आज नै यही परीक्षाबाट भएर जाँदै हुनुहुन्छ होला । तपाईंहरूसित म यहाँ कुरा गर्छुः मेरा प्रिय मित्रहरूहो, तपाईंहरूले मुक्ति पाउन चाहनुभएको छ । तर यी अनन्त जीवन दिने कुराहरूमाथि ध्यान लगाउनुभएको बेलादेखि तपाईंहरूको मन ठूलो कष्टमा परेको छ । यसमा अचम्म नमान्नुहोस् ! सबैलाई यस्तै हुन्छ; प्रायः सारा संसारमा सबैलाई यस प्रकारको अनुभव हुन्छ ।

यति बेलामा परमेश्वरले अघिबाट कतिजनालाई छान्नुभएको शिक्षाको विषयमा तपाईं अलमलमा पर्नुभएको छ भने, म अचम्म मान्दिनँ । किनकि तपाईं परमेश्वरका चुनेकाहरूमध्येको हुनुहुन्न भन्ने कुरा शैतानले तपाईंलाई विश्वास दिलाउन खोज्छ । तर तपाईंचाहिँ चुनिएकाहरूमध्ये एक हुनुहुन्छ भन्ने कुरा बढ़ी सम्भव छ; अनि यो कुरा तपाईंको बुद्धिले तपाईंलाई सिकाउन सक्छ । किनभने जबसम्म तपाईंले प्रभु येशूमाथि विश्वास गर्नुहुन्न, तबसम्म तपाईंले चुनिएकाहरूमध्ये हुनुहुन्छ कि हुनुहुन्न, सो तपाईं जान्न सक्नुहुन्न । त्यस बेलामा तपाईंले यस कुरामा निश्चित हुन सक्नुहुन्न । यसकारण हालैमा तपाईंको कामचाहिँ परमेश्वरमा लुकिरहेको चुनाउको विषयमा जान्नु होइन, तर प्रकट भएको उहाँको आज्ञा पालन गर्नु हो । तपाईंको काम यही होः *'प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ'* (प्रेरित १६ : ३१) ।

तपाईंको मन हालैमा मानौं एउटा सुक्खा, उजाड़ भूमिमा पथभ्रष्ट भई घुमिहिँड़ेको छ ? हुन सक्छ, अघि ठहराइएको परमेश्वरको पूर्व-निर्णयअनुसार कि मानिसले स्वतन्त्र इच्छाले गरेको निर्णयअनुसार मुक्ति पाइन्छ भन्ने कुराको बीचमा परेर तपाईं ठूलो लड़ाइँ चल्ने मैदानमा पुग्नुभयो कि ? यी दुईवटा कुराहरूको रहस्य बुझ्न खोज्दाखेरि तपाईंभन्दा बुद्धिमान् मानिसहरू हरेस

खाएर निराश भए । यसकारण यस सम्बन्धमा फिक्री गरेर तपाईं अवश्य कुनै शान्ति पाउनुहुन्न । बुझ्न नसकिने समस्या समाधान गर्नुचाहिँ तपाईंको काम होइन । तर प्रभु येशू ख्रीष्टले गर्नुभएको प्रायश्चित्तको काममाथि विश्वास गर्नु नै तपाईंको निम्ति बुझ्न सकिने र सजिलोसँग विश्वास गर्न सकिने उपाय हो ।

सायद अहिले तपाईंले जीवनभरि गर्नुभएका जम्मै पापहरू तपाईंको सम्झनामा आइरहेका छन् । बितेको समयमा तपाईंले यी पापहरूको बारेमा सोच्नुभएको थिएन, तर अब यी पापहरू तपाईंको अघि यति धेरै देखा पर्छन्, कि यी पापहरू कहिल्यै क्षमा हुनेछैनन् भन्ने कुरा दुष्ट शैतानले तपाईंलाई विश्वास दिलाउन खोज्छ । यसकारण म तपाईंलाई आग्रह गर्छुः त्यसको कुरा विश्वास नगर्नुहोस्, किनकि यसो लेखिएको छः *'मानिसहरूलाई हर किसिमको पाप र ईश्वरनिन्दा क्षमा गरिन्छ'* (मत्ती १२ः३१) । यसकारण उक्त वचन शैतानलाई भनेर तपाईं त्यसको झूटको जाल तत्कालै प्रकट गर्नुहोस् !

धेरै सम्भव छ, 'पवित्र आत्माको विरोधमा गरेको पाप मैले गरेको छु' भन्ने कुराले तपाईंलाई निक्कै कष्ट दिँदैछ । किनभने तपाईंले यसो पढ्नुभएको छः *'हरेक जसले पवित्र आत्माको विरोधमा निन्दा गर्छ, त्यो कुरा त्यसलाई क्षमा गरिनेछैन'* (लूका १२ः१०) । के यस कुराले पनि तपाईंलाई ठूलो परीक्षामा पारेको छ ? तपाईं यस परीक्षामा पर्नुभएकोमा म अचम्म मान्दिनँ । किनभने सबैभन्दा कष्ट दिने गाह्रो विषय यही हो । तर यस विषयमा एउटा कुराले तपाईंलाई आनन्द दिलाउँछ होलाः यदि तपाईं आफ्ना पापहरूको विषयमा पछुताउनुभयो भने, तपाईंले क्षमा नहुने पाप गर्नुभएकै छैन । किनभने यस्तो पापद्वारा मानिसको हृदय सदाको निम्ति कठोर पारिएको हुन्छ । यसकारण बुझ्नुहोस्ः मानिसको विवेकमा अलिकति कोमलता र उसको आत्मा केही मात्रामा नरम रहेसम्म यस मानिसले पवित्र आत्माको उपस्थिति गुमाउने गरी उहाँलाई इन्कार गरेको हुँदैन ।

हुन सक्छ, अहिले तपाईंले यो पुस्तक पढ्िरहेको बेलामा पनि ईश्वरनिन्दा गर्ने विचारहरूले तपाईंलाई सताइरहेका होलान् । तपाईंको मनमाथि नरकीय मैलाका बाढ़ीहरू उर्लिरहेका होलान् । यसमा अचम्म नमान्नुहोस्; किनभने हामीमध्ये कतिजना छन्, जसले पवित्रताको पछि लागेर आफ्नो हृदय शुद्ध राख्न कायम गरिरहेका छन्, तापनि तिनीहरू बेला-बेलामा आफ्नो हृदयमा उत्पन्न नभएका, तर शैतानबाट त्यसभित्र हुलेका दुष्ट विचारहरूद्वारा ठूलो

परीक्षामा पर्दछन् । ती विचारहरू हाम्रो हृदयमा पैदा भएका होइनन्, तर नरकमा पैदा भएका हुन् । यस्ता विचारहरू हामीले हेला र घृणा गरेका छौं, तापनि हामीलाई बाधा र कष्ट दिन शैतानद्वारा बेला-बेलामा हाम्रो मनमा हालिएका हुन्छन् ।

अनि प्रभु येशूकहाँ ल्याइएको केटालाई गरेझैं शैतानले अब तपाईंलाई बाधा दिन खोज्दैछ होला । किनकि त्यसको विषयमा हामी यसो पढ्छौं: *'अनि त्यो आउँदै गर्दा दुष्ट आत्माले त्यसलाई पछारिदियो र मड़ारमुड़ुर पार्‍यो'* (लूका ९:४२) । यसो भए पनि तपाईं ढिलो नहुने गरी प्रभु येशूकहाँ आउनुहोस् ! प्रभुकहाँ आउने कुनै पापी मानिसभित्र सातवटा दुष्ट आत्माहरूले वास गरे पनि प्रभु येशूले यस्तोलाई इन्कार गर्नुहुन्न । 'मैले क्षमा नहुने पाप गरेको छु' भन्ने दोषले तपाईंको विवेकलाई सताए तापनि प्रभु येशूमाथि भरोसा राख्नुहोस् ! तपाईंले यसो गर्नुभयो भने, म तपाईंलाई निश्चयतापूर्वक भन्छुः उहाँमाथि विश्वास गर्नुभएकोले जुन आनन्द र शान्ति तपाईं पाउनुहुन्छ, यस आनन्द र शान्तिले गर्दा नै तपाईंले त्यस शैतानलाई जित्नुहुनेछ, जसको विषयमा 'त्यसले हामीलाई रोकेको छ' भन्ने कुरा लेखिएको छ ।

यस एउटा कुरामाथि म धेरै समय अड़िनुहुँदैन । किनकि शैतानका बाधा दिने तरिकाहरू अनेक छन् । प्रार्थनामा परिश्रम गर्ने विश्वासी भाइबहिनीलाई शैतानले अवश्य बाधा दिन्छ । प्रिय भाइबहिनीहरूहो, ध्यानपूर्वक अन्तर्विन्ती चढ़ाउने बेलामा केही न केही कुरा काँड़झैं तपाईंहरूको मनभित्र पस्छ र तपाईंहरूलाई प्रार्थना गर्ने काम छोड्न लाउँछ; के घरि-घरि यो तपाईंहरूको अनुभव होइन र ? यसको विषयमा मलाई कस्तो लागेको छ ? मानौं हामीले एउटा फलले लटरम्म भएको रूख हल्लाइरहेका हुन्छौं, तर यसको एउटा फल पनि भुइँमा झरेको छैन । तर अब एकै हल्लाइमा यसको मीठो फल खस्नेथियो । अनि यही बेलामा शैतानले हाम्रो काँध छोएर 'भाइ, छिटो उठ, तिम्रो हिँड्ने बेला भएको' भन्छ । तब हामी प्रार्थनाबाट उठ्छौं र पाउन लागेको आशिष गुमाउँछौं । मैले भन्न चाहेको अर्थ यही होः प्रार्थनाद्वारा सफलता प्राप्त गर्न लागेको बेलामा हामीमाथि प्रार्थना छोड्ने परीक्षा आइपर्छ । आत्मामा मैले परमप्रभुका दूतलाई पक्रेको बेलामा 'यस्तो विन्ती नचढ़ाऊ, तर प्रभुलाई छोड़िदेऊ; किनभने उहाँको इच्छा पूरा हुने नै छ' भन्ने मेरो विरोध गर्ने, मलाई रोक्न लाउने कष्टपूर्ण दुष्ट प्रभाव मैले ख्याल गरेको छु । परीक्षा यस

प्रकारले आइपरेन भने, त्यो अर्को प्रकारले अवश्य आइपर्छ, जस्तैः 'प्रार्थना नगरे पनि हुन्छ; किनभने प्रार्थना गर्नुमा कुनै फाइदा छैन ।' शैतानले यसो भनेर मलाई प्रार्थना गर्नदेखि रोक्छ । भाइबहिनीहरूहो, यदि तपाईंहरू प्रार्थना चढ़ाउनुमा धेरै व्यस्त हुनुहुन्छ भने, म जान्दछु, तपाईंहरूले श्री काउपरले रचेको निम्न गीत गाउन सक्नुहुन्छः

*'अनुग्रहको सिंहासनको नजिक आउँदा*
*विभिन्न बाधाहरू आएको अनुभव हामी गर्दछौं ।'*

परमेश्वरको आत्माको विशेष अगुवाइ पाएका अथवा कुनै असल कामको योजना रच्ने विश्वासीहरूको सम्बन्धमा यही कुरा सत्य ठहरिन्छ । कहीं, कुनै समयमा तपाईंले फलानो मानिसकहाँ गएर बोल्ने अगुवाइ पाउनुभएको होला । 'दगुरेर जाऊ र यस युवासित कुरा गर' भन्ने आभास तपाईंको मनमा आयो । तर तपाईंले यो आदेश पालन गर्नुभएन; किनभने शैतानले तपाईंलाई बाधा दियो । अर्को बेलामा 'फलानो व्यक्तिकहाँ जाऊ, र उसलाई सहायता गर' भन्ने कुरा आत्माद्वारा तपाईंलाई भनिएको छ, (सायद यस्तो कुरामा कसरी ध्यान दिनुपर्छ, सो तपाईंलाई थाहा छैन होला; तर मलाई विश्वास गर्नुहोस्ः हामीले यस्तो किसिमका भित्री मधुर आवाज सुन्दा यस कुरामाथि खूब ध्यान दिनुपर्छ ।) तर तपाईंले यस अगुवाइअनुसार गर्नुभएन; किनकि शैतानले तपाईंलाई बाधा दियो ।

कुनै दिनको साँझमा यस्तो भयोः अगेनोको छेउमा बसेर मैले आगो तापिरहेको थिएँ । अनि त्यस बेलामा मैले एउटा इसाई-पत्रिकामा अफगानिस्थानको विषयमा अथवा ख्रीष्टको सुसमाचार नपुगेको अन्य ठाउँको विषयमा पढ्दैथिएँ । तब 'मसँग पैसा भएको भए म यसको निम्ति कुनै रकम दिनेथिएँ'भन्ने विचार मेरो मनबाट उठ्यो । त्यसपछि 'होइन, मसँग भएको पैसा मैले आफ्नो परिवारको निम्ति खर्च गर्नुपर्छ; यो बढ़ी उपयोग्य देखिन्छ' भन्ने विचारले मलाई जित्यो । यसरी नै शैतानले हामीलाई बाधा दिन्छ । अथवा 'फलाना ठाउँमा गएर म सुसमाचार प्रचार गरूँ, शिक्षा दिऊँ र कुनै तरिकाले प्रभु येशूको सेवा गरूँ' भन्ने चाहनाअनुसार हामीले मनमा योजना बनाउँदाखेरि कुनै न कुनै कुराद्वारा शैतानले हामीलाई यो योजना पूरा नगर्न बाधा दिन्छ । किनभने जुन समयहरूमा परमेश्वरका जनहरूले प्रभु येशूको सेवा यसो गरौं कि उसो गरौं भन्ने सम्बन्धमा गम्भीरतासाथ विचार गर्न थाल्छन् र तिनीहरू

यसको निम्ति निक्कै उत्साहित भएका र पूरा तवरले तत्पर भएका हुन्छन्, यस्ता समयहरूमा शैतान सम्भव भए तिनीहरूमाथि आइलाग्छ र तिनीहरूका योजनाहरू नव बालक छँदै त्यसले यी योजनाहरू मार्न र पवित्र आत्माबाट पाइएका यी सुझाउहरू तिनीहरूको मन र मस्तिष्कबाट निकाल्न खोज्छ ।

जुन बेलामा हामी प्रभुको काम गर्न थाल्छौं, त्यस बेलामा पनि शैतानले हामीलाई कतिपल्ट बाधा दिन्छ । प्रिय भाइबहिनीहरूहो, यो कुरा सत्य होः जबसम्म शैतानले हाम्रो विरोध गरेको हामी सुन्दैनौं, तबसम्म हामीले कुनै प्रगति गरेको सम्झनुहुँदैन । मैले कुरा यस अर्थमा लिएको छुः जब शैतान चुप रहन्छ, तब यसबाट मैले परमेश्वरको निम्ति कुनै ठूलो काम गरेको छैनँ भन्ने कुरा बुझ्छु । तर जब मानिसहरूले हाम्रो विरोधमा झूट बोल्न र हाम्रो निन्दा गर्न थाल्छन्, अनि जब तिनीहरूले हाम्रो नामको अपमान गरेका हुनाले सारा संसारमा हलचल मच्चिन्छ, तब यसैबाट हामी ख्रीष्टको राज्य नजिकै आएको सङ्केत पाउँछौं ।

यी आशिषले पूर्ण आँधीबेह्रीहरू ! मलाई शान्त वातावरण, बतास पूरा थामेको र हावा बाक्लो भएको मौसम मन पर्दैन, जब अल्छीपन मेरो आत्मा-भित्र घुस्न खोज्छ । हे प्रभु, कुनै तुफान पठाउनुहोस् ! हामीलाई हुरीबतास चलेको मौसम दिनुहोस् ! किनभने जब बिजुलीहरू चम्कन्छन् र गर्जनहरू सुनिन्छन्, तब परमप्रभु उठ्नुभएको र अबदेखि उसो उहाँको दाहिने हात उहाँको गोजीमा रहँदैन, तर आत्मिक वातावरण सफा पारिनेछ र परमेश्वरको राज्य स्थापित हुनेछ, साथै उहाँको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा हुनेछ भन्ने कुरामा परमेश्वरका दासहरू निश्चित हुन्छन् ।

'मिलाप ! मिलाप ! मिलाप !' यो त पुरानो साँपको खुसामद हो । तर त्यो चर्को सोर, जसले निरन्तर चलिरहने लड़ाइँको घोषणा गर्छ, त्यो सोरचाहिँ हामीलाई मुक्ति दिनुहुने कप्तानको सोर हो । 'यो कसरी हुन सक्छ ?' भनेर तपाईंले हामीलाई सोध्न चाहनुभयो होला ।

*'म पृथ्वीमा मिलाप ल्याउन आएको हुँ भनी नसम्झ; म मिलाप ल्याउन होइन, तर तरवार चलाउन आएँ । किनकि म मानिसलाई उसको बुबाबाट, छोरीलाई उसकी आमाबाट र बुहारीलाई उसकी सासूबाट अलग गराउन आएको हुँ । अनि मानिसका शत्रुहरू उसको परिवारकाहरू हुनेछन्'* (मत्ती १०:३४-३६) । हो, प्रभु येशूले मुक्का लाउने झगड़ा र तरवार चलाउने

लड़ाइँ नगर्ने किसिमको मेलमिलाप र शान्ति ल्याउनुभएको छ। तर यस संसारमा फूट छउन्जेल येशू ख्रीष्ट जहाँ हुनुहुन्छ, त्यहाँ नैतिक र आत्मिक हिसाबले कहिल्यै मेलमिलाप हुन सक्दै-सक्दैन ।

प्रियहरूहो, निश्चय शैतानले तपाईंहरूलाई बाधा नदिईकन तपाईंहरू कुनै असल काम गर्न सक्नुहुन्न; यो कुरा जान्नुहोस् र निश्चित हुनुहोस् ! तब के ? उठ्नुहोस् र झम्टेर शैतानमाथि जाइलाग्नुहोस् ! क्रूसको पक्षमा युद्ध गर्नेहरूको निम्ति पछि हट्नु र खिन्न हुनु सुहाउँदैन; यो कुनै योग्य विकल्प होइन । यसकारण लड़ाइँ गर्न तपाईं तयार हुनुहोस्; किनभने तपाईंले लड़ाइँ गर्नैपर्छ । श्री विट्फिल्डले यसो भन्ने गर्थेः 'कति प्रचारकहरू छन्, जसलाई जनवरीको पहिलो दिनदेखि डिसेम्बरको अन्तिम दिनसम्म लड़ाइँको कुनै घाउ र गोलीको कुनै चोट लाग्दैन; किनभने तिनीहरू शैतानको कुनै हमलाका योग्य छैनन् ।' तर आउनुहोस्, हामीचाहिँ पूरा बल र शक्तिमा, पूरा मन लगाएर प्रभु येशू ख्रीष्टको सुसमाचार प्रचार गरौं ! तब मानिसहरूले हामीलाई मूर्ख ठानेर हामीलाई खिसी गरेर हाँस्नेछन् होला । यसो हो भने, यो हाम्रो निम्ति झन् राम्रो हुन्छ । किनकि शैतानले हामीलाई बाधा दिएकोमा हामी अचम्म मान्दैनौं ।

शैतानले हामीलाई काम गर्दाखेरि मात्र बाधा दिँदैन, तर हामी एक-अर्कासित एक हुन खोज्दा पनि त्यसले हामीलाई रोक्न कोशिश गर्छ । हालैमा हामी लन्डनका सबै मण्डलीहरूले एक-अर्कासित मिल्ने प्रयास गर्दैछौं, र मलाई लाग्छ, यस काममा हामी सफल हुनेछौं । यसमा म खुशी छु । तर यस कोशिशमा शैतानले हामीलाई बाधा दिन्छ भने, म अचम्म मान्नेछैनँ । यसकारण म तपाईंहरूलाई अनुरोध गर्छुः यस सम्बन्धमा शैतानले हार खानुपरोस् र हाम्रा मण्डलीहरूको एकता पूरा भएको होस् भन्ने प्रार्थना चढ़ाउनुहोस् ! हामीचाहिँ यस मण्डलीमा धेरै समयदेखि आपसमा मिलाप राखेर चल्दै आएका हौं । तर प्रेम, मिलाप र एकतामा हिँड्नदेखि शैतानले हामीलाई अवश्य रोक्ने प्रयास गर्नेछ । यसमा म अचम्म मान्नेछैनँ ।

शैतानले हामीलाई ख्रीष्ट येशूसित हाम्रो सङ्गतिमा बाधा दिन चाहन्छ । प्रभुभोज खाने बेलामा 'अहिले म प्रभुसित कति मीठो समय पाउँछु' भनेर हामी अपेक्षा गर्छौं; तर ठीक त्यही बेलामा व्यर्थ विचारहरू हाम्रो मनभित्र पस्छन् । उत्पत्ति पन्ध्र अध्यायमा अब्राहामले बलि पशुहरू चढ़ाउने बेलामा अशुद्ध चराहरू त्यसमाथि झम्टन खोजे, अनि तिनले ती चराहरू धपाउनुपरेको

थियो भने, तपाईंले पनि यी अशुद्ध विचारहरू आफ्नो मनबाट धपाउनुपर्छ; नत्र ता शैतानले तपाईंलाई रोक्छ, यसो लेखिएझैं: 'शैतानले हामीलाई रोक्यो।' धन्न, शैतान एकैचोटि सबै ठाउँमा उपस्थित हुन सक्दैन; तर आफ्ना प्रशस्त नोकरचाकरहरूद्वारा त्यसले हरेक ठाउँमा काम गर्छ र तिनीहरूद्वारा प्रभुको सेवा गर्न चाहने सबै पवित्र जनहरूलाई बाधा दिन्छ।

## ग) शैतानी बाधाहरू छुट्ट्याउने तरिकाहरू

हाम्रो तेस्रो विषय यस प्रकारको छः अब हामी शैतानी बाधाहरू छुट्ट्याउने तीन-चारवटा तरिकाहरू प्रस्तुत गर्छौं।

मलाई के लाग्छ भने, कसैले मनमनै यसो भन्यो होलाः 'अँ, शैतानले मलाई बाधा नदिएको भए म यस संसारको महान् व्यक्ति बन्नेथिएँ र आजको दिनसम्म धनवान् भइसक्नेथिएँ।' प्रिय भाइहो, तपाईंले यस्तो कुरा विश्वास नगर्नु ठीक होला। किनकि मेरो विचारमा, शैतानले मानिसहरूलाई धनी हुनदेखि रोक्दैन। मानिस धनी भएको वा गरिब भएको शैतानलाई कुनै मतलब छैन। तर परमेश्वरका सेवकहरूलाई 'मन्दिरको टुप्पा'मा राखिएको देख्दा त्यो रमाउँछ; किनभने त्यसले जान्दछ, यो उचालिएको अवस्था तिनीहरूको निम्ति खतरा छ, चिप्लने डर छ, पतित हुने सम्भावना छ। उच्च पद खोज्नु र परमेश्वरलाई महिमा दिनु प्रायः एक-अर्कासित नमिल्ने, विपरीत कुराहरू हुन्। यदि धनी हुनुमा तपाईंले बाधा पाउनुभएको छ भने, म तपाईंलाई भन्न चाहन्छु, हाम्रो भलाइ चिताउनुहुने परमेश्वरको पूर्व-ज्ञानको योजनाचाहिँ यसको खास कारण होला। किनभने तपाईंलाई यस्तो ठाउँमा पुग्न नदिएर उहाँले तपाईंको भलाइ गर्नुभयो; किनकि यो सम्भवतः तपाईंको निम्ति सहन नसकिने परीक्षा पो हुनेथियो होला।

अरू कुनै व्यक्तिले यसो भन्लाः 'फलानो ठाउँमा गएर मैले बस्न पाए कति असल हुनेथियो ! त्यहाँ मैले क्या मज्जाले प्रगति र उन्नति गर्नेथिएँ। तर के गर्ने ? मैले त्यहाँ जान पाइनँ। हुन सक्छ, सायद शैतानले मलाई बाधा दियो पो, कि कसो ?' ठिक्कै छ, यो शैतानको बाधा हुन सक्छ, तर त्यसको बाधा नहुन पनि सक्ला। परमेश्वरले हामीलाई कुन ठाउँमा राख्नुपर्छ, सो राम्ररी जान्नुहुन्छ। अनि सधैं आफ्नो ठाउँ छान्ने मौका हामीलाई नदिइएको हुन सक्छ।

आफ्ना योजनाहरूमाथि बाधा आइलागेर हामी असफल भएपछि 'शैतानले हामीलाई रोकेको छ' भनेर सोच्नु सधैं ठीक नहोला; किनभने धेरैजसो हाम्रो भलाइ चिताउनुहुने परमेश्वरले आफ्नो पूर्व-ज्ञानअनुसार यसो गर्नुभएको हुन सक्छ ।

तर शैतानले मलाई बाधा दिएको मैले कसरी जानूँ ? मेरो विचारमा, **क)** हामीमाथि बाधा आइलाग्दा पहिले त्यस बाधामा भएको उद्देश्य हामीले बुझ्नुपर्छ । किनभने हामीलाई परमेश्वरको महिमा गर्नदेखि रोक्नुचाहिँ बाधा दिने शैतानको मूल-उद्देश्य हो । यसकारण तपाईंमाथि आइपरेको जुनसुकै कुरा शैतानबाट आएको नभन्नुहोस्; तर बुझ्नुहोस्ः जुन कुराले तपाईंलाई पवित्र, फलदायक, नम्र र शुद्ध हुनदेखि रोक्छ, त्यही कुरा शैतानबाट आएको हो । जुन कुराले तपाईंको जीवनमा बाधा दिन्छ, त्यस कुराले स्पष्टसँग तपाईंलाई धार्मिकतादेखि पापतिर फर्काएर लान खोज्छ, तब बुझ्नुहोस्, यस कुराको रचनाकार शैतान हो । यसबाट यो बाधा कहाँबाट आएको हो, सो तपाईं जान्न सक्नुहुन्छ । यो बाधा परमेश्वरबाट होइन, तर शैतानबाट आएको हो । तर काहिलेकहीं परमेश्वरले आफ्ना जनहरूको बाटोमा तिनीहरूको प्रगति रोक्ने अवरोधहरू राख्नुहुन्छ, र यी अवरोधहरू विश्वासमा वृद्धि गर्ने रोकावटहरूजस्तै देखिन्छन् । यो कुरा हामीले बुझ्नुपर्छ । उहाँ यसो किन गर्नुहुन्छ ? उहाँ आफ्ना पवित्र जनहरूलाई जाँच्न यसो गर्नुहुन्छ; उहाँ उनीहरूलाई बलियो पार्न यसो गर्नुहुन्छ । तर शैतानले चाहिँ हामीलाई सठीक बाटो छोड्न लाउँछ र हामीलाई टेढ़ामेढ़ा कुबाटोमा हिँड़ाउन चाहन्छ ।

**ख)** कुन बाटो भएर यी सुझाउहरू तपाईंकहाँ आउँछन्, यसबाट तपाईंले शैतानका सुझाउहरू छुट्ट्याउन सक्नुहुन्छ । परमेश्वरले असल मनसायहरू चलाउनुहुन्छ भने, शैतानले खराब अभिप्रायहरू प्रयोग गर्छ । तपाईंको ध्यान तपाईंको प्रिय प्रभु येशूमाथि लगाउनुदेखि हटाउन खोज्ने जुनसुकै कुरा, चाहे खराब विचार, झूटो शिक्षा, छली प्रचार, सांसारिक कुरा वा दुष्ट मनोभावना जेसुकै होस्, कहिल्यै परमेश्वरबाट आएको होइन, तर अवश्य शैतानबाट आएको हुनुपर्छ ।

**ग)** यी सुझाउहरूका राम्रा-नराम्रा भावनाबाट यी सुझाउहरू परमेश्वरबाट कि शैतानबाट आएका कुरा जाँचेर जान्न सकिन्छ । तपाईंको आत्मिक प्रगति रोक्ने बाधा तपाईंको निम्ति मनपर्दो हुन्छ, तपाईंको रुचि-

अनुसारको हुन्छ र त्यसले तपाईंलाई सन्तुष्टि दिन्छ भने, यो शैतानबाट आएको ठान्नुहोस् ! शैतानले पक्रन खोजेका चराहरूलाई सुमसुम्याउँदा कहिल्यै तिनीहरूको प्वाँख बिब्ल्याँटो पार्दैन । तर त्यसले प्रायः हाम्रो स्वाद र रुचि-अनुसार हामीसित व्यवहार गर्छ । त्यसले पक्रन चाहेका माछाहरूअनुसार तिनीहरूको विशेष चारो तयार गर्छ । त्यसले हरेक मानिससित कसरी व्यवहार गर्नुपर्छ, र हाम्रो शारीरिक स्वभावबाट उठ्ने अभिलाषाहरूसित मिल्ने कुन-कुन किसिमको कुविचार त्यसले हाम्रो मनमा हाल्नुपर्छ, सो राम्रोसँग जान्छ । तर जुन समस्या तपाईंले आफ्नो जीवनमा सामना गर्नुपर्छ, त्यो समस्याचाहिँ तपाईंको स्वभावसित नमिल्ने, त्यसको विपरीत हो भने, त्यो समस्या परमेश्वरबाट आएको सम्भनुहोस् ! तर तपाईंलाई बाधा दिने कुराबाट तपाईंलाई लाभ हुन्छ, अथवा तपाईंले कुनै सुख पाउनुहुन्छ वा यसबाट कुनै फाइदा उठाउनुहुन्छ भने, यो कुरा शैतानबाट आएको हो भन्ने निश्चय जान्नुहोस् !

**घ)** कुन-कुन समयमा यी सुझाउहरू हामीमाथि आइपर्छन्, यसबाट पनि हामी शैतानी बाधाहरू चिन्न सक्छौं । उदाहरणको निम्ति, प्रार्थना गर्ने बेलामा हामीमाथि आइलाग्ने बाधाहरू । ती बाधाहरू शैतानबाटका हुन् भने, ती सुझाउहरू मानिसका स्वाभाविक विचारहरूसित सम्बन्ध राख्ने क्रमसँग आइरहने किसिमका होइनन् । साङ्लाका टुक्राहरू एकपछि अर्को हुने गरी जोड़िएका छन्; ठीक त्यस्तै हाम्रो मनमा एउटा विचार अर्को विचारसित सम्बन्ध राख्छ; एउटा विचारले अर्को विचार निम्त्याउँछ, अनि अर्को विचारले फेरि अर्को विचार निम्त्याउँछ इत्यादि । यसरी नै हाम्रो मनमा विचार गर्ने क्रम अघि बढ्दै जान्छ । यो एक मानसिक नियम हो । तर हामीलाई पापमा फसाउने शैतानका परीक्षाहरू यस किसिमका हुँदैनन्; त्यसले दिएका सुझाउहरू क्रमिक विचार-लहराको रूपमा आउँदैनन्; तर एक्कासि ती सुझाउहरू कसैको मनमाथि आइलाग्दा रहेछन् । आउनुहोस्, हामी एकक्षण मेरो विषयमा कुरा गरौं । जुन समयमा म प्रार्थनामा आफ्नो मन लगाउँछु, त्यस समयमा मेरो निम्ति ईश्वरनिन्दा गर्नु अस्वाभाविक कुरा हो । तर त्यस बेलामा काहिलेकहीं कुनै ईश्वरनिन्दा उठ्न खोज्छ । यसैले यो विचार मेरो मनको विचार होइन, तर अवश्य शैतानबाट आएको हुनुपर्छ । जब मैले मेरो प्रभु र स्वामीको इच्छा पूरा गर्ने आँट गरेपछि मलाई निराशामा पार्ने कुनै विचार मभित्र जाग्छ, तब त्यो

विचार मेरो मन र मेरो सोचाइको फल होइन, तर मसँग नमिलेको छुट्टै कुरा हो । यो विचार मेरो हुँदै होइन । यसकारण म यो खराब विचार तुरुन्तै मेरो मनबाट निकालिदिन्छु र त्यसलाई ममा कुनै ठावैं दिन्नँ; किनभने यो विचार शैतानबाट आएको हो । शैतान नै यस विचारको रचनाकार हो ।

मलाई के लाग्छ भने, शैतानले हामीलाई दिएको बाधा, आफ्नो हृदयले मलाई दिएको बाधा र परमेश्वरबाट आएको बाधाको बीचमा हामी छुट्ट्याउन सक्छौं र छुट्ट्याउन सक्नुपर्छ । यसका छुट्ट्याउने तरिकाहरू छन् । यस कुरामा हामी सचेत बस्नुपर्छ, नत्रता हामी गल्ती गर्न पुग्छौं र कतै बाधा दिने दोष बाधा नदिनेलाई पो लगाउँछौं । बाधा आउने कारण तपाईं आफै हुनुहुन्छ भने शैतानलाई यसको दोष नदिनुहोस् ! प्रभु येशूले तपाईंको बाटोमा तपाईंलाई रोक्ने अवरोध लगाउनुभएको छ भने, यसको दोष शैतानलाई नदिनुहोस्; नत्रता यसो गर्दा तपाईं परमेश्वरको पूर्वयोजनाको विरुद्धमा जानुहुने डर छ । काहिलेकहीं आफू हिंड्नुपर्ने बाटो कुनचाहिँ हो, सो हामीलाई जान्न गाह्रो पर्छ । तर प्रार्थनामा तपाईं परमेश्वरको अनुग्रहको सिंहासनको सामु जानुभयो भने, परमेश्वरको इच्छा तपाईंलाई चाँड़ै प्रकट हुन्छ । आफू समस्यामा पर्दा दाऊदले यसो भन्ने आज्ञा गरेः 'एपोद यहाँ ल्याऊ !' (१ शमूएल २३ः९) । के तपाईं पनि यसो गर्नुहुन्छ ? यसकारण सर्वोच्च महापूजाहारीकहाँ जानुहोस् ! किनभने आफ्नो वाणीद्वारा तपाईंलाई जवाफ दिनु परमेश्वरको काम र कर्तव्य हो । हेर्नुहोस्, प्रभु येशूको छातीमाथि 'ऊरीम र तुम्मीम' लगाइएको छ । यसैले उहाँबाट नै तपाईंले हरेक समस्यामा र अलमलमा परेको बेलामा अगुवाइ र सय निर्णय पाउनुहुनेछ ।

## घ) शैतानी बाधाहरू हामी कसरी सामना गरौं ?

मलाई के लागेको छ भने, हाम्रो बाटोमा हामीलाई रोक्ने बाधाहरू साँच्ची नै शैतानबाट आएका हुन सक्छन् भन्ने कुरा यहाँसम्म आउँदाखेरि मैले तपाईंको निम्ति स्पष्ट पारिसकें होला । तब हामी के गरौं त ? मसित तपाईंलाई दिन सक्ने एउटै मात्र सल्लाह छ, र त्यो यही होः बाधाहरू भए पनि, नभए पनि आफूले हिंड्नुपर्ने बाटोमा परमेश्वरको पवित्र आत्माले दिनुभएको शक्ति-अनुसार अघि बढ्नुहोस् !

शैतानले तपाईंलाई बाधा दिन्छ भने, यस विरोधले गर्दा तपाईं आनन्दित हुनुपर्छ । यो कुरा मैले तपाईंलाई अघि नै भनिसकें । यस सम्बन्धमा एकजना प्रकारकले यसो भनेका छन्ः 'यस विशेष गाउँमा प्रभुको काम गर्न सजिलो छ भन्ने आशा लिएर म यहाँ आएको होइनँ; नत्रता म यहाँ आउनेथिइनँ ।' तिनले अझै यसो भनेः 'शैतानलाई म त्यसको विरोधी हुँ भन्ने कुरा सधैं देखाउनु मेरो काम र कर्तव्य ठान्छु; यसकारण त्यसले पनि "म तेरो शत्रु हुँ" भन्ने कुरा मलाई देखाउँछ-देखाउँछ; यसमा म निश्चित छु ।' तपाईंले हालैमा अनुभव गर्नुभएको बाधाको विषयमा यो त सीधै शैतानबाट आएको हो भनेर जान्नुभयो भने, आफूलाई सुखी ठान्नुहोस् ! तब निराश भई शोकित नहुनुहोस् ! किन ? किनभने तपाईंजस्तो कमजोर मानिसले अन्धकारको शासकको रिस उठाउनु र त्यसको हेला कमाउन सक्नुचाहिँ कुनै मामुली कुरा होइन, तर साँच्चै एउटा ठूलो, असामान्य कुरा हो । ओहो, दुष्ट आत्माहरूको फौजसित यस संघर्षमा भिड्न सक्ने र अन्धकारको शासकको आमुन्नेसामुन्ने भएर खड़ा हुने सक्ने मानव जातिलाई कत्रो सम्मान भएको, बाफरेबाफ !

यस्तो शत्रुबाट तपाईंले बाधा पाउनु सरल होइन, तर डरलाग्दो कुरा हो; यसमा शङ्का छैन । तर यस कुरामा ठूलो आशा र उत्साहको कारण पनि छ; किनभने शैतान तपाईंको साथी भएको भएदेखि तपाईं झन् डराउनुपर्नेथियो । विश्वासमा खड़ा भएर त्यसको सामना गर्नुहोस्; किनभने शैतान चुप नबसेको हुनाले तपाईं अहिले ठूलो लाभ उठाउने मौका पाउँदै हुनुहुन्छ । तपाईंले त्यससित लड़ाइँ नगर्नुभएको भए तपाईंले कहिल्यै त्यसमाथि जय पाउन सक्नुहुनेथिएन । तर त्यस दुःखी विश्वासीलाई सम्झनुहोस्, जो कुनै परीक्षामा नपरेको भए, आफ्नो महिमाहीन बाटोमा चल्दै स्वर्गतिर लाग्नुपर्नेथियो । तर कष्टमा परेरै उसको बाटोको हरेक कदम महिमाले पूर्ण बनेको छ । यसकारण बुझ्नुहोस्ः हालैमा हाम्रो स्थिति श्री जोह्न बन्यनले बयान गरेको स्थितिजस्तै छ; किनकि स्वर्गको दरबारको उच्च मोर्चादेखि यसो भन्ने गीत सुनिन्छः

*'स्वागत छ, हार्दिक स्वागत छ तिमीलाई;*
*अनन्त महिमारूपी पुरस्कार प्राप्त गर्न भित्र आऊ !'*

आउनुहोस्, हामी जोह्न बन्यनको शब्दचित्रमा आफ्नो रङ्ग भरिदिऔं ! किनभने विचार गर्नुहोस्ः कुनै जोखिम सामना गर्नुनपर्ने गरी यस स्वर्गको

दरबारभित्र पुऱ्याउने सिँढ़ीका खुड्किलाहरू चढ्दा हाम्रो सुरक्षा सुनिश्चित त हुन्छ होला, तर यसरी महिमारूपी इनाम कमाउन सकिँदैन। तर यी खुड्किलाहरू चढ़ेको एक-एक कदममा हामीले अनेकौं शत्रुहरूको सामना गर्नुपर्छ भने, जुन शत्रुहरूले दरबारको ढोकाको प्रवेश पूरा छेकिरहेका छन्, त्यो अर्को कुरा हो। श्री जोह्न बन्यनको कुरामा अघि बढ़ौंः तिनको आत्मिक कथामा एकजना वीर योद्धाको कुरा छ, जो यस आत्मिक प्रतियोगितामा आफ्नो नाम दर्ता गर्न पञ्जिकरण गर्ने कर्मचारीकहाँ आयो, र 'हजुर, मेरो नाम लेखिदिनुहोस्' भन्ने अनुरोध गऱ्यो। त्यसपछि स्वर्गको दरबारमा पुऱ्याउने सिँढ़ीको सबैभन्दा तल्लो खुड्किलाबाट शुरु गरेर ऊ शत्रुहरूलाई जित्दै अघि बढ़्यो, अनि आफ्ना हितकारी दर्शकहरूको वाहवाही जयघोषको नारा गुँजिएको ध्वनिबाट हिम्मत पाएर ऊ अन्तिम खुड्किलामा पुग्यो र विजेता भयो। यसरी नै उसको निम्ति यस लड़न्तको एक-एक इन्च महिमापूर्ण हुन गएको छ।

यस कथाबाट यस प्रकारको निचोड़ निस्किन्छः स्वर्गतिर जाने हाम्रो बाटोमा दुष्ट आत्माहरूले हाम्रो विरोध नगरेका भए शान्त र सुरक्षासाथ हामीले आनन्दमय यात्रा गर्न पाउनेथियौं, तर यसरी हामीले कुनै सम्मान कमाउन सक्नेथिएनौं। तर अब महिमामा पुऱ्याउने बाटोको हरेक कदम लड़ाइँ गरेर हामीले जित्नुपरेको हुनाले एक-एक कदम अमर महिमाले भरिएको हुन्छ। यसकारण हे ख्रीष्ट-विश्वासीहो, अघि बढ़्नुहोस्; किनकि जति बढ़ी विरोध तपाईं सामना गर्नुहुन्छ, त्यति नै बढ़ी महिमा तपाईंले एक दिन पाउनुहुनेछ।

यी शैतानी बाधाहरूको विषयमा सचेत रहनुहोस्, र शैतानको विरोध नगरे र त्यसमाथि जय नपाए तपाईंले कति इनाम गुमाउनुपर्छ; यो राम्ररी विचार गर्नुहोस्! अनि यो पनि ख्याल गरौंः जसले शैतानलाई जित्न दिन्छ, त्यसले अनन्त हानि उठाउनुपर्छ, अनि परमेश्वरले त्यस्तोलाई कुनै काममा प्रयोग गर्नुहुन्छ भन्ने आशा निश्चय चक्नाचूर हुनेछ। लड़ाइँको दिनमा पछि हटेर म भागें भने परमेश्वरका अरू सेवकहरूले के भन्नेथिए? तब निश्चय नै लड़ाइँको मैदानमा खिसी र निन्दाको ठूलो आवाज गुँजिनेथियो; अनि वाचाको झण्डा मैलामा घिसारिनेथियो। यसकारण हामी निराश हुनुहुँदैन, हताश खानुहुँदैन; हामी कुनै हालतमा पनि पछि हट्नै सक्दैनौं। शैतानका छली, झूटा खुसामदीहरूमा कान लगाउन हामी सक्दैनौं, नत्र ता हामी आफ्ना प्रभु र

स्वामीलाई त्याग्न पुग्छौं; र यसरी हामीले सहन नसक्ने ठूलो हार भोग्नुपर्नेथियो । यसो कहिल्यै नहोस् भनेर हामी खूबै डराउँछौं ।

प्रिय भाइबहिनीहो, तपाईंका प्रभु र स्वामीले जय पाइसक्नुभयो; यो कुरा सम्झेर म तपाईंलाई साहस दिन चाहन्छु । विजयी हुनुभएको प्रभुलाई सधैं आफ्नो सामुन्ने राख्नुहोस् र उहाँलाई विचार गर्नुहोस् ! उहाँ जो काँड़ाको मुकुट पहिरनुभएको थियो, उहाँले शत्रुसित लड़ाइँ गरेर त्यसको टाउको कुल्चाउनु-भयो । तपाईंलाई मुक्ति दिनुहुने कप्तानले शैतानमाथि पूरा जय पाउनुभयो । तपाईंको निम्ति उहाँले लड़ाइँ गरेर जित्नुभयो । अनि उहाँको विजय तपाईंको विजय हो ।

तपाईंले एउटा हार खाएको शत्रुसित लड़ाइँ गर्नुपर्छ । आफ्नो हार जानेर शैतान शर्ममा परेको छ । त्यसले पूरा बल लगाएर लड़ाइँ गरे तापनि त्यसले साहससित लड्नै सक्दैन; किनभने अन्तमा त्यसले विजय पाउँदै-पाउँदैन । यसकारण कुनै दयामाया नगरीकन त्यसलाई हिर्काउनुहोस्, किनभने प्रभु येशूले त्यसलाई हिर्काइसक्नुभयो । त्यसलाई पछार्नुहोस्, किनभने प्रभु येशूले त्यसलाई आफ्ना खुट्टामनि पारिसक्नुभयो । हे उहाँको सारा सेनाको सबैभन्दा कमजोर सिपाहीहो, विजयी बन्नुहोस्; किनभने तपाईंभन्दा अघि तपाईंका कप्तान विजयी हुनुभयो ।

अन्तमा, आफ्नो कम्मर कस्न र आजको दिनमा साहससित लड़ाइँ गर्न तपाईंलाई सहायता दिन परमेश्वरको वचनमा निम्न प्रतिज्ञा छः *'शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ'* (याकूब ४:७) । ख्रीष्टको दासदासीहो, आफ्नो सेवकाई छोड़ेर नजानुहोस् ! मण्डलीमा फाटो भएको र शत्रु अघि बढ़िरहेको देखेर तपाईं पछि नहट्नुहोस् ! शैतानको सामना गर्नुहोस्, नभाग्नुहोस् ! बरु त्यसलाई भाग्ने तुल्याउनुहोस् ! विश्वासी जनहरूहो, तपाईंहरूका सड़कहुँदो प्रचार गर्न र सुसमाचारका पर्चा बाँड्न वा घर-घरमा गई मानिसहरूसित भेट गर्न थालेदेखि शैतानले तपाईंहरूलाई घोर विरोध गरेको होला; म तपाईंहरूलाई अनुरोध गर्छुः तपाईंहरूको प्रयास दोब्बर बढ़ाउनुहोस् ! शैतान तपाईंहरूदेखि डराएको छ; यसैले त्यसले तपाईंहरूको विरोध गर्छ । तपाईंहरूले पाउन लाग्नुभएको ठूलो आशिष त्यसले तपाईंहरूदेखि खोस्न चाहन्छ । त्यसको सामना गर्नुहोस् र बलियो भई खड़ा हुनुहोस् ! प्रार्थनामा परिश्रम गर्ने विश्वासीहरूहो, जुन वाचाका दूतसित तपाईंहरूले हालैमा कुश्ती

लड्नुभएको छ, ती दूतलाई आफ्नो पक्राउबाट निस्केर जान नदिनुहोस् ! किनभने शैतानले तपाईंहरूलाई अहिले बाधा दिएको कारण तपाईंहरूले पाउन लाग्नुभएको आशिष नै हो । हे प्रियहरूहो, तपाईंहरू जसले ख्रीष्ट येशूमा मुक्ति पाउन खोज्दै हुनुहुन्छ, आफ्नो नजर अमूल्य रगतको धारा बगिरहने प्रभु येशूको क्रूसदेखि नहटाउनुहोस् ! शैतानले तपाईंहरूलाई अहिले नै बाधा दिइरहेको छ । किनभने तपाईंहरूको जीवनमा रातको अन्धकार बित्नै लागेको छ, र बिहानको तारा ख्रीष्ट येशू चम्कन लाग्नुभएको छ । भाइहरूहो, के तपाईंहरू कठीन सङ्कष्टहरू भोग्दै हुनुहुन्छ ? के तपाईंहरू परीक्षामा परेर शोकित हुनुभएको छ ? के तपाईंहरू थिचोमिचोमा परेर निराश हुनुभएको छ ? तब बुझ्नुहोस्ः तपाईंहरूको आशा हिजोभन्दा आज नै उज्यालो छ । यसकारण हिम्मत बाँध्नुहोस्, साहस लिनुहोस् ! परमेश्वरको निम्ति, प्रभु येशूको निम्ति र तपाईंको अमूल्य आत्माको निम्ति कम्मर कसेर लड्नुहोस् ! किनभने त्यो सुदिन आउन लागेको छ, जब विजयी भई तपाईंले आफ्नो स्वामीको साथमा नयाँ यरूशलेमका सड़कहरूमा सवार गर्नुहुनेछ । त्यस बेलामा तपाईंले कैद गर्नुभएको पाप, मृत्यु र नरक जितको मालको रूपमा तपाईंको रथका चक्र-हरूमा बाँधिएका हुनेछन् । अनि थुमाको रगतद्वारा शैतानमाथि विजय पाएर तपाईंले आफ्नो प्रभुसित विजयको मुकुट पहिरनुहुनेछ ।

प्रिय मित्रहरू, परमेश्वरले तपाईंहरूलाई प्रचूर आशिष दिऊन् । यो प्रवचन कसको निम्ति बढ़ी लाभदायक हुन्छ होला, सो मलाई थाहा छैन । तर म विश्वास गर्छु, परमेश्वरले यो सन्देश परीक्षामा परेका पवित्र जनहरूको निम्ति पठाउनुभएको हो । तिनीहरूले यस सन्देशबाट सान्त्वना पाएका होऊन् । प्रभु येशूले तपाईंहरूलाई प्रशस्त अनुग्रह दिऊन् । आमेन !

# ४

# शैतानमाथि विजयी हुनुभएको प्रभु येशू ख्रीष्ट

*‘अनि तेरो र त्यस स्त्रीको बीचमा, अनि तेरो सन्तान र त्यस स्त्रीको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु; उसले तेरो टाउको कुच्च्याउनेछ, र तैंले उसको कुर्कुच्चा डस्नेछन् ।’* *उत्पत्ति ३ः१६*

यस संसारमा सबैभन्दा पहिले प्रचार गरिएको सुसमाचारको प्रवचन यही हो । यसकारण यो सन्देश सम्झना गर्न लायकको छ; किनभने परमेश्वर आफै यसको प्रचारक हुनुहुन्थ्यो, अनि सारा मानव जातिले अन्धकारको शासकसित मिलेर यो सन्देश सुनेको श्रोतागण थियो । यो सन्देश हाम्रो पूरा ध्यान पाउन योग्यको छ ।

पापमा फस्नासाथ मानिसले सुसमाचारको यो ठूलो प्रतिज्ञा पाउनु कति अचम्मको कुरा हो । जुन बेलामा यी दुईजना दोषी मानिसहरूमाथि आरोप अझ लगाइएकै थिएन, त्यस बेलामा तिनीहरूलाई यो प्रतिज्ञा दिइएको थियो । अनि यस प्रतिज्ञामा आरोपचाहिँ पूरापूर शैतानमाथि लगाइएको छ । त्यस घड़ीसम्म

यस स्त्रीलाई दोष लगाएर 'म तेरो दुःख र प्रसूति-वेदना ज्यादै बढ़ाउनेछु' भन्ने सजायको वचन सुनिएको थिएन, न ता पुरुषले सारा जीवनभरि कष्टसँग परिश्रम गर्नुपर्ने, न भूमिले काँड़ा र सिउँड़ीहरू उमार्ने श्रापको वचन सुनेको थियो। साँच्चै *'दयाले न्यायको विरोधमा गर्व गर्नेछ'* (याकूब २:१३)। किनकि उत्पत्ति ३:१९ पदमा 'तिमी माटो हौ, र तिमी माटैमा फर्किजानेछौ' भन्ने कुरा भन्नअघि नै परमप्रभुले 'स्त्रीका भावी सन्तानले साँपको टाउको कुच्च्याउनेछन्' भन्ने वचन भन्न चाहनुभयो। यसकारण आउनुहोस्, हामी यति छिटो मानिसकहाँ आइपुगेको परमेश्वरको कृपामा रमाऔं! किनभने जुन बेलामा पापको अन्धकारले रातझैं यस संसारलाई छोप्न लागेको थियो, त्यस बेलामा यही अनुग्रहको वचन हामीकहाँ सान्त्वनाको रूपमा आयो।

यो वचन आदम र हव्वालाई होइन, तर सीधै साँपलाई भनिएको थियो। त्यसले गरेको कामको प्रतिफल अर्थात् त्यस अधर्मको सजायको रूपमा यो वचन त्यसलाई सुनाइयो। किनकि यो कुदिनचाहिँ शैतानको निष्ठूर विजयको दिन थियो, जुन दिनमा त्यसको भ्रष्ट मन ठूलो आनन्दले भरिएको थियो; किनकि त्यसले आफ्नो दुष्टतामा मज्जा लिन सक्यो, र त्यो आफ्नो रिस पूरा गर्न सफल भयो। त्यसको सबैभन्दा खराब नतिजा यही थियोः त्यसले परमेश्वरका कामहरूको केही भाग नष्टभ्रष्ट पार्‍यो। त्यसले नयाँ, भर्खरै सृष्टि गरिएको पृथ्वीभित्र पाप हुल्न सक्यो। अनि मानव जातिमाथि त्यसले आफ्नो कुरूपको छाप लगायो। त्यसले मानव जातिमा विद्रोह गर्ने र अधर्म बढ़ाउने एउटा नयाँ फौज पायो। यसले गर्दा त्यो अति खुशी भयो। यस प्रकारको खुसीयाली त त्यस शत्रुले मात्र अनुभव गर्न सक्छ; किनभने त्यसभित्र नरक छँदैछ।

तर त्यस बेलामा परमेश्वर आफैले यो मुद्दा लड्नुभयो, र जुन लड़ाइँको मैदानमा शैतानले केही समय जय पाएको थियो, त्यही जग्गामा उहाँले त्यसलाई शर्ममा पार्नुभयो। 'तँसित म आफैले व्यवहार गर्छु; यो मुद्दाचाहिँ तेरो र मानिसको बीचमा होइन, तर मेरो र तेरो बीचमा छ' भन्ने कुरा उहाँले त्यस साँपलाई बताउनुभयो। परमेश्वरले यी गम्भीर शब्दहरू बोल्नुभयोः *'तेरो र त्यस स्त्रीको बीचमा, अनि तेरो सन्तान र त्यस स्त्रीको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु।'*

किनभने त्यो समय पूरा हुनेछ, जब एक वीर योद्धा उठ्नुहुनेछ, जसले दुःख भोग्नुपरे तापनि त्यस साँपको टाउको कुच्च्याउनुहुनेछ र यसरी त्यस दुष्टको अधिकार प्रहार गरेर त्यसबाट त्यसको शक्ति खोस्नुहुनेछ; अनि यो कुरा परमेश्वरले यहाँ प्रतिज्ञा गर्नुभयो । मेरो विचारमा, यो अनुग्रही सन्देश आदम र हव्वाको निम्ति ठूलो सान्त्वनाको कारण भएको थियो; किनभने तिनीहरूलाई पापको परीक्षामा पार्ने शैतानले सजाय भोग्नुपर्छ र यस सजायबाट तिनीहरूलाई ठूलो आशिष मिल्नेछ भन्ने कुरामा तिनीहरू निश्चित भए । यसरी साँपले भोग्नुपर्ने सजायचाहिँ तिनीहरूको कृपा पाउने आशा सुनिश्चित गर्ने बोल-कबुल पो बन्यो ।

तर हुन सक्छ, यस प्रकारले लुकिएको प्रतिज्ञाद्वारा परमप्रभुले यसो भन्न खोज्नुभयो होलाः 'पापमा फसेका मानिसहरूहो, न तिमीहरूको निम्ति, न तिमीहरूका सन्तानहरूको निम्ति, तर पापमा गिरेका पतित मानिसहरूको बीचमा मेरो नामको निन्दा र अपमान हटाउने हेतुले म आफ्नो नामको खातिर र आफ्नो महिमाको निम्ति यसो गर्नेछु । यसद्वारा यो घटना देख्ने स्वर्गदूतहरूको बीचमा मेरो नाम र मेरो सम्मान बढ्नेछ; किनभने जुन क्षति त्यस परीक्षामा पार्ने शैतानले गर्‍यो, त्यो क्षति म मर्मत गर्नेछु ।' यहाँ भनिएको सबै कुरा सम्झेर हाम्रा आदिम पुर्खाहरू आदम र हव्वा निक्कै होचिए, र धेरै नम्र पारिए । तर यस वचनबाट तिनीहरूले सान्त्वना पनि पाए; किनभने यहाँ, यस वचनमा तिनीहरूलाई प्रतिज्ञा गरिएको कृपा तिनीहरूले आफ्नो खातिर पाउने होइन, तर परमेश्वरले आफ्नो नामको खातिर तिनीहरूलाई कृपा देखाउनुहुनेथियो । यस कुरामा आशा राखेर तिनीहरूको विचलित मनले ठूलो साहस पायो । यसकारण शुरुदेखि नै आफैले कमाउन चाहेको कृपाभन्दा परमेश्वरको अभिप्रायअनुसार र उहाँको महिमाको निम्ति हराएका मानिसहरूलाई देखाएको कृपा नै हाम्रो विश्वासको बलियो जग बनिएको छ; किनभने आफ्नो शक्तिले कमाउन सकिने कृपा छँदैछैन ।

सुसमाचारको यस पहिलो प्रवचनको बारेमा हामीले याद राख्नुपर्छः प्राचीनकालका विश्वासी जनहरूले यस सन्देशमाथि आफ्नो विश्वास र भरोसा राखे । आदमले पाएको प्रकाश यति मात्र थियो । हाबिलसँग पनि यति ज्ञान मात्र थियो । हाबिलको निम्ति यो प्रतिज्ञा मात्र चम्केको थियो । अनि तिनले यो प्रतिज्ञा आकाशमा चम्किरहेको एकमात्र ताराको रूपमा हेरे, र विश्वास गरे ।

यस प्रतिज्ञाबाट बलिदानको बारेमा प्रकाश पाएर तिनले आफ्ना भेड़ाबाख्राहरूको बगालबाट पहिले जन्मेका पाठाहरू ल्याएर वेदीमाथि बलि गरे । अनि हाबिलले कायम राखेको यस विश्वासको गवाहीको खातिर कयिनले तिनलाई मारिदिए । साँपका सन्तानले स्त्रीको सन्तानलाई कति धेरै घृणा गर्दो रहेछ, सो हाबिलको हत्याबाट प्रकट भएको छ । हो, आदमदेखि सातौं पुस्तामा जिउने हनोकले प्रभु येशूको दोस्रो आगमनको बारेमा भविष्यवाणी त गरे, तर उनले प्रभुको पहिलो आगमनको विषयमा कुनै नयाँ प्रकाश पाएनन्, कुनै नयाँ कुरा बताएनन् । यसैबाट केवल यो एकै प्रतिज्ञाको वचन मानव जातिको एकमात्र आशा थियो भन्ने बुझिन्छ । यसकारण मानिस अदनको बगैंचाबाट निकालिनुभन्दा थोरै समयअघि दिइएको यस प्रतिज्ञाद्वारा त्यहाँ सल्किएको आत्मिक बत्तीले सबै विश्वासीहरूलाई, प्रभुले बढ़ी प्रकाश नदिएसम्म, उज्यालो दिइरह्यो । अनि जब उहाँ आफ्नो दास नूहसित बोल्नुभयो, तब मात्र उहाँले आफ्नो वाचाको प्रतिज्ञा दोहोऱ्याउनुभयो र यसको प्रकाश बढ़ाउनुभयो ।

हाम्रो सामु भएको परमेश्वरको वचनको खण्डको रहस्यमय भाषामा आनन्द लिएर जलप्रलयअघि जिएका, यी कपाल फुलिएका पुर्खाहरूले यस प्रतिज्ञामाथि भरोसा राखे, र तिनीहरू विश्वासमा मरे । भाइहरूहो, यस खण्डमा थोरै ज्ञान मात्र पाइन्छ भनेर तपाईंहरूले नसोच्नुहोला । किनकि यस खण्डमा तपाईंहरूले बढ़ी ध्यान दिनुभयो भने, यो अचम्मको वचन कति अर्थपूर्ण छ, सो बुझ्नुहुनेछ । आज मेरो इच्छा भएको भए म यस खण्डबाट तपाईंहरूलाई सुसमाचारको सम्पूर्ण शिक्षा प्रस्तुत गर्न सक्नेथिएँ । किनभने जसरी रूखको बीउभित्र त्यस रूखका सम्पूर्ण गुणहरू लुकिएका छन्, ठीक त्यस्तै ख्रीष्ट येशूको सुसमाचारमा समावेश भएका सबै महान् सत्यताहरू यस खण्डमा लुकेका छन् ।

यहाँ परमेश्वर आफै देहधारी हुनुहुने महान् रहस्य प्रकट गरिएको छ । किनभने ख्रीष्टचाहिँ यस स्त्रीका सन्तान हुनुहुन्छ, जसको विषयमा यस वचनले बताएको छ । किनकि प्रभु येशू कसरी शरीर धारण गर्नुहुन्छ, सो कुरा यहाँ स्पष्ट पारिएको छ । उहाँले अरू मानिसहरूले गरेझैं जन्म लिनुभएन । किनकि प्रभु येशूकी आमा मरियममाथि पवित्र आत्माको शक्तिले छाया पारेको थियो ( लूका १ : ३५ ) । यसकारण यिनीबाट जन्मिनुभएको पवित्र जनचाहिँ केवल आफ्नो शारीरिक स्वभावअनुसार स्त्रीबाटका सन्तान हुनुहुन्थ्यो;

किनभने पवित्र बाइबलमा यसो लेखिएको छः *'हेर, एउटी कन्या गर्भवती हुनेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र उसको नाम इम्मानुएल राख्नेछिन्'* (यशैया ७ :१४) । उक्त प्रतिज्ञाको वचनबाट दिइएको शिक्षा स्पष्ट छः ती भावी उद्धारकले एउटी स्त्रीबाट जन्म लिनुहुनेछ । अनि ध्यानपूर्वक यो पद हेर्नु हो भने, ती मुक्तिदाता कसरी गर्भधारण भई जन्मनुहुनेछ, यसको विषयमा परमेश्वरको तरिका के थियो, सो सङ्केत पनि पाइन्छ ।

*'तेरो र त्यस स्त्रीको बीचमा, तेरो सन्तान र त्यस स्त्रीको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु'* भनेर यहाँ दुई किसिमका सन्तानहरूको बारेमा सफासँग शिक्षा दिइएको छ । यस संसारमा परमेश्वरको पक्ष लिने र साँपको विरोध गर्ने स्त्रीका सन्तानहरू हुनेछन्; साथै साँपका सन्तानहरू पनि हुनेछन्, जसले सधैं दुष्ट शैतानको पक्ष लिनेछन्; जस्तै आजको दिनसम्म ठीक यस्तै भइरहेको छ । किनकि परमेश्वरको मण्डली र शैतानको सभाघर दुवै छन् । हामी हाबिल र कयिन, इसहाक र इश्माएल, याकूब र एसावमा यो देख्छौं । जतिजना शरीरअनुसार जन्मिएका हुन्छन्, तिनीहरूको बुबा शैतान हो; तिनीहरू त्यसका सन्तान हुन्छन्; किनभने तिनीहरूले त्यसका कामहरू गर्छन् । तर जतिजना नयाँ गरी जन्मेका हुन्छन्, उनीहरू प्रभु येशूमा भएको जीवनको शक्तिअनुसार पवित्र आत्माद्वारा जन्मेका हुन्छन् । यसरी नै उनीहरू ख्रीष्ट येशूमा स्त्रीका सन्तान बनेका छन् र साँपको विरोध गरेर उनीहरूले त्यससित र त्यसका सन्तानहरूसित सधैं यत्नपूर्वक लड़ाइँ गर्छन् ।

*'तैंले उसको कुर्कुच्चा डस्नेछस्'* भनेर यस खण्डमा अघिबाट ख्रीष्ट येशूले क्रूसको दुःख भोग्ने यस महान् त्राणको कामको बारेमा सफासँग पूर्वजानकारी दिइयो । यी शब्दहरूमा हामी बेतलेहेममा लिनुभएको उहाँको जन्मदेखि गलगथाको क्रूसमा हाम्रा प्रभु येशूको मृत्यु भएको दिनसम्मका सम्पूर्ण कष्टहरूको अग्र-बयान पाउँछौं ।

*'उसले तेरो टाउको कुच्च्याउनेछ'*; यसबाट के-के बुझिन्छ ? यसको अर्थ यही होः प्रभु येशूको त्राणात्मक मृत्युद्वारा शैतानको शासन गर्ने अधिकार खतम गरिएको र पाप हटाइएको, अनि प्रभु येशूको बौरिउठाइद्वारा मृत्यु नाश गरिएको हो । प्रभु येशू स्वर्गारोहण हुनुभयो; उहाँले कैदलाई कैद गरेर लैजानुभयो । यहाँ पवित्र आत्मा पठाइनुभएको कुरा छ, जसले यस संसारमा सत्यता विजयमा पुऱ्याउनुहुनेछ । यहाँ अन्तिम दिनहरूको महिमित दर्शन पनि

छ, जब शैतान एक हजार वर्षसम्म बाँधिनेछ । अनि अन्तमा, यहाँ दुष्ट शैतान र त्यसको पछि लाग्नेहरू सबैलाई आगोको ताल अर्थात् अग्निकुण्डभित्र फ्याँकिने पूर्वज्ञान छ । यी थोरै, लाभदायक शब्दहरूमा प्रभु येशूको लड़ाइँ र विजय समावेश भएका छन् ।

पहिले यी शब्दहरू आफ्नै कानले सुनेका मानिसहरूले यिनको अर्थ पूरा बुझ्न सकेनन्; तर अहिले यी शब्दहरू हाम्रो निम्ति ईश्वरीय प्रकाशले पूर्ण छन् । यो खण्ड पहिलो पल्ट पढ्दाखेरि यो कड़ा र चिसो ढुङ्गासरह देखिन्छ; तर यसबाट ज्ञानका झलकहरू प्रशस्त गरी चम्कँदैछन्; किनभने यस खण्ड-भित्र गुप्त रूपले बलिरहेको आगोझैं परमेश्वरको अपार प्रेम र अनुग्रह लुकेका छन् । अनुग्रहकारी परमेश्वरको यस प्रतिज्ञाको खातिर हाम्रो निम्ति अत्यन्तै आनन्द मनाउनु उचित छ । हाम्रा आदिम पुर्खाहरू आदम र हव्वाले यस वचनबाट केकस्तो कुरा बुझे, हामी जान्दैनौं, तर तिनीहरूले यस प्रतिज्ञाबाट ठूलो सान्त्वना पाएको कुरामा हामी सुनिश्चित छौं । तिनीहरूले 'हामी तत्कालै नाश हुँदैनौं' भन्ने कुरा बुझे; किनभने परमप्रभुले तिनीहरूसँग सन्तानको विषयमा बोल्नुभएको थियो । अनि हव्वाबाट कुनै सन्तान पैदा हुने हो भने त, तिनी अझै जीवित रहनेछिन् र बाँच्नेछिन् भन्ने कुरा तिनीहरूको विचारमा स्पष्ट भयो; साथै यस पैदा हुने सन्तानले त्यस साँपलाई जितेर त्यसको टाउको कुच्च्याउनेछ भने, यस कुराबाट तिनीहरूलाई पनि लाभ मिल्नेछ भन्ने कुरा तिनीहरूले बुझे । जुन विजय तिनीहरूको भावी सन्तानले तिनीहरूलाई नाश गर्न खोज्ने शैतानमाथि पाउनेछ, त्यस विजयद्वारा तिनीहरूलाई ठूलो, रहस्यमय भलाइ हुनेछ भन्ने कुरा तिनीहरूले थाह पाए । यस प्रतिज्ञामाथि विश्वास राखेर तिनीहरू अघि बढ़े, अनि यस पृथ्वीमा जिएर पीड़ा र दुःखकष्ट पाउँदाखेरि तिनीहरूले यो वचन सम्झेर सान्त्वना पाए । मलाई शङ्का छैन; यस प्रतिज्ञामाथि विश्वास राखेर आदम र उनकी पत्नी हव्वाले पनि अनन्त विश्राममा प्रवेश गरे ।

आज म यस वचनको खण्ड तीन प्रकारले अध्ययन गर्न चाहन्छु । **क)** पहिले म यस सम्बन्धमा सत्य बयान बताउनेछु, त्यसपछि **ख)** हरेक ख्रीष्ट-विश्वासीको हृदयभित्र यी तथ्यहरूसित सम्बन्ध राख्ने अनुभवमा ध्यान लगाउनेछु, र अन्तमा, **ग)** यस खण्ड र यससित सम्बन्धित सबै कुराहरूबाट हामीलाई मिल्ने उत्साहमाथि आफ्नो विचार पुर्‍याउनेछु ।

## क) यस सम्बन्धमा सत्य बयान सुन्नुहोस् !

यहाँ चारवटा कुराहरू छन्, जुन कुराहरूमाथि गम्भीरतासाथ ध्यान लगाउन म तपाईंलाई आग्रह गर्छु । यिनमा पहिलो कुरा शत्रुता हो । किनकि यस खण्डमा हामी शुरुमा यसो पढ्छौंः *'तेरो र त्यस स्त्रीको बीचमा म दुश्मनी हाल्नेछु ।'* पहिले साँप र स्त्री आपसमा मिलनसार थिए, कि कसो हो ? किनकि यी स्त्रीले सङ्कोच नमानीकन साँपसित कुरा गरिरहेकी थिइन् । अनि त्यस बेलामा तिनले साँपलाई आफ्नो साथी ठान्थिन् । साँपचाहिँ तिनको निक्कै मिल्ने साथी भएको हुनाले परमेश्वरको आज्ञा जानेर पनि तिनी त्यसको सल्लाह ग्रहण गर्न र महान् सृष्टिकर्ता परमेश्वरको बारेमा त्यसले भनेका सबै खराब कुराहरू खण्डन नगरी पत्याउन तयार भइन् । किनभने त्यस दुष्ट, धूर्त साँपले छल गरेर यी खराब कुराहरू तिनको मनमा हालेको थियो । तर जुन बेलामा परमेश्वर यहाँ यो खण्ड बोल्नुभयो, त्यस बेलामा यी स्त्री र साँपको बीचमा रहेको मित्रता टुटिसकेको थियो । किनकि यी स्त्रीले त्यस साँपलाई परमेश्वरको उपस्थितिमा यसो भन्दै दोष लगाइन्ः *'साँपले मलाई धोका दियो, र मैले खाएँ'* (उत्पत्ति ३ः१३) । यहाँसम्म सबै बुझियो । यी दुई पापीहरूको सङ्गत र मित्रता धेरै समय टिकेन; तिनीहरूले झगड़ा गर्न लागे । तब परमप्रभु आएर मानिसलाई कृपा देखाउनुभयो र यस झगड़ाबाट मौका छोपेर भन्नुभयोः 'यो अमेल म अझै पनि बढ़ाउँदै लानेछु; किनकि साँप र यस स्त्रीको बीचमा म दुश्मनी हाल्नेछु ।'

शैतानले मानिसको सन्तानमा आफूसँग मिल्ने सङ्गी देख्थ्यो । तर परमेश्वरले शैतानसित रहेको मानिसको यो सम्बन्ध टुटाउन र शैतानी अधिकारको विरोधमा लड़ाइँ गर्न सक्ने स्त्रीको विशेष सन्तानलाई पैदा गर्न चाहनुभयो । यसकारण परमेश्वरले यहाँ पहिलो पल्ट शैतान र पापको बन्धनको विरोध गर्ने अर्को राज्य स्थापित गर्नेछु भन्ने घोषणा गर्नुभयो । किनकि उहाँले छान्नुभएका सन्तानहरूको हृदयमा दुष्टताको विरोध गर्ने शत्रुता उत्पन्न गर्नुहुनेथियो । यसले गर्दा तिनीहरूले दुष्टताको विरुद्धमा लड़ाइँ गर्नेछन् र अन्तमा धेरै संघर्ष र कष्टको साथ अन्धकारको शासकलाई जित्नेछन् । अनि परमप्रभुको यो इच्छा र योजना परमेश्वरको आत्माले एकजना महिमित पुरुष

अर्थात् ख्रीष्ट येशूद्वारा त्यस पतित भएको स्वर्गदूतसित लड़ाइँ गरेर प्रशस्त मात्रामा पूरा गर्नुभयो। यसरी उहाँले मानिसलाई शैतानको शत्रु, साथै त्यसमाथि विजयी हुने विजेता तुल्याउनुभयो।

त्यस समयदेखि उसो यी स्त्रीले दुष्ट शैतानलाई हेला गर्नुपर्थ्यो। अनि मलाई लाग्छ, तिनले त्यसलाई घृणा गरेकी पनि थिइन्। किनभने त्यसलाई हेला गर्ने प्रशस्त कारणहरू थिए। जति पल्ट तिनले त्यसको बारेमा विचार गर्थिन्, त्यत्ति पल्ट 'मैले त्यसको दुष्ट, छली कुरामाथि किन ध्यान दिएँ ? हाय मलाई !' भनेर तिनले अफसोस मान्थिन् र आफूलाई धिकारिन्। यसकारण यी स्त्रीका सन्तानहरूले त्यस दुष्ट शैतानको विरोधमा सधैं शत्रुता कायम राखे। म शरीरअनुसार पैदा भएको वंशको विषयमा कुरा गर्दिनँ; किनभने प्रेरित पावलले हामीलाई यसो भनेका छन्: *'जो-जो शरीरका सन्तानहरू हुन्, तिनीहरू परमेश्वरका सन्तान हुने होइनन्, तर प्रतिज्ञाका सन्तानहरूचाहिँ वंश ठहरिन्छन्'* (रोमी ९:८)। यहाँ आदम र हव्वाबाट पैदा हुने शारीरिक सन्तानको बारेमा कुरा गरिएको होइन, तर कुनै आत्मिक सन्तान अर्थात् ख्रीष्ट येशू र उनीहरूको विषयमा कुरा गरिएको हो, जोचाहिँ उहाँका जनहरू हुन्। यो आत्मिक वंश जहाँ भए तापनि, यसले त्यस साँपलाई पूरा घृणा गर्छ। यसकारण सम्भव भए हामीले आफ्नो मनभित्र शैतानको हरेक काम नष्ट गर्नेथियौं र हाम्रो दुःखदाय संसारबाट त्यसले रोपेको हरेक दुष्टता जरासमेत उखेल्नेथियौं।

यस स्त्रीको सन्तानको विषयमा कुरा गर्दा परमेश्वरले धेरै सन्तानको बारेमा होइन, तर एउटै मात्र सन्तान अर्थात् ख्रीष्ट येशूको बारेमा कुरा गर्नुभएको हो। किनकि प्रभु येशूले शैतानलाई र त्यसका सबै युक्तिहरू घृणा गर्नुहुन्थ्यो। ख्रीष्ट येशू र शैतानको बीचमा सदा शत्रुता रहेको थियो; किनभने उहाँ शैतानका कामहरू नष्ट गर्न र त्यसको बन्धनमा परेकाहरूलाई छुटकारा दिन आउनुभयो। यस उद्देश्यको निम्ति उहाँ जन्मनुभयो। यस उद्देश्यको निम्ति उहाँ जिउनुभयो। यस उद्देश्यको निम्ति उहाँ मर्नुभयो। यस उद्देश्यको निम्ति उहाँले स्वर्गको महिमामा प्रवेश गर्नुभयो। अनि यस उद्देश्यको निम्ति उहाँ फेरि आउनुहुनेछ। यसरी उहाँले आफ्नो शत्रुलाई हरेक जग्गामा हार खुवाउनुहुनेछ, साथै त्यसलाई र त्यसका सबै कामहरू नाश गरेर मानिसहरूको बीचबाट पूरा हटाउनुहुनेछ।

यी दुई किसिमका सन्तानहरूको बीचमा शत्रुता हाल्नुचाहिँ कृपा देखाउनुहुने परमेश्वरको कार्यको प्रथम खुड्किला, यस अनुग्रह प्रदान गर्ने उहाँको योजनाको पहिलो कदम थियो । त्यस समयदेखि उसो यस स्त्रीको सन्तानको बारेमा यसो लेखिएको छः *'तपाईंले धार्मिकतालाई प्रेम गर्नुभएको र अधर्मलाई घृणा गर्नुभएको छ; यसैले परमेश्वरले, तपाईंका परमेश्वरले तपाईंलाई तपाईंका साथीहरूलाई भन्दा बढ़ी हर्षको तेलले अभिषेक गर्नु-भएको छ'* (भजन ४५ : ७) ।

उक्त खण्डमा उल्लेख गरिएको दोस्रो भविष्यवाणी पनि पूरा भएको छः वीर योद्धाको आगमन । किनकि प्रतिज्ञा यस प्रकारको थियोः यस स्त्रीको सन्तानचाहिँ लड़ाइँ गर्ने फौजका कप्तान भई अघि बढ्नेछ, र उसले शैतानको विरोध गर्नेछ । निस्सन्देह यस स्त्रीको सन्तान प्रभु येशू ख्रीष्ट हुनुहुन्छ । किनकि भविष्यवक्ता मीकाले यसो भनेका छन्ः *'तर हे बेतलेहेम एफ्राता, तँ यहूदाका हजारौंको बीचमा सानो छस्, तापनि तँबाट मेरो निम्ति एकजना निस्केर आउनेछन्, जो इस्राएलको शासक हुनेछन्, जसका उद्गमहरू त प्राचीनकालदेखि अर्थात् अनन्तकालदेखि नै हुन् । यसकारण जबसम्म प्रसूति-वेदनामा परेकी स्त्रीले जन्माउँदिन, तबसम्म उहाँले तिनीहरूलाई त्यागि-दिनुहुनेछ'* (मीका ५ : २-३) । बेतलेहेममा कन्या मरियमबाट जन्मिनुभएको प्रभु येशूमा बाहेक अरू कसैमा पनि यस भविष्यवाणीको वचन पूरा भएको छैन । किनभने मरियम गर्भवती भइन्, तिनले एउटा पुत्र जन्माइन्, जसको विषयमा हामी यस प्रकारको स्तुतिगान गाउँछौंः *'हाम्रो निम्ति एउटा बालक जन्मिएको छ, हाम्रो निम्ति एउटा पुत्र दिइएको छ; अनि शासन उहाँको काँधमा हुनेछ । अनि उहाँको नाम उदेकका, सल्लाहकार, पराक्रमी परमेश्वर, अनन्त पिता, शान्तिका राजकुमार कहलाइनेछ'* (यशैया ९ : ६) । बेतलेहेममा एक सम्झना गर्न लायकको रातमा स्वर्गीय दूतगणले स्तुति गाउँदा यस स्त्रीको सन्तान देखा पर्नुभयो । उहाँ जन्मनसाथ त्यस पुरानो साँप, त्यस शैतानले राजा हेरोदको हृदयमा उहाँलाई मार्ने चाहना हाल्यो; तर परमेश्वर पिताले उहाँलाई जोगाउनुभयो र कसैलाई उहाँमाथि हात हाल्न दिनुभएन ।

लगभग तीस वर्षपछि जब प्रभु येशूले खुला रूपले आफ्नो सेवकाई शुरु गर्नुभयो, तब शैतानले कदम-कदममा उहाँलाई आक्रमण गरिरह्यो । उजाड़स्थानमा प्रभु कसरी परीक्षामा पर्नुभयो, यो बयान तपाईं जान्नुहुन्छ

होला, नत्र ता तपाईंले मत्ती चार अध्यायमा यस परीक्षाको वर्णन पढ्नुहोला । त्यस बेलामा स्त्रीका सन्तानले सृष्टिको उत्पत्तिदेखि नै झूट बोल्दै आएको शैतानसँग संघर्ष गर्नुभयो । खुसामद, दुष्टता, छल र धूर्ततारूपी हतियारहरू लिएर शैतानले प्रभु येशूलाई तीन पल्ट आक्रमण गऱ्यो । तर यी वीर योद्धाले यस लड़न्तमा आफैमा कुनै चोट केही नलागीकन आफ्नो शत्रुलाई हार खुवाएर त्यसलाई त्यहाँबाट लखेट्नुभयो । त्यसपछि हाम्रा प्रभुले आफ्नो राज्य स्थापित गर्न थाल्नुभयो । अनि एक-एक व्यक्तिलाई बोलाउँदै उहाँ त्यस शत्रुको अधिकार-क्षेत्रभित्र प्रवेश गरेर यस लड़ाइँमा जित्दै अघि बढ्नुभयो । धेरै पल्ट उहाँले दुष्ट आत्माहरू निकाल्नुभयो । उहाँले दुष्ट, अशुद्ध आत्मालाई यसो भन्दै हप्काउनुभयो: *'हे गुँगो र बहिरो आत्मा, म तँलाई आज्ञा गर्दछु, यसबाट निस्की जा !'* (मर्कूस ९ : २५ ) । अनि त्यो दुष्ट आत्मा निस्क्यो पनि । अनि एक समयमा दुष्ट आत्माहरूको ठूलो फौज उहाँदेखि भाग्यो । सुँगुर-हरूको बगालभित्र पसेर यिनीहरूले प्रभुको भयानक उपस्थितिबाट लुक्न खोजे । अनि जुन मानिसलाई यी दुष्ट आत्माहरूले सताएका थिए, त्यस मानिसको शरीरबाट आश्चर्यकर्म गर्नुहुने येशू ख्रीष्टले यी दुष्ट आत्माहरू निकाल्नुभयो; त्यति बेलामा यिनीहरूले चिच्च्याएर यसो भने: *'के तपाईं समयभन्दा पहिले नै हामीलाई पीड़ा दिन यहाँ आउनुभएको हो ?'* यसो भनेपछि यिनीहरू तुरुन्तै निस्के (मत्ती ८ : २९ ) । अनि प्रभु येशूले आफ्ना चेलाहरूलाई त्यस दुष्ट शैतानको विरोध गर्ने अधिकार दिनुभयो; फलस्वरूप तिनीहरूले उहाँको नाममा दुष्ट आत्माहरू धपाए । अनि त्यति बेलामा प्रभु येशूले तिनीहरूलाई भन्नुभयो: *'मैले शैतानलाई बिजुलीझैं स्वर्गबाट खसेको देखें'* (लूका १० : १८ ) ।

त्यसपछि शैतानसित प्रभुको दोस्रो व्यक्तिगत संघर्ष शुरु भयो । किनभने मलाई के लाग्छ भने, गेत्समनीमा प्रभु येशूमाथि आइलागेका कष्टहरू प्रायः शैतानको व्यक्तिगत आक्रमणबाट उत्पन्न भएका हुनुपर्छ । किनकि हाम्रा प्रभु र स्वामीले यसो भन्नुभयो: *'यो तिमीहरूको घड़ी र अन्धकारको अधिकार हो'* (लूका २२ : ५३ ) । अनि उहाँले यसो पनि भन्नुभयो: *'यस संसारको शासक आउँदैछ, र मसित त्यसको कुनै सरोकार छैन'* (यूहन्ना १४ : ३० ) । ओहो, यो कत्रो भयानक संघर्ष थियो !

शैतानमा प्रभु येशूको कुनै हिस्सा नभए तापनि त्यसले उहाँलाई उहाँको महान् बलिदान पूरा गर्नदेखि सकेसम्म रोक्न चाह्यो । गेत्समनीको बगैंचामा त्यस शत्रुसित ठूलो संघर्ष गर्दै हाम्रा प्रभुको पसिनाचाहिँ रगतका ठूला-ठूला थोपाझैं भुइँमा खसिरहेको थियो (लूका २२ः४४) । त्यस बेलामा हाम्रा वीर योद्धाले अन्तिम लड़ाइँ लड्‌न थाल्‌नुभयो, र साँपको टाउको कुच्च्याएर उहाँले यो युद्ध जित्नुभयो । अनि उहाँले प्रधानताहरू र अधिकारहरू हतियाररहित पार्नुभएपछि र तिनीहरूलाई खुल्लमखुल्ला तमाशा बनाउनुभएपछि उहाँ थाम्नुभयो ।

*‘अब अन्धकारको घड़ी बितेर गयो,*
*किनकि ख्रीष्ट येशूले आफ्नो राज्य गर्ने शक्ति काममा लगाउनुभयो ।*
*हेर, त्यो दोष लगाउने ठूलो अभियोक्ता आफ्नो आसनबाट खसालियो;*
*अबदेखि उसो त्यसले कहिल्यै, अँ, कहिल्यै शासन गर्नेछैन ।’*

हाम्रा महिमित प्रभुको जीवनमा चलेको संघर्षले उहाँको वंशमा निरन्तरता पाएको छ । किनकि हामी क्रूसमा मर्नुभएको ख्रीष्ट येशूको प्रचार गर्छौं, र हरेक पल्ट यस सन्देशले नरकका ढोकाहरू हल्लाउँछ । आत्माको शक्तिमा हामी पापी मानिसहरूलाई प्रभु येशूकहाँ ल्याउँछौं । अनि प्रभु येशूलाई अपनाएको हरेक जनचाहिँ शैतानको शक्तिशाली किल्लाको पर्खालबाट निकालिएको ढुङ्गासरह हो । अँ, त्यो दिन आउँदैछ, जब त्यस दुष्टले हरेक क्षेत्रमा हार खानेछ । तब प्रेरित यूहन्नाले प्रकाशको पुस्तकमा लेखेको वचन पूरा हुनेछ, जहाँ यसो लेखिएको छः

*‘अनि त्यो ठूलो अजिङ्गर फ्याँकियो, डियाबोलोस र शैतान भनिने त्यो पुरानो साँप फ्याँकियो, जसले सारा संसारलाई धोका दिन्थ्यो – त्यो अजिङ्गर पृथ्वीमाथि फ्याँकियो, र त्योसँग त्यसका दूतहरू पनि फ्याँकिए ।*

*अनि मैले स्वर्गमा यसो भन्दै गरेको एउटा ठूलो आवाज सुनेंः “अब-चाहिँ हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँको ख्रीष्टको अधिकार आएको छ; किनकि हाम्रा दाजुभाइहरूलाई दोष लगाउने अभियोक्ता तल फ्याँकिएको छ, जसले दिनरात हाम्रा परमेश्वरको सामुन्ने उनीहरूलाई दोष लगाउने गर्थ्यो ।” ’*

यसरी नै हामीले शुरुमा पढ़ेको वचनको खण्डमा परमप्रभु परमेश्वरले वीर योद्धाको विषयमा भविष्यवाणी गर्नुभयो; उहाँ यस स्त्रीका सन्तान हुनुहुन्छ। प्रभु येशू र शैतानको बीचमा सदा-सर्वदा लड़ाइँ चलिरहनेछ। परमेश्वरलाई धन्यवाद होस्, ती वीर योद्धा आउनुभयो; येशूमा त्यो बालक, त्यो पुत्र जन्मनुभयो। त्यस अजिङ्गरले यस स्त्रीसित साह्रै रिसाएर येशू ख्रीष्टको गवाही कायम राख्ने उसका बाँकी सन्तानहरूसित लड़ाइँ गरे तापनि त्यो लड़ाइँचाहिँ प्रभुकै हो; अनि विजय पनि उहाँकै हुनेछ, जसको नाम *'विश्वास-योग्य र सत्य कहलाइन्छ; अनि उहाँ धार्मिकतामा न्याय गर्नुहुन्छ र लड़ाइँ गर्नुहुन्छ'* (प्रकाश १९ : ११)।

हामीले अध्ययन गरेको यस खण्डमा प्रकट गरिएको तेस्रो कुरा यो होः हाम्रा वीर लड़ाकूको कुर्कुच्चा चोट पारिनेछ। (वाक्यको क्रमअनुसार यो खास चौथो कुरा थियो।) के मैले यस बुँदाको बारेमा तपाईंलाई बताउनुपर्छ र ? प्रभु येशूको सम्पूर्ण जीवनभरि नै उहाँको कुर्कुच्चाले अर्थात् उहाँको मानवीय स्वभावले लगातार दुःख सहनुपरेको कुरा तपाईंले जान्नुभएको छ होला। उहाँले हाम्रा रोग र दुःखहरू भोग्नुभयो। तर खास उहाँको सम्पूर्ण मानवीय स्वभाव, उहाँको शरीर र उहाँको मन भारी कष्टमा परेको बेलामा उहाँको कुर्कुच्चामा चोट पुऱ्याउने समय थियो, अँ, जुन बेलामा उहाँको प्राण मृत्यु नै होला झैं गरी अति नै शोकले भरिएको थियो, र उहाँका शत्रुहरूले उहाँका हात र पाउहरूमा कीला ठोके, अनि उहाँले क्रूसमा अपमान र मृत्युका कष्टहरू भोग्नुभयो, त्यति बेला नै उहाँको कुर्कुच्चामा चोट पुऱ्याउने समय थियो।

क्रूसमा टाँगिनुभएको आफ्ना स्वामी र राजालाई नियालेर हेर्नुहोस्! किनभने क्रूसमा उहाँले धूलो खानुभयो; त्यहाँ उहाँको शरीरभरि रगतैरगत थियो। त्यहाँ उहाँको कुर्कुच्चामा निर्दयतासाथ चोट लगाइयो। जब त्यो अमूल्य मृत शरीर क्रूसबाट झारेर तिनीहरूले त्यसलाई मसलाहरूले घसिदिएर सफा सुती कपड़ा बेरे र यूसुफको चिहानमा राखे, तब तिनीहरू रोए; किनकि तिनीहरूले त्यही पवित्र जीउ छोए, जसभित्र परमेश्वर देहधारी हुनुभएको थियो। किनभने त्यहाँ शैतानले उहाँको कुर्कुच्चा फेरि एकपल्ट चोट पारेको थियो। हो, परमेश्वरले उहाँलाई चोट पार्नुभयो, जसरी लेखिएको छः *'उहाँलाई चोट पार्न परमप्रभुको इच्छा थियो'* (यशैया ५३ : १०)। तर त्यति मात्र होइन, शैतानले पनि राजा हेरोद, राज्यपाल पिलातस र प्रधानपूजाहारी

कायफालाई – यी रोमी र यहूदीहरूलाई समेत आफ्नो हतियार बनाएर प्रभु येशूमाथि आइलाग्ने तुल्याइदियो । किनभने उहाँ ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा शैतानलाई थाहा थियो । यसरी त्यस पुरानो साँपबाट उहाँलाई कुर्कुच्चाको चोट भएको हो ।

तर यति पर्याप्त थियो । उहाँको कुर्कुच्चामा मात्र चोट लगाइयो । उहाँको शिरमा चोट लागेन । किनकि यी वीर लड़ाकू फेरि बौरिउठ्नुभयो । त्यो लगाइएको चोट घातक चोट थिएन, न ता धेरै समय नै रह्यो । प्रभु येशू मर्नुभयो; तर उहाँ चिहानमा सुतिरहनुभएको औधि धेरै छोटो थियो । उहाँको पवित्र शरीर सड़ेन, कुहुएन । एउटा लामो दिनको परिश्रम गरेपछि लिएको मीठो निद्राबाट उठेझैं उहाँ मरेको तेस्रो दिनमा बौरेर उठ्नुभयो । अनि सिद्ध र मनोहर मानिसको रूपमा फेरि जीवित भई उहाँ चिहानबाट निस्कनुभयो । त्यही घड़ीको कति महान् विजय थियो ! स्वर्गदूतसित कुश्ती लड़ेपछि याकूबचाहिँ चोट लागेको जाँघले गर्दा खोच्याउँदै हिँड़े; ठीक त्यस्तै प्रभु येशूको कुर्कुच्चामा चोटको डोब रह्यो । अनि उहाँले आफ्नो महिमा र शोभाको रूपमा त्यस डोबको चिन्ह स्वर्गमा प्रदर्शन गर्दै हुनुहुन्छ । अबचाहिँ स्वर्गको सिंहासनको सामु उहाँ मारिनुभएको थुमाझैं देखा पर्नुहुन्छ, तर उहाँ अब फेरि कहिल्यै मर्नुहुनेछैन, तर आफ्नो अनन्त जीवनको शक्तिमा परमेश्वरको निम्ति जिउनुहुन्छ ।

त्यसपछि चौथो कुरा रह्योः उहाँको कुर्कुच्चा चोट पारिँदाखेरि उहाँले त्यस साँपको टाउको कुच्च्याउनुभयो । जुन बेलामा त्यस साँपले यी वीर लड़ाकूको कुर्कुच्चामाथि चोट लगायो, त्यस बेलामा नै यी वीर लड़ाकूले त्यही कुर्कुच्चाले त्यस साँपको टाउको त्यसको मृत्यु हुने गरी कुच्च्याउनुभयो । क्रूसका दुःखहरू सहेर ख्रीष्ट येशूले शैतानलाई जित्नुभयो । हल्लेलूयाह ! किनभने जुन कुर्कुच्चामा चोट लगाइयो, त्यस कुर्कुच्चाद्वारा उहाँले उहाँलाई यस प्रकारको चोट पुर्‍याउने दुष्ट योजना रच्ने शैतानको टाउको कुच्च्याउनुभयो ।

'हेर, शैतानका सन्तानहरूले उहाँलाई मारेका छन् !  
तर पृथ्वीदेखि क्रूसमा उचालिँदाखेरि  
उहाँले तिनीहरूको शासकलाई घातक चोटले प्रहार गर्नुभयो,  
र अन्धकारका शक्तिहरूमाथि उहाँ विजयी हुनुभयो ।'

मेरा भाइबहिनीहरूहो, याद रहोस्ः शैतान मरेको छैन । (ओहो, त्यो मरेको भए कति असल हुनेथियो ! !) शैतान बदली भएको छैन, न ता कहिल्यै बदल्न सक्छ, न त्यसको दुष्टता त्यसको हृदयबाट हट्न सक्छ । तर ख्रीष्ट येशूले त्यसको टाउको कुच्च्याउनुभयो, यहाँसम्म कि त्यसको योजना विफल भयो । किनकि त्यसले मानव जातिका सबै मानिसहरूलाई आफ्नो अधिकार-मनि बन्धनमा राखेर कैदी बनाउन चाह्यो, तर तिनीहरूले येशूको नाममा त्यसको बन्धनबाट छुटकारा पाएका छन् । आजको दिनसम्म परमेश्‍वर पिता प्रभु येशूद्वारा धेरै कैदीहरूलाई छुटकारा दिँदै आउनुभयो । अनि त्यो दिन आउन लागेको छ, जुन दिनमा उहाँले सारा संसार त्यस साँपको विषबाट शुद्ध पार्नुहुनेछ । तब सारा पृथ्वी परमेश्‍वरको स्तुतिले भरिएको हुनेछ ।

शैतानले यो संसार आफ्नो विजय प्रकट गर्ने रङ्गशाला सम्झेको थियो, जहाँ त्यसले परमेश्‍वरमाथि र सबै उत्तम कुराहरूमाथि जय पाउन चाहन्थ्यो । तर यसो हुनुको सट्टामा पृथ्वीचाहिँ परमेश्‍वरको बुद्धि, प्रेम, अनुग्रह र शक्तिको प्रदर्शन गर्ने सर्वोच्च मञ्च पो भयो । स्वर्गले भन्दा पृथ्वीले नै यस निगाहको बढ्ता चमक दिँदैछ; किनभने यहाँ हाम्रा मुक्तिदाताले आफ्नो बहुमूल्य रगत बगाउनुभयो ।

यसमा शङ्का छैन, शैतानले हामी मानिसहरूलाई भड्काएपछि र हामीमाथि मृत्यु ल्याएपछि 'मैले परमप्रभुको काम निक्कै बिगारें' भन्ठान्यो । अनि मृत्यु ल्याउने चिसो छाप हामी सबैमाथि लगाएर हाम्रा मृत शरीरहरू चिहानमा सड्नेछन् भन्ने कुरा सम्झेर त्यो खूब रमायो; किनकि त्यसले आफ्नो महान् मालिकको काम बिगार्‍यो । परमेश्‍वरले मानिसलाई सुन्दर सृष्टिको रूपमा सृजना गर्नुभयो र उसको नाकमा जीवनको सास फुकिदिनुभयो । तर शैतानले यसो भनेको छः 'मैले मानिसभित्र विष हालेको छु; मानिस माटोबाट लिइएको थियो; तर मेरो यस विषले त्यसलाई फेरि त्यहाँ पुर्‍याउनेछ ।'

तर अब हेर्नुहोस्ः हाम्रा वीर लड़ाकू, जसको कुर्कुच्चामा चोट लगाइयो, उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो । अनि उहाँको पछि लाग्ने सबै चेलाहरू मरेकाहरूबाट बौरिउठ्नेछन् भन्ने कुरा पुष्टि गर्न उहाँले हामीलाई पवित्र आत्मारूपी बैना दिनुभयो । यसरी नै शैतानको योजना रद्द गरियो; यसकारण यस स्त्रीको सन्तानअन्तर्गत गनिएकाहरूको कुनै हड्डी, अँ, हड्डीको सानो टुक्रा पनि मृत्युको पन्जामा रहनेछैन । किनकि प्रधान स्वर्गदूतले तुरही

फुक्नेछन्, र हामीचाहिँ पृथ्वीबाट र समुद्रको तल्लो पींधबाट बौरि-उठ्नेछौं । तब हाम्रो यसो भन्ने जयध्वनि सुनिनेछः *'हे मृत्यु, तेरो खील कहाँ छ ? हे चिहान, तेरो विजय कहाँ छ ?'* (१ कोरिन्थी १५ : ५५ ) । यो कुरा जानेर शैतानले हालैमा ख्रीष्टको बौरिउठाइद्वारा त्यसको टाउको कुच्च्याइएको अनुभव गरिरहेको छ। यसको निम्ति परमेश्वरले पठाउनुभएको ख्रीष्ट येशूलाई सदा-सर्वदा महिमा होस् !

अरू धेरै प्रकारले हाम्रा प्रभु येशू ख्रीष्टबाट शैतानले हार खाइसक्यो । अनि त्यसलाई अग्निकुण्डभित्र नफ्याँकुन्जेल त्यो हार खाँदै जानुपर्नेछ ।

## ख) यस सम्बन्धमा हाम्रा अनुभवहरू के-के हुन् ?

यी कुराहरूको सम्बन्धमा हामी अब हाम्रा अनुभवहरूको विषयमा विचार गर्छौं । प्रिय भाइबहिनीहरूहो, हामी जतिजना मुक्ति पाएकाहरू हौं, हामी पनि बितेको समयमा स्वभावैले अरू मानिसहरूजस्तै क्रोधका सन्तान थियौं । हाम्रा बुबाआमाको भक्तिले गर्दा र हामीले इसाई परिवारमा जन्म लिएको हुनाले हामीले कुनै आत्मिक जीवन प्राप्त गरेका थिएनौं । किनभने परमेश्वरको सन्तान हुने हक पाउने प्रतिज्ञा केवल उनीहरूको निम्ति गरिएको छ, *'जो न ता रगतबाट, न ता शरीरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वर-बाट जन्मेका हुन्'* ( यूहन्ना १ : १३ ) । किनभने *'शरीरबाट जन्मिएकोचाहिँ शरीर हो'* ( यूहन्ना ३ : ६ ) । यसर्थ तपाईंले आफ्नो पापी स्वभाव कुनै हालतमा पनि बदली गर्न सक्नुहुन्न । तर शरीर सदैव शरीरै रहन्छ । 'शरीर' नामक हाम्रो पापी स्वभाव र त्यसमाथि लगाइएको हाम्रो मनचाहिँ मृत्युमा रहन्छ । यस पापी स्वभावले न परमेश्वरसित मेलमिलाप राख्छ, न ता उहाँसित मेलमिलाप राख्न सक्छ । यस संसारमा एकपल्ट मात्र जन्मिएको मानिस जो पनि किन नहोस्, त्यसले नयाँ जन्मको विषयमा केही पनि जाँदैन । त्यो मानिसचाहिँ साँपका सन्तानहरूमध्येको हो । किनकि पवित्र आत्माद्वारा नयाँ जन्म पाईकन मात्र हामी यस स्त्रीका सच्चा सन्तान हुनेछौं ।

परमेश्वरले उहाँको बोलावट पाएकाहरूसित अर्थात् उहाँका चुनिएका-हरूसित कसरी व्यवहार गर्नुहुन्छ ? हामीलाई बचाउन चाहेर उहाँले आफ्नो यो

उद्देश्य पूरा गर्न हाम्रो जीवनमा काम गर्नुभयो । पहिले उहाँले हामीलाई कृपा देखाउनुभयो अनि हाम्रो र त्यस साँपको बीचमा शत्रुता हाल्नुभयो । अनुग्रहको पहिलो काम यही हो । बितेको समयमा शैतान र हाम्रो बीचमा मेलमिलाप थियो । अनि जब त्यसले हामीलाई पापको परीक्षामा पार्‍यो, तब हामी त्यसको लैलैतिर लागेर पापमा फस्यौं । त्यसले हामीलाई जे कुरा भन्यो, त्यो कुरा शङ्का नगरीकन हामीले पत्याइहाल्यौं; किनभने हामी त्यसको इच्छा पूरा गर्ने त्यसका दासदासी थियौं ।

तर भाइबहिनीहरूहो, तपाईंहरूलाई पहिलो चोटि असजिलो लागेको र असन्तोष लागेको समय तपाईंहरूलाई याद होला । त्यस समयदेखि यस संसारका मोजमज्जा तपाईंहरूको निम्ति स्वादिष्ठ रहेन। त्यस बेलामा तपाईंहरूलाई कस्तो लाग्दथियो ? यसको सुखको सबै रस सुकिएको लाग्दथियो, होइन र ? यसको खोक्रो बोक्राबाहेक केही पनि रहेन । अनि उपरान्त यस संसारको मोजमज्जाले तपाईंहरूलाई कुनै सन्तुष्टि दिन सक्दैनथियो । तब अचानक तपाईंहरूले 'अरे, म त पापमा जिइरहेछु' भन्ने कुरा थाहा पाउनुभयो, र यसले गर्दा तपाईंहरू दुःखी हुनुभयो । तपाईंहरूले पापबाट छुटकारा पाउन नसक्नुभए पनि तपाईंहरूले पापलाई घृणा गर्न थाल्नुभयो, अनि त्यसको खातिर सुस्केरा हाल्नुभयो, रुनुभयो र अफसोस मान्नुभयो । तपाईंहरूले आफ्नो आन्तरिक हृदयदेखि नै शैतानको पक्ष लिन छोड्नुभयो र यसो भनेर चिच्च्याउन थाल्नुभयोः *'हाय मलाई ! म कति अभागी मानिस ! कसले मलाई यस मृत्युको शरीरबाट छुटकारा दिन्छ होला त नि'* (रोमी ७ : २४ ) ।

यस स्त्रीका सन्तान बन्न तपाईंहरू अघिदेखि नै यस अनुग्रहको वाचा-अन्तर्गत चुनिनुभएको मानिसहरू हुनुहुन्थ्यो, अनि अहिले तपाईंहरूलाई जीवन दिईकन र तपाईंहरूभित्र काम गरीकन यो जीवन दिने आज्ञा तपाईंहरूको जीवनमा प्रकट हुन थाल्यो । आफ्नो अपार कृपाले गर्दा प्रभु येशूले तपाईं-हरूको आत्माभित्र ईश्वरीय जीवन हाल्नुभयो । हुन सक्छ, यो कुरा तपाईं-हरूलाई थाहा थिएन, तर त्यो जीवन, त्यो स्वर्गीय आगोको ज्वाला, त्यो जिउँदो, कहिल्यै नाश नहुने, तर सदा रहिरहने बीउ त्यहाँ हालिइसकेको थियो । तपाईंहरूले पापलाई घृणा गर्न थाल्नुभयो, तपाईंहरूलाई साह्रै थिच्ने गह्रौं जुवामनि भएझैं तपाईंहरूले पापको वशमा सुस्केरा हाल्नुभयो । तपाईंहरूको

निम्ति पाप ठूलो भार भयो । तपाईंहरूले पापको मिचाइ अझ बढ़ी सहन सक्नुभएन । अँ, पापको बारेमा सोच्न धरि तपाईंहरूले घृणा गर्नुभयो ।

तपाईंहरूसित यस्तै थियो । अनि के अहिले पनि तपाईंहरूको हालत यस्तै छ ? के तपाईं र त्यस साँपको बीचमा अझै पनि शत्रुता छ ? अवश्य तपाईंहरू बढ़ी, झन् बढ़ी त्यस दुष्ट शैतानका शत्रु हुनुभएको छ । अनि तपाईंहरूले खुशीसित यो कुरा स्वीकार गर्नुहुन्छ, होइन र ?

त्यस बेलामा यी वीर लड़ाकू आफै तपाईंहरूको जीवनभित्र आउनुभयो, र तपाईंहरूभित्र ख्रीष्ट येशू तपाईंहरूको महिमाको आशा हुनुभयो (कलस्सी १ः२७) । तपाईंहरूले प्रभु येशूको विषयमा सुन्नुभयो र उहाँको सत्यता बुझ्नुभयो । क्रूसमा तपाईंहरूको सट्टामा उहाँ मर्नुभयो, र त्यहाँ तपाईंहरूको स्थान लिएर उहाँले तपाईंहरूको निम्ति तपाईंहरूको पाप, त्यसको सम्पूर्ण श्राप र सजाय भोग्नुभयो । तपाईंहरूको निम्ति योचाहिँ कति अद्‌भुत सुन्देश थियो ! तपाईंहरूलाई बचाउने उद्देश्यले उहाँले तपाईंहरूलाई आफ्नो धार्मिकता र आफ्नो जीवन समेत प्रदान गर्नुभयो । तब पापलाई जित्ने उपाय तपाईंहरूले पत्ता लगाउनुभयो, होइन र ? जुन बेलामा तपाईंहरूको हृदयले प्रभु येशूलाई अँगाल्न थाल्यो, त्यस बेलामा तपाईंहरूले यो पनि बुझ्नुभयोः हाम्रो पापी स्वभावले गर्दा शक्तिहीन भएको धर्मको नियमले जुन कुरा पूरा गर्न सकेन, र असफल भयो, त्यो कुरा प्रभु येशू तपाईंहरूको जीवनमा पूरा गर्न सक्षम हुनुहुन्छ । किनभने जुन पापको बन्धनमा तपाईंहरू हुनुहुन्थ्यो र जुन पापलाई तपाईंहरूले अहिले घृणा गर्दै हुनुहुन्छ, तपाईंहरू त्यस पापको वशमा रहनुहुँदैन; तर पापको जुनसुकै बन्धन, शैतानको जुनसुकै नियन्त्रण टुट्नुपर्छ र हट्नुपर्छ, अनि त्यो टुट्नेछ र हट्नेछ पनि; किनभने प्रभु येशूले त्यो टुटाउनुहुने नै छ र नष्ट गर्नुहुने नै छ; किनकि उहाँ शैतानका सबै कामहरू नाश गर्न यस संसारमा आउनुभएको हो । यो कुरा तपाईंहरूले बुझ्नुभयो ।

अनि तपाईंहरूले अर्को कुरा पनि याद गर्नुहुन्छ होला । ख्रीष्ट येशूको कुर्कुच्चामा चोट लागेको कुराको सम्झना अवश्य छ । त्यस साँपको शत्रुताले उहाँमा कत्रो घाउ बनायो ! यो देखेर तपाईंहरूले कति अचम्म मान्नुभएको थियो, होला । तर के, यस कुर्कुच्चामा लगाइएको चोट तपाईंहरूले आफूमा पनि लागेको अनुभव गर्नुभएन र ? के पापले तपाईंहरूलाई भारी कष्ट दिँदैनथियो । के पापको एकै सोचले तपाईंहरूलाई व्याकुल पार्दैनथियो ? के

तपाईंहरूको कमजोर हृदय तपाईंहरूको निम्ति सताउने रोग र कष्ट दिने महामारी बनेन ? के शैतानले तपाईंहरूलाई पापमा फसाउन खोजेन ? के त्यसले तपाईंहरूभित्र ईश्वरनिन्दा गर्ने विचारहरू पैदा गरेन र तपाईंहरूलाई अत्यन्तै निराश पार्न चाहेन ? के परमेश्वरको अस्तित्वको विषयमा, उहाँको निगाहको विषयमा, मुक्ति पाएको विषयमा वा अन्य कुराहरूको सम्बन्धमा शङ्का गर्न त्यसले तपाईंहरूलाई सिकाएन ? यो हो तपाईंहरूको कुर्कुच्चामा गरेको त्यसको डसाइ ! त्यसले आफ्ना पुराना तरिकाहरू अझै पनि काममा लगाउँछ। किनकि जसलाई त्यसले आफ्नो कुइच्छा पूरा गरेर निल्न पाउँदैन, उसैलाई त्यसले दुःख दिन्छ नै।

के तपाईंहरूका सांसारिक साथीहरूले तपाईंहरूलाई सताएनन् र ? तपाईंहरूमा तिनीहरूको स्वादको निम्ति अनौठा, नमिल्दो कुरा पाएर तिनीहरूले तपाईंहरूप्रति आफ्नो पिठ्यूँ फर्काए। तिनीहरूले तपाईंहरूको व्यवहार दुःसाहसी, घमण्डी, जिद्दीवाल र कठोर आदि दोष लगाए। यस्तो सतावट कहाँबाट आउँछ त ? त्यस साँपका सन्तानहरूले यस स्त्रीका सन्तानहरूलाई चिन्न थालेको समयदेखि यता त्यो उहिलेदेखि चलिरहेको युद्ध अघि बढ्दैछ। यस सम्बन्धमा प्रेरित पावलले के भनेका छन् ? *'तर जसरी त्यस बेलामा शरीरअनुसार जन्मेको व्यक्तिले आत्माअनुसार जन्मेको व्यक्तिलाई सताउँथ्यो, त्यस्तै अहिले पनि हुन्छ'* (गलाती ४ : २९)। साँचो भक्तिचाहिँ तिनीहरूको स्वभावको विपरीत छ र तिनीहरूलाई अनौठो लाग्छ। तिनीहरूले यस्तोलाई सतावट नदिईकन छोड्नै सक्दै-सक्दैनन्। हालैमा स्मिस्फिल्डमा कुनै अग्निदण्डका खाँबाहरू र टावरमा कुनै साङ्ला वा सास्ती दिने पलङहरू नहोलान्, तर ख्रीष्ट येशू र उहाँका सन्तानहरूको विरोधमा मानव हृदयभित्र रहेको शत्रुता बदली भएको छैन, तर उहिलेदेखि नै उस्तै छ। अनि त्यस सतावटले प्रायः गिल्लाका परीक्षाहरूको रूप लिन्छ (हिब्रू ११ : ३६)। अनि कोमल हृदय भएकाहरूको निम्ति यस्ता परीक्षाहरू सहन अति नै गाह्रो हुन्छ। यसरी नै तपाईंहरूको कुर्कुच्चाले पनि यस स्त्रीका महिमित सन्तानको कुर्कुच्चासित चोट लगाइएको अनुभव गर्छ।

तर भाइबहिनीहरूहो, हामी जय पाउनेछौं; किनभने हामीभित्र त्यस साँपको टाउको कुच्च्याइएको छ। के तपाईंहरूले यो कुरा पनि जान्नुभएको छ ? हामी यो कुरा कसरी जान्न सक्छौं भनेर तपाईंहरूले मलाई सोध्न

चाहनुहुन्छ होला । के तपाईंहरूभित्र पापको अधिकार र शक्ति टुटाइएको छैन र ? परमेश्वरबाट जन्मनुभएको हुनाले तपाईंहरू पाप गर्न सक्नुहुन्न भन्ने अनुभव के तपाईंहरूले गर्नुभएको छैन ? पहिले तपाईंहरूलाई वशमा पार्ने कतिपय पापहरूले तपाईंहरूलाई अहिले कष्ट दिँदैनन् । किनकि मैले खूबै निन्दा गर्ने एकजना मानिसलाई चिनेको छु, जसले प्रभुतिर फर्केको दिनदेखि निन्दा गर्ने बानी पूरा छोड़ेको छ। मैले मतवालीपनबाट मुक्त भएको मानिसलाई चिनेको छु । परमेश्वरको अनुग्रहले उसलाई अचम्म प्रकारले पूरा जाती पारेको छ । हामीले व्यभिचारबाट मुक्त भएका मानिसहरूलाई चिनेका छौं, जो एकैपल्टमा चोखा र संयमी भएका छन् । किनभने यस सम्बन्धमा शैतानले तिनीहरूमाथि फेरि पनि कुनै अधिकार नपाओस् भनेर ख्रीष्ट येशूले त्यस पुरानो साँपलाई यसरी प्रहार गरेर हिर्काउनुभयो । चुनिएकाहरू आफूले पाप गरे अफसोस मान्दछन्, तर तिनीहरू दासजस्तै पापको बन्धनमा छैनन् । तिनीहरूको हृदय पापको पछि लाग्दैन । तिनीहरूले काहिलेकहीं यसो भन्दै स्वीकार गर्नुपर्छः *'जुन खराब कुरा म चाहँदिनँ, त्यही खराबी म गर्दछु'* (रोमी ७ः१९) । तर यसो गर्दा तिनीहरू दुःखित हुन्छन् । आफ्नो हृदयमा तिनीहरूले परमेश्वरको व्यवस्थासित मिलेर त्यो असल छ भनेर स्वीकार गर्छन् । सुस्केरा हालेर तिनीहरूले प्रभुको नियम पालन गर्ने शक्ति पाऔं भनेर उहाँलाई पुकार्छन् । किनभने तिनीहरू अबदेखि उसो पापको वशमा छैनन् । त्यस साँपको शासन गर्ने अधिकार र शक्ति तिनीहरूको जीवनमा टुटाइएको छ ।

पापको दोष हटाइएको छ। यस सम्बन्धमा पनि शैतानको अधिकार टुटाइएको छ। क्षमा नभएका पापहरूले गर्दा शैतानले हामीमाथि ठूलो अधिकार पाउँछ । 'मैले तिमीलाई दोषी तुल्याएको छु; मैले तिमीमाथि श्राप ल्याएको छु' कराउँदै त्यसले हामीलाई दोष लगाउँछ । तब हामी यसो जवाफ दिन्छौंः 'होइन, होइन; हामीले त्यस श्रापबाट छुटकारा पाएका छौं; हामी निगाहका पात्र भएका छौं; किनकि यसो लेखिएको छः *'धन्य त्यो हो, जसको अपराध क्षमा भएको छ र जसको पाप ढाकिएको छ'* (भजन ३२ः१) । 'अबदेखि उसो हामी दोषी छैनौं । तब परमेश्वरका चुनिएकाहरूको विरोधमा कसले दोष लगाउला ? ख्रीष्ट येशूले हामीलाई धर्मी ठहऱ्याउनुभएको छ । तब दण्डको आज्ञा दिने को होला त ?' यसो भनेर यस पुरानो साँपको टाउकोमा

चोट पुऱ्याउने प्रहार लगाउनुहोस् ! तब यस चोटबाट त्यो कहिल्यै निको हुनेछैन ।

धेरैजसो प्रभु येशूले हामीलाई पापको परीक्षामा विजयी तुल्याउनुहुन्छ । यसरी पनि हामीले शत्रुको टाउको कुच्च्याउँछौं । शैतानले हामीलाई अनेकौं चारोले फसाउन खोज्छ । त्यसले हामीलाई राम्ररी अध्ययन गरेको छ । त्यसले हाम्रो स्वभाव र हाम्रा कमजोरीहरू जान्दछ । तर परमेश्वरलाई धन्यवाद होस्, धेरैपल्ट हामीले त्यसलाई अनन्त शर्ममा पार्ने गरी त्यसका दुष्ट युक्तिहरू रद्द गर्न सक्यौं । जुन दिनमा शैतानले अय्यूबलाई जित्न खोजेको थियो, त्यस दिनमा त्यसले तिनलाई धूलोमा घिसाऱ्यो, तिनको सारा धनसम्पत्ति लुट्यो, तिनको शरीर घावैघाउले भऱ्यो; अँ, त्यस दिनमा शैतानले आफूलाई अति सानो देखेको हुनुपर्छ; किनभने अय्यूब परीक्षामा फसेनन्; तर तिनले यसो भन्दै स्वीकार गरेः *'उहाँले मलाई मार्नुभए तापनि म उहाँमाथि भरोसा राख्नेछु'* (अय्यूब १३ः१५) । अनि तब तिनले जय पाए । अय्यूब जस्तै कमजोर मानिसले हुरीबतास चलाउने, घर भत्काउने र त्यस घरमा भोज खानेहरूलाई नाश गर्न सक्ने शैतानलाई जिते । अरे, त्यो शैतान आकाशी सेनाको शासक भए तापनि खरानीमा बस्ने, सबै छोराछोरीहरूलाई गुमाउने, घावैघाउले भरिएका यी दुःखी अय्यूबले यस स्त्रीको सन्तान भईकन आत्मिक जीवनको शक्तिले शैतानमाथि विजय हासिल गरे ।

*'हे परमेश्वरका सन्तानहरूहो, शैतानको क्रोधको सामना गर !*
*त्यसको विरोध गर, र त्यो भाग्नेछ ।*
*यसरी नै हाम्रा प्रिय प्रभुले लड़ाइँ गरेर त्यसलाई एकलैले जित्नुभयो ।'*

अनि प्रिय भाइबहिनीहरू, हामीमा पाप पूरा नष्ट हुनेछ भन्ने हाम्रो आशा छ । किनकि त्यो दिन आउनेछ, जब हामी निष्खोट, चाउरी र अरू कुनै यस्तो नहुने कुराविहीन हुनेछौं । तब हामी पापको पतनबाट र शैतानका सबै दुष्ट युक्तिहरूबाट कुनै हानि नउठाईकन परमेश्वरको सिंहासनको सामु उभिनेछौं । किनभने *'परमेश्वरको सिंहासनको सामु उनीहरू दोषरहित छन्'* (प्रकाश १४ः५) । यो कस्तो विजय हुनेछ, विचार गर्नुहोस् ! *'अनि शान्तिका परमेश्वरले शैतानलाई चाँड़ै तिमीहरूका पाउमनि कुल्चाउनुहुनेछ'* (रोमी १६ः२०) । जब परमेश्वरले तपाईंहरूलाई सिद्ध पार्नुहुनेछ र पापबाट

तपाईंहरूलाई पूरा अलग पार्नुहुनेछ, (अनि यो उहाँले गर्नुहुने नै छ), तब तपाईंहरूले साँच्ची नै त्यस साँपको टाउको कुच्च्याउनुभएको कुरा पूरा हुनेछ। तपाईंहरूको बौरिउठाइमा पनि, जब शैतानले तपाईंहरूलाई सुगन्धित तेलमा स्नान लिएका मानिसझैं चिहानबाट उठ्नुभएको देख्नेछ, र जब त्यसले तपाईंहरूलाई ख्रीष्ट येशूको स्वरूपमा त्यही शरीरमा उठ्नुभएको देख्नेछ, जुन शरीरचाहिँ विनाशी र दुर्बल दशामा छरिएको थियो, तर त्यस बेलामा त्यो अविनाशी दशामा र सामर्थ्यमा बौरिनेछ, तब शैतान अति नै दुःखित र खिन्न हुनेछ; किनभने यस स्त्रीको वंशद्वारा आफ्नो टाउको कुच्च्याइएको त्यसले चाल पाउनेछ।

मैले यो कुरा पनि थप्नुपर्छः हरेक पल्ट जब प्रभु येशूले हामीमध्ये कसैलाई आत्मा बचाउने काममा प्रयोग गर्नुहुन्छ, तब हामीले त्यस साँपको टाउको फेरि पनि कुच्च्याउँछौं। प्रिय बहिनीहो, जब तपाईं सड़कमा जिउने यी गरिब नानीहरूको बीचमा जाँदै हुनुहुन्छ र तिनीहरूलाई त्यहाँबाट उठाएर लैजानुहुन्छ, जहाँ तिनीहरू शैतानका सिकार बनेका छन्, जहाँ त्यसले तिनीहरूलाई चोर र अपराधी तुल्याएको छ; अनि यदि तपाईंको सेवकाईद्वारा, परमेश्वरको अनुग्रहद्वारा यी ससाना डुलुवाहरू जीवित परमेश्वरका सन्तान बन्छन् भने, तपाईंले आफ्नो सेवकाईको नापअनुसार त्यस पुरानो साँपको टाउको कुच्च्याउनुभएको छ। म तपाईंलाई विन्ती गर्छुः त्यसको केही बाँकी नराख्नुहोस्! अनि जब हामी सुसमाचारको प्रचारद्वारा पापी मानिसहरूलाई तिनीहरूको गलत बाटोबाट फर्काउँछौं, र तिनीहरू अन्धकारको शक्तिबाट उम्कनेछन्, तब पनि हामी साँपको टाउको कुच्च्याउँछौं। अनि जुन बेलामा तपाईंले कुनै प्रकारले वा कुनै तरिकाले यस संसारमा सत्यता र धार्मिकताको पक्षलाई साथ दिन तपाईंले अनुग्रह पाउनुहुन्छ, त्यस बेलामा तपाईंले पनि शैतानको टाउको कुच्च्याउनुहुन्छ; अँ, तपाईं जो एक समय त्यसको अधीनतामा हुनुहुन्थ्यो, र अहिले पनि काहिलेकहीं त्यसले तपाईंको कुर्कुच्चामा डसेको अनुभव गर्नुभएको हुनाले दुःखकष्ट सहनुहुन्छ, तपाईं जय पाउनुहुन्छ अनि तपाईंले आफ्नो जीवनमा हासिल गर्नुभएका सबै छुटकारा र विजयहरूमा यो प्रतिज्ञा सत्य ठहऱ्याउनुहुन्छ, जसले यसो भनेको छः *'तिमीले सिंह र साँपलाई कुल्चनेछौ; जवान सिंह र अजिङ्गरलाई तिमीले पाउमनि कुल्चीमिल्ची पार्नेछौ। उसले आफ्नो प्रेम ममाथि राखेको छ; यसकारण म उसलाई*

*छुटाउनेछु; म उसलाई उच्च स्थानमा राख्नेछु; किनकि उसले मेरो नाम जानेको छ'* (भजन ९१:१३-१४)।

## ग) यस पदबाट मिल्ने उत्साह यस प्रकारको छ

हाम्रो सामु राखिएको, हामीलाई उत्साह दिने यस पदको सम्बन्धमा म अझै केही समय कुरा गर्न चाहन्छु; किनभने यहाँ हामी प्रशस्त मात्रामा उत्साह पाउन सक्छौं। भाइबहिनीहरूहो, तपाईंहरू यस प्रतिज्ञामाथि विश्वास राखेर सान्त्वना पाउनुहोस्!

निश्चय आदमले यस पदबाट ठूलो उत्साह पाएका थिए। परमप्रभुले आदमसँग बोल्नुभएपछि तिनको व्यवहार कस्तो थियो, यसमाथि हामीले जति ध्यान दिनुपर्नेथियो, त्यति ध्यान दिएको मलाई लाग्दैन। तिनले कति सरल, तर पक्का प्रकारले आफ्नो विश्वासको प्रमाण दिए, सो याद गर्नुहोस्! किनकि काहिलेकहीं कसैको काम अति सानो र महत्त्वपूर्ण नभएको जस्तो देखा पर्छ; रपनि परालको एउटा सानो टुक्राले हावाबतास कुन दिशाबाट बहेर आइरहन्छ, सो देखाएझैं एउटा सूक्ष्म कार्यले सम्बन्धित मानिसको सम्पूर्ण मनोभव तुरुन्तै र स्पष्ट रूपले प्रकट गर्छ।

आदमले परमेश्वरले यहाँ, यस खण्डमा भन्नुभएको वचनमाथि विश्वास राखे; किनभने हामी यसो पढ्छौंः *'अनि आदमले आफ्नी पत्नीको नाम 'हव्वा' (अर्थात् जीवन) राखे; किनकि यिनी सबै जीवितहरूकी आमा भइन्'* (उत्पत्ति ३:२०)। त्यस बेलासम्म हव्वा कसैकी आमा भएकी थिइनन्। तर यी स्त्रीबाट कुनै सन्तान पैदा नभए तापनि यिनीद्वारा प्रतिज्ञा गरिएको सन्तान पैदा हुने नै थियो; यसकारण सबै जीवन यिनीद्वारा आउँछ भन्ने कुरामाथि पूरा विश्वास राखेर आदमले परमप्रभुको यस सत्य प्रतिज्ञाप्रति आफ्नो निश्चयता यसरी नै प्रकट गरे।

भर्खरै आदम परमेश्वरको भयानक उपस्थितिमा रहेका थिए; त्यहाँ थरथर काम्दै तिनी उभिरहेका थिए। तिनले अरू केही पनि गर्न वा भन्न सक्दैनथिए; हुन सक्छ, तिनले यसो भने होलाः *'तपाईंको डरले गर्दा मेरो शरीर काम्छ'* (भजन ११९:१२०)। तर यस अवस्थामा पनि तिनी काम्दै आफ्नो साथमा त्यहाँ उभिरहेकी आफ्नी सँगी-अपराधीतिर फर्के, र तिनले यिनको नाम 'हव्वा'

अर्थात् 'जीवनकी आमा' राखे, जब यो जीवन उत्पन्न हुन अझै पनि बाँकी नै थियो। यसकारण बुझ्नुहोस्ः यहाँ हाम्रो आदिम पूर्खा आदमले कति महान् कुरा भने ! यसले गर्दा हाम्रो दृष्टिमा तिनको इज्जत निक्कै बढ़ेको छ। परमेश्वरले तिनलाई त्यसै छोड्नुभएको भए तिनी गनगनाउनेथिए वा निराशामा डुब्नेथिए होला। तर हव्वाको सम्बन्धमा दिइएको यस नयाँ प्रतिज्ञामाथि विश्वास राखेर तिनले आशा र उत्साह पाए। 'तिमीले श्रापित भएको भूमिमा कष्टसँग परिश्रम गर्नुपर्छ' भन्ने परमेश्वरको सजायको विरोधमा आदमले एक शब्द पनि बोलेनन्, अनि हव्वाचाहिँ ? यिनले आफूले कष्टसँग छोराछोरीहरू जन्माउनुपर्ने कुराको विषयमा पनि विलाप गरिनन्। तिनीहरू हरेकले आ-आफ्नो उचित दण्ड, चुप लागेर र नम्र भई, ग्रहण गरे। तिनीहरूको एकमात्र वचनचाहिँ एक विश्वासपूर्ण अङ्गीकार थियो। किनकि अझै पनि कुनै सन्तान पैदा भएको थियो, जसमाथि तिनीहरूले आशा राख्न सक्नेथिए। अनि अझै धेरै समयसम्म उही सत्य सन्तान जन्मनुहुनेथिएन; तापनि हव्वाचाहिँ सबै जीवितहरूकी आमा हुने नै थिइन्, र आदमले यही आशाअनुसार यिनको नाम 'हव्वा' राखे।

मेरा भाइबहिनीहो, परमेश्वरले तपाईंलाई यस पदमा प्रकट गर्नुभएको प्रकाशभन्दा कति बढ़ी प्रकाश दिनुभएको छ ! यसकारण आदमले लगाएको किसिमको विश्वास तपाईंले पाउनुभएको प्रकाशमाथि लगाउनुहोस् र त्यस प्रकाशबाट सधैं सकभर धेरै सान्त्वना पाउने कोशिश गर्नुहोस् ! तपाईंको आदत निम्न प्रकारको होस्ः जुन बेलामा तपाईंले परमेश्वरबाट कुनै प्रतिज्ञा पाउनुहुन्छ, त्यस बेलामा त्यस प्रतिज्ञाबाट सकभर धेरै लाभ उठाउने कोशिश गर्नुहोस् ! किनभने तपाईंले यस तरिकाअनुसार गर्नुभयो भने, तपाईंले परमेश्वरको वचनबाट अचम्म प्रकारको सान्त्वना पाउनुहुनेछ। कति मानिस-हरू छन्, जसले परमेश्वरको वचनबाट सकभर थोरै लाभ उठाउने गर्छन्। तर मलाई लाग्छ, यस प्रकार व्यवहार बरु मानिसको वचनसित देखाउन उचित होला। मानिसले भनेको कुरामा भनिएको भन्दा ठूलो अर्थ नखोजी तपाईंले सधैं साँघुरो अर्थमा बुझ्ने कोशिश गर्नुहोला; किनभने मानिसले भन्न चाहेको यति मात्र होला। तर परमेश्वरको वचनसित यस प्रकारको व्यवहार सुहाउँदैन। उहाँको वचनबाट हामीले सकभर धेरै अर्थ र आशिष निकाल्ने कोशिश गर्नुपर्छ;

किनभने हामीले मागेका, अँ, हामीले सोचेका सबै कुराहरूभन्दा अत्यन्तै बढ़ी उहाँ गर्न सक्नुहुन्छ र गर्नुहुन्छ पनि (एफेसी ३:२०)।

उत्साह दिने अर्को कारण हामी पनि याद गरौंः जब हामीले विश्वाससित ख्रीष्ट येशूको धार्मिकता ग्रहण गर्‍यौं, तब त्यस धार्मिकतासित हामीले बोल-कबुलको रूपमा 'शैतानको अन्तिम हार हुने नै छ' भन्ने प्रतिज्ञा पनि पाएका छौं। किनकि उत्पत्ति ३:२१ पदमा यसो लेखिएको छः *'अनि परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीको निम्ति छालाका लुगा बनाउनुभयो र तिनीहरूलाई पहिर्‍याउनुभयो।'* यहाँ परमेश्वरको प्रेमले हामीलाई कति सुन्दर शिक्षा दिन्छ, र उहाँको अति नम्र र विचारयुक्त काम प्रकट गर्छ। किनकि आदमले आफ्नी पत्नीलाई भनेको कुरा परमेश्वरले सुन्नुभयो र तिनको विश्वास देख्नुभयो। यसकारण नजिक गएर उहाँले तिनीहरूलाई छालाको लुगाले अर्थात् धार्मिकताको वस्त्रले ढाक्नुभयो। अनि यो धार्मिकताको वस्त्र हरेक ख्रीष्ट-विश्वासीको हिस्सा र भाग हो। यसरी परमेश्वरले आदमलाई चिर-स्थायी वस्त्र पहिर्‍याउनुभयो। अबदेखि उसो यी दुवै मानिसहरूलाई नेभाराका पातहरू जोड़िएर बनाइएको लुगाको आवश्यकता कहिल्यै पर्नेथिएन; किनकि तिनीहरूले बनाएको लुगा कति हाँसउठ्दो थियो। तर मानिसहरूलाई उपयुक्त वस्त्र दिइयो, जुन वस्त्रचाहिँ निर्दोष पशुको मृत्युद्वारा प्राप्त गरिएको थियो। परमप्रभुले यस प्रकारको वस्त्र ल्याउनुभयो र मानिसलाई पहिर्‍याउनुभयो। यसकारण अबदेखि उसो 'म नाङ्गो छु' भनेर आदमले कहिल्यै भन्न सकेनन्; किनभने परमेश्वरले तिनलाई सुहाउँदो वस्त्र लगाइदिनुभयो। तब हे ख्रीष्ट-विश्वासीहो, 'म पापी छु' भनेर तपाईं कसरी भन्न सक्नुहुन्छ?

प्रियहरूहो, अब हाम्रा प्रभु येशूले शैतानमाथि विजय हुनुभएको सम्बन्धमा हामीलाई दिइएको प्रतिज्ञाबाट हामी यो एउटै कुरा आफ्नो निम्ति लिऔंः ख्रीष्ट येशूले हामीलाई त्यस साँपको शक्तिदेखि छुटकारा दिनुभयो, जुन साँपले हाम्रा आँखाहरू खोल्यो र 'तिमी नाङ्गा छौ' भनेर हामीलाई बतायो। हाम्रो पाउदेखि हाम्रो टाउकोसम्म हामीलाई सुन्दर तुल्याउने र सुरक्षा दिने धार्मिकताको वस्त्रले पहिर्‍याएर उहाँले हाम्रो हृदयलाई सान्त्वना दिनुभएको र हामीलाई परमेश्वरको दृष्टिमा सुन्दर बनाउनुभएको छ। यसैले हामी शर्ममा पर्नेछैनौं।

ख्रीष्ट येशूको निम्ति जीवन जिउने सम्बन्धमा हामीले अझै अर्को उत्साह लिनुपर्छ। म विशेष गरी जवान भाइबहिनीहरूलाई यो भन्न चाहन्छुः शैतानी

हमलाहरू तपाईंहरूमाथि आइपर्नेछन् । यसकारण तपाईंहरूले यिनको बाटो हेर्नुहोला । ख्रीष्टका चेला भएको नाताले तपाईंहरू कुनै समस्यामा पर्नुभयो भने, यसबाट उत्साह लिनुहोस् ! यसले गर्दा निराश नहुनुहोस्, नडराउनुहोस्, तर त्यस दिनमा रमाउनुहोस् र अत्यन्तै खुशी हुनुहोस्; किनभने योचाहिँ नयाँ वाचाको दीर्घकालीन र पक्का चिन्ह हो । किनकि यस स्त्रीका सन्तानहरू र साँपका सन्तानहरूको बीचमा निरन्तर शत्रुता भइरहन्छ । तपाईंहरूले यस्तो कुनै शत्रुता अनुभव गर्नुभएको छैन भने 'म गल्ती पक्षमा छु क्यारे' भन्ने कुरा जानेर तपाईंहरू डराउनुपर्छ । तर अब तपाईंहरू खिसीका पात्र बन्नुभएकोमा र सतावटमा पर्नुभएकोमा रमाउनुहोस् र जयध्वनिसाथ अघि बढ्नुहोस्; किनभने यसरी तपाईंहरू यी स्त्रीका महिमित सन्तान अर्थात् ख्रीष्ट येशूसित उहाँको कुर्कुच्चाको चोटको कष्टमा सहभागी हुनुभएको छ ।

यस प्रतिज्ञाबाट हामी अर्को उत्साह पनि पाउँछौंः ख्रीष्टको चेला भएको कारणले तपाईं दुःख भोग्नुहुन्छ भने, यो कष्ट तपाईं आफ्नो खातिर सहनुहुन्न । तपाईं यस स्त्रीका महान् सन्तान अर्थात् ख्रीष्ट येशूसित सहभागी र साझा-हकवाला हुनुहुन्छ । शैतान तपाईंको बारेमा धेरै फिक्री गर्छ भन्ने कुरा सोच्नुपर्दैन; तर तपाईंभित्र वास गर्नुभएको ख्रीष्टको विरोधमा लड़ाइँ चलिरहेको छ । किन ? तपाईं ख्रीष्ट येशूको नहुनुभएको भए शैतानले तपाईंलाई कहिल्यै कुनै कष्ट दिनेथिएन । जब तपाईं यस संसारमा ख्रीष्टविहीन हुनुहुन्थ्यो, तब तपाईं मनपरी पाप गर्न सक्नुहुन्थ्यो । यसले गर्दा तपाईंका आफन्त र साथीहरू तपाईंसित निक्कै खुशी हुन्थे, र सायद यी पापहरूमा तपाईंसित लागेर खूब मिल्थे । तर अब साँपका सन्तानहरूले तपाईंभित्र वास गर्नुभएको ख्रीष्टलाई घृणा गर्छन् । यसकारण सबै मानिसहरूमाथि आइपर्ने कष्टहरूभन्दा ख्रीष्ट येशूको खातिर सहेका सतावटका कष्टहरूचाहिँ अति उच्च स्तरका हुन्छन् । यस सम्बन्धमा मैले निम्न कथा सुनेको छुः खूनी रानी मेरीको शासनकालमा कुनै एउटी स्त्रीले मृत्यु-दण्डको आदेश पाएकी थिई । तर अग्निपरीक्षाले जलाइनुभन्दा केही समयअघि त्यस स्त्रीले एउटा बालक जन्माई । अनि सुत्केरी-व्यथा लाग्दाखेरि त्यसले ठूलो सोरले चिच्च्याई । तब त्यसको छेउमा उभिरहेको दुष्ट विरोधीले त्यसलाई यसो भन्योः 'तिमीले यति कष्ट सहन सक्दैनौ भने, तिमी आफ्नो धर्मको निम्ति कसरी मर्न सक्छ्यौ त ?' तब त्यस स्त्रीले यसो भन्दै त्यसलाई जवाफ दिईः 'अहिले म एउटी स्त्रीको

नाताले यो दुःख सहन्छु, तर त्यस दिनमा म होइन, तर ख्रीष्ट येशूले ममा दुःख भोग्नुहुनेछ ।' यो कुनै ख्यालठट्टाको कुरा थिएन; किनकि ठूलो सहनशीलता देखाएर र एक नमुना भई त्यो स्त्री शहिद भएर मरी; अनि विजय पाएर त्यो आफ्नो अग्नि-रथमा स्वर्गतिर सवारी भई । यसकारण बुझ्नुहोस्ः ख्रीष्ट येशूले तपाईंभित्र वास गर्नुभएको छ भने, तपाईं कुनै कुरादेखि डराउनुपर्दैन; तर विश्वासद्वारा तपाईंले यस संसारमाथि, आफ्नो पापी स्वभावमाथि र शैतानमाथि विजय पाउनुहुनेछ ।

अन्तमा, शैतानको टाउको कुच्च्याइएको कुरामाथि विश्वास राखेर आउनुहोस्, हामी सधैं शैतानको सामना गरौं ! जुन प्रकारले श्री मार्टिन लुथरले शैतानलाई हाँसोको पात्र बनाए, त्योचाहिँ मलाई साह्रै राम्रो लागेको छ । किनभने शैतान अपमान पाउन र अनन्त शर्ममा पर्न पूरा योग्यको हुन्छ । जब शैतानले मार्टिन लुथरलाई पापको परीक्षामा पार्न खोज्यो र तिनलाई निक्कै कष्ट दिइरहेको थियो, तब मार्टिन लुथरले त्यसको टाउकोमा एउटा मसीको दानी हाने । यसो गर्नु ठूलो मूर्खता देखिन्छ, तर योचाहिँ यस महान् धर्म-सुधारकले आफ्नो जीवनभरि गरेको कामको साँचो प्रतीक पो थियो । किनभने जुन किताबहरू मार्टिन लुथरले लेखे, तिनका ती किताबहरूले साँच्ची नै त्यस शत्रुको टाउकोमा हिर्काइएको मसीको दानीले जस्तै काम गरे ।

अनि हामीले चाहिँ ठीक त्यही गर्नुपर्छः हर प्रकारले हामीले शैतानको विरोध गर्नुपर्छ । साहससित हामी यसो गरौं ! 'तँदेखि हामी डराउँदैनौं' भन्दै हामी सीधै त्यसको मुखमा हानेर त्यसलाई यो बताइदिऔंः 'तेरो टाउको कुच्च्याइएको छ'; त्यसलाई यो कुरा सम्झाउनुहोस् ! त्यसले घमण्डको मुकुट पहिरेर, पुरोहितको टोपी लगाएर वा नास्तिक पण्डितको भेष लिएर आफ्नो टाउको र त्यसको चोट लुकाउन खोज्छ । तर हामी त्यसलाई चिनेका छौं र त्यसको घातक चोट देखेका छौं । त्यसको शक्ति घटिसकेको छ । त्यसले हार खाइसकेको लड़ाइँ पो लड्दैछ । त्यसले सर्वशक्तिमान् परमेश्वरको विरोधमा लड़ाइँ त गर्छ । परमेश्वर पिताको श्रापको विरोधमा, मानिसको रूप धारण गर्नुभएको परमेश्वरको पुत्र प्रभु येशूको रगतको विरोधमा र परमधन्य परमेश्वरको आत्माको अनन्त शक्तिको विरोधमा त्यसले त्रीएक परमेश्वरको सामना गर्छ, जुन त्रीएक परमेश्वर लड़ाइँको दिनमा यस स्त्रीका सन्तानहरूको पक्ष लिएर लड्नुहुन्छ । यसैकारण भाइबहिनीहरूहो, विश्वासमा दह्रो रहेर

बलियो गरी त्यस दुष्ट शैतानको सामना गर्नुहोस् र यसरी परमेश्वरलाई महिमा दिनुहोस् !

*हे अमर थुमा, तपाईंको रगतद्वारा नै तपाईंका सेनाहरूले आफूलाई पापको परीक्षामा पार्ने शैतानलाई जित्नेछन्;*
*तपाईंको वचन र तपाईंको शक्तिशाली नामद्वारा तिनीहरूले त्यो लड़ाइँ जितेर जय पाउनेछन् ।*

*हे आकाशहो, आकाश-मण्डलमा तिम्रो हरेक तारालाई नयाँ, महिमित प्रकारले चम्कन देऊ !*
*हे पवित्र जनहरूहो, यस स्वर्गीय युद्धको जीतको गीत गाउँदै तिमीहरूका उद्धारकर्ताको नाम अति उच्च पार !*

# ५

# शैतान छोड़ेर जान्छ, र स्वर्गदूतहरू आएर सेवा गर्छन्

*'त्यसपछि शैतानले उहाँलाई छोड्यो; अनि हेर, स्वर्गदूतहरू आएर उहाँको सेवा गरे।'* *मत्ती ४ः११*

*'अनि सबै परीक्षा गरिसिद्ध्याएपछि शैतान उहाँकहाँबाट केही समयको निम्ति गइहाल्यो।'* *लूका ४ः१३*

प्रिय भाइबहिनीहरूहो, शैतानबाट हाम्रा प्रभु येशूमाथि आइलागेको परीक्षाबाट हामीले धेरै कुराहरू सिक्नुपर्छ। हामी जसरी परीक्षामा पर्छौं, त्यसरी नै उहाँ पनि सबै कुराहरूको सम्बन्धमा परीक्षामा पर्नुभयो। यदि तपाईंले ख्रीष्ट येशूको परीक्षा अध्ययन गर्नुभयो भने, तपाईं शैतानका युक्तिहरूको बारेमा अनजानमा रहनुहुनेछैन। उहाँले शत्रुलाई कसरी हार खुवाउनुभयो भन्ने कुरामाथि तपाईंले ध्यान दिनुभयो भने, तपाईंले आफ्नो त्यस ठूलो शत्रुको विरोधमा के-कस्ता हतियारहरू धारण गरेर चलाउनुपर्छ, सो

तपाईंले जान्नुहुनेछ । यो सम्पूर्ण लड़ाइँ चल्दै गर्दा हाम्रा प्रभु येशूले कसरी जय पाउनुभयो भन्ने कुरा तपाईंले देख्नुभयो भने, प्रभुको नजिकै रहँदा तपाईंले कसरी *'उहाँद्वारा, जसले हामीलाई प्रेम गर्नुभयो, विजेताहरूभन्दा बढ़ी'* हुनुहुनेछ भन्ने कुरा सिक्नुहुनेछ (रोमी ८ : ३७) ।

हाम्रा प्रभु येशूको परीक्षाबाट हामी विशेष गरी यसो प्रार्थना गर्न सिक्छौं: *'हामीलाई परीक्षामा नलैजानुहोस्'* (मत्ती ६ : १३) । तर यस विन्तीको खास अर्थ हामी कहिल्यै गल्ती प्रकारले नबुझौं । पापको परीक्षामा नफसौं भनेर हामीले प्रार्थना गर्न सिक्नुपर्छ । किनभने शरीर र रगतका भागी भएका मानिसहरू भई हामी अति कमजोर छौं । यसैले 'हामीलाई परीक्षामा नलैजानुहोस्' भनी हामीले परमेश्वर पितालाई पुकार गर्नुपर्छ ।

हाम्रा प्रभु येशूको यो परीक्षा तीन प्रकारको थियो । अनि उहाँको यस ठूलो परीक्षाको अन्तबाट पनि हामीले धेरै कुरा सिक्न सक्छौं; किनभने परीक्षा सकेपछि हामी उहाँलाई शान्तिले पूर्ण हुनुभएको, स्वर्गदूतहरूको सेवा पाउनुभएको र रमाउनुभएको देख्छौं । यस कुराले हामीलाई मत्ती ६ : १३ पदअनुसार प्रार्थना गर्न सिकाउँछः 'हामीलाई परीक्षामा पर्नु खाँचो छ भने हामीलाई दुष्टबाट छुटाउनुहोस् !' अथवा यसको सठीक अनुवाद निम्न प्रकारको हुन सक्छः 'हामीलाई त्यस दुष्ट शैतानबाट छुटाउनुहोस् !'

सर्वप्रथम, हामीले कुनै पनि परीक्षामा नपर्ने प्रार्थना गर्नुपर्छ । त्यसपछि यस सम्बन्धमा परमेश्वरको बुद्धिमाथि भर परेर हामी यस प्रार्थनामा यो थपौं: 'तर हे प्रभु, विश्वास बढ्न, तपाईंको अनुग्रह पाएको प्रमाण दिन र परमेश्वरको महिमाको निम्ति हामीलाई परीक्षामा पर्न आवश्यक छ भने, हामीलाई दुष्टबाट छुटाउनुहोस्, विशेष गरी हामीलाई त्यस दुष्ट शैतानबाट छुटाउनुहोस् !'

शुरुमा यति भनेर म आज तपाईंहरूलाई हाम्रो सामु राखिएका पदहरूबाट **क)** पहिले यो कुरा याद दिलाउन चाहन्छुः *'त्यसपछि शैतानले उहाँलाई छोड़्यो'* (मत्ती ४ : ११) । तब यही मत्तीको सुसमाचारको पुस्तकअनुसार **ख)** पतित भएको शैतानले परीक्षामा पर्नुभएको प्रभु येशूलाई छोड़ेपछि स्वर्गदूतहरूले उहाँको सेवा गरेको कुरामाथि हामी ध्यान दिन्छौं । अनि अन्तमा, **ग)** शैतानले हामीलाई कहिलेसम्म छोड़ेर जान्छ, अर्थात् परीक्षाबाट आराम गर्ने कति समय हामी आशा गर्न सक्छौं, यो कुरा पनि विचार गरौं । किनकि हामीले लूकाको सुसमाचारको पुस्तकमा पढ्न पाउँछौं: *'अनि सबै परीक्षा*

*गरिसिद्ध्याएपछि शैतान उहाँकहाँबाट केही समयको निम्ति गइहाल्यो ।'* 'केही समयको निम्ति' भन्ने शब्दहरू कति अनुवादकहरूले 'अर्को मौका नपाउन्जेल' भनेर अनुवाद गरे । यसर्थ आफ्ना दुष्ट युक्तिहरूद्वारा हाम्रा महान् प्रभु र सवामीलाई फेरि पनि परीक्षा नपारुन्जेल शैतान केही समयको निम्ति मात्र गइगयो ।

## क) शैतान छोड़ेर जान्छ

खुशीसाथ हामी पहिलो कुरामाथि ध्यान दिन्छौंः शैतानले परीक्षामा पर्नुभएको प्रभु येशूलाई छोड़्यो । तर मलाई भन्नुहोस्, शैतानले कुन समयमा हाम्रा प्रभुलाई छोड़्यो त ? त्यसले सबै परीक्षाहरू गरिसिद्ध्याएको बेलामा पो त्यसले उहाँलाई छोड़्यो । शैतानले हाम्रा प्रभु र स्वामीलाई छोड्दाखेरि यो उहाँको निम्ति कति ठूलो विश्राम थियो; किनकि शैतान गइसकेपछि त्यहाँ सम्पूर्ण वातावरण, अँ, सास फेर्ने वायु समेत सफा भएको थियो । त्यो दुष्ट आत्मा गइहालेपछि प्रभु येशूको मनले ठूलो शान्ति पायो ।

तर हामीलाई यसो बताइएको छः सबै परीक्षाहरू पूरा गरेपछि मात्र त्यो गइहाल्यो । लूकाको सुसमाचारको पुस्तकमा यसो लेखिएको छः *'अनि सबै परीक्षा गरिसिद्ध्याएपछि शैतान उहाँकहाँबाट केही समयको निम्ति गइहाल्यो'* (लूका ४ː१३) । यसो हो भने, आफ्नो ठोक्राको अन्तिम काँड़ नहानुन्जेल त्यसले हामीलाई पनि छोड्दैन रहेछ । त्यसको दुष्टता अति धेरै छ; यसकारण जबसम्म त्यसले पापको परीक्षामा पार्ने मौकाहरू पाउँछ, तबसम्म त्यसले परीक्षामा पारिरहन्छ । हाम्रो सर्वनाश नै त्यसको मनको इच्छा र अभिप्राय हो । तर धन्न, त्यससँग आफ्नो मनको इच्छा पूरा गर्ने शक्ति छैन । परमेश्वरले त्यसलाई त्यसले चाहेको शक्ति दिनुहुन्न नै । अनि सधैं त्यसका हमलाहरूको निम्ति निर्धारित सीमा राखिएको हुन्छ । तपाईंलाई सम्पूर्ण रूपले परीक्षा पारेपछि र सबै परीक्षाहरू पूरा गरेपछि शैतानले तपाईंलाई छोड्छ-छोड्छ । तपाईं सबै किसिमको परीक्षामा पर्नुभएको छैन; यसकारण महा शत्रुले तपाईंलाई सधैंको निम्ति पूरा छोड्छ भन्ने आशा नगरे हुन्छ । तपाईंले लामो समयसम्म त्यसका हमलाहरू सहनुभएपछि मात्र त्यसले तपाईंलाई छोड्ला ।

किनभने तपाईंलाई खराबीमा फसाउन र तपाईंमा परमेश्वरको अनुग्रहको काम बिगार्न त्यसले सकभर धेरै कोशिश गरिरहन्छ ।

यस्तो भए तापनि त्यसले लक्ष्य गरेको कुरा प्राप्त गर्नुभन्दा अघि नै त्यसले आफ्नो परीक्षामा पार्ने काम छोड्नैपर्छ । *'तँ यहाँसम्म आउलास् ! यहाँबाट अघि नबढ्लास्; अनि यहाँ तेरा घमण्डी छालहरू रोकिऊन् !'* भन्दै परमेश्वरले शक्तिशाली समुद्रलाई आज्ञा गर्नुभएझैं शैतानलाई पनि आज्ञा गर्नुहुन्छ (अय्यूब ३८ : ११) । किनकि जब उहाँले शैतानलाई अय्यूबको विश्वासको परीक्षा गर्ने र तिनको इमानदारी जाँच्ने अनुमति दिनुभयो, तब उहाँले त्यसलाई एउटा तोकिएको सीमासम्म मात्र यसो गर्न दिनुभयो, तर त्यसलाई यो सीमा नाघेर जान दिनुभएन । अनि जब त्यसले अझै बढ़ी गर्ने अनुमति पाऊँ भनेर विन्ती गर्‍यो, तब यसपालि पनि एउटा निर्धारित सीमा तोकिएको थियो । यसर्थ शैतानको अधिकार सधैं निर्धारित सीमाभित्र रहनुपर्छ । जब त्यो यसको सीमामा पुग्छ, तब त्यसलाई रोकिन्छ; किनकि त्यसले योभन्दा बढ़ता गर्न पाउँदै-पाउँदैन ।

तपाईं कहिल्यै शैतानको हातमा छोड़िनुहुनेछैन; तपाईंको जीवन सधैं परमेश्वरको हातमा रहिरहन्छ । तपाईं ख्रीष्ट येशूमाथि साँचो गरी विश्वास गर्ने व्यक्ति हुनुहुन्छ भने तपाईं कहिल्यै सहन नसकिने परीक्षामा पर्नुहुनेछैन नै, तर तपाईंले सधैं जुनै परीक्षाबाट पनि उम्कने बाटो पाउनुहुनेछ । हो, परमेश्वरले तपाईंलाई परीक्षामा पर्न दिनुहुन्छ; यसको निम्ति धेरै कारणहरू छन् । सायद तपाईंले यी कारणहरू के-के हुन्, सो कहिल्यै जान्नुहुन्न होला; तर परमेश्वरले आफ्नो अपार बुद्धिले तपाईंसित सम्बन्ध राख्ने यी सबै कुराहरू बुझ्नुभएको र जान्नुभएको छ । उहाँले दुष्टको राजदण्ड धर्मी जनहरूको अधिकारको भागमा पर्न दिनुहुनेछैन नै । त्यसको राजदण्ड एक क्षणको निम्ति यसमा पर्न सक्ला, तर त्यसले त्यहाँ रहन पाउनेछैन । प्रभु येशूले तपाईंलाई परीक्षा गर्न आगोभित्र पर्न दिनुहुन्छ, तर त्यो आगोचाहिँ तपाईंले सहन सक्नुभन्दा बढ़ी तातो पारिनेछैन । वचनले के भन्दछ ? *'सबै परीक्षा गरिसिद्ध्याएपछि शैतान उहाँ-कहाँबाट गइहाल्यो ।'*

तर हरेक किसिमको परीक्षामा हार खाएपछि मात्र शैतानले प्रभु येशूलाई छोड़्यो । प्रत्येक परीक्षामा प्रभु येशूले त्यसलाई विफल पार्नुभएपछि र 'आफ्नो इमानदारी कायम राख्नेछु र कहिल्यै छोड्नेछैनँ' भन्ने दृढ़ संकल्प

प्रकट गर्नुभएपछि मात्र शत्रु गइहाल्यो । भाइबहिनीहरूहो, यदि तपाईंहरूले परीक्षामा पर्दा यो धीरजसित सहनुहुन्छ, यदि तपाईंहरू एउटा परीक्षादेखि अर्को परीक्षामा उत्तीर्ण हुनुहुन्छ भने शैतानले तपाईंहरूलाई छोड़िदिन्छ। यदि तपाईंहरूले बेखुशी भएको बेलामा चिढ्नुहुन्न र चापलुसीहरूका सिकार बन्नुहुन्न भन्ने प्रमाण दिनुभयो भने, यदि तपाईंहरूले धनसम्पत्तिमाथि आफ्नो मन नलगाउनुभएको र दुश्मनी सहनुभएको प्रमाण दिनुहुन्छ भने शैतानले तपाईंहरूलाई छोड्छ । यदि तपाईंहरूले चलाखी खुसामद र खुला विरोधहरू सामना गर्दा स्थिर रहनुभएको प्रमाण दिनुहुन्छ भने, शैतानले तपाईंहरूलाई छोड्छ। जसरी तपाईंहरूका प्रभु र स्वामीले जय पाउनुभयो, त्यसरी नै तपाईंहरूले पनि परमेश्वरको अनुग्रहमा विजय पाउनुहुनेछ ।

‘अँ, त्यसले मलाई छोड़ेको भए हुनेथियो; किनभने त्यसका हमलाहरू कति चर्को, कति कड़ासँग ममाथि आइपरेका छन्’ भनेर कसैले भन्ला । ‘आमेन, यस्तै होस्’ भन्दै म उसको भनाइ पूरा मनले समर्थन गर्छु ।

शैतानले परमेश्वरको महान् पुत्रलाई छोड्यो । तब त्यसले परमेश्वरको कुनै छोरालाई वा उहाँकी कुनै छोरीलाई कहिले छोड्छ, सो कुरामाथि हामी केही क्षण ध्यान दिऔं । मलाई शङ्का छैन, जब ‘अर्को ठाउँमा मलाई चाहिएको छ’ त्यसलाई लागेको छ, तब त्यसले हामीलाई छोड्छ । शैतान सर्वव्यापी हुँदैन । त्यो एकैचोटि सबै ठाउँमा उपस्थित हुन सक्दैन । किनभने त्यो परमेश्वरजस्तै होइन । यसकारण त्यो जताततै हुँदैन । तर कुनै भाइले यसो भनेका छन्ः ‘शैतान हरेक ठाउँमा उपस्थित नभए पनि त्यो कुन ठाउँमा उपस्थित छैन, सो कुरा जान्न गाह्रो छ; किनकि त्यो एक ठाउँदेखि अर्को ठाउँसम्म यति छिटो दगुर्छ र यति चाँड़ै घुमफिर गर्छ, कि त्यो यता र उता, सबै ठाउँमा उपस्थित भएको जस्तै देखिन्छ ।’ अनि यो पनि विचार गर्न लायकको कुरा होः जहाँ त्यो आफै उपस्थित छैन, त्यहाँ त्यसको ज्यादै ठूलो सेना उपस्थित छ; किनभने पतित भएका आत्माहरूका अनगिन्ती फौजैफौज त्यसको अधीनतामा छन् । अनि जहाँ तिनीहरू उपस्थित छैनन्, त्यहाँ पनि त्यसले दुष्ट काम गर्ने खमीर छोड्दै र सामा आदि खराब बीउहरू छर्दै आफ्ना दुष्ट युक्तिहरू पूरा गर्छ । शैतान अर्को ठाउँमा उपस्थित भए पनि त्यस खमीरले, त्यो जहाँ हालियो र ती खराब बीउहरूले, ती जहाँ छरिए, त्यहाँ आ-आफ्ना खराब काम गर्छन् ।

धेरै सम्भव छ, कि आफ्नो जीवनभरि कसैले पनि धेरै पल्ट शैतान स्वयम्सित व्यक्तिगत रूपले लड्नुपर्दैन होला । हामी विश्वासीहरू धेरै छौं; यसकारण त्यसले हामी हरेकलाई पूरा समय र पूरा ध्यान दिन सक्दैन । किनकि त्यो अर्को ठाउँमा जानुपर्छ । परमेश्वरको वचन प्रचार गरेर म परमेश्वरका सन्तानहरूको सङ्ख्या बढ़ाउने उहाँको उपयोगी पात्र र यन्त्र बन्न चाहन्छु । मेरो खातिर परमेश्वरको अनुग्रह दिलाउने येशूको सुसमाचार चारैतिर फैलेको होस् र हजारौं आत्माहरू बाँचून् । तब शैतान व्यस्त रहनुपर्छ; त्यो यताउता दगुर्नुपर्छ । यसो गर्दा त्यसले परमेश्वरको एक-एक छोराछोरीमाथि ध्यान लगाउन वा तिनीहरूमध्ये एकजनालाई मात्र ताकेर आफ्नो बल्दो रिसको तारो र लक्ष्य बनाउन पाउँदैन ।

जब परमेश्वरका जनहरूले माथिबाट अनुग्रह पाएको कुरा त्यसले देख्छ, तब त्यसले तिनीहरूलाई छिटोभन्दा छोटो छोड्नुपर्छ । तर जब तिनीहरूको अनुग्रहको भण्डार रित्तो भएको हुन्छ, तब त्यसले तिनीहरूलाई आफ्नो जालमा पक्रन खोज्छ । जब तिनीहरूको विश्वास कमजोर भएको छ, जब प्रभुको बाटो हेर्ने तिनीहरूका आँखाहरू धमिला भएका छन्, जब तिनीहरूको प्रेम सेलाएको छ, तब त्यो तिनीहरूमाथि आइलाग्छ । किनभने 'त्यस बेलामा तिनीहरूलाई सजिलोसँग जित्न सक्छु' भन्ने त्यसको दृढ़ संकल्प छ । तर जब हाम्रा प्रभु र स्वामी भएझैं हामी पवित्र आत्माले भरिएका हुन्छौं, (अनि परमेश्वरले हामीलाई यसो हुन दिऊन्), तब त्यसले हामीलाई चारैतिर जाँचेर हेर्छ, र तत्कालै हामीलाई छोड़ेर जान्छ; जसरी पुरानो समयमा, समुद्रमा व्यापार गर्ने जहाजहरू चियाएर बस्ने डाँकूहरूले गरे, जब प्रशस्त हातहतियार बोकेको, तिनीहरूलाई सामना गर्न सक्ने जहाजहरू भेट्टाउँदा डाँकूहरूले यी जहाजहरूलाई छोड़े र अर्को यस्तो जहाजको खोजमा लागे, जुन जहाज तिनीहरूको हमला सामना गर्न तयार थिएन ।

भाइबहिनीहरूहो, तपाईंहरू नामधारी इसाई हुनुहुँदैन; दुर्बल इसाई पनि नहुनुहोस् ! किनभने कमजोर इसाईहरूले आफ्ना कमजोरीहरू मात्र देख्छन् र त्योभन्दा बढ़्ता देख्ने अनुग्रह पाएका छैनन्, क्यारे । तर परमेश्वरलाई पुकार्नुहोस् र उहाँले तपाईंहरूलाई यति प्रभावकारी अनुग्रह दिनुहुनेछ, कि तपाईंहरू प्रभुमा र उहाँको शक्तिशाली सामर्थ्यमा बलवान् हुनुहुनेछ (एफेसी ६:१०) । त्यसपछि अर्थात् शैतानले तपाईंहरूलाई जाँचेपछि र प्रभु

तपाईंहरूको साथमा हुनुभएको र परमेश्वरले तपाईंहरूभित्र वास गर्नुभएको कुरा थाहा पाएपछि त्यसले जसरी तपाईंहरूका प्रभु र स्वामीलाई छोड्यो, त्यसरी नै तपाईंहरूलाई पनि छोड्नेछ । यसमा तपाईंहरू ढुक्कै र निश्चित हुन सक्नुहुन्छ ।

तर मेरो विचारमा, काहिलेकहीं शैतानले हामीलाई त्यसै छोड़िदिन्छ; किनभने कुनै मानिसको निम्ति परीक्षामा पर्नुभन्दा परीक्षामा नपर्नु नै उसको निम्ति सबैभन्दा ठूलो खतरा हो । अनि त्यो कुरा शैतानले जान्दछ । 'यो कसरी हुन सक्छ' भनेर तपाईंले मलाई सोध्न चाहनुहुन्छ होला । भाइबहिनीहरूहो, के तपाईंहरू शारीरिक सुरक्षा र त्यसबाट आउने खतराको बारेमा अनजान हुनुहुन्छ ? विश्वासमा बढ्न, शान्तिमय जीवन बिताउन, औधि रमाउन र अति आनन्दित हुन अनि धेरै फल फलाउन तपाईंहरू त्यसै छोड़िनुभएको तपाईं-हरूलाई लाग्ला । तपाईंहरूको जीवनरूपी जहाज छालहरू नउर्लिरहेको, ऐनाजस्तै शान्त र साम्य समुद्रमाथि चल्न पाउनुभएको अनुभव तपाईंहरूले गर्नुभयो होला । तपाईंहरूले यसो भन्नुहोलाः 'हो, म यस्तो अनुभव गरेको छु, र यसको निम्ति म धन्यवादी छु ।' तब म तपाईंहरूलाई फेरि पनि यो प्रश्न सोध्न चाहन्छुः के त्यस बेलामा तपाईंहरूको मनमा 'म केही हुँ; मेरो आत्मिक अनुभव अचम्म प्रकारले बढ़िरहेको छ; म एक महत्त्वपूर्ण परमेश्वरको छोरा वा महत्त्वपूर्ण उहाँकी विशेष दासी हुँ; म धनी छु र धनवान् भएको वा भएकी छु' आदि विचारहरू उठेका छैनन् र ? के राजा दाऊदले गरेझैं तपाईंहरूले निम्न अनुमान लगाउनुभएको छैन ? किनभने उनले यसो भनेः *'मेरो फलिफापको समयमा मैले भनें: "म कहिल्यै डगमगाउनेछैनँ"'* (भजन ३०:६) ।

हुन सक्छ, तपाईंहरूले अनौठो मानेर आफ्ना साथीहरूमध्ये कसैमाथि आफ्नो नजर लगाउनुभयो, जुन साथी कामिरहेको र डराइरहेको थियो, अनि जसले घरि-घरि 'मलाई बचाउनुहोस्, मलाई बचाउनुहोस्' भनेर दिन प्रतिदिन परमेश्वरलाई पुकारिरहेको थियो । तर यस बेलामा भाइहरू, तपाईंहरूको उपनाम 'बहादुर' वा 'श्रेष्ठ' थियो कि ? अनि बहिनीहरू, तपाईंहरूको नाम 'लक्ष्मी' वा 'अप्सरा' थियो होला, जसको सामु सबै मानिसहरू घोप्टो पर्नुपर्थ्यो । तब तपाईंहरूलाई हाय ! किनभने शैतानबाट परीक्षामा परेका-हरूको अवस्थाभन्दा तपाईंहरूको अवस्था खराब छ। समुद्रको बीचमा

हिँड़िरहने पानीजहाजको निम्ति आँधीबेह्रीमा पर्नु खतरा कुरा हो; तर कुनै बतास नचल्ने जग्गामा पुग्नु यस पानीजहाजको निम्ति झन् खतरा कुरा हो । किनभने बतास नबहने स्थितिमा सबै प्रगति बन्द भएको र गति बिलकुल रोकिएको हुन्छ । यस्तो अवस्थामा पानीजहाज चल्दैन । यो स्थिति निम्न तस्बिरजस्तै छ, जुन तस्बिरमा एउटा समुद्र र त्यस समुद्रमाथि हिँड़ेको एउटा पानीजहाज कोरिएको नक्सा देखिन्छ; यस चित्रमा देखिने पानीजहाज अचल छ । कहिल्यै परीक्षामा नपर्ने मानिसको अवस्था ठीक यस्तै छ; यसको विषयमा श्री कोल्‌रिचले 'एन्सन्त मरिनर' नामक पुस्तकमा यसो लेखेः

*'अहा, त्यो गहिरो समुद्र कसरी कुहियो ?*
*हाय, यस्तो कहिल्यै नहोस् !*
*किनभने अब त्यसको दलदले पानीमाथि*
*खुट्टैखुट्टा भएका घिनलाग्दा कीराहरू घस्रँदै आइलागेका देखियो ।'*

'धिक्कार ! यो कस्तो भयानक स्थिति' भनेर तपाईंहरूले भन्नुहोला । तब बुझ्नुहोस्ः आफ्नै मतलब मात्र राख्ने मानिसको मनभित्र अवस्था यस्तै छ । किनभने यस्तो मानिसले आफूलाई रित्त्याउँदैन, अरूलाई केही दिँदैन । मलाई के डर लागेको छ भने, सायद आफूलाई अति पवित्र ठान्नेहरूको अवस्था पनि यस्तै हुन्छ होला ।

यो अनौठो कुरा पुष्टि गर्ने प्रशस्त प्रमाणहरू छन्ः जुन मानिसहरूले आफूलाई सिद्ध छु भनेर दाबी गर्छन्, ती मानिसहरूचाहिँ प्रायः व्यभिचार र कामुकताले भरिएका हुन्छन् । इतिहासको पन्ना पल्टौं, तब सबैभन्दा अशुद्ध र फोहोर मानिसहरूका संस्थाहरू यस्ता मानिसहरूबाट शुरु गरिएका थिए, जुन मानिसहरूले आफूलाई चाहिँ कहिल्यै पापको परीक्षामा नपरेका, पाप गर्न पूरा छोड़ेका र कहिल्यै अधर्म गर्न नसक्ने मानिस ठानेका थिए ।

शैतानले यसो भन्लाः 'फलाना मानिसलाई परीक्षामा पार्नुभन्दा बरु त्यसको मनमा यो विचार हाल्नु ठीक होला; तब मेरो काम झन् सजिलोसँग पूरा हुन्छ होला । किनभने जब म त्यसलाई परीक्षामा पार्न खोज्छु, तब त्यो मेरो विरोध गर्न खड़ा रहन्छ । त्यसले आफ्ना आँखाहरू खोलेको छ, आफ्नो तरवार उठाएको छ र आफ्नो टोप लगाएको छ । दिनरात जागा रहँदै त्यसले परमेश्वरलाई "हे प्रभु, मलाई गुहार गर्नुहोस्" भनेर पुकारिरहन्छ । जति बढ़ी

त्यो परीक्षामा परेको हुन्छ, त्यति नै बढ़ी त्यसले शक्ति पाउन परमेश्वरको बाटो हेर्छ । तर जब म त्यसलाई त्यत्तिकै छोड्छु, तब त्यो निदाउँछ र लड़ाइँ गर्ने तयारीमा रहँदैन । अनि जब त्यसले आफूलाई सुरक्षित ठान्न थाल्छ, तब म लुकी-लुकी त्यसमाथि आइलाग्न र त्यसलाई तुरुन्तै खतम पार्न सक्छु ।' यही कारणले शैतानले कति मानिसहरूलाई परीक्षामा नपारेर त्यसै छोड्छ। निदाएको सिंहभन्दा गर्जने सिंह उत्तम हो । किनभने कहिल्यै परीक्षामा नपर्नु नै सबैभन्दा ठूलो परीक्षा हुँदो रहेछ ।

अनि यस कुरामा मलाई शङ्का छैन, जब प्रभु येशूले उजाड़स्थानमा शैतानलाई भन्नुभएझैं त्यसलाई हाम्रो विषयमा *'हे शैतान, हटिजा'* भन्ने आज्ञा गर्नुहुन्छ, तब त्यसले हामीलाई छोड्नुपर्छ (मत्ती ४:१०) । त्यसले हामीलाई छोड्नैपर्छ भन्ने कुरा मलाई थाहै छ। किनकि जब प्रभु येशूले आफ्ना छोराछोरीहरूमध्ये कसैलाई यताउता घिसारिएको, कष्टमा परेको, घाइते भएको र चोटैचोट लगाइएको अवस्थामा देख्नुहुन्छ, तब उहाँले शैतानलाई 'हे शैतान, हटिजा; म तँलाई मेरो हराएको भेड़ा फर्काएर ल्याउने अनुमति त दिएँ, तर तँ यसलाई मार्ने गरी हिर्काउन वा कष्ट दिन पाउँदैनस्' भन्नुहुन्छ । यसकारण 'हे शैतान, हटिजा' भन्दै उहाँले त्यसलाई आज्ञा गर्नुहुन्छ । तब त्यस दुष्ट कुकुरले आफ्ना मालिकलाई चिन्छ, तुरुन्तै उहाँको आज्ञा मान्छ, र तत्कालै भाग्छ ।

जब हामीले सम्पूर्ण रूपले परमेश्वरमा शरण लिएको कुरा प्रभु येशूले हाम्रो जीवनमा देख्नुहुन्छ, तब 'हे शैतान, हटिजा' भन्ने परमेश्वरको यो उक्त आज्ञा सुनिन्छ । तर प्रभुमाथि हाम्रो फिक्रीको भार राख्दा हामीले फिक्रीबाट पूरा विश्राम नपाएका हुन सक्छ, यो सम्भव छ । किनकि हाम्रो फिक्रीको भारको साथमा हामीले आफूलाई पनि प्रभुकहाँ सुम्पनुपर्छ; त्यस भारबाट पूरा छुटकारा पाउने तरिका यही हो भनेर कुनै एक भाइले प्रार्थना-सभामा आफ्नो विचार यसरी नै व्यक्त गरेको थियो । तर मेरो विचारमा, आफूलाई आफ्नो भारविना प्रभुको हातमा राख्नु नै फिक्री हटाउने सबैभन्दा असल तरिका हो ।

मैले अघि कुनै समयमा तपाईंहरूलाई सुनाएको निम्न कथा म फेरि पनि तपाईंहरूलाई सम्झाउन चाहन्छुः आफ्नो घोड़ामाथि बसेर बाटोमा सवारी गरेका एकजना भारदारले त्यही बाटोमा हिँड़ेको, एउटा गह्रौं भारी बिकिरहेको मानिसलाई देखे । अनि तिनले त्यसलाई आफ्नो घोड़ामाथि चढ़ेर बस्ने निम्तो

दिए । त्यसले 'हुन्छ, हजुर, धन्यवाद' भन्दै खुशीसित आफूलाई दिइएको मौका स्वीकार गऱ्यो । तर यस घोड़ामाथि चढ़ेर बसेपछि पनि त्यसले अझै पनि आफ्नो भारी बोकिरहेको थियो । तब 'तिमीले आफ्नो भारी किन बिसाउँदैनौ' भनेर यी भारदारले त्यसलाई सोधे । तब यो भारी बोक्ने मानिसले तिनलाई यसो भन्ने जवाफ दियोः 'मलाई आफूसित घोड़ामाथि बस्न दिएर हजुरले मलाई ठूलो सहायता गर्नुभयो; तर हजुरको निम्ति म कुनै भार बन्न चाहँदिनँ । यसकारण मैले आफ्नो भार आफैले बोक्ने निर्णय गरें ।' त्यसपछि यी भारदारले त्यसलाई यसो भनेः 'तिमीले यो भारी बोकेका वा नबोकेका मेरो निम्ति केही फरक छैन; किनभने मैले तिमी र तिम्रो भारी दुवैलाई बोकिरहेकै हुँ । यसकारण आफ्नो भारी फुकालेर बिसाऊ !'

ठीक यस्तै प्रिय भाइबहिनीहो, तपाईंले आफ्नो भारी परमेश्वरमाथि राखिदिँदा यसरी नै फुकालेर बिसाउनुहोला । परमेश्वर यो भारी बोक्न तयार हुनुहुन्छ; यसकारण तपाईंले यो भारी किन आफैले बोक्नुहुन्छ ? प्रियहरूहो, काहिलेकहीं हामीले यसो गर्न बिर्सन्छौं । तर जब हामी प्रार्थनामा प्रभुकहाँ जान्छौं, तब हामीले सम्पूर्ण रूपले आफूलाई प्रभुको हातमा सुम्पेर यसो भन्दै आफूलाई उहाँको जिम्मामा छोड्नुपर्छः 'हे प्रभु येशू, म जस्तै छु, त्यस्तै तपाईंकहाँ आउँदैछु । म परीक्षामा परेको, दुःखी, लाचारी र कमजोर मानिस हुँ; तापनि म तपाईंकहाँ आउँछु र तपाईंमा शरण पर्छु । तपाईंको हातबाट म के मागूँ, सो मलाई थाहा छैन । तर तपाईंका दासले भजन ५५ : २२ पदमा जस्तो भने, म त्यस्तै गर्छुः *"तिम्रो भारी परमप्रभुमाथि राखिदेऊ, र उहाँले तिमीलाई सम्हाल्नुहुनेछ; उहाँले धर्मी जनलाई कहिल्यै डग्न दिनुहुनेछैन ।"* यसकारण हे मेरा प्रभु, म तपाईंको चरणमा पर्छु; म यहाँ हाजिर छु, र तपाईंकहाँ म रहन चाहन्छु । तपाईंको दृष्टिमा जे ठीक छ, त्यही मसित गर्नुहोस् ! केवल तपाईंको कोमल कृपाअनुसार म तपाईंको दास/तपाईंकी दासीसित व्यवहार गर्नुहोस् !' तब प्रभु येशूले शत्रुलाई हकार्नुहुनेछ । अनि तब हाम्रो जीवनरूपी समुद्रमा छालहरू साम्य हुनेछन् र ठूलो शान्ति हुनेछ ।

शैतानले परीक्षा परेकोलाई छोड्ने विषयमा हामी यति भनौं ल । जब परमेश्वरले त्यसलाई 'हे शैतान, हटिजा' भन्ने आज्ञा दिनुहुन्छ, तब त्यो गइ-हाल्नेछ; त्यसले हामीलाई छोड्नैपर्छ ।

## ख) स्वर्गदूतहरू आएर उहाँको सेवा गरे

अब दोस्रो कुरा आयोः आउनुहोस्, स्वर्गदूतहरूले कसरी परीक्षामा पर्नुभएको प्रभु येशूको सेवा गरे, सो कुरामाथि हामी आफ्नो ध्यान लगाऔं। शैतानले हाम्रा प्रभुलाई छोड्यो; त्यसपछि स्वर्गदूतहरू आएर उहाँको सेवा गरे।

हाम्रा प्रभु येशूले शैतानसित लड़ाइँ गर्नुभएको बेलामा स्वर्गदूतहरू उहाँकहाँ आएनन्; यो कुरा तपाईंले ख्याल गर्नुहोला। तिनीहरू किन आएनन्? किनकि प्रभु येशूले एकलैले दाख पेल्ने कोल चुल्चीमिल्ची गर्नुपरेको थियो, अनि उहाँको साथमा अरू कोही पनि नभएको कारणले यसबाट उहाँलाई बढ़ता महिमा र श्रेय मिल्यो। शत्रुसितको यस युद्धमा कुनै स्वर्गदूतहरूले उहाँलाई सहायता गरेका भए तिनीहरू उहाँको विजयमा सहभागी हुनेथिए। तर लड़ाइँ नसिद्धिएसम्म तिनीहरू रोकिए। शत्रु गइसकेपछि मात्र स्वर्गदूतहरू त्यहाँ आइपुगे।

स्वर्गदूतहरू आएर प्रभु येशूको सेवा गरेको कुरा पवित्र धर्मशास्त्र बाइबलमा धेरैपल्ट लेखिएको छैन। यसकारण हामी यसो अनुमान लाउन सक्छौंः अरू बेलामा तिनीहरू सधैं प्रभुको नजिकै हुन्थे, कि के हो? तिनीहरू जागा रहेर र उहाँको रक्षा गर्न सधैं तयार भएर उहाँको छेउमा, उहाँको सोर सुन्न सक्ने दूरीमा रहन्थे। तिनीहरू हाम्रा प्रभुको वरिपरि उहाँका अङ्गरक्षकहरू हुन्थे, जसरी नै तिनीहरू आजको दिनमा परमेश्वरका जनहरूको वरिपरि तिनीहरूका अङ्गरक्षक हुन्छन्। किनभने स्वर्गदूतहरूको विषयमा यसो लेखिएको छः *'के तिनीहरू सबै सेवा गर्ने आत्माहरू होइनन्, जो मुक्तिका हकवाला हुनेहरूको निम्ति तिनीहरूको सेवा गर्न पठाइएका छन्?'* (हिब्रू १:१४)।

तर यो आत्मिक लड़ाइँ सिद्धिनेबित्तिकै स्वर्गदूतहरू आएर प्रभु येशूको सेवा गरे। तिनीहरू किन सेवा गर्न आए त? पहिले, मेरो विचारमा, प्रभु येशू मानिस हुनुभएको हुनाले उहाँ पूरा थाकित हुनुहुन्थ्यो। उहाँलाई भोक लागेको थियो; अनि उहाँको त्यो भोकचाहिँ थकावटको सङ्केत थियो। दोस्रो, उहाँ चालीस दिनसम्म परीक्षामा पर्नुभयो; यस परीक्षाबाट आएको कष्ट उहाँको निम्ति ज्यादै ठूलो थियो। मानिसहरूले कष्ट सहन सक्छन्, तर त्यसपछि जब कष्ट हट्छ, तब तिनीहरू प्रायः लड्छन् र पतित हुन्छन्। यस सम्बन्धमा हामी

एलियाको कुरा गरौं: तिनले अचम्मको काम गरे। किनकि तिनले बाल देवताका सबै पूजाहारीहरूलाई मारे। वीर योद्धाले झैं तिनले काम गर्थे। तर यी सबै कामहरू सिद्ध्याएपछि एलिया कमजोर भए, र तिनले हार खाए। प्रभु येशू मानिस हुनुभएको हुनाले उहाँले हाम्रो शरीरमाथि आइपर्ने कमजोरीहरू आफ्नो पापरहित शरीरमा अनुभव गर्नुहुन्थ्यो। यसकारण स्वर्गदूतहरू आएर उहाँको सेवा गर्न खाँचो थियो, जसरी पछिबाट गेत्समनीको बगैंचामा प्रभु येशू भारी व्यथामा पर्नुभएको बेलामा, उहाँको पसिना रगतका ठूला-ठूला थोपाझैं खसिरहेको घड़ीमा एकजना स्वर्गदूतले उहाँलाई शक्ति दिए।

अनि प्रभु येशू मानिस हुनुभएको हुनाले जुन सेवा मानिसको भागको रूपमा परमेश्वरले मानिसको निम्ति निर्धारित गर्नुभयो, त्यही सेवाको आशिषमा प्रभु येशू पनि सहभागी हुनुभयो। अनि यस सिलसिलामा सामान्य रूपले परमेश्वरले आफ्ना जनहरूको रक्षा गर्न स्वर्गदूतहरूलाई नियुक्त गर्नुभएको हो। प्रभु येशू हामीसित नाता पर्नुभएको छ; यसकारण परमेश्वरका छोराछोरीहरूलाई जुन स्वर्गदूतको सेवा मिलेको छ, त्यस सेवामा प्रभु येशू पनि भागी र साझेदार हुनुभयो। यसरी नै उहाँले हाम्रा शारीरिक कमजोरीहरू धारण गर्नुभएको कुरा उहाँले प्रकट गर्नुभयो, अनि यही कारणले उहाँलाई उस्तै सहायता पाउन खाँचो थियो, र उहाँले उस्तै सहायता पाउनुभयो, जुन सहायता परमेश्वर पिताले आफ्ना छोराछोरीहरूलाई दिन्छु भनेर प्रतिज्ञा गर्नुभयो।

अनि स्वर्गदूतहरूको सेवा पाउने अर्को कारण पनि थियो: उहाँ स्वर्ग-दूतहरूको निम्ति अति प्रिय हुनुहुन्थ्यो। यसकारण तिनीहरू सधैं उहाँप्रति अति विश्वासयोग्य रहन्थे। अनि जब तिनीहरूले प्रभु येशूलाई यस संसारमा जन्मनुभएको र गरिब अवस्थामा जिउनुभएको, हुर्किनुभएको देखे, तब तिनीहरूले अचम्म माने। अनि जब त्यस शत्रुले उहाँलाई परीक्षामा पारेको तिनीहरूले चाल पाए, तब अरे, शैतानले कसरी तिनीहरूको अति पवित्र मालिक र प्यारो प्रभुको नजिक आउन पायो भनेर तिनीहरूले त्यस बैरीलाई घोर घृणा गरे।

मलाई के लाग्छ भने, श्री मिल्टनले सबैभन्दा असल ढङ्गले उक्त घटनाको सजीव शब्द-चित्र कोर्न सके। किनकि तिनका शब्दअनुसार त्यस परीक्षाको ठाउँमा उपस्थित भएका सबै स्वर्गदूतहरूले आ-आफ्नो ज्वालामय तरवार

म्यानबाट झिकेका र आफ्ना अति पवित्र प्रभु र स्वामीको नजिक आउन दुःसाहस गर्ने त्यस दुष्ट शत्रुको मुटुमा रोप्न खोजिरहेका थिए अरे । तर के गर्ने ? आफ्ना प्रभु र उहाँको शत्रुको बीचमा तिनीहरू न खड़ा हुन, न केही गर्न सके । तर पछि, तिनीहरू अनुमति पाउनासाथ उहाँकहाँ आए र आनन्दसाथ उहाँको सेवा गरे ।

अनि यस घटनाबाट स्वर्गदूतहरूको स्पर्श थाहा पाउनको निम्ति उहाँको स्वभाव कति कोमल थियो, सो प्रकट भयो । तर उहाँको तुलना हाम्रो हृदयचाहिँ कति कठोर र कति चिसो र खल्लो हुन्छ !

*'वायुमण्डलमा हजारौंहजार स्वर्गदूतहरूको भीड़ छ,*
*अहिले पनि तिनीहरू हाम्रो वरिपरि उपस्थित छन् ।'*

अनि स्वर्गदूतहरूको खातिर स्त्रीहरूले आराधना गर्दा आफ्नो शिर ढाक्नुपर्छ (१ कोरिन्थी ११ः१०) । आराधनाको पवित्र सेवामा जुन सिँगार्ने कामहरू गरिन्छन्, ती सिँगारपटारमध्ये धेरैचाहिँ स्वर्गदूतहरूको निम्ति गरिन्छन् । अनगिन्ती स्वर्गदूतहरू छन्, र तिनीहरू हाम्रो सेवा गर्न पठाइएका छन् । तर हामीले तिनीहरूको याद गर्दैनौं, न कहीं हामीले तिनीहरूलाई थाहा गर्छौं । तर प्रभु येशूचाहिँ तिनीहरूको हरेक प्रभावप्रति कोमल हुनुहुन्थ्यो । स्वर्गदूतहरू उपस्थित छन् भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । यसकारण तिनीहरूलाई आएर उहाँको सेवा गर्न सजिलो पर्थ्यो । उहाँको सेवा गर्दा तिनीहरूले उहाँलाई के-कस्तो सहायता गरे, सो हामीलाई थाहा छैन । तर मलाई निश्चित छ, तिनीहरूले उहाँको शारीरिक खाँचो पूरा गरे; किनभने उहाँलाई भोक लागेको थियो । यसकारण तुरुन्तै तिनीहरूले उहाँलाई केही खानेकुरा ल्याइहाले । तर सान्त्वनाको वचन लिएर तिनीहरूले उहाँलाई उहाँको मानसिक र आत्मिक अवस्थामा पनि सहायता गरे । तिनीहरूलाई देखेर प्रभु येशूलाई आफ्नो पिताको घरको आलो सम्झना, आफैले छोड्नुभएको महिमाको आलो सम्झना आयो । 'पिताले मलाई बिर्सनुभएको छैन' भन्ने कुरा तिनीहरूको दृष्टिले उहाँलाई सङ्केत गर्‍यो; किनभने पिता परमेश्वरले नै आफ्ना पुत्रको सहायताको निम्ति र सम्हाल्ने हेतुले आफ्नो स्वर्गीय घरका नोकरचाकरको टोली पठाउनुभएको रहेछ । अनि तिनीहरूलाई देख्दा प्रभु येशूले त्यस दिनको बाटो हेर्नुभयो, जुन सुदिनको विषयमा कवीहरूले यसो लेखेका छन्ः

*'उहाँलाई उहाँको सिंहासनमा पुऱ्याउन तिनीहरूले माथिबाट उहाँको रथ ल्याए; अनि आफ्ना जयवन्त पखेटाहरू चलाउँदै तिनीहरू यसो चिच्च्याएः "सिद्धियो; उहाँको त्यो महिमापूर्ण काम सिद्धिएको छ !" '*

अब भाइबहिनीहरूहो, जब हामी परीक्षामा परेका हुन्छौं, तब के हामीलाई सघाउने कुनै स्वर्गदूत आउँछन् र ? हो, अवश्य; किनभने हामी स्वर्गदूत-हरूसित बराबर भएका सहायकहरू पाउँछौं । किनभने धेरैजसो हाम्रो परीक्षा सकेपछि परमेश्वरले आफ्ना जनहरूलाई दूतहरूको रूपमा हामीकहाँ पठाउनुहुन्छ नै । अनि परीक्षाको खराब समय बितेपछि परमेश्वरको वचन सुन्ने समय हाम्रो निम्ति कति मीठो, सुसमाचारको सन्देश महजति गुलियो हुन्छ ! तपाईंहरूमध्ये धेरैजनाले यस प्रकारको गवाही दिन सक्नुहुन्छ । तब प्रवचन सुनिरहँदा तपाईंहरूले मनमा यसो स्वीकार गर्नुभयो होलाः 'निश्चय नै परमेश्वरले मेरै निम्ति यो सन्देश पठाउनुभएको हुनुपर्छ ।' अथवा कुनै प्रवचन सुन्न नपाएर पनि तपाईंहरूले आफ्नो बाइबल पढ्दा यसको पन्नामा लेखिएका उहाँका शब्दहरूको जल्दै गरेको तापले तपाईंहरूको मन न्यानो पारेको अनुभव गर्नुभयो होला ।

घरि-घरि तपाईंको अनुभव यस्तो थियो, होइन र ? परीक्षामा पर्नुअघि भन्दा परीक्षा सहेपछि हाम्रो निम्ति पवित्र कुराहरू झन् मीठा हुँदा रहेछन् । के तपाईंले ती कुराहरूको स्वाद यस्तै भएका पाउनुभएन र ? खुशीसाथ म यहाँ आफ्नो गवाही दिन्छुः कुनै कष्टपूर्ण परीक्षा सहेपछि, केही समय परमेश्वरको सेवा गर्न वञ्चित भई शोकमा डुबेपछि ख्रीष्ट येशू मेरो निम्ति अति बहुमूल्य बन्नुभएको छ, अनि परमेश्वरका प्रतिज्ञाहरू म अपार धन सम्झन्छु, र मेरो हृदयको निम्ति सुसमाचारको शिक्षा अति प्रिय छ, अनि मेरो मन यस शिक्षासित टाँसिबस्छ । अँ, त्यस बेलामै परमेश्वरको वचन प्रचार गर्ने मानिसहरूको रूपमा अथवा परमेश्वरको लेखिएको वचनको कुनै पन्नाबाट केही उत्साह दिने शब्दहरूको रूपमा 'स्वर्गदूतहरू' आएर हामीलाई सघाउँछन् ।

अनि पानी परेपछि चम्किलो घाम लागेझैं परमेश्वरले परीक्षामा परेका आफ्ना जनहरूलाई काहिलेकहीं आफ्नो पूर्वयोजनाअनुसार विशेष किसिमको अनुग्रह प्रदान गर्नुहुन्छ; यो कुरा पनि मैले आफ्नो जीवनमा अनुभव गरें । तिनीहरूले आशै नगरेको तिनीहरूलाई खुशी तुल्याउने, ठूलो मद्दत पुऱ्याउने

कुनै घटना घटिन्छ, र सुस्केरा हालेर बसेकाहरू एकैक्षणमा आनन्दले गीत गाउँछन् । किनकि पिँजड़ाको ढोका खोलियो, र परमेश्वरको चरा छुटकारा पाई उड़ेर गयो । स्वर्गको ढोकातिर उड्दै जाँदा त्यो खूब रमाउँदै एउटा मीठो गीत सुनायो । ओहो, तब उहाँको छुटकारामा उल्लासित भई हाम्रो मन त पवित्र कोहिली चरामा बदली भएको जस्तै देखिन्छ । कुनै कठोर परीक्षापछि, कुनै कड़ा जाँचपछि प्रभु येशूले तपाईंहरूलाई विशेष ठूलो अनुग्रह देखाउनुभएको होला । के तपाईंहरूको अनुभव यस्तो छैन र ? मलाई विश्वास छ, योचाहिँ विगत समयमा धेरै ख्रीष्ट-विश्वासीहरूको अनुभव थियो, वर्तमान समयमा तिनीहरूको अनुभव हो र भविष्यमा पनि तिनीहरूको अनुभव हुने नै छ ।

परमेश्वरको पूर्वयोजनाअनुसार यस्ता विशेष अनुभवहरू गरिन्छन् । यसकारण स्वर्गदूतहरू त्यहाँ उपस्थित छन् भन्ने कुरा चाल नपाए पनि वास्तवमा स्वर्गदूतहरू हामीलाई सघाउन आउँछन्; यसमा मलाई कुनै शङ्का छैन । तिनीहरूले पवित्र विचारहरू जगाएर हामीकहाँ सान्त्वना ल्याउँछन् । तर स्वर्गदूतहरू र उनीहरूको सहायताभन्दा अझ महान् व्यक्ति पवित्र आत्मा हुनुहुन्छ । उहाँ नै सान्त्वना दिनुहुने शान्तिदाता हुनुहुन्छ । उहाँ कति राम्रो गरी सबै घाउहरूमा मलमपट्टी बाँध्न जान्नुहुन्छ र हामीलाई निको पार्दै हामीलाई गीत गाउन लगाउनुहुन्छ । जुन हड्डीहरू परमेश्वरले भाँच्नुभयो, ती हड्डीहरूलाई उहाँले रमाउने तुल्याउनुहुन्छ र अघि कहिल्यै अनुभव नगरेको गहिरो आनन्दले हामीलाई भरिदिनुहुन्छ ।

मेरो विचारमा, तपाईंहरूमध्ये कतिजना आजको दिनमा ठीक यही स्थितिमा हुनुहुन्छ । शैतानले तपाईंहरूलाई छोड़ेको छ, र स्वर्दूतहरूले तपाईं-हरूलाई सहायता पुऱ्याइरहेका छन् । यसो भए तपाईंहरू अति सुखी हुनुपर्छ । यसको लागि परमेश्वरलाई धन्यको भन्नुहोस् ! तपाईंहरूको मनमा गहिरो शान्ति छ । यसको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनुहोस्; किनभने त्यो परीक्षारूपी आँधीबेह्री शान्त भएको छ ।

मेरा भाइबहिनीहो, तपाईंले सहनुभएको परीक्षाद्वारा तपाईं बलियो हुनुभयो; यस जाँचद्वारा तपाईं परिपक्व हुनुभयो; तब उत्तम कुराहरूको भागी हुन तपाईं तयार हुनुभएको छ; यो तपाईंको विषयमा मेरो निश्चित आशा हो ।

शैतानले हाम्रा प्रभु येशूलाई छोड़ेपछि, अनि स्वर्गदूतहरूले उहाँकहाँ आएर उहाँको सेवा गरेपछि उहाँले के गर्नुभयो ? के उहाँ घर जानुभयो र त्यहाँ

बसीकन आफ्नो आनन्दमय अनुभव लिएर एउटा सुन्दर गीत रच्न र गाउन थाल्नुभयो ? होइन, तर यो परीक्षा सिद्धिनासाथ हामीले उहाँलाई पवित्र आत्माको भरपूरीमा सुसमाचार प्रचार गर्नुभएको पाउँछौं। उहाँ जताततै जानुभयो, र उहाँले परमेश्वरको राज्यको बारेमा प्रचार गर्नुभयो। उहाँ सभाघरहरूहुँदो र पहाड़ी इलाकाहरूहुँदो जानुहुन्थ्यो। अघि परमेश्वरको पवित्र आत्माले उहाँलाई त्यस शत्रुलाई जित्ने शक्ति दिनुभयो; अनि अहिले हामी प्रभु येशूलाई ठीक त्यही शक्तिमा अघि बढ्नुभएको र आफ्नो पिताको सेवामा आफ्नो बल खर्च गर्नुभएको देख्छौं।

हे परीक्षामा परेको भाइबहिनीहो, के तपाईंले कतै परीक्षाबाट केही विश्राम गर्ने समय पाउनुभएको छ ? तब ढिलो नगरी तपाईंलाई यस विश्रामको समय दिनुहुने प्रभुको सेवा गर्नुहोस्! के आँधीबेह्री थामिएपछि वातावरण अहिले शान्त भएको छ ? तब अहिले अरू मानिसहरूको जीवनरूपी खेतबारीमा असल बीउ छर्दै जानुहोस्! के आफ्ना आँखाहरूबाट तपाईंले आँसु पुछ्नुभएको छ ? के तपाईंका गालाबाट नुनिला आँसुहरू बग्न छोड़े। तब आउनुहोस्, तपाईंका प्यारा प्रभुको निम्ति एउटा भजन गाउनुहोस्! उहाँको दाखबारीमा काम गर्न जानुहोस्, साना स्यालहरू पक्रनुहोस्, फल नफल्ने हाँगाहरू काटेर हटाउनुहोस्, र दाखका बोटहरूको वरिपरि खन्नुहोस्, मलजलको काम गर्नुहोस्! यसकारण तपाईंको निम्ति मेरो सल्लाह छः तपाईंको निम्ति यति ठूलो काम गर्नुभएको प्रभुको निम्ति अवश्य केही न केही काम गर्नुहोस्!

प्रिय भाइबहिनी, सुन्नुहोस्! तपाईंले छुटकारा पाउनुभएको छ। तर धेरैजनाले तपाईंले जस्तै स्वतन्त्रता पाएका छैनन्, तर तिनीहरू अझै पनि शैतानको बन्धनभित्र परेका हुन्छन्। तिनीहरूले शैतानसित लड़ाइँ गरिरहेका छन्, तर तिनीहरू यस घड़ीसम्म अझै त्यसका इच्छुक दासदासीहरू हुनुपरेको छ। यसकारण आउनुहोस्, मेरो भाइबहिनी, परमेश्वरले तपाईंलाई छुटकारा दिनुभएको छ; यसकारण तिनीहरूको पछि जानुहोस्! हे बहिनीहो, पापमा फसेकी कुनै स्त्रीको पछि जानुहोस्! हे भाइहो, कुनै मतवालाको पछि जानुहोस्! जानुहोस् र तिनीहरूमध्ये सबैभन्दा धेरै मोजमज्जा गर्ने पापी मानिसलाई र सबैभन्दा धेरै व्यभिचार गर्ने पुरुषलाई खोज्न जानुहोस्! विशेष

गरी तपाईंको घरानामा उड़न्त पुत्रजस्तै आफ्नो धनसम्पत्ति उड़ाउने कोही छ भने, उसमाथि आफ्नो ध्यान लगाउनुहोस् !

*'आओ, हामी ती मानिसहरूलाई खोज्न जाऔं,*
*तिनीहरूलाई खोजौं, जो मृत्युमा पुऱ्याउने बाटोमा हिँड़िरहेका छन्;*
*किनभने दिनको अन्तमा "मैले कुनै हराएको आत्मालाई परमेश्वरको घरमा पुऱ्याउन सकें" भन्न सक्नु कति मीठो कुरा हो ।'*

अनि प्रभु येशूले तपाईंसित यति भलो व्यवहार गर्नुभएको छ भने, यसो भन्न अझ बढ़ी सुहाउँछ ।

## ग) परीक्षाबाट हाम्रो आराम लिन पाउने समय सीमित छ

अब तेस्रो कुरा तपाईंलाई सम्झना गराउँदै म अन्त गर्न चाहन्छु । यस सत्यतामाथि ध्यान दिनु उचित छः परीक्षाबाट हाम्रो आराम लिन पाउने समय सीमित छ ।

शैतानले प्रभु येशूलाई केही समयको निम्ति अथवा अर्को मौका नपाउन्जेल छोड़्यो । के शैतानले पछि हाम्रा प्रभुलाई फेरि हमला गऱ्यो त ? म यसमा सुनिश्चित छु; हो, त्यसले उहाँलाई व्यक्तिगत रूपले फेरि आक्रमण गऱ्यो र झन् बढ़्ता गरी अरू मानिसहरूद्वारा यस्तो गऱ्यो ।

मलाई याद छ, थोरै समयपछि शैतानले उहाँलाई उहाँकै कुरामा फसाउन खोज्यो । यस प्रकारले हामीलाई फसाउन कति सजिलो छ । किनकि मैले आजै भनेको कुरा लिएर कसैले मेरा शब्दहरू बाङ्गोटिङ्गो पार्न र मैले भन्न चाहेको भन्दा फरक अर्थ लगाउन सक्छ । हेरोदीहरू, सदुकीहरू र फरिसीहरूले हाम्रा प्रभुसित ठीक यस्तै व्यवहार गरे । किनकि तिनीहरूले उहाँलाई उहाँकै कुरामा फसाउन खोजे । यसो गर्दा शैतानले तिनीहरूलाई प्रेरणा र अगुवाइ गरिरह्यो । शैतानले प्रभु येशूलाई उहाँको सेवकाईको सम्बन्धमा पनि बाधा दिइरह्यो । तर प्रभु येशूले शैतानको विरोध गर्नुभयो । अनि प्रभु येशूले जित्नुभयो; किनभने उहाँले शैतानलाई बिजुलीझैं स्वर्गबाट खसेको देख्न पाउनुभयो ।

योभन्दा चतुर योजनाअनुसार शैतानका दासहरूले अर्थात् दुष्ट आत्माहरूले कुनै दुष्ट आत्मा लागेको मानिसबाट निकालिँदा उहाँलाई परमेश्वरका पुत्र भनेर स्वीकार गरे । तर उहाँले तिनीहरूलाई हकार्नुभयो; किनभने उहाँले तिनीहरूबाट कुनै गवाही ग्रहण गर्न चाहनुहुन्नथियो । निश्चय मुक्तिदाताको प्रशंसा गर्दाखेरि शैतानको धूर्त योजना भएको हुनुपर्‍यो । किनभने शैतानबाट उहाँको प्रशंसा भयो भने यस कुरामा निस्सन्देह कुनै गल्ती हुनुपर्छ; अनि मुक्तिदाता प्रभुका चेलाहरूले उहाँको विषयमा शङ्का गर्न थाल्नेथिए र अवश्य उहाँलाई शाङ्कलु दृष्टिले हेर्न थाल्नेथिए । ओहो, शैतानको चतुराइ कत्रो थियो ! तर प्रभुले दुष्ट आत्मालाई बोल्न दिनुभएन । यस विषयमा तपाईं निम्न घटना याद गर्नुहुन्छ होला, किनकि एक समयमा उहाँले एउटा दुष्ट आत्मालाई यसो भन्ने आज्ञा गर्नुभयोः 'चुप लाग् र त्यसबाट निस्की !' (मर्कूस १:१५) । प्रभुले यहाँ कुनै कुकुरसित बेलेको भाषा प्रयोग गर्नुभयो । किनभने कहिल्यै उहाँले शैतानसित आदरको भावले व्यवहार गर्नुभएन । यसकारण बुझ्नुहोस्ः त्यस दुष्टताको शासकसित हामीले थोरै, तर अति कड़ा शब्द बोल्नुबाहेक हामीलाई अरू केही गर्नु खाँचो छैन ।

पत्रुसद्वारा शैतानले हाम्रा प्रभुलाई परीक्षामा पार्‍यो । अनि त्यसले आफ्नो घिनलाग्दो काम पूरा गर्न हाम्रा इष्टमित्रहरूमध्ये कसैलाई चलाउँदै त्यसले धेरैपल्ट यस प्रकारका धूर्त योजनाहरू हाम्रो विरोधमा प्रयोग गर्‍यो । किनकि प्रभु येशू आफूले भोग्न लाग्नुभएका कुराहरू र आफ्नो मृत्युको प्रथम घोषणा गर्नुभएपछि पत्रुसले आफ्ना प्रभुलाई एकातिर लगेर उहाँलाई हप्काए । त्यस बेलामा प्रभुले तिनलाई यसो भन्नुभयोः *'हे शैतान, मेरो पछिल्तिर जा !'* (मर्कूस ८:३३) । किनभने प्रभु येशूले चाल पाउनुभयो, कि शैतानले पत्रुसलाई प्रयोग गरेर उहाँलाई उहाँको जीवन पाप-बलिको रूपमा दिइहाल्नदेखि रोक्न खोज्यो । यसकारण हामी बुझौंः शैतानले हामीलाई हाम्रै कुरामा फसाउँछ; त्यसले हाम्रो काममा हामीलाई बाधा दिन्छ । त्यसले दुष्ट मनसायले हाम्रो प्रशंसा गरेर हामीलाई ठग्छ । त्यसले हाम्रो कोही मित्र चलाएर हामीलाई परमेश्वरको ग्रहणयोग्य, उहाँको मनपर्दो, सिद्ध इच्छा पूरा गर्न दिँदैन; त्यसले हामीलाई हाम्रो जीवन एउटा जिउँदो बलिदानको रूपमा दिइहाल्नदेखि रोक्छ । आजको दिनसम्म यस्तै धेरै प्रकारले शैतानले हामीलाई परीक्षामा पार्दै आएको छ ।

हामी ख्रीष्ट-विश्वासी भए पनि काहिलेकहीं हाम्रो मन निराशामा डुब्छ । हामी यूहन्ना १२ः२७ पदमा यसो पढ्छौंः *'अहिले मेरो मन विचलित भएको छ; र के म "हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्" भनूँ ?'* हाम्रो विचारमा, यस घड़ीमा उहाँको मन अति भारी शोकमा डुबेको थियो । तर उहाँको मन सबैभन्दा बढ़ी विचलित भएको समयचाहिँ गेत्समनीको बगैंचामा पो थियो । किनभने त्यस बेलामा उहाँले यसो भन्नुभयोः *'मृत्यु नै होला झैं गरी मेरो मन अति नै शोकले भरिएको छ'* (मत्ती २६ः३८) । यस भारी कष्टमा शैतानको हात थियो; किनकि प्रभु येशूले भन्नुभयोः *'यस संसारको शासक आउँदैछ'* (यूहन्ना १४ः३०) । अनि उहाँलाई पक्रन आउने मानिसहरूलाई उहाँले भन्नुभयोः *'यो तिमीहरूको घड़ी र अन्धकारको अधिकार हो'* (लूका २२ः५३) । यो कति भयानक घड़ी थियो ! तब हामी बुझौंः हाम्रा प्रभु येशूको सेवकाईचाहिँ शैतानको तर्फबाट आइपरेको अग्नि-परीक्षासित शुरु भयो र अग्नि-परीक्षासित अन्त पनि भयो । अनि परीक्षा सकेपछि त्यसले उहाँलाई छोड़्न त छोड़्यो, तर केही समयको निम्ति मात्र छोड़्यो ।

प्रिय भाइबहिनीहरूहो, आज हाम्रो स्थिति शान्तिमय र सुनसान छ । सायद हामी हालैमा कुनै परीक्षामा परेका छैनौं । तर होशियार ! हामी आफैमा बढ़ी सुरक्षित नबनौं ! किनभने शैतानलाई उपयोगी लाग्ने, त्यसको सुहाउने मौकामा त्यो हामीमाथि फेरि आइलाग्नेछ । अनि त्यो कहिले होला त नि ? यसको विषयमा तपाईंहरूले कुनै चिन्ता गर्नुपर्दैन; किनभने तपाईं र मैले, हामी त्यसलाई प्रशस्त मौकाहरू दिइरहेका हुन्छौं । कुनै काम नगरेको समयमा हामी त्यसलाई मौका दिइरहेका हुन्छौं । श्री वत्सले रचेको हाम्रो निम्ति प्रख्यात भएको उनको कविताको बोल यस प्रकारको छः

> *'अल्छी हातहरूले गर्न सकून् भन्ने हेतुले शैतानले ती हातहरूको निम्ति अझै पनि कुनै न कुनै खराब काम भेट्टाउँछ-भेट्टाउँछ ।'*

जब हामी एकलै हुन्छौं, तब शैतानले हामीलाई आक्रमण गर्छ । मैले भन्न खोजेको कुरा यो होः जुन बेलामा हामी शोकित हुन्छौं, र आफूलाई एकलो भएको, छोड़िएको महसुस गर्छौं, जब हामी त्यसै बसिरहेका हुन्छौं, र निराशामा डुबेका हुन्छौं, तब शैतानले हामीलाई हमला गर्छ ।

तर अरू मानिसहरूको सँगतिमा पनि, विशेष गरी विश्वास नगर्ने मानिस-हरूको सँगतिमा अथवा हाम्रो शिक्षाको स्तर र हाम्रो भौतिक, सामाजिक स्तरभन्दा उच्च स्तरका, तर परमेश्वरको डर नमान्ने मानिसहरूको सँगतिमा शैतानले हामीलाई परीक्षामा पार्ने सुहाउँदा मौकाहरू पाउँछ। मानिसको डरले गर्दा हामी तिनीहरूद्वारा पासोमा पर्न जान्छौं। अनि यस्तो अवस्थामा शैतान हामीमाथि आइलाग्छ।

परमेश्वरका जनहरू बिरामी र कमजोर हुँदा हाम्रो विरोधमा त्यस पुरानो, दुःसाहसी शत्रुले धेरै पल्ट मौका पाएको मलाई थाहै छ। हाम्रो स्वास्थ्य असल भएको बेलामा हामी त्यसको कुनै वास्ता गर्दैनौं भन्ने कुरा त्यसले जान्दछ। तर कुनै रोग वा पीड़ाद्वारा दुर्बल भएको अवस्थामा त्यसले हामीलाई निराशामा पार्न सक्छ।

यदि हामी गरिब छौं भने, त्यसले हामीसित यस प्रकारले व्यवहार गर्छ। आफ्नो काममा कसैले ठूलो हानि भोग्नुपरेको बेलामा शैतान आएर यसो भन्दै खुसामद गर्छः 'के यसरी नै परमेश्वरले आफ्ना जनहरूलाई भलो गर्नुहुन्छ र? हेर, अरू मानिसहरूको अवस्थाभन्दा परमेश्वरका जनहरूको अवस्था केही पनि फरक छैन रहेछ।'

अनि यस संसारमा हाम्रो कमाइ राम्रो भएको छ भने, शैतान बदलिएर हामीलाई यसो भन्छः *'के अय्यूबले विनामतलब परमेश्वरको डर मानेको छ र?'* (अय्यूब १:९)। तपाईंले शैतानलाई कुनै किसिमले खुशी पार्न सक्नुहुन्न; अनि तपाईंले त्यसलाई खुशी पार्नुहुँदैन। किनकि त्यसले जुनै कुराबाट पनि आफ्नो फाइदा उठाएर तपाईंको निम्ति केही परीक्षा तयार पार्न सक्छ।

तपाईंलाई छक्क पर्ने कुरा म भन्न लागिरहेको छुः जब हामी ठूलो आत्मिक अनुभव गरेका हुन्छौं, तब हामी ठूलो परीक्षामा पर्न सक्छौं। आफ्नो विषयमा कुरा गर्नु हो भने, मैले कुनै सभामा पवित्र जोशले प्रचार गरेर परमेश्वरमा अति उल्लासित भएको समय मेरो लागि ठूलो खतरा बनेको छ। किनकि प्रभुको रूप-परिवर्तन भएको पहाड़माथि रहन सजिलो छ; तर केही समयपछि त्यस पवित्र पर्वतबाट ओर्लेर हामी त्यसको फेदमा आइपुग्नुपर्छ, जहाँ शैतानसित हाम्रो भेट हुन्छ, जसरी त्यस पवित्र पर्वतदेखि ओर्लनुभएपछि हाम्रा प्रभुले शैतानलाई भेट्नुभयो।

कुनै गल्ती गरिसकेको बेलामा पनि परीक्षामा पर्न सक्ने घड़ी हो । किनकि शैतानले हामीलाई यसो भन्छः 'अब त्यो लड्न लागेको छ; किनकि मैले त्यसलाई ठेस खाएको देखें; अब म त्यसलाई पूरा रूपले खाडलभित्र पारेरै मेरो काम छोड्नेछु ।' यसकारण हामीले कुनै गल्ती गरेका छौं भने, हामी चाँड़ोभन्दा चाँड़ो पश्चात्ताप गर्नुपर्छ र दुःखी भई प्रभुको चरणमा पर्नुपर्छ । अँ, कुनै गल्ती गर्नुभन्दा पहिले पनि हामी प्रभु येशूकहाँ जाऔं र लड्नदेखि उम्कौं ।

हामीले पाप नगरेको बेलामा शैतानले हामीलाई परीक्षामा पार्ने मौका पाउन सक्छ । परीक्षामा परेर हामीले जय पाएर बलियो गरी खड़ा रहेपछि त्यो आएर यसो भन्छः 'स्याबास ! तिमीले कति राम्रो गरी लड़ाइँ गर्‍यो ! तिमी कत्रो भयङ्कर मानिस रहेछौ; तिमी उच्च स्तरको पवित्र जन भएको हुनुपर्छ ।' यस कुरामा तपाईं निश्चित हुनुहोस्ः जसले आफूलाई एक उच्च स्तरको पवित्र जन ठान्छ, त्यो मानिस त एकै क्षणमा शर्मलाग्दो पापी पो ठहरिन्छ । किनकि यस्तो व्यक्तिबाट शैतानले चाँड़ै आफ्नो फाइदा उठाउँछ ।

तपाईंलाई आफ्नो कामबाट राम्रो नाफा भयो भने, अथवा परमेश्वरको सेवामा तपाईं निक्कै सफल हुनुभयो भने, शैतानले तपाईंलाई परीक्षामा पार्छ । तपाईं असफल हुनुभयो र समस्यामा पर्नुभयो भने, शैतानले तपाईंलाई परीक्षामा पार्छ । तपाईं ठूलो भारीले थिचिनुभएको बेलामा त्यसले तपाईंलाई परीक्षामा पार्छ । त्यो भारी हटेपछि पनि त्यसले तपाईंलाई परीक्षामा पार्छ, अँ, पहिले भन्दा बढ़ी परीक्षामा पार्छ । जब तपाईंले कुनै आशिष पाउनुभयो, जुनचाहिँ तपाईंको दृष्टिमा महान् आशिष हो, तब त्यसले तपाईंलाई यसैद्वारा परीक्षामा पार्छ । के म तपाईंलाई यसको उदाहरण दिऊँ ? उजाड़स्थानमा इस्राएलीहरूले जिद्दी गरेर मासु खान पाऔं भनेर परमेश्वरलाई पुकारेपछि उहाँले तिनीहरूको माग पूरा गर्नुभयो, तर तिनीहरूको मनमा उहाँले दुर्बलता पठाइदिनुभयो । यसकारण तपाईंले खोज्नुभएको कुरा पाउनासाथ तपाईं परीक्षामा पर्न सक्नुहुन्छ । मैले भनेका यी सबै कुराहरूको सार यस प्रकारको छः जागा रहनुहोस् ! किनभने प्रभु येशूले यसो भन्नुभयोः *'अनि जे म तिमीहरूलाई भनेको छु, त्यही कुरा म सबैलाई भन्छुः जागा रहो !'* (मर्कूस १३ : ३७) । *'जागा रहो र प्रार्थना गर, नत्रता तिमीहरू परीक्षामा पर्नेछौ !'* (मत्ति २६ : ४१) । अनि आफ्ना प्रभु र स्वामीको आत्मिक लड़ाइँ र विजय-माथि ध्यान लगाएर साहससित लड़ाइँको मैदानमा उत्रनुहोस्, र जसरी प्रभु

येशूले जय पाउनुभयो, त्यसरी नै तपाईंले पनि प्रभुमाथि विश्वास राखेर विजय पाउनुहुनेछ । यही आशा लिएर अघि बढ्नुहोस् !

तर शैतानको बन्धनमा परेका दासदासी र त्यसका मित्रहरूलाई म के भनूँ ? प्रभुले तपाईंहरूलाई कृपा देखाऊन् । यदि तपाईंहरूले छुटकारा पाउन चाहनुभयो भने, तपाईंहरूको निम्ति एउटै उपाय छः एउटा क्रूस छ, जसमाथि प्रभु येशू झुन्डिएर मर्नुभयो । यसकारण प्रभु येशूलाई हेर्नुहोस् ! किनभने उहाँले मात्र तपाईंहरूलाई छुटकारा दिन सक्नुहुन्छ । किनकि कैदमा परेका-हरूलाई छुटकाराको घोषणा गर्न उहाँ यस संसारमा आउनुभयो । उहाँलाई हेर्नुहोस् र जीवन पाउनुहोस् ! म तपाईंहरूलाई आग्रह गर्छुः उहाँको प्रेमको खातिर ढिलो नगरी यसो गर्नुहोस् ! आमेन ।

# उपसंहारः लूका ४ः१-१५ पदहरूको खण्डको टिप्पणी

**लूका ४ः१ः** *अनि येशू पवित्र आत्माले भरपूर भएर यर्दनबाट फर्कनुभयो, र आत्माद्वारा उहाँ उजाड़स्थानमा डोर्‍याइनुभयो ।*

अरे, प्रभु येशू पवित्र आत्माले भरपूर भएको अवस्थामा उजाड़स्थानमा डोर्‍याइनुभएको र परीक्षामा पर्नुभएको, कसरी ? यो कति अनौठो, हाम्रो सोचदेखि बाहिर कुरा हो ! तर हामीलाई हाय ! किनकि पवित्र आत्माले भरपूर नभएको अवस्थामा उजाड़स्थानमा डोर्‍याइनु र परमेश्वरको आत्मा हामीमाथि नरहनुभएको बेलामा परीक्षामा पर्नुचाहिँ कति दुःखलाग्दो कुरा हो । तर हाम्रा प्रभु येशूले अभिलाषी भई आफूलाई पापको परीक्षामा पार्नुभएन । उहाँको परीक्षा बिलकुल अर्को प्रकारको थियो । किनभने उहाँ पवित्र आत्माको अगुवाइमा यस उजाड़स्थानमा पुग्नुभयो । यसो हो भने, परमेश्वरको आत्माले हामीलाई यस्तो परिस्थितिमा पुर्‍याउन सक्नुहुन्छ, जहाँ हाम्रो जाँच हुन्छ । उहाँले यसो गर्नुहुँदा हाम्रो हानि हुनेछैन; तर हामी सुरक्षित रहनेछौं अनि हाम्रा प्रभु र स्वामीजस्तै विजयी भएर हामी यस परीक्षाबाट निस्केर आउनेछौं ।

**लूका ४ः२[क]ः** *... र चालीस दिनसम्म शैतानद्वारा परीक्षामा पर्नुभयो ।*

प्रभु येशू परीक्षामा पर्नुभएको अवधिचाहिँ छ हप्ता थियो । यस परीक्षाको

बयान हामी सायद छ मिनेटमा पढ़िसक्छौं होला, तर हाम्रा प्रभुको निम्ति यो परीक्षा चालीस दिनसम्म, अँ, झन्डै छ हप्तासम्म भइरह्यो ।

**लूका ४ : २[ख] :** *अनि ती दिनहरूमा उहाँले केही खानुभएन; अनि ती दिनहरू सिद्धिए, र पछिबाट उहाँ भोकाउनुभयो ।*

उपवास बस्नुहुँदा प्रभु येशूलाई भोक लागेको रहेनछ । यसबाट हामी के देख्छौं भने, यस सम्पूर्ण परीक्षाको समयभरि नै प्रभुले अचम्म प्रकारले अलौकिक सहायता पाउनुभएको हुनुपर्छ । हामीमध्ये जो उपवास बस्छ, उपवास बसेपछि उसले कुनै गहिरो आत्मिक अनुभव वा आनन्दको वृद्धि पाउन खोज्छ होला; तर हामी यहाँ हाम्रा प्रभुको विषयमा मुख्य कुरा के पढ्छौं भने, *'पछिबाट उहाँ भोकाउनुभयो ।'* यसकारण उपवास बसेपछि हामीले यसको फल तुरुन्तै अनुभव नगरेका हुनाले 'मैले व्यर्थैमा उपवास बसेर परमेश्वरलाई मेरो भक्तिश्रद्धा देखाएको छु' भनेर सोच्नु हाम्रो भूल हो । किनकि हुन सक्छ, धेरै समय प्रार्थनामा बिताएपछि हामीलाई आत्मिक भोक लाग्न थाल्ला; अनि योचाहिँ हाम्रो निम्ति यस आत्मिक अभ्यासको सबैभन्दा असल नतिजा हुन सक्छ । किनभने हाम्रा प्रभुलाई भोक लागेझैं हामीलाई शारीरिक भोग लाग्नेछ भनेर मैले भन्न खोजेको होइन, तर जब आत्मिक कुराहरूप्रति हाम्रो रुचि र भोक बढ्छ, तब हामी धन्यका हुन्छौं । मेरो भनाइको अर्थ यो होः *'धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू धन्यका हुन्छन्, किनभने उनीहरू तृप्त हुनेछन्'* (मत्ती ५ : ६) ।

**लूका ४ : ३ :** *अनि शैतानले उहाँलाई भन्योः 'तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यस ढुङ्गालाई आज्ञा गर्नुहोस्, र यो रोटी बनोस् !'*

यहाँ शैतानले प्रभु येशूमा एकजना भोकाउनुभएको मानिसलाई भेट्टायो, र प्रभुलाई त्यही घड़ीमै भइरहेको विशेष कमजोरीअनुसार, उहाँको शारीरिक खाँचोअनुसार उहाँको निम्ति एउटा परीक्षा तयार पार्‍यो । 'यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यस ढुङ्गालाई आज्ञा गर्नुहोस् र यो रोटी बनोस्' भनेर शैतानले प्रभु येशूलाई परीक्षा गर्न थाल्यो । यसबाट हामी के भन्न सक्छौं भने, शैतानले प्रभु येशूको बारेमा उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा जानेको थियो । तैपनि त्यसले 'यदि ... भने' भनेर आफ्नो परीक्षा शुरु गर्‍यो । 'यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने ...' भनेर शैतानले हाम्रा मुक्तिदाता प्रभुका कानमा आफ्नो छली वचन हाल्न थाल्यो ।

अनि जब शैतानचाहिँ हामी विश्वासीहरूको मनमा 'परमेश्वरका सन्तान छौं कि छैनौं' भन्ने हाम्रो हकको विषयमा शङ्का वा डर पैदा गर्न सफल हुन्छ, तब त्यसले यस आत्मिक लड़ाइँमा हामीमाथि विजय पाउन लागेको छ । यसकारण 'तिमी परमेश्वरको छोरा, उहाँकी छोरी हौ के त ?' भनेर शैतानले हाम्रो विश्वासको किल्ला आक्रमण गर्न थाल्छ । हाम्रा प्रभु येशू परमेश्वरको पुत्र हुनुहुन्छ नै; तर यस संसारमा हुनुहुँदा उहाँले हाम्रो ठाउँ लिएर सबै कुराहरू सहनुभयो । अनि यही अवस्थामा उहाँ एकलो र नम्र मानिस हुनुहुन्थ्यो । यसकारण म उहाँलाई 'यस फौजमा हामीसित एकै स्तरमा लड़ाइँ गर्ने सिपाही' भन्ने नाम दिन चाहन्छु । शैतानले यहाँ प्रभु येशूलाई उहाँको निम्ति एउटा बेठीक किसिमको अचम्मको काम गर्ने प्रेरणा दियो; तर उहाँले आफ्नो निम्ति कुनै अचम्मको काम गर्नुभएन, आफ्नो चिनापर्चीको निम्ति केही गर्नुपरेन ।

हुन सक्छ, शैतानले हामीमध्ये कसैलाई आज नै परीक्षामा पार्न खोज्दैछ । सायदै तपाईं गरिब हुनुहुन्छ वा तपाईं निक्कै समय कामकाजविना बसि-रहनुभएको छ होला; अथवा तपाईंकको कमाइ एकदम कम भयो होला । यस अवस्थामा शैतान आएर तपाईंलाई कुनै अनुचित रीतिले आफ्नो समस्या हल गर्ने उपाय देखाउला । 'यसो गरेर वा त्यसो गरेर तिम्रो समस्या एकैक्षणमा कति सजिलैसित हट्नेथियो' भन्दै शैतानले तपाईंलाई यस्ता किसिमका सल्लाहहरू दिन खोज्छ, जुन सल्लाहहरू नैतिक हिसाबले ठीक र उचित भन्न सकिँदैनन्, तर तिनीहरू बिलकुल बेठीक छन् भन्न पनि सकिँदैन । यही किसिमको सल्लाह दिएर शैतानले प्रभु येशूलाई भन्योः 'तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यस ढुङ्गालाई आज्ञा गर्नुहोस्, र यो रोटी बनोस् !'

**लूका ४ : ४[क]ः** *अनि येशूले त्यसलाई यसो भन्दै जवाफ दिनुभयोः "यो लेखिएको छः ... ।"*

'यसो लेखिएको छ' भनेर प्रभु येशूले आफ्नो आत्माको तरवार चलाउँदै हुनुहुन्थ्यो । परमेश्वरको वचन उहाँको तरवार थियो । उहाँले यो तरवार कति छिटो झिक्नुभएको, के तपाईंले यो याद गर्नुभयो ? ओहो, शैतानको विरोधमा प्रयोग गर्न सक्ने एउटा दुईधारे, अति लाग्ने तरवार छ है ! यसकारण हे ख्रीष्ट-विश्वासीहो, तपाईंले पनि यो शक्तिशाली हतियार आफ्नो हातमा लिनुहोस् र प्रयोग गर्नुहोस् ! कसैलाई यो तरवार तपाईंको हातबाट खोस्न नदिनुहोस् ! सम्पूर्ण पवित्र बाइबल परमेश्वरको प्रेरणाले लेखिएको पुस्तक हो भन्ने कुरा

दृढ़तासाथ विश्वास गर्नुहोस् ! किनकि हालैमा व्यवस्थाको पुस्तकमाथि ठूलो हमला आइपरेको छ । तर यस विषयमा चाखलाग्दो कुरा के हो भने, परीक्षामा पर्दा प्रभु येशूले यही व्यवस्थाको पुस्तकमा हातहतियारको ठूलो भण्डार भेट्टाएर त्यही शस्त्रागारबाट विशेष धार भएका सत्य वचनहरू छानेर 'यो लेखिएको छ', 'यस्तो लेखिएको छ' भन्दै यी वचनका उचित र उपयोगी खण्डहरू शैतानको विरोधमा चलाउनुभयो ।

**लूका ४ः४^ख^ः** *'... यो लेखिएको छः "मानिस रोटीले मात्र होइन, तर परमेश्वरको हरेक वचनले बाँच्नेछ ।" '*

'मैले यस ढुङ्गाबाट रोटी नबनाएर पनि परमेश्वरले मलाई सम्हाल्न सक्नुहुन्छ; मैले कुनै अनुचित वचन नबोले पनि वा कुनै बेठीक काम नगरे पनि परमेश्वरले मलाई यस समस्याबाट पार लगाउन र मलाई बचाउन सक्नुहुन्छ । मेरो वरिपरिको स्थितिमाथि, मैले आफ्ना आँखाहरूले देखेका कुराहरूमाथि भर पर्नुपर्दैन' भनेर तपाईंले भन्न सक्नुपर्छ र परमेश्वरले यस पदमा दिनुभएको प्रतिज्ञा दाबी गर्न सक्नुपर्छ । प्रभु येशूले गर्नुभएझैं तपाईंले 'यसो लेखिएको छ' भन्दै शैतानलाई जवाफ दिन सक्नुपर्छ । तब परीक्षाको घड़ीमा तपाईं पनि प्रभुले पाउनुभएको विजयमा सहभागी हुनुहुनेछ ।

**लूका ४ः५^क^ः** *तब शैतानले ...*

शैतानले प्रभु येशूलाई एक परीक्षादेखि अर्को परीक्षामा लगेर उहाँलाई पापमा फसाउन खोज्यो । फेरि-फेरि त्यसले हाम्रा प्रभुलाई आक्रमण गरेर उहाँलाई उहाँको ठहरबाट खसाल्न चाह्यो; तर भएन ।

**लूका ४ः५^ख^ः** *तब शैतानले उहाँलाई एउटा अग्लो पहाड़माथि लगेर छिनभरमै उहाँलाई संसारका सबै राज्यहरू देखायो ।*

एकैक्षणमा सारा संसारका सबै राज्यहरू देखाउनु, यो कसरी हुन सक्छ भनेर कति संशयवादीहरूले आफ्नो शङ्का प्रकट गरे । अनि उनीहरूलाई म यो उत्तर दिन्छुः जसले यो काम गरेको थियो, उनीहरूले त्यसलाई सोधून् । किनभने शैतानले यी शङ्का गर्नेहरूलाई राम्ररी चिन्छ । अनि उनीहरूले त्यसलाई मैले त्यसलाई चिनेको भन्दा राम्रोसँग चिन्छन् । एउटा कुरा म निश्चित जान्दछुः शैतानले यो काम गरेको हो; किनभने यसो लेखिएको छः 'छिनभरमै शैतानले उहाँलाई संसारका सबै राज्यहरू देखायो ।'

**लूका ४ः६ः** *... र शैतानले उहाँलाई भन्योः ‘यो सारा अधिकार र यिनको गौरव म तपाईंलाई दिनेछु; किनभने यो मलाई सुम्पिएको छ, र जसलाई म चाहन्छु, उसैलाई म यो दिन्छु ।’*

शैतानले आफ्ना प्रभु र मालिकको सामु कत्रो घमण्ड देखाएर बोलेको ! चाहेमा प्रभु येशूले त्यसलाई एकै नजरले वा एकै वचनले नष्ट गर्न सक्नुहुनेथियो । आम्मै, उहाँको उपस्थितिमा डरविना यसो बक्न त्यसको कत्रो दुःसाहस हो !

**लूका ४ः७-८[क]ः** *‘यसकारण तपाईंले मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोकहरू तपाईंका हुनेछन् ।’ येशूले जवाफ दिँदै त्यसलाई भन्नुभयोः ‘हे शैतान, तँ मेरो पछिल्तिर जा !’*

यस दोस्रो परीक्षाले प्रभुको रिस उठायो; किनभने शैतानले चाहेको कुरा बिलकुल प्रभु येशूको पवित्र स्वभाव र उहाँको शुद्ध मनको विपरीत थियो । यसैले उहाँको अनुग्रहले भरिएको आत्मा दुःखित भयो । यसकारण उहाँलाई परीक्षामा पार्ने शैतानलाई घृणा गरेर उहाँले त्यसलाई जवाफमा यसो भन्ने कड़ा वचन फर्काउनुभयोः ‘हे शैतान, मेरो पछिल्तिर जा !’

**लूका ४ः८[ख]ः** *येशूले जवाफ दिँदै त्यसलाई भन्नुभयोः ‘... किनभने यो लेखिएको छः ...’*

तुरुन्तै प्रभु येशूको तरवार फेरि शैतानको विरुद्धमा चम्किरहेको र त्यसलाई प्रहार गरेको थियो ।

**लूका ४ः८[ग]ः** *‘किनभने यो लेखिएको छः “तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू र उहाँकै मात्र सेवा गर्नू !” ’*

यसो हो भने, एकमात्र सत्य परमेश्वरलाई छोड़ेर हामीले अरू कसैलाई हाम्रो श्रद्धा र भक्ति चढ़ाउनुहुँदैन । उहाँको सामु बाहेक हामी अरू कसैको सामु दण्डवत् गर्नुहुँदैन, कसैको उपासना गर्नुहुँदैन; नत्रता यो हाम्रो अधर्म ठहरिन्छ । हाम्रो विवेक, मन र आत्मा उहाँकै हुन्, यी कुराहरू उहाँको निम्ति सृजिएका ज्ञानेन्द्रिय हुन् । यसकारण हामीले परमेश्वरको सामु आदर र भक्तिसाथ दण्डवत् गर्नुपर्छ; यो हाम्रो कर्तव्य हो । अनि मानिसहरूबाट उहाँ यो सेवा खोज्नुहुन्छ । तर केवल एकैक्षण शैतानको पूजा गरेमा शैतानले हामीलाई सारा संसारको गौरव दिन्छु भन्ने प्रतिज्ञा गरे तापनि हामी मूर्तिपूजाबाट होशियार बसौं र फसेर त्यसको पासोमा नपरौं !

**लूका ४ः९[क]ः** *अनि त्यसले उहाँलाई यरूशलेममा लग्यो ।*

यहाँ, यस तेस्रो परीक्षामा शैतानले प्रभु येशूलाई पवित्र भूमिमा लग्यो । यस प्रकारका परीक्षाहरू झन् खतरनाक छन् ।

**लूका ४ः९[ख]ः** *... र उहाँलाई मन्दिरको टुप्पामा राख्यो ।*

यसो गर्दा शैतानले प्रभु येशूलाई सबैभन्दा उच्च स्थानमा, पृथ्वीदेखि अति उच्चमा भएको स्थानमा लग्यो ।

**लूका ४ः९[ग]-११ः** *... र उहाँलाई भन्योः 'तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने, आफूलाई यहाँबाट तल फाल्नुहोस् ! किनभने यो लेखिएको छः "तपाईंलाई रक्षा गरून् भनेर तपाईंको विषयमा उहाँले आफ्ना दूतहरूलाई आज्ञा गर्नुहुनेछ, र तपाईंले कहीं आफ्नो पाउ ढुङ्गामाथि बजार्नुहुन्छ कि भनेर तिनीहरूले तपाईंलाई आफ्ना हातमा उठाउनेछन्"'*

त्यस बेलामा शैतानले परमेश्‍वरको वचनको केही खण्ड लिएर आफ्नो धूर्त कामको निम्ति प्रयोग गर्‍यो । किनभने आफ्नो उद्देश्य पूरा गर्नको निम्ति यसो गर्न शैतानलाई उचित लाग्यो भने, त्यसले यसो पनि गर्न सक्दो रहेछ । तर कहिल्यै त्यसले पवित्र बाइबल ठीक अर्थमा प्रयोग गर्दैन । हे जवान भाइहरूहो, जब तपाईंहरू प्रचार गर्न निस्कनुहुन्छ, तब यस कुरामाथि ध्यान दिनुहोस् ! शैतानले गरेझैं तपाईंहरूले कहिल्यै, अँ, कहिल्यै परमेश्‍वरको वचन बेप्रयोग नगर्नुहोस् ! परमेश्‍वरको वचनको कुनै खण्ड अधूरो प्रकारले, यसको सन्दर्भबाट अलग, वा बेठीक अर्थमा प्रयोग नगर्नुहोस् ! शैतानले यहाँ ठीक त्यस्तै गर्‍यो र परमेश्‍वरको वचन बेठीक प्रकारले प्रयोग गर्‍यो । यो सम्बन्धित पद नजानेर वा बिर्सेर त्यसले यसो गरेको होइन है, तर त्यसले आफ्नो दुष्ट उद्देश्य पूरा गर्न छल गरेर निम्न शब्दहरू नभनेकोः 'तपाईंका सबै मार्गहरूमा ... ।' किनकि शैतानले यसो भन्नुपर्थ्योः *'किनकि तिम्रा सबै मार्गहरूमा तिमीलाई रक्षा गरून् भनेर तिम्रो विषयमा उहाँले आफ्ना दूतहरूलाई आज्ञा गर्नुहुनेछ'* (भजन ९१ः११) । तर शैतानले पवित्र बाइबलको यस खण्डका शब्दहरूमध्ये चारवटा उद्धृत गरेन । किनकि मन्दिरको टुप्पादेखि आफूलाई तल फाल्नुचाहिँ परमेश्‍वरको कुनै छोराछोरीको निम्ति उहाँको निर्धारित बाटो र उहाँको इच्छा नै होइन । यसकारण आफूलाई कुनै हानि नगर्नुहोस्, र आत्महत्याबाट अलग बस्नुहोस् ! तपाईंको निम्ति यो कहिल्यै, कुनै हातलमा पनि परमेश्‍वरको इच्छा हुँदै होइन ।

**लूका ४:१२:** *अनि येशूले जवाफ दिँदै त्यसलाई भन्नुभयोः 'यसो भनिएको छः "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई परीक्षामा नपार्नू !"'*

जिद्दी गरेर कुनै पनि काम नगर्नुहोस् ! किनभने परमेश्वरले हाम्रा निम्ति स्थापित गर्नुभएका आत्मिक नियमहरू सधैं सठीक छन्, सधैं असल र लाभदायक हुन्छन् । प्रभुले तपाईंको निम्ति उहाँका यी नियमहरूअनुसार नगरेर कुनै अर्को प्रकारले काम गर्नुपर्छ भन्ने विचार तत्कालै फाल्नुहोस् ! उहाँलाई करमा नपार्नुहोस् !

**लूका ४:१३-१४क:** *अनि सबै परीक्षा गरिसिद्ध्याएपछि शैतान उहाँकहाँबाट केही समयको निम्ति गयो । अनि येशू आत्माको सामर्थ्यमा गालील फर्कनुभयो ।*

शैतानको परीक्षाद्वारा प्रभु येशूलाई कुनै हानि भएन । होइन, तर झन् आत्माको शक्ति उहाँमाथि रहिरहेको थियो ।

**लूका ४:१४ख-१५:** *... र उहाँको कीर्ति वरिपरिको सारा इलाकाभरि फैलियो । अनि उहाँले तिनीहरूका सभाघरहरूमा शिक्षा दिनुभयो र सबैबाट प्रशंसा पाउनुभयो ।*

प्रभु येशू प्रख्यात हुनुभयो । अनि मानिसहरू उहाँकहाँ भेला भए; तिनीहरूले उहाँको वचनमा चासो लिन थाले । यसबाट हामी यो पाठ सिकौंः जो एकलो हुँदा परीक्षामा परेको छ र शैतानसित व्यक्तिगत रूपले संघर्ष गरेर त्यसलाई जितेको छ, जब उसले उन्नति गर्छ र मानिसहरूबाट प्रशंसा पाउँछ, तब ऊ यसबाट फुलेर घमण्डी बन्दैन; तर खुल्लमखुल्ला प्रभुको सेवा गर्न ऊ तयार भएको हुन्छ । के तपाईं पनि शैतानसित आमुन्ने-सामुन्ने संघर्ष गर्दै आउनुभएको हो ? तब मानिसहरूबाट प्रशंसा पाउनु तपाईंको निम्ति सानो कुरा हो, न ता तपाईंको वरिपरिका मानिसहरूको निन्दाले तपाईंलाई केही असर वा हानि गर्न सक्छ ।

यस सम्बन्धमा अझ बढ़ी जानकारी पाउन चाहेमा, अथवा आत्मिक कुराहरूको सम्बन्धमा तपाईंले हाम्रो सहायता पाउन चाहनुभयो भने तपाईंलाई निम्त ठेगानामा हामीसित सम्पर्क राख्नुहुने अनुरोध गर्छौं:

email: nbcinepal@gmail.com

'आशाको किरण' नामक रेडियोका सन्देशहरू, सुसमाचारका पर्चाहरू, विलियम म्याक डोनाल्डका टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न र आत्मिक लाभ उठाउन सक्नुहुन्छ:

www.nbcinepal.org